“समुन्नत कञ्चन, सुखी कञ्चनवासी”

# आवधिक गाउँ विकास योजना

## आव २०८०/८१ - २०८४/८५




# कञ्चन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय
## वेउरी, रुपन्देही, लुम्बिनी प्रदेश

"समुन्नत कञ्चन, सुखी कञ्चनवासी"

# आवधिक गाउँ विकास योजना

## आव २०८०/८१ - २०८४/८५

# कञ्चन गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय
## वेउरी, रुपन्देही, लुम्विनी प्रदेश

**आवधिक गाउँ बिकास योजना (आ.व.२०८०/८१ - २०८४/८५)**

| | |
|---|---|
| **प्रकाशक** | **कञ्चन गाउँपालिका**<br>गाउँ कार्यपालिकाको कार्यालय<br>वेउरी, रुपन्देही, लुम्विनी प्रदेश<br>सम्पर्क फोन : ९८५७०८८२४६<br>वेभसाइटः https://kanchanmun.gov.np/<br>इमेल : kanchangaupalika@gmail.com |
| **प्राविधिक सहयोग** | अलाना इन्टरनेशनल सर्भिसेज प्रा.लि, काठमाडौ |
| **सर्वाधिकार** | प्रकाशकमा |
| **प्रकाशन वर्ष** | २०८० |
| **मुद्रक** | |

# विषय सूची


| क.सं. | शिर्षक | पेज नम्वर |
|---|---|---|
| १। | **परिच्छेद - एक : परिचय** | |
| १.१. | पृष्ठभूमि | ११ |
| १.२. | आवधिक योजना निर्माणको उद्देश्य | ११ |
| १.३. | आवधिक योजना निर्माणको कार्यक्षेत्र | १२ |
| १.४. | आवधिक योजना तर्जुमाका कानुनी तथा नीतिगत आधारहरु | १२ |
| १.५. | आवधिक योजना तर्जुमाका चरणहरु | १३ |
| १.६. | आवधिक गाउँ विकास योजनाका सीमाहरु | १४ |
| २। | **परिच्छेद - दुई : गाउँपालिकाको वस्तुस्थिति तथा उपलब्धि समीक्षा** | |
| २.१. | भौगोलिक अवस्थिति एवं राजनीतिक विभाजन | १५ |
| २.२. | जनसंख्या, जातजाति र धर्म | १६ |
| २.३. | गरिवीको अवस्था | १७ |
| २.४. | आर्थिक अवस्था | १७ |
| २.५. | सामाजिक अवस्था | २० |
| २.६. | पूर्वाधारको अवस्था | २२ |
| २.७. | वन, वातावरण तथा विपद व्यवस्थापन | २२ |
| २.८. | संस्थागत विकास | २४ |
| ३। | **परिच्छेद तीन : दीर्घकालीन सोच तथा अवधारणा** | |
| ३.१. | पृष्ठभूमि | २५ |
| ३.२. | **वस्तुस्थिति विश्लेषण** | २५ |
| ३.३. | दीर्घकालीन सोच | २७ |
| ३.४. | निर्देशक सिध्दान्त | २७ |
| ३.५. | समष्टिगत लक्ष्य | २८ |
| ३.६. | विषयक्षेत्रगत उद्देश्य | २८ |
| ३.७. | प्रमुख प्राथमिकता | २८ |
| ३.८. | समष्टिगत रणनीति | ३० |
| ३.९. | **परिमाणात्मक लक्ष्य निर्धारण** | ३० |
| ३.१०. | गाउँगौरव आयोजना | ३२ |
| ३.११. | लगानी तथा श्रोत अनुमान | ३३ |
| ४। | **परिच्छेद - चार : आर्थिक विकास** | |
| ४.१. | **कृषि तथा पशुपंक्षी** | ३५ |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| ४.२. | **सिंचाइ** | ४१ |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| ४.३. | **पर्यटन विकास** | ४३ |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |

| | | |
|---|---|---|
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| ४.४. | **उद्योग, व्यापार तथा व्यवसाय** | ४५ |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| ४.५. | **वैंक, वित्तीय संस्था तथा सहकारी** | ४८ |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| ४.६. | **श्रम, रोजगार तथा सुरक्षित आप्रवासन** | ५० |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| **५।** | **परिच्छेद - पाँच : सामाजिक विकास** | |
| **५.१.** | **शिक्षा** | ५३ |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| **५.२.** | **आधारभूत स्वास्थ्य तथा पोषण** | ५६ |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| **५.३.** | **खानेपानी तथा सरसफाइ** | ५९ |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| **५.४.** | **लक्षित वर्ग तथा सामाजिक समावेशीकरण** | ६२ |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| **५.५.** | **कला भाषा साहित्य र सँस्कृति** | ६५ |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| **५.६.** | **युवा तथा खेलकुद** | ६८ |

| | | |
|---|---|---|
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| ६। | **परिच्छेद - छ : पूर्वाधार विकास** | |
| ६.१. | **सडक, यातायात तथा पुलपुलेसा** | ७१ |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| ६.२. | **आवास, वस्तीविकास तथा सार्वजनिक संरचना निर्माण** | ७३ |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| ६.३. | **विद्युत तथा वैकल्कि ऊर्जा** | ७६ |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| ६.४. | **सूचना तथा सञ्चार** | ७८ |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| ७। | **परिच्छेद सात : वन वातावरण तथा विपद व्यवस्थापन** | |
| ७.१. | **वन तथा जैविक विविधता** | ८१ |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| ७.२. | **वातावरण तथा स्वच्छता** | ८३ |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| ७.३. | **भू तथा जलाधार व्यवस्थापन** | ८६ |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| ७.४. | **विपद व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन** | ८८ |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |

| | | |
|---|---|---|
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| **८** | **परिच्छेद आठ : सुशासन तथा संस्थागत विकास** | |
| ८.१ | ऐन, कानुन तथा जवाफदेहिता | ९२ |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| ८.२ | **वित्तीय श्रोत परिचालन** | ९५ |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| ८.३ | **मानव संशाधन तथा संस्थागत विकास** | ९७ |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| ८.४ | **योजना व्यवस्थापन** | १०० |
| | क) पृष्ठभूमि | |
| | ख) वस्तुस्थिति विश्लेषण | |
| | ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम आयोजना | |
| | घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष र नतिजा खाका | |
| ९ | **परिच्छेद नौ : वित्तीय व्यवस्था** | १०३ |
| १० | **परिच्छेद - दश : कार्यान्वयन योजना** | १०७ |
| ११ | **परिच्छेद एघार : अनुगमन तथा मूल्याङ्कन** | १०९ |
| | **अनुसूचीहरु** | |

# तालिका/ग्राफचित्र सूचि


| तालिका नम्बर | विवरण | पेज नं. |
|---|---|---|
| १. | राजनीतिक नक्सा | १५ |
| २. | भूउपयोग नक्सा | १५ |
| ३. | वडागत जनसंख्या विवरण | १६ |
| ४. | उमेर समुह अनुसारको जनसंख्या | १६ |
| ५. | जनजाती अनुसारको जनसंख्या | १६ |
| ६. | गरिवीदर र उपलव्धीको अवस्था | १७ |
| ७. | शिक्षा क्षेत्रको अवस्था र उपलव्धी | २० |
| ८. | स्वास्थ्यको अवस्था र उपलव्धी | २० |
| ९. | खानेपानीको तथा सरसफाईको अवस्था तथा उपलव्धी | २१ |
| १०. | लक्षित वर्गको अवस्था तथा उपलव्धी | २१ |
| ११. | यातायातको अवस्था र उपवल्धी | २२ |
| १२. | वित्तीय श्रोतको अवस्था तथा उपलव्धी | २३ |
| १३. | आवधिक योजनाको समष्टिगत परिमाणात्मक लक्ष्य | ३१ |
| १४. | गाउँ गौरव आयोजना | ३२ |
| १५. | विगत तीन आ.व.को यथार्थ श्रोत परिचालनको अवस्था | ३३ |
| १६. | आगामी पांच बर्षको अनुमान प्रक्षेपण | ३४ |
| १७. | कृषि विकास : मुख्य कार्यक्रम तथा आयोजना | ३७ |
| १८. | कृषि विकास : नतिजा खाका | ४० |
| १९. | सिंचाइ : मुख्य कार्यक्रम तथा आयोजना | ४२ |
| २०. | सिंचाइ : नतिजा खाका | ४२ |
| २१. | पर्यटन विकास : कार्यक्रम तथा आयोजना | ४४ |
| २२. | पर्यटन विकास : नतिजा खाका | ४५ |
| २३. | उद्योग व्यापार व्यवसाय : कार्यक्रम तथा आयोजना | ४७ |
| २४. | उद्योग व्यापार व्यवसाय : नतिजा खाका | ४७ |
| २५. | वैंक, वित्तीय संस्था तथा सहकारी : कार्यक्रम तथा आयोजना | ४९ |
| २६. | वैंक, वित्तीय संस्था तथा सहकारी विकास : नतिजा खाका | ५० |
| २७. | श्रम रोजगार तथा सुरक्षित आप्रवासन : कार्यक्रम तथा आयोजना | ५१ |
| २८. | श्रम रोजगार तथा सुरक्षित आप्रवासन : नतिजा खाका | ५२ |
| २९. | शिक्षा : कार्यक्रम तथा आयोजना | ५४ |
| ३०. | शिक्षा : नतिजा खाका | ५५ |
| ३१. | स्वास्थ्य : कार्यक्रम तथा आयोजना | ५८ |
| ३२. | स्वास्थ्य : नतिजा खाका | ५९ |
| ३३. | खानेपानी तथा सरसफाइ : कार्यक्रम तथा आयोजना | ६१ |
| ३४. | खानेपानी तथा सरसफाइ : नतिजा खाका | ६१ |
| ३५. | लक्षित वर्ग तथा सामाजिक समावेशीकरण : कार्यक्रम तथा आयोजना | ६४ |
| ३६. | लक्षित वर्ग तथा सामाजिक समावेशीकरण : नतिजा खाका | ६५ |
| ३७. | कला भाषा सँस्कृति : कार्यक्रम तथा आयोजना | ६६ |
| ३८. | कला, भाषा सँस्कृति : नतिजा खाका | ६७ |
| ३९. | युवा खेलकुद : कार्यक्रम तथा आयोजना | ६९ |
| ४०. | युवा खेलकुद : नतिजा खाका | ६९ |
| ४१. | सडक यातायात : कार्यक्रम तथा आयोजना | ७२ |

| | | |
|---|---|---|
| ४२. | सडक यातायात : नतिजा खाका | ७३ |
| ४३. | आवास, वस्ती विकास : कार्यक्रम तथा आयोजना | ७५ |
| ४४. | आवास, वस्ती विकास : नतिजा खाका | ७६ |
| ४५. | विद्युत तथा वैकल्पिक ऊर्जा : कार्यक्रम तथा आयोजना | ७७ |
| ४६. | विद्युत तथा वैकल्पिक ऊर्जा : नतिजा खाका | ७८ |
| ४७. | सूचना तथा सञ्चार : कार्यक्रम तथा आयोजना | ७९ |
| ४८. | सूचना तथा सञ्चार : नतिजा खाका | ८० |
| ४९. | वन तथा जैविक विविधता : कार्यक्रम तथा आयोजना | ८२ |
| ५०. | वन तथा जैविक विविधता : नतिजा खाका | ८३ |
| ५१. | वातावरण तथा स्वच्छता : कार्यक्रम तथा आयोजना | ८४ |
| ५२. | वातावरण तथा स्वच्छता : नतिजा खाका | ८५ |
| ५३. | भू तथा जलाधार व्यवस्थापन : कार्यक्रम तथा आयोजना | ८७ |
| ५४. | भू तथा जलाधार व्यवस्थापन : नतिजा खाका | ८८ |
| ५५. | विपद व्यवस्थापन : कार्यक्रम तथा आयोजना | ९० |
| ५६. | विपद व्यवस्थापन : नतिजा खाका | ९१ |
| ५७. | सुशासन, ऐन कानुन तथा जवाफदेहिता : कार्यक्रम तथा आयोजना | ९३ |
| ५८. | सुशासन, ऐन कानुन तथा जवाफदेहिता : नतिजा खाका | ९४ |
| ५९. | वित्तीय श्रोत परिचालन : कार्यक्रम तथा आयोजना | ९६ |
| ६०. | वित्तीय श्रोत परिचालन : नतिजा खाका | ९६ |
| ६१. | मानव संशाधन तथा संस्थागत विकास : कार्यक्रम तथा आयोजना | ९८ |
| ६२. | मानव संशाधन तथा संस्थागत विकास : नतिजा खाका | ९९ |
| ६३. | योजना व्यवस्थापन : कार्यक्रम तथा आयोजना | १०१ |
| ६४. | योजना व्यवस्थापन : नतिजा खाका | १०२ |
| ६५. | आन्तरिक आय प्रक्षेपण | १०४ |
| ६६. | वाह्य श्रोत प्रक्षेपण | १०५ |
| ६७. | कूल श्रोत प्रक्षेपण | १०६ |
| ६८. | विषयक्षेत्रगत वजेट प्रक्षेपण | १०६ |
| ६९. | आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रक्रिया | १११ |

## शव्द संक्षेपीकरण

| | | |
|---|---|---|
| अ.मु. | : | अनुगमन तथा मूल्याङ्कन |
| अ/गैसस | : | अन्तराष्ट्रिय/गैर सरकारी संस्था |
| आ.व. | : | आर्थिक वर्ष |
| आ.वि. | : | आधारभूत विद्यालय |
| मा.वि | | माद्यमिक विद्यालय |
| उ.स. | : | उपभोक्ता समिति |
| कि.मि. | : | किलोमिटर |
| नपा | : | नगरपालिका |
| गापा | : | गाउँपालिका |
| प्रावि. | : | प्राथमिक विद्यालय |
| मावि. | : | माध्यमिक विद्यालय |
| मे टन | : | मेट्रिक टन |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| रु. | : | रुपैंयाँ |
| लि. | : | लिटर |
| व.नं. | : | वडा नम्वर |
| प्रप्रअ | | प्रमुख प्रशासकीय अधिकृत |
| स.सं | : | सहकारी संस्था |
| सा.सं | : | सामुदायिक संस्था |
| हे. | : | हेक्टर |

# परिच्छेद - एक : परिचय

## १.१ पृष्ठभूमि

संविधानतः स्थानीय तहको एकल तथा साझा अधिकार क्षेत्र भित्र रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिको काम कर्तव्य र अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि ***आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालीन तथा दीर्घकालीन विकास योजना*** बनाई लागु गर्नुपर्ने व्यवस्था छ। योजना तर्जुमा विधि र प्रक्रियालाई सहज र स्पष्ट गर्न राष्ट्रिय योजना आयोग तथा प्रदेश योजना आयोगबाट स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनहरु जारी भएका छन । संघ, प्रदेशवाट व्यवस्था गरिएका त्यस प्रकारका प्रावधान एवं ऐन तथा कानुनी व्यवस्थाको अधिनमा रही परिभाषित विधि पद्धतिको पूर्ण अवलम्वन गर्दै **कञ्चन गाउँपालिका**ले **आवधिक गाउँ बिकास योजना** (**२०८०/८१-२०८४/८५**) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । राज्य शक्तिको बाँडफाँड तथा पुर्नसंचरना अनुसार गठन भएको कञ्चन गाउँपालिकाले योजनावद्ध ढङ्गवाट गाउँपालिका क्षेत्रको विकास गर्ने उद्देश्यका साथ यो पहिलो आवधिक योजना तर्जुमा गरिएको छ ।

आवधिक गाउँ बिकास योजना तर्जुमा गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को भावनालाई सम्वोधन गर्ने भरपूर प्रयास गरिएको छ। यस अनुसार आर्थिक बिकास, गरिबी निवारण, रोजगार सिर्जना, आय वृद्धि, दिगो बिकास, स्थानीय साधन स्रोत र सीपको अधिकतम उपयोग, छिट्टै प्रतिफल प्राप्त हुन सक्ने क्षेत्र र कम लागत एवं स्थानीय वासिन्दाहरुको सहभागिता जुट्न सक्ने पक्षहरुलाई प्राथमिकता दिइएको छ। त्यसैगरी नेपाल सरकार र प्रदेश सरकारको दीर्घकालीन सोच, नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रिया एवं दिगो बिकास लक्ष्यसँग अनुकूल हुने गरी वातावरण तथा बालमैत्री शासन, सुशासन, जलवायु परिवर्तन अनुकूलन, विपद व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित पक्षलाई समेत प्रयाप्त ध्यान दिइएको छ। उपरोक्त पक्षहरुलाई आधार मानी **कञ्चन गाउँपालिका**को दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम, अनुमानित श्रोत परिचालन र लगानी खाका निर्धारण भएको छ। समावेशी र सहभागितामूलक विधि, प्रक्रियाबाट तयार पारिएको यस **आवधिक तथा रणनीतिक योजना मार्गचित्र (**Strategic Planning Framework**) लाई कञ्चन गाउँपालिकाको समग्र बिकासका लागि महत्वपूर्ण मार्गदर्शक दस्तावेज**को रुपमा ग्रहण गरिएको छ। यसै योजना खाका भित्र रही **कञ्चन गाउँपालिका**ले मध्यमकालीन खर्च संरचना, वार्षिक नीति, कार्यक्रम एवं बजेट तर्जुमा गरी र सोही अनुसार कार्यान्वयन गर्दै जाने प्रतिवद्धता समेत जाहेर भएको छ।

## १.२ आवधिक योजना निर्माणको उद्देश्य

आवधिक योजना तर्जुमाको मुख्य उद्देश्य कञ्चन गाउँपालिकाको विकास प्रयास तथा प्रक्रियाहरुलाई मार्गदर्शन गर्न नतिजामा आधारित योजनावद्ध विकासको प्रारुप तयार पार्नु रहेको छ। यसका साथै आवधिक योजना तर्जुमाको विशेष उद्देश्य यसप्रकार रहेको छ :

क) स्थानीय जनचाहना एवं आवश्यकताका आधारमा राजनीतिक दल, निजीक्षेत्र, सहकारी क्षेत्र तथा सरकारी निकाय एवं गैर सरकारी संघ संस्था लगायत सरोकारवालाहरुको उपस्थितिमा सहभागितामूलक विधिवाट पालिकाको विद्यमान अवस्थाको लेखाजोखा, प्रगति समीक्षा, साधन श्रोतहरुको उपलव्धतालाई मनन गरी सवै पक्षहरुको सहमतिमा योजना तर्जुमा गर्नु

ख) नेपालको संविधान २०७२ को मर्म, भावना, नेपाल सरकार एवं प्रदेश सरकारको दीर्घकालीन सोच, नीति, कार्यक्रम एवं प्राथमिकताहरु, संघ र प्रदेशवाट कार्यान्वयनमा ल्याइएका कानुनी, नेपाल सरकारले राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा जाहेर गरेका प्रतिवद्धता, दिगो विकास लक्ष्यलाई स्थानीयकरण, नेपाल सरकारवाट समय समयमा जारी गरिएका मार्गदर्शन, एवं निर्देशित सिद्धान्तहरुसंग तादात्म्यता स्थापित गर्दै पालिकाको दीर्घकालीन सोच, नीति एवं कार्यक्रमहरु विकास गर्नु

ग) साझा लाभका आधारमा अन्तरपालिका समन्वय, सहकार्य एवं साझेदारीमा पालिकासंग उपलव्ध प्राकृतिक लगायतका श्रोतहरुको सुनियोजित, सुव्यवस्थित ढङ्गवाट दिगो उपयोगका लागि विकासको खाका तर्जुमा गर्नु

घ) आवधिक योजनाको आधारमा पालिकाको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा वजेट लगायत विषयक्षेत्रगत योजना तर्जुमाका लागि आधार तयार पार्नु ।

## १.३ आवधिक योजना निर्माणको कार्यक्षेत्र

क) गाउँपालिकाको वस्तुगत अवस्था खासगरी जनसंख्या वितरण, धरातलीय अवस्था, आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन वातावरण तथा विपद व्यवस्थापन र सुशासन एवं वित्तिय व्यवस्थाको विश्लेषण गर्दै गाउँपालिकाको सम्भावना तथा अवसरहरुको यकिन गर्ने

ख) गाउँपालिकाको दीर्घकालीन सोच सहित योजना खाका तयार पार्ने र सोको आधारमा आवधिक लक्ष्य एवं उद्देश्यहरु निर्धारण गर्ने र त्यसका लागि रणनीति, कार्यक्रमहरु तर्जुमा एवं वित्तीय स्रोतहरुको प्रक्षेपण गर्ने

ग) संघ, प्रदेश र अन्तरपालिका एवं निजी क्षेत्रहरुसँग सहकार्य, साझेदारीका क्षेत्रहरु यकिन गर्ने

घ) आवधिक योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनको खाका तयार पार्ने

## १.४ आवधिक योजना तर्जुमाका कानुनी तथा नीतिगत आधारहरु

नेपालको संविधान २०७२ अनुसारको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीति, संघीय एवं प्रादेशिक नीति, कानुनी व्यवस्था एवं स्थानीय तहको अधिकारहरुको पृष्ठभूमिमा स्थानीय तहको बिकास योजनाको खाका तर्जुमा गर्नु पर्ने व्यवस्था छ । आवधिक गाउँ बिकास योजना तर्जुमा गर्दा सामाजिक न्याय, ज्येष्ठ नागरिक, दलित, बालबालिका, महिला, आवास, शिक्षा, स्वास्थ्य, श्रम, रोजगारी, सूचना, सम्पत्ति, समानताको हकलाई मौलिक हक र कर्तव्यका जस्ता पक्षहरुलाई पनि सम्वोधन गर्नुपर्ने हुन्छ । स्थानीय तहले आवधिक, मध्यमकालीन एवं वार्षिक नीति, योजना, वजेट तथा कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गर्दा नेपालको संविधानको धारा ५७ (४) (५) र अनुसूची ८ र ९ अनुसार स्थानीय सरकारको एकल अधिकार र साझा अधिकार सूचीको अधिनमा रही तीनै तहका सरकार बीच सह अस्तित्व, समन्वय र सहकार्य हुनुपर्ने कुरामा जोड दिइएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ गाउँपालिकाले योजना बनाउँदा आर्थिक बिकास, गरिबी निवारण, उत्पादनमूलक, छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार वढ्ने, स्थानीय सीप, साधन श्रोतको अधिकतम प्रयोग हुने, महिला, वालवालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने, दिगो बिकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने, भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धि हुने पक्षहरुलाई प्राथमिकता दिनुपर्ने कुरामा जोड दिइएको छ ।

दिगो विकास लक्ष्य, राष्ट्रिय एवं प्रादेशिक र स्थानीय तहको योजनाहरु वीच अन्तरसम्वन्ध स्थापित र तादात्म्यता कायम राख्ने उद्देश्यले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ ल्याएको छ । यस अनुसार स्थानीय तहले योजना तर्जुमा गर्दा नेपालको संविधान, विद्यमान ऐन, नियम, राष्ट्रिय एवं प्रादेशिक नीति, त्यसको दीर्घकालीन सोच, आवधिक योजना, र मार्ग निर्देशनहरु, दिगो बिकास लक्ष्य, स्थानीय तहको प्रमुख समस्या एवं सम्भावनाहरु र राजनीतिक दलका घोषणापत्र र तीनै तहका सरकारहरुको वीच आवधिक लक्ष्य वीच अन्तर सम्बन्ध हुनुपर्ने उल्लेख भएको छ । यसैगरी स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा मध्यमकालीन खर्च संरचना तर्जुमा, वार्षिक कार्यक्रम तर्जुमा गर्दा आवधिक योजनाको आधारमा तर्जुमा गर्नुपर्ने पक्ष उल्लेख भएको छ ।

आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा मुलतः नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६, दिगो विकास लक्ष्य स्थानीयकरण, १५ औं योजना, लुम्विनी प्रदेशको आवधिक योजना, नेपाल सरकार एवं प्रदेश सरकारवाट जारी भएका नीति कार्यक्रम, निर्देशिका, मापदण्ड एवं कानुनहरु लगायतका दस्तावेजहरुलाई आधार मानिएको छ ।

## १.५ आवधिक योजना तर्जुमाका चरणहरु

कञ्चन गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा पुरा गरिएका चरणहरु यसप्रकार रहेका छन् ।

### क) पहिलो चरण : गाउँपालिकासँग पूर्व तयारी बैठक :

आवधिक गाउँ बिकास योजना तर्जुमालाई सफलतापूर्वक सम्पन्न गर्ने सन्दर्भमा गाउँपालिकासंग विभिन्न चरणमा बैठकहरु आयोजनाहरु गरी आवश्यक निणर्यहरु गरिएको थियो । यस क्रममा आवधिक योजना तर्जुमाका लागि संगठनात्मक संयन्त्र निर्देशक समिति, समन्वय तथा सहजीकरण समिति क्रमश: पालिका अध्यक्ष र  प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा गठन गरिएको थियो । त्यसैगरी योजना तर्जुमाका लागि तथ्याङ्क तथा सूचनाहरु अद्यावधिक गर्ने कार्य समेत प्रारम्भ गरिएको थियो ।

### ख) दोश्रो चरण : प्रारम्भिक छलफल तथा अभिमुखीकरण कार्यक्रम

कञ्चन  गाउँपालिकाको आवधिक योजना तर्जुमा गर्ने सन्दर्भमा २०८० साल वैशाख १३ गते प्रारम्भिक छलफल तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । राजनीतिक दलका प्रतिनिधि लगायतका स्थानीय सरोकारवालाहरुको सहभागिता रहेको सो अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रममा आवधिक योजना तर्जुमाका लागि गाउँपालिका, परामर्शदाता एवं सरोकारवालाहरुको जिम्मेवारी बाँडफाँड, कार्ययोजना स्वीकृती र योजना तर्जुमा विधि तथा प्रक्रियाका वारेमा छलफल गरिएको थियो ।

### ग) तेश्रो चरण : सन्दर्भ सामग्रीहरुको अध्ययन

आवधिक योजना तर्जुमाका लागि कञ्चन गाउँपालिकासँग सम्बन्धित अभिलेख एवं प्रकाशनहरुको सङ्कलन, अध्ययन एवं विश्लेषण भएको थियो । यसका साथै नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तरसरकारी वित्त व्यवस्थापन एवं राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग अन्तर्गतका ऐन, नियम, निर्देशिका एवं मापदण्डहरु सङ्कलन एवं अध्ययन भएको थियो । संघ तथा प्रदेश सरकारको आवधिक एवं वार्षिक नीति तथा कार्यक्रमहरु, राष्ट्रिय तथा प्रादेशिक योजना आयोगको प्रकाशनहरु र कञ्चन गाउँपालिकाको विगत वर्षहरुको उपलब्धि, नीति कार्यक्रमहरुको अध्ययन गरिएको थियो ।

### घ) चौथो चरण : वडा स्तरीय कार्यशाला गोष्ठि

आवधिक योजना तर्जुमाको सन्दर्भमा कञ्चन गाउँपालिकाका सवै वडाहरुमा वडास्तरीय कार्यशाला गोष्ठि सञ्चालन भएको थियो । मिति २०८० वैशाख २६ देखि ३० गते सम्म क्रमश: वडा नम्वर १ को प्रगति मा.बि.को स्कुल भवन बेलभरिया, वडा नम्वर २ को वडा कार्यालय भवन, गजेडी, वडा नम्वर ३ को हरैया बहुमुखि क्याम्पस हरैया, वडा नम्वर ४ को गाउँपालिकाको सभाहल दियो, वडा नम्वर ५ को रुद्रपुर सामुदायिक वनको भवनको हलमा वडाभेला आयोजना गरिएको थियो । वडा स्तरीय कार्यक्रममा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष लगायत सम्वन्धित वडाका वडाअध्यक्ष लगायत वडा सदस्य, स्थानीय राजनीतिक दल, टोल विकास संस्था, सामुदायिक संघ संस्था, विद्यालय, स्वास्थ्य संस्था, खानेपानी उपभोक्ता समिति, सामुदायिक वन, सहकारी संस्था, महिला तथा वाल सञ्जाल, युवा क्लव, निजी क्षेत्र र स्थानीय पत्रकार समुदायहरुको उपस्थिति रहेको थियो । सवै वडामा गरी ३०० देखि ३५० को संख्यामा महिला पूरुषहरुको सहभागिता रहेको थियो । कार्यक्रममा वडाको वस्तुस्थिति विश्लेषण र आगामी पाँच वर्षहरुका लागि वडा स्तरीय कार्यक्रमहरु तर्जुमा भएको थियो । यस सम्वन्धी विस्तृत विवरण अनुसूचीमा उल्लेख गरिएको छ ।

### ङ) पाचौ चरण : आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी

कञ्चन  गाउँपालिकाको आवधिक योजना तर्जुमाका लागि मिति २०८० साल जेष्ठ १२-१४ गते सम्म ३ दिने कार्यशाला गोष्ठी आयोजना गर्ने कार्यतालिका रहेकोमा दोश्रो दिन जेष्ठ १३ गते गाउपालिकास्तरीय खानेपानी उपभोक्ता समितिको निर्वाचन परेकोले १२,१४ र १५ गते कार्यशाला आयोजना गरिएको थियो । पालिका स्तरीय सरोकारवालाहरुको सहभागितामा सञ्चालन भएको कार्यशाला गोष्ठीमा गाउँपालिका पदाधिकारी तथा सदस्यहरु, राजनीतिक दलका प्रतिनिधि, गैरसरकारी संघ संस्थाहरु लगायत स्थानीय पत्राकार लगायतका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको अन्त्यमा राजनीति दलका प्रतिनिधिहरुको उपस्थितिमा विभिन्न व्यक्तित्ववाट आगामी वर्षहरुमा आवधिक योजनालाई कार्यान्वयन गर्दै लैजाने प्रतिवद्धता जाहेर भएको थियो । त्यसैगरी कार्यशाला गोष्ठीवाट कञ्चन गाउँपालिकाको दीर्घकालीन सोच, विषयक्षेत्रगत लक्ष्य, उद्देश्यहरु, रणनीति एवं कार्यक्रमहरु तर्जुमा भएको थियो ।

### च) छैटौ चरण : मस्यौदा प्रतिवेदन तयारी र प्रस्तुतिकरण

आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी, राष्ट्रिय एवं प्रादेशिक नीति कार्यक्रम एवं नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन लगायत सन्दर्भ सामग्रीहरुका साथै स्थानीय तहको एकल एवं साझा अधिकार क्षेत्रका सबै विषय तथा उपक्षेत्रहरुका बिषयमा प्राप्त सुझाब तथा प्रतिक्रियाहरुलाई तर्कपूर्ण एवं वस्तुनिष्ठ ढङ्गबाट विश्लेषण गरी आवधिक योजनाको मस्यौदा दस्तावेज तयार भएको थियो । सो प्रारम्भिक मस्यौदा मिति २०८९ असार १९ गते कार्यपालिका समक्ष प्रस्तुत गरी सुझाव तथा प्रतिकृया संकलन गरिएको थियो ।

### छ) सातौ चरण : प्रतिवेदन प्रमाणीकरण कार्यक्रम

सहभागितामूलक कार्यशाला गोष्ठीको निष्कर्ष, विषय विज्ञहरुसँगको परामर्श तथा छलफलको क्रममा प्राप्त सुझाबहरुको आधारमा तयार भएको आवधिक गाउँ विकास योजनाको मस्यौदा दस्तावेज गाउँकार्यपालिका समक्ष प्रस्तुत गरी थप राय सुझाब तथा पृष्ठपोषण सङ्कलन गरिएको थियो ।

### ज) आठौ चरण : अन्तिम दस्तावेज स्वीकृति र प्रकाशन

आवधिक योजना विभिन्न कार्यक्रमबाट प्राप्त सुझाब तथा पृष्ठपोषणहरुलाई समावेश गरी तयार पारिएको कञ्चन गाउँपालिकाको दीर्घकालीन सोच सहितको गाउँ विकास योजना दस्तावेजलाई गाउँसभाबाट स्वीकृत गरिएको थियो ।

### झ) नवौ चरण : योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

स्वीकृत आवधिक गाउँ विकास योजनालाई कार्यान्वयनमा ल्याइएको छ । कार्यान्वयनका क्रममा योजनाको अनुगमन तथा मूल्याङ्कनका लागि गाउँपालिकाले एक संयन्त्र निर्माण गरी सोहीवाट योजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने र आवधिक योजनाको अन्तिम अवधिमा प्रभाव मूल्याङ्कन गर्ने प्रतिवद्धता समेत गाउँपालिकावाट भएको छ ।

## १.६ आवधिक गाउँ विकास योजनाका सीमाहरु

यस आवधिक गाउँ बिकास योजना तर्जुमाका सीमाहरू निम्न अनुसार रहेका छन :

क) नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरेको अधिकार क्षेत्रभित्र रही स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ ले निर्दिष्ट गरेको ढाँचामा पालिकाको आवधिक योजना तर्जुमा गरिएको छ ।

ख) गाउँपालिकाले उपलव्ध गराएको तथ्याङ्क तथा सूचनालाई मुख्य आधार बनाइ आवधिक योजना तर्जुमा गरिएको छ । त्यसैगरी गाउँपालिकावाट विभिन्न समयका प्रकाशनलाई समेत सूचनाको श्रोतका रुपमा ग्रहण गरिएको छ । पालिका स्तरमा उपलव्ध हुन नसकेका सूचना तथा तथ्याङ्कहरु लुम्विनी प्रदेशको प्रथम आवधिक योजना ( २०७६/७७- २०८०/८१) र १५ औं योजना (२०७६/७७ - २०८०/८१) लाई आधार मानिएको छ ।

ग) सहभागितामूलक विधिवाट गाउँपालिकाको वस्तुस्थिति विश्लेषण भएको र सोका आधारमा पालिकाको विषयक्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति एवं कार्यक्रमहरु तर्जुमा गरिएको छ । कार्यक्रमहरु तर्जुमा गर्दा राष्ट्रिय एवं प्रादेशिक नीति कार्यक्रम, प्राथमिकता र आवश्यकतालाई मध्यनजर गरिएको छ । त्यसैगरी वित्तीय प्रक्षेपण पालिकाले चालु आर्थिक वर्षमा अनुमान गरिएको आन्तरिक आय र वाह्य श्रोतलाई आधार मानिएको छ ।


घ) आवधिक गाउँ बिकास योजना राजनीतिक प्रक्रियाबाट तर्जुमा गरिएको छ । यो रणनीतिक मार्गदर्शक योजनाको खाका भएकोले गाउँपालिकाको दीर्घकालीन सोच, आवधिक लक्ष्य, बिषयक्षेत्रगत उद्देश्य, रणनीति, प्रमुख कार्यक्रम तहसम्म मात्र केन्द्रीत छ ।

# परिच्छेद-दुई :
# गाउँपालिकाको वस्तुस्थिति तथा उपलब्धि समीक्षा

**नामाकरण :**

चुरे पर्वत श्रृखलाबाट अनवरत रुपमा वगिरहने कञ्चन नदिको नामबाट यस गाउँपालिकाको नामाकरण भएको छ । पाल्पा जिल्लाको वुढिदमार र सत्यवतिबाट सुरु भई साविक सालझण्डी गाविस र यस गाउँपालिकाको वीच भागबाट वग्ने यो नदि वर्षातको समयमा हुने कटान विपदको रुपमा लिइन्छ भने यस नदिलाई यस क्षेत्रको कृषिको लागि वरदानको रुपमा पनि लिइन्छ ।

**तालिका/नक्सा नं.१**
**कञ्चन गाउँपालिकाको राजनैतिक नक्सा**




श्रोतः जी.आइ.एस.नक्सा, संघीय मामिला मन्त्रालय

## २.१ भौगोलिक अवस्थिति एवं राजनीतिक विभाजन

**➧ भौगोलिक अवस्थिति :**

पूर्व पश्चिम राजमार्ग अन्तर्गत वाँसगढीबाट करिव १ कि.मि.दक्षिण २७°५४'८८" उत्तरी आक्षांश र ८३°३१'६८" पूर्वी देशान्तरमा अवस्थित यो गाउँपालिका समुद्री सतहवाट करीव ९२.१ मिटर सम्मको उचाइमा रहेको छ ।

**➧ भू उपयोग :**

कञ्चन गाउँपालिकाको कूल ५८.५१ वर्ग किमि अर्थात ६,४५० हेक्टर क्षेत्रफलमा फैलिएको छ । गाउँपालिकाको भूउपयोगको अवस्था तालिका नं.२ मा विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

**तालिका / ग्राफचित्र नं.२**
**गाउँपालिकाको भूउपयोगको अवस्था**

| क्र.सं. | विवरण | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि जमिन | ३५४७ | ५४.९० |
| | खेती गरिएको (सिंचित) | २००२ | |
| | खेती गरिएको (असिंचित) | १३५८ | |
| | खेतीयोग्य वाँझो जमिन | १८७ | |
| २ | जंगल | १२१८ | १८.८८ |
| ३ | व्यावसायिक तथा औद्योगिक जमिन | ५५० | ८.५२ |
| ४ | वसोवास गरिएको जमिन | ३३६ | ५.२० |
| ५ | वाटो, खोला, नदीहरु | ६५२ | १०.१० |
| ६ | अन्य जमिन | १४७ | २.३० |
| | **जम्मा** | **६४५०** | **१००** |

**श्रोतः गाउँपालिकाको कृषि प्रोफाइल २०८०**

**➧ हावापानी र जलवायु तथा भिरालोपनाः**

तराईको समथर भूभागमा अवस्थित कञ्चन गाउँपालिकाको भूवनोट सून्य डिग्रीको भिरालोपना रहेको, केही भूभाग मात्र तुलनात्मक रुपमा सामान्य अग्लो होचो भूभाग रहेको यस गाउपालिकामा उष्ण हावापानी पाइन्छ । गर्मी महिनामा वढि गमी र हिउँदमा अलि जाडो हुने गर्दछ । औषतमा ३५ डिग्री सेल्सियस तापक्रम पुग्ने भएतापनि जाडोमा माइनस सम्म र गर्मीयाममा ४५ डिग्री सेल्सियस तापक्रम पुग्ने गर्दछ । औषत वर्षा करीव २२०० मि.लि सम्म हुने गर्दछ । समथर जमिन भएको कारण डुवान, नदिकटान, वाढी जस्ता सामान्य समस्याहरु देखिएतापनि कृषि तथा पशुपालनका लागि उपयुक्त मानिन्छ । यस गाउँपाकिाको वीच भागबाट दक्षिण तर्फ बग्ने कञ्चन नदिसंगै प्राकृतिक, भौगोलिक, सांस्कृतिक र मनोरमताले सिंगारिएको यो गाउपालिका खुल्ला दिसामुक्त, पूर्णखोपयुक्त र पूर्णसाक्षर रहेको छ । गाउँपालिकाको उत्तर पश्चिम क्षेत्रमा वाक्लो जंगल र केही भागमा वुट्यान वाहेक अन्य क्षेत्रमा खेतीयोग्य जमिन रहेको छ ।

**➧ राजनीतिक तथा प्रशासनिक विभाजन :**

राज्य पुर्नसंरचना गर्ने क्रममा साविकका गजेडी र रुद्रपुर गाविसलाई समायोजन गरी गठन गरिएको कञ्चन गाउँपालिका रुपन्देही जिल्लाका १० गाउँपालिका मध्ये एक हो । यसरी प्रशासनिक हिसावले कञ्चन गाउँपालिकामा ५ वटा वडाहरुको व्यवस्था गरिएको छ । पूर्वतर्फ सैनामैला नगरपालिका र गैडहवा गाउपालिकासँग सिमाना जोडिएको यस गाउँपालिकाको पश्चिमतर्फ कपिलवस्तुको सिमान, उत्तरमा सैनामैना नगरपालिका र दक्षिणमा गैडहवा गाउँपाकि रहेको छ । संसदीय निर्वाचन प्रयोजनका आधारमा रुपन्देही जिल्लालाई निर्धारण गरिएको निर्वाचन क्षेत्र अनुसार प्रतिनिधि सभाका लागि

कञ्चन गाउँपालिका निर्वाचन क्षेत्र नम्वर ५ र प्रदेश सभाका लागि ५ (क) मा पर्दछ।

## २.२ जनसंख्या, जातजाति र धर्म

### ➧ जनसांख्यिक अवस्था :

२०६८ को जनगणणा अनुसार यस गाउँपालिकामा ७,०८४ घर जसमा महिला १८,२०७ र पूरुष १४,८६५ गरी जम्मा ३३,०७२ जनसंख्या रहेकोमा राष्ट्रिय जनगणना २०७८ सम्म आइपुग्दा कूल जनसंख्या ४२,५२८ कायम भएको छ । यसमा महिलाको जनसंख्या २३,१२० र पुरुषको जनसंख्या १९,४०८ रहेको छ । यसै गरी गाउपालिकामा १०,४४० घरपरिवार रहेको तथ्यांक छ । १० वर्षको अन्तरालमा पालिकाको जनसंख्या समग्रमा २८.६ प्रतिशतले बृद्धि भएको देखिन्छ भने बार्षिक वृद्धिदर करीव २.५८ प्रतिशत देखिन्छ। यस हिसावले कञ्चन गाउँपालिका नेपालको औषत जनसंख्या वृद्धिदर भन्दा उच्च जनसंख्या वृद्धिदर भएको स्थानीय तह हुन पुगेको छ।


**तालिका / ग्राफचित्र ३**
**वडागत रुपमा जनसंख्या विवरण**

| वडा | पुरुष | महिला | २०७८ | २०६८ | फरक |
|---|---|---|---|---|---|
| १ | ४०२६ | ४६४८ | ८६७४ | ६०९३ | २५८१ |
| २ | ३५०७ | ३८६८ | ७३७५ | ६३३० | १०४५ |
| ३ | ४१३५ | ५११८ | ९२५३ | ७२०५ | २०४८ |
| ४ | ४२९४ | ५३६४ | ९६५८ | ७४९२ | २१६६ |
| ५ | ३४४६ | ४१२२ | ७५६८ | ५९५२ | १६१६ |
| **जम्मा** | **१९४०८** | **२३१२०** | **४२५२८** | **३३०७२** | **९४५६** |

श्रोतः राष्ट्रिय जनगणणा ०७८

राष्ट्रिय जनगणना २०७८ को गणनालाई आधारको उमेर समुह अनुसारको जनसंख्यालाई ग्राफचित्रमा प्रस्तुत गरिएको छ। यस अनुसार १४ वर्ष सम्मको एक समुह, १५ देखि ५९ वर्ष सम्मको अर्को समुह र सो भन्दा माथिका लागि अर्को समुहमा विभाजन गरी हेर्दा कूल संख्याको करीव ६३.०६ प्रतिशत जनसंख्याको हिस्सा १५ देखि ५९ बर्ष उमेर समुह अर्थात आर्थिक रुपमा सक्रिय जनसंख्याको समुहमा रहेको देखिन्छ । उमेर समुह अनुसार ६० वर्ष माथिको जनसंख्या न्यून करीव १०.४ प्रतिशत रहेका देखिन्छ भने १४ वर्ष सम्मको जनसंख्या करीव २६.५३ प्रतिशत रहेको देखिन्छ । यस सम्वन्धी विवरण ग्राफचित्रमा उल्लेख गरिएको छ।

**तालिका / ग्राफि चित्रः ४**
**उमेर समुह अनुसारको जनसंख्या**



श्रोतः राष्ट्रिय जनगणणा ०७८

### ➧ घरधुरी :

वि.सं. २०७८ को जनगणना अनुसार गाउँपालिकामा १०,४४० घरधुरी छन । वि.सं.२०६८ को जनगणना अनुसार घरधुरी संख्या ७,०८४ रहेको पाइन्छ। १० वर्षको अन्तरालमा गाउँपालिकामा घरधुरी संख्या ३,३५६ घरपरिवार थप भएको पाइन्छ । वि.सं. २०६८ को तुलनामा घरपरिवार संख्या ४७.३७ प्रतिशतले वृद्धि भएको देखिन्छ । यसै गरी जनधनत्व ७२७ प्रति कि.मि. रहेको छ भने औषत परिवार संख्या २०६८ मा ४.६७ जना रहेकोमा २०७८ मा घटेर प्रति परिवार औषत ४.०७ जना रहेको छ।

### ➧ जातजाति र धर्म :

कञ्चन गाउँपालिकामा विविध जातजातिहरुको वसोवास रहेको पाइन्छ। पालिका क्षेत्रभित्र मुख्यगरी ब्राह्मण, क्षेत्री, ठकुरी (पहाड), जनजाती (पहाड), दलित (पहाड), ब्राह्मण, क्षेत्री, ठकुरी (तराई) जनजाती (तराई) दलित (तराई) नेवार, थारु र अन्य समुदाय रहेको छ। तथ्यांक अनुसार कञ्चन गाउँपालिकामा सवै भन्दा वढि करिव ४० प्रतिशत जनजाती (पहाडं)को वाहुल्यता देखिन्छ। त्यसपछिको वाहुल्यता करिव ३९.५१ प्रतिशत ब्राम्हण, क्षेत्री, ठकुरी (पहाडं)को रहेको छ। त्यस पछि दलित (पहाडं) को १३.३५ प्रतिशत र दलित (तराई) को ३.३६ प्रतिशत रहेको देखिन्छ।

**तालिका नं.५**
**जनजाती अनुसारको जनसंख्या विवरण**

| जाती समुह | जनसंख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण, क्षेत्री, ठकुरी (पहाड) | १८५३० | ३९.५१ |
| जनजाती (पहाड) | १८७८४ | ४०.०५ |
| दलित (पहाड) | ६२६० | १३.३५ |
| दलित (तराई) | १६१२ | ३.४४ |
| अन्य | १७१४ | ३.६५ |
| जम्मा | ४६९०० | १०० |

**श्रोतः गाउँपालिकाको कृषि प्रोफाइल २०८०**

जनगणणा २०७८ अनुसार कञ्चन गाउपालिकामा हिन्दु, वौद्ध, इस्लाम, क्रिश्चियन र प्रकृति गरी ५ प्रकारका धर्मालम्वीहरुको वसोवास रहेको पाइन्छ। संख्यात्मक हिसावमा पालिका क्षेत्रमा अधिकांश हिन्दु धर्ममा आस्था राख्नेहरुको वाहुल्यता देखिन्छ जसको संख्या करीव ९०.०३ प्रतिशत रहेको छ भने वौद्ध ७.५, क्रिश्चियन १.५, प्रकृति ०.१ र इस्लाम ०.०५ प्रतिशत रहेको पाइन्छ।

## २.३ गरिवी अवस्था

### ➧ मानव विकास सूचकाङ्क :

मानव विकास सूचकाङ्क प्रतिवेदन, २०२० अनुसार नेपालको मानव विकास सूचकाङ्क ०.५८७ रहेको पाइन्छ। यसमा लुम्विनी प्रदेशको औषत मानव विकास सूचकाङ्क ०.५६३ रहेको उल्लेख छ । प्रदेशको औषत भन्दा कञ्चन गाउँपालिकाको अवस्था तुलनात्मक रुपमा सुदृढ भएको हुन सक्ने अनुमान भएता पनि पालिका स्तरीय अभिलेखीकरण गर्ने संयन्त्र नहुँदा प्रदेशको औषत सूचाकाङ्कलाई आधार मानिएको छ । यसअनुसार कञ्चन गाउँपालिका मानव विकास सूचाकाङ्क ०.५६३ रहेको मान्न सकिन्छ। जुन तुलनात्मक रुपमा वाग्मती, गण्डकी र कोशी प्रदेशको भन्दा न्यून हो । त्यसैगरी लैङ्गिक विकास सूचकाङ्क तर्फ देशको औषत सूचकाङ्क ०.८८६ रहेको पाइन्छ । यसमा लुम्विनी प्रदेशको औषत सूचकाङ्क ०.९०१ रहेको देखिन्छ। कञ्चन गाउँपालिकाको सन्दर्भमा लैङ्गिक विकास सूचकाङ्क पनि ०.९०१ हुन सक्ने अनुमान गरिएको छ । मानव विकास सूचकाङ्क प्रतिवेदन २०२० नेपालको वहुआयामिक गरिवी दर २८.६ प्रतिशत, लुम्विनी प्रदेशको २९.९ प्रतिशत रहेको परिप्रेक्ष्यमा कञ्चन गाउँपालिकाको वहुआयामिक गरिवी १८ प्रतिशत रहेको अनुमान गर्न सकिन्छ। निरपेक्ष गरिवी सम्वन्धमा देशको गरिवी १८.७१, लुम्विनी प्रदेशको १८.७ प्रतिशत रहेको परिप्रेक्ष्यमा कार्यशाला गोष्ठीको क्रममा राजनीतिक दल, गाउँपालिका पदाधिकारीहरुवीचको छलफल सहमति अनुसार गञ्चन गाउँपालिकाको निरपेक्ष गरिवी करीव १२ प्रतिशत रहेको अनुमान गरिएको छ । देशको औषत आय करीव १०४७ र लुम्विनी प्रदेशको ८०३ अमेरिक डलर (पिपिपि) रहेका सन्दर्भमा कञ्चन गाउँपालिकाको प्रतिव्यक्ति आय अमेरिकी डलरमा १२०० रहेको अनुमान गरिएको छ।

**तालिका नं.६**
**गरिवी दरः उपलव्धीको अवस्था**

| क्र.सं. | विवरण | नेपाल # | लुम्विनी ## | कञ्चन |
|---|---|---|---|---|
| १ | मानव विकास सुचकांक | ०.५८७ | ०.५६३ | ०.५६३ |
| २ | लैगिक विकास सुचकांक | ०.८८६ | ०.९०१ | ०.९०१ |
| ३ | वहुआयामिक गरिवीदर प्रतिशत | २८.६ | २९.९ | १८ |
| ४ | निरपेक्ष गरिवी दर प्रतिशत | १८.७१ | १८.७ | १२ |
| ५ | प्रतिव्यक्ति आय अमेरिकी डलर | १०४७ | ८०३ | १२०० |

**श्रोतः**
# नेपालको मानव विकास प्रतिवेदन २०२०
## लुम्विनी प्रदेशको आवधिक योजना ०७६/७७ - ०८०/०८१

### ➧ सुकुम्वासी तथा अव्यवस्थित वसोवासीः

कञ्चन गाउँपालिकामा सुकुम्वासी भन्दा पनि अव्यवस्थित वसोवासीहरुको संख्या अत्याधिक रहेको छ। गाउँपालिकाको कृषि प्रोफाइल २०८० अनुसार ९,८२८ घरधुरीसंग जमिनको स्वामित्व रहेको र करिव ३.१४ प्रतिशत अर्थात ३०९ घरधुरीमात्र जग्गाविहिन रहेको तथ्यांक छ । करिव ७० प्रतिशत जग्गा अव्यवस्थित वसोवासीको रुपमा उपभोगमा रहेकोमा गाउँपालिकावाट हाल अव्यवस्थित वसोवासीको लागि जग्गाधनी प्रमाणपत्र उपलब्ध गराउने प्रयोजनका लागि राष्टिय भुमि आयोगको सहकार्यमा गाउँपालिका क्षेत्रको जग्गाको सर्वे नापी भइरहेको एवं अभिलेख पनि अद्यावधिक गर्ने कार्य भइरहेको हुँदा वास्तविक भूमिहीन नागरिकहरु ज्यादै न्यून संख्यामा रहेको अनुमान गर्न सकिन्छ।

## २.४ आर्थिक अवस्था

### ➧ कृषि, पशुपंक्षी तथा माछापालन :

गाउँपालिकाको प्रमुख खाद्यान्नमा धान, मकै, गहु, जौ, दलहन, तेलहन, नगदेवालीमा फलफूल, तरकारी वाली प्रमुख हुन । तुलनात्मक रुपमा पालिका क्षेत्रभित्र धान खेतीकै व्यापकता पाइन्छ भने गहुँ र मकैको उत्पादन वढी हुँदै आएको छ। कृषि प्रोफाईल २०८० अनुसार गाउँपालिका क्षेत्रभित्र कूल खाद्यान्न वार्षिक उत्पादन करीव १३,१४२ मे.टन हुने गरेको छ। पालिकामा उपलब्ध अभिलेख अनुसार करीव ३९५६ हेक्टर भूमिमा धान करीव ९,१६९ मे.ट., गहुँ करिव ३,७१५ मे.ट., मकै करिव २५६ मे.ट. र जौ ०.६६ मे.ट. उत्पादन भएको तथ्यांक छ ।

गाउंपालिकाको विभिन्न क्षेत्रहरुमा दलहन, तेलहन, मसला, तरकारी, फलफुल, मसलाजन्य खेती तथा उत्पादन हुँदै आएको छ । कृषि प्रोफाईल २०८० अनुसार गाउँपालिका क्षेत्रभित्र मसुरो, चना, रहर, मास, भटमास, वोडी, केराउ, राजमा जस्ता दलहन ६५१ मे.ट., तोरी, आलस, सूर्यमुखी र तील जस्ता तेलहन ४३९ मे.ट., आलु उखु जस्ता नगदे वाली ३१३७ मे.ट., अदुवा, प्याज, लसुन, वेसार, खुर्सानी जस्ता मसला वालीको उत्पादन १२२८ मे.ट., फलफुल ३२६८ मे.ट., तरकारी करीव ७८६८ मे.टन उत्पादन हुने गरेको छ ।

निकासी हुने परिमाण यकिन गर्न नसकिएता पनि गाउँपालिकावाट उत्पादन हुने खाद्यान्न, दलहन, तेलहन, मसला, नगदेवाली, तरकारी उपभोगबाट वचत भएको विक्रि हुँदै आएको छ । यसका साथै गाउँपालिकाले तरकारी खेतीलाई व्यावसायिक बनाउने उद्देश्यले कृषकहरुको लागत सहभागिताको आधारमा १ देखि ५ वटै वडाका तरकारी किसानहरुलाई सत प्रतिशत अनुदानमा प्लाष्टिक टनेल वितरण गरिएको छ भने वडा नं. ४ मा रहेको **लेकवेसी वहुउद्देश्यीय कृषि फार्म** मार्फत ३५ लाखको लगानीमा High Tech Nursary स्थापना गरिएको छ। कृषिलाई व्यावसायीकरण गर्ने तर्फ पालिकावाट धेरै प्रयासहरु हुँदै आएको देखिन्छ । कृषि प्रोफाइल २०८० अनुसार गाउँपालिका क्षेत्रभित्र ४८ वटा कृषक समुह गठन भएका छन भने ५ वटा कृषि सहकारी क्रियाशील रहेका छन् ।

गाउँपालिका भित्र कृषि प्रणाली अन्तर्गत पशुपंक्षी पालन पनि एक अभिन्न अंगको रुपमा रहेको छ । पशुपालन तर्फ यँहाका किसानहरुले गाई, भैसी, वाखा, कुखुरा, माछा लगायतका व्यवसाय गर्दै आइरहेका छन् । गाउपालिका क्षेत्रभित्र व्यावसायिक गाई फार्म १२१, भैसी १०, गाइभैसी १२१, वाखा १९, कुखुरा १८, वंगुर १७, माछा २१ गरी जम्मा ३२७ वटा फर्महरु सञ्चालनमा रहेको छ । गाउँपालिकाभित्र ५,८५० घरधुरीले स्थानीय र उन्नत गरी ८,७७२ दुधालु भैसी, २०५० घरधुरीले ३,३०५ दुधालु गाई पालन गरिरहेका छन । गाउपालिकाको तथ्यांक अनुसार १७९८ घरधुरीले ४८९९ संख्यामा गाई पालन गरिरहेका छन भने ७८०० घरधुरीले १८२६० संख्यामा भैंसी पालन गरिरहेका छन । यस तथ्यांकको आधारमा गाउपालिकामा पशुपालन प्रमुख व्यवसायको रुपमा रहेको स्पष्ट छ । दुध उत्पादन तर्फ दैनिक ६२,०१६ लिटर दुध उत्पादन भइरहेको र घरायसी तथा विक्रि वितरण हुने गरेको छ । मासु तर्फ रागा, भैसी, खसी वाखा, भेडा, सुंगुर तथा कुखुरा गरी दैनिक ७३३९ मे.ट. मासु उत्पादन भइरहेको छ भने अण्डा तर्फ कुखुरा र हांस गरी दैनिक ४२३५० खण्डा उत्पादन भइरहेको छ । यसै गरी माछा तर्फ २०५ घरधुरीले ९८ हेक्टर जमिनमा रहेको ६० पोखरीबाट दैनिक २९० मे.ट. माछा उत्पादन भैरहेको छ । गाउपालिकाबाट पशु बीमाका लागि सहुलियत दरमा ऋण व्यवस्था, पशुसेवा केन्द्र, कृत्रिम गर्भाधान सेवा, दुध सङ्कलन केन्द्रको व्यवस्था गरिएको छ ।

उपरोक्त पक्षहरुका अलवा खासगरी कृषि पूर्वाधारमा शीतभण्डार, प्रशोधन केन्द्र, खाद्य गोदाम, दुध चिस्यान केन्द्र, हाटवजार, पशुआहार चरन क्षेत्र, कृषि प्राविधिक शिक्षालय लगायतका पूर्वाधारहरुको अभाव देखिन्छ भने कृषि तथा पशुपंक्षीहरुको वजार विकास र प्रवर्द्धनका लागि पालिकावाट थप प्रयासहरु गर्नुपर्ने जरुरी देखिन्छ । पशुपंक्षीको औषधी, परजिवी नियन्त्रण, व्यावसायिक खेतीका लागि माटो परीक्षण, वन्यजन्तुवाट वालीनालीमा हुँदै आएको आक्रमण, रसायनिक मलको व्यवस्थापन लगायत पक्षहरुको व्यवस्था अझै प्रभावकारी हुन सकेको छैन ।

### ➧ सिंचाइ सेवा :

गाउँपालिकाको कृषि प्रोफाइल २०८० अनुसार पालिका क्षेत्रभित्रको ३५४७ हेक्टर खेतीयोग्य जमिन मध्ये ३३६० हेक्टर जमिनमा खेती गर्ने गरिएको र करीव २२७३ हेक्टर भूमिमा सिंचाइ सेवा उपलब्ध छ। सिंचाइको प्रमुख श्रोतमा भूमिगत सिंचाइ रहेको छ भने केही नहर वा कुलो रहेको छ । यसमध्ये १२ महिना सिंचित भूमि १३२१ हेक्टर छ भने मौसमी सिचाइ १०५२ हेक्टर रहेको छ। सिंचित जमिन मध्ये भूमिगत श्रोतबाट ६४० हेक्टर १२ महिना सिचाई हुन्छ भने १८० हेक्टरमा मौसम अनुसार सिचाई हुने गरेको छ।

### ➧ आयात निर्यातको अवस्था :

पालिकामा वाहिरी क्षेत्रहरुवाट खाद्यान्न, लत्ताकपडा लगायत दैनिक उपभोग्य उत्पादनहरु खासगरी बुटवल, भैरहवा तथा भारतीय सिमा क्षेत्र आसपासका वजार क्षेत्रहरुवाट आयात हुँदै आएको पाइन्छ । गाउँपालिकावाट खासगरी तरकारी, फलफुल, दुध जस्ता उपजहरु र कुखुराका अण्डा स्थानीय स्तरमा उत्पादन हुँदै आएको र वचत परिमाण नजिकका वजार क्षेत्रहरुमा विकी वितरण हुँदै आएको छ । खासगरी नगदेवालीमा आलु, तरकारी वालीमा काउली, वन्दा, टमाटर र मसलाजन्य उत्पादनमा वेसार, अदुवा, लसुन र खुर्सानीहरु निर्यात समेत हुँदै आएको पाइन्छ ।

- **वैदेशिक रोजगारी :**

गाउँपालिकाका वेरोजगार युवाहरुका लागि वैदेशिक रोजगारी एक आकर्षक गन्तव्यका रुपमा विकसित हुँदै आएको छ। पालिका क्षेत्रवाट करीव ४८७८ जना युवाहरु वैदेशिक रोजगारीमा गएको अभिलेख पाइन्छ। गन्तव्य राष्ट्रहरुमा खासगरी मलेसिया, साउदी अवर, कतार, युएई, कुवेत, वहराइन, ओमन, जापान, कोरिया, अमेरीका र भारत रहेका छन। वैदेशिक रोजगारीवाट वार्षिक रु.१ अर्व ५० करोड (मासिक एकजनावाट रु.२५ हजारका दरले) को हाराहारीमा रेमिट्यान्स वापत प्राप्त हुँदै आएको अनुमान गरिन्छ। सो मध्ये आय क्षेत्रमा उपयोग गर्ने घरधुरी संख्या यकिन गर्न सकिने अभिलेखको पाइन्छ। त्यसैगरी पालिकामा उपलव्ध अभिलेख अनुसार वैदेशिक रोजगारीवाट ७९४ जना स्वदेश फर्केको पाइन्छ। यसरी फर्केका युवाहरुलाई कृषि तथा वनजन्य उत्पादन, प्रशोधन जस्ता साना उद्यममा लगाई श्रोतको उपयोग र रोजगारी सिर्जनामा चुनौती देखिएको छ।

- **पर्यटन :**

कञ्चन गाउँपालिका क्षेत्रमा धार्मिक तथा ऐतिहासिक पर्यटकीय महत्वका क्षेत्रहरु उल्लेख्य रुपमा नभए तापनि पर्यापर्यटनको संभावना वोकेको वडा नं.१ मा रहेको दानापुर ताल र लौसाताल क्षेत्रमा पर्यापर्यटनसँग सम्वन्धित पूर्वाधारहरु विकास गर्न सकेको खण्डमा प्राकृतिक सम्पदाको उपयोग तथा सानातिना रोजगारीका अवसरहरु सिर्जना हुन सक्ने संभावना देखिन्छ। यसै गरी वडा नं. १ मै रहेको ऐतिहासिक वरपिपलको रुख, वेलभरिया, वडा नं. ३ मा रहेको सोंगा सुपादेउराली मन्दिरले धार्मिक आस्था वोकेका आगन्तुकहरुलाई केही समय व्यतित गर्न मद्धत गर्न सक्ने देखिन्छ। यसै गरी वडा नं. ५ मा निर्माणाधिन अवस्थामा रहेको थारु र मगर संग्राहलय स्थानीय जातजातीका भेषभुषा, रहन सहन, खाना जस्ता प्रदर्शन गरेर आन्तरिक तथा वाहय पर्यटकहरुलाई आकर्षण गर्न सकिने संभावना छ। यसका अतिरिक्त भैरवस्थान वालाचर्तुदशीमेला, मलावरदेवी मन्दिर, वडा नं. ४ मा रहेको बौद्ध गुम्बा, रुद्रेश्वर त्रिनेत्र धाम, सुनगाभा हर्नाचौर शान्ति पार्क, सुकेताल दुर्गा मन्दिर चिल्डेनपार्क आदी पनि पर्यटकीय महत्वका क्षेत्रहरु हुन। यिनै पक्षलाई मध्यनजर राख्दै होमस्टे सञ्चालन हुन सकेमा स्थानीय स्तरमा रोजगारी सिर्जना हुन सक्ने देखिन्छ र आन्तरिक पर्यटन प्रवर्द्धनमा सहयोग पुग्नेछ। भारतीय पर्यटकहरुलाई मध्यनजर राख्दै आकर्षक प्याकेजहरु (खासगरी संस्कृतिमा आधारित) सञ्चालनमा ल्याउन सकेमा वाह्य पर्यटनवाट लाभ आर्जन गर्न सकिने सम्भावना देखिन्छ।

- **उद्योग व्यापार व्यवसाय :**

सन २०१८ मा भएको एक आर्थिक सर्भेक्षण अनुसार कञ्चन गाउँपालिका क्षेत्रभित्र ७५० उद्यम, व्यवसायहरु सञ्चालनमा रहेको तथ्यांक छ। यस अनुसार कृषि, वन तथा माछा व्यवसायसँग सम्वन्धित ५८ वटा, उत्पादनसँग सम्वन्धित ६५ वटा, खानी, विजुली, ग्याँस, पानी तथा निर्माणसंग सम्वन्धित ८ वटा, थोक तथा खुद्रा व्यवसायहरु २९४ वटा, यातायात, गोदाम, सूचना तथा संचारसँग सम्वन्धित ११ वटा, होटेल रेष्टुरेण्टसँग सम्वन्धित ९८ वटा, वित्तीय, शिक्षा, स्वास्थ्य सेवासँग सम्वन्धित व्यवसायहरु क्रमशः १५, ४३ र ७५ वटा र घरजग्गा कोरोवार, परामर्शसेवा, मनोरञ्जन, कला एवं प्रशासनिक कार्य आदिसँग सम्वन्धित ८१ वटा उद्योग व्यवसायहरु पालिका क्षेत्रभित्र क्रियाशील रहेको देखिन्छ।

स्थानीय सीप, शैली तथा प्रविधिमा आधारित कृषि उत्पादनमा आधारित कुटानी पिसानी, खाद्य तथा गैरखाद्य उत्पादनको प्रशोधन साना, मझौला र ठूला उद्योग, लघु उद्यम तथा व्यवसाय, जंगल क्षेत्रमा रहेको सालको पातका दुना टपरी उद्योग लगायत मसला वालीमा आधारित घरेलु तथा साना उद्योग व्यवसायहरुको सम्भावना प्रवल रहेको पाइन्छ। त्यसैगरी कृषि तथा पशुपंक्षी, कृषिजन्य उत्पादनको प्रशोधन उद्योग व्यवसायको सम्भावना पनि त्यतिकै प्रवल देखिन्छ। यसका लागि पालिकावाट करीव २४० जनालाई सीप तथा व्यावसायिक तालिम समेत प्रदान गरिसकेको पाइन्छ। तापनि उत्पादिन वस्तुहरुको वजार प्रवर्द्धन, आवश्यक कच्चा पदार्थको नियमित उपलव्धता एवं उद्योग व्यवसाय सञ्चालनका लागि आवश्यक पूर्वाधारहरुको उपलव्धता एक समस्याको रुपमा देखिएको छ।

## २.५ सामाजिक अवस्था

### ➧ शिक्षा :

राष्ट्रिय जनगणना २०७८ अनुसार समग्रमा गाउँपालिकाको साक्षरता दर ८३ प्रतिशत रहेको छ। यसमा पुरुष साक्षरता दर ८९.८ प्रतिशत र महिला साक्षरता दर करीव ७७.६ प्रतिशत रहेको पाइन्छ । आधारभूत तहको खूद भर्नादर ९५ प्रतिशत रहेको पाइन्छ। विद्यालय छाड्ने दर करीव १० प्रतिशत रहेको पाइन्छ । पालिकामा प्राप्त अभिलेख अनुसार कुल शिक्षकको संख्या ५१० जना र विद्यार्थीहरुको संख्या १३६०० जना रहेका पाइन्छ। त्यसैगरी पालिका क्षेत्रभित्र कूल ३० वटा विद्यालयहरु सञ्चालनमा रहेको पाइन्छ। त्यसमा १९ वटा सामुदायिक र ११ वटा संस्थागत विद्यालयहरु रहेका छन । वालविकास केन्द्र ३० वटा, प्रा.वि. २, नि.मा.वि. ११, मा.वि. (९/१०) ११ वटा र उच्च मा.वि. ६ वटा रहेको पाइन्छ।

**तालिकार ग्रापिचित्रः ७**
**शिक्षा क्षेत्रको अवस्था तथा उपलब्धी**

| बिषय | अवस्था |
|---|---|
| साक्षरता दर प्रतिशत | ८३ |
| निरक्षरता दर प्रतिशत | १७ |
| आधारभूत तहमा खुद भर्ना दर प्रतिशतमा | ९६ |
| शिक्षक विद्यार्थी अनुपात | २७ |
| महिला र पूरुष शिक्षकको अनुपात | ५१:४९ |
| विद्यालय छाड्ने दर प्रतिशत | १० |

श्रोतः गाउपालिकाको शिक्षा योजना
राष्ट्रिय जनगणना २०७८

### ➧ स्वास्थ्य :

गाउँपालिका क्षेत्रभित्र हरैया, वेलभरिया, रुद्रपुर, भैसाही र गजेडी गरी ५ वटा स्वास्थ्य सेवा केन्द्र सञ्चालनमा छन । आयुर्वेदिक केन्द्र १ वटा, महिनामा ८ र बर्षभरिमा ९६ गाउँघर क्लिनिक, १०८ खोप क्लिनिकहरु संचालनमा रहेका छन । सवै स्वास्थ्य केन्द्रहरुका आफ्नै पक्की भवनहरु छन भने विद्युत, शौचालय सेवाका साथै खानेपानी एवं इण्टरनेट सेवा समेत उपलव्ध रहेको छ। रुद्रपुर र गजेडी स्वास्थ्यचौकीमा ल्याव सेवा र वर्थिङ सेवा सञ्चालनमा रहेको छ । साथै वडा नं.४ को थकालीचोकमा १५ शैयाको पालिका स्तरीय अस्पताल निर्माणको योजना रहेको छ।

**तालिकार ग्रापिचित्रः ८**
**स्वास्थ्य क्षेत्रको अवस्था तथा उपलब्धी**

| बिषय | अवस्था |
|---|---|
| कूल प्रजनन दर संख्या (प्रति महिला) | २.१ |
| नवजात शिशुमृत्युदर (प्रति १ हजार जिवित जन्ममा) | २१ |
| ५ बर्ष मुनीका वालवालिकाहरुको मृत्युदर (प्रति १ हजार जीवित जन्ममा) | ० |
| पूर्ण रुपमा सवै प्रकारका खोप लगाउने वालवालिका प्रतिशत | ९० |
| स्वास्थ्य सस्थामा प्रसुति गराउने गर्भवति (जना) | ८५ |
| ३० मिनेटको दुरीमा स्वास्थ्य संस्थामा पहुच भएको घरधुरी प्रतिशत | ९० |
| औषत आयु (जन्म हुदाको) | ७१.२ |

श्रोतः राष्टिय जनगणणा २०७८
लुम्बिनी प्रदेश आवधिक योजना

उपरोक्त पक्षहरुको अलवा स्वास्थ्य संस्थाहरु प्रभावकारी सञ्चालनका लागि आवश्यक भवनको अभाव, एम्वुलेन्स सेवामा सवैको पहुँच नभएको, न्यून भोल्टेजको विद्युत सेवा, शुध्द खानेपानी, विरामीका लागि अलगै शौचालय, अपर्याप्त जनशक्ति र दक्ष एवं तालिमको अभाव जस्ता समस्याहरु देखिएका छन ।

त्यसैगरी ९० प्रतिशत घरधुरी ३० मिनेट भित्र नजिकको स्वास्थ्य संस्थामा पुग्न सक्ने अवस्था छ । वालवालिकामा कुपोषण खासगरी उमेर अनुसार कम तौल अझै शुन्य संख्यामा आउन सकिरहेको छैन । झाडापखला, स्वासप्रस्वास जस्ता सङ्क्रामण रोगहरुवाट स्थानीयहरु प्रभावित हुँदै आएका छन । यसतर्फ स्वास्थ्य सचेतनाको आवश्यकता रहेको महसुस हुन्छ। मातृमृत्य, नवजात तथा शिशुको मृत्यु, ५ वर्ष मुनीका वालवालिका मृत्युमा उल्लेखनीय प्रगतिको खाँचो देखिन्छ। क्यान्सर, उच्च रक्तचाप, मधुमेह, मुटु, क्षयरोग जस्ता रोगहरुको निःशुल्क स्वास्थ्य परीक्षण भने पालिकावाट हुँदै आएको पाइन्छ। गाँउपालिकाको क्षेत्रभित्र आयुर्वेदिक केन्द्र, योग, ध्यान तथा वैकल्पिक प्राकृतिक चिकित्सा लगायतका उपचार पद्धति सामुदायिक संस्थाहरुको सहभागितामा सञ्चालनमा रहेका छन ।

### खानेपानी तथा सरसफाई :

गाउपालिकाभित्र हाल ७ वटा खानेपानी उपभोक्ता समिति मार्फत खानेपानी सेवा उपलब्ध हुँदै आइरहेको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार कूल घरधुरी १०,४४० मध्ये करीव ३५.६६ प्रतिशत अर्थात ३७२३ घरधुरीमा पाइपलाइनको निजीधारा, १०४८ अर्थात करीव १०.०३ प्रतिशत घरधुरीले सार्वजनिक धाराबाट खानेपाी उपभोग गरिरहेको पाइन्छ । यस अनुसार अझैपनि करीव ६४.३३ प्रतिशत घरधुरीमा खानेपानीको निजी धारा उपलब्ध हुन बाँकी रहेको देखिन्छ । त्यसैगरी ५२.९२ प्रतिशत घरधुरीले खुरक्षित कुवावाट खानेपानी उपभोग गर्ने गरेको र ५ घरधुरीले असुरक्षित खानेपानी प्रयोग गरिरहेको अवस्था छ ।

**तालिकार ग्रापिचित्रः ९**
**खानेपानी तथा सरसफाई क्षेत्रको अवस्था तथा उपलब्धी**

| विवरण | संख्या |
|---|---|
| पाइपलाईनको निजीधारा भएको घरधुरी | ३७२३ |
| पाइपलाइनको सार्वजनिक धारा भएको घरधुरी | १०४८ |
| सुरक्षित कुवा, इनारबाट खानेपानी उपभोग गर्ने घरधुरी | ५५२५ |
| असुरक्षित खानेपानी (खुल्ला कुवा, ढुगेधारा, खोला) बाट खानेपानी उपभोग गर्ने घरधुरी | ५ |
| ढल सुविधा सहितको शौचालय भएको घरधुरी | १६६ |
| सेफ्टिटैकी सहितको शौचालय भएको घरधुरी | ७७६६ |
| खाल्डे शौचालय भएको घरधुरी | २२८० |
| सार्वजनिक शौचालय भएको घरधुरी | ३९ |
| शौचालय नभएको घरधुरी | १८९ |

श्रोतः राष्टिय जनगणणा २०७८

त्यसैगरी शौचालय तर्फ राष्ट्रिय जनगणना २०७८ अनुसार करीव १६६ घरधुरी अर्थात १.५९ प्रतिशत घरधुरीमा ढल सुविधा सहितको शौचालय, ७, ७६६ अर्थात ७४.३८ प्रतिशत घरधुरीमा सेफिटटैकी सहितको शौचालय, २२८० धरधुरी अर्थात २१.८३ प्रतिशत घरधुरीमा खाल्डे शौचालय र करिव ३९ घरधुरी अर्थात ०.३७ प्रतिशतले सार्वजनिक शौचालय सुविधा उपलब्ध भएको देखिन्छ । करीव १.८१ प्रतिशत घरधुरीमा शौचालय सुवधिा नरहेको तथ्यांक रहेको छ ।

### लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण :

गाउँसभामा महिला प्रतिनिधिहरुको उपस्थिति करीव ४० प्रतिशत रहेको पाइन्छ । यसरी प्रतिनिधित्व गर्ने महिला, जनजाति तथा दलित रहेका छन । कार्यपालिका अन्तर्गत वनेका समिति तथा उपसमितिहरुमा महिलाहरुको प्रतिनिधित्व हुँदै आएको पाइन्छ । पालिका क्षेत्रभित्र सबै वडाहरुमा आमा र महिला समूहहरु कियाशील छन । तर पालिकामा अनतरपार्टी महिला सञ्जाल स्थापित हुन सकेको छैन । आमा समूह, महिला सञ्जाल एवं महिलाद्वारा सञ्चालित सहकारी संस्थाहरु कियाशील छन । यसका साथै कृषक समूह, वन समूह, सहकारी, टोलसुधार समिति, खानेपानी उपभोक्त समितिहरुमा पनि महिलाहरुको उपस्थिति रहदै आएको पाइन्छ । त्यसैगरी महिला सशक्तीकरणका लागि उद्यम सञ्चालन कार्यक्रम र सीप अभिवृद्धि तालिम कार्यक्रमहरु पनि सञ्चालन भइरहेको पाइन्छ । त्यसैगरी वालवालिकाको वालसञ्चाल, वालक्लव, वडास्तरीय वाल संरक्षण समिति, स्वास्थ्य चौकी एवं विद्यालय व्यवस्थापन समितिमा वाल प्रतिनिधित्व हुँदै आएको छ ।

**तालिका र ग्रापिचित्रः १०**
**लक्षित वर्गको अवस्था तथा उपलव्धी**

| बिषय | अवस्था |
|---|---|
| गाउसभामा महिलाको प्रतिनिधित्व (प्रतिशत) | ४० |
| लक्षित वर्गमा बजेट चालु आ.व.मा बजेट विनियोजन (प्रतिशत) | १५ |

श्रोतः गाउपालिकाको अभिलेख २०८०

## २.६ पूर्वाधारको अवस्था

### सडक तथा यातायात :

निर्माणको चरणमा रहेको गाउँपालिकाको सडक यातायात गुरुयोजना अनुसार गाउपालिका क्षेत्रभित्र २०५ वटा छोटा लामा सडकहरुको कूल लम्वाई २६४.८३ किमि रहेको छ । मुख्य सडकको रुपमा फायरलाइन लुम्बिनी सडक र गौतमवुद्ध सडक गरी २ वटा मूख्य सडक रहेका छन । गाउँपालिका क्षेत्रभित्र “क” वर्गको सडक ६४.६८, “ख” वर्गको सडक ९०.३४ कि.मि.,“ग” वर्गको सडक ३३.५७ कि.मि.र “घ” वर्गको सडक १०१.२ कि.मि.रहेको छ । कूल सडक मध्ये १०५.५८ कि.मि.कालोपत्रे, १०५.५९ कि.मि.ग्राभेल र ६४.२७ कि.मि.सडक माटे वा अर्ध ग्राभेल स्तरको रहेको छ । वडागत रुपमा सवै भन्दा कम सडक

**तालिका र ग्रापिचित्रः ११**
**सडक यातायातको अवस्था तथा उपलव्धी**

| बिषय | एकाई | लम्वाई |
|---|---|---|
| कूल सडकको लम्वाई | कि.मि. | २६४.८३ |
| ३० मिनेटको दुरीमा यातायात पहुच भएको घर परिवार | प्रतिशत | सत प्रतिशत |
| मूख्य तथा सहायक सडक | संख्या | २०५ |

श्रोतः गाउपालिकाको यातायात गुरुयोजना २०८०

वडा नं.३ मा २८.३३ कि.मि.रहेको छ भने अन्य वडामा क्रमशः वडा नं.१ मा ३७.१५ कि.मि., वडा नं. २ मा ४३.०८ कि.मि., वडा नं.४ मा ५३.३१ कि.मि.र वडा नं.५मा ५१.७१ कि.मि.रहेको तथ्यांक रहेको छ।

गाउपालिका क्षेत्रभित्र रहेका सबै सडक बाह्रै महिना नियमित रुपमा सञ्चालन योग्य छ यद्यपि समथर भू भौगोलिक अवस्थितिका कारण वर्षातको समयमा डुवानको समस्या छ। विद्यमान सडकहरुको स्तरोन्नति गर्नु पर्ने, विभिन्न होचा भूभागका विभिन्न ठाउमा कल्भर्ट पुल पुलेसा बनाउनका लागि श्रोत साधन परिचालन गर्नु पर्ने चुनौती देखिन्छ।

- **वस्ती विकास तथा शहरीकरण**

गाउँपालिकाको कृषि प्रोफाइल २०८० अनुसार गाउँपालिका क्षेत्रभित्र २८ मूख्य वस्तीहरु रहेका छन। वडागत रुपमा सवैभन्दा वढी वडा नम्वर २ अन्तरगत गजेडी, बजबजाह, कटुवा, मैनिया, तरायगढ, दयानगर, वसन्त फुलवारी र कटैया गरी ८ प्रमुख वस्ती रहेको छ। यसै गरी वडा नं.१ मा बेलभरिया, लौसा, दानापुर, बकुलघाट, शान्तिनगर गरी ५ प्रमुख वस्ती, वडा नं. ३ मा हरैया, धौलागिरी, झारगैरा, हनुमाननगर, प्रतापपुर र सोंगा गरी ५, वडा नं. ४ मा गरगरे, थकालीचोक, वनकसीया, अस्नैया, क्षेत्रीटोल गरी ५, वडा नं. ५ मा गरगरे, थकालीचोक, भैसाही, सन्डहवा र पिपरिचापा गरी ५ वटा मुख्य वस्तीहरु रहेका छन्। भौतिक पूर्वाधारहरुको उपलब्धता अनुसार सबै वस्तीहरुमा सडक यातायात पुगेको पाइन्छ। फोहोरमैलाको बैज्ञानिक सङ्कलन तथा व्यवस्थापनको लागि हालसम्म खासै प्रवन्ध हुन सकेको देखिदैन। अधिकांश वस्तीहरुमा इन्टरनेट सेवा उपलब्ध भएको पाइन्छ।

- **विद्युत, वैकल्पिक उर्जा तथा इन्धन :**

राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिका क्षेत्रभित्र करीव ९९.०२ प्रतिशत घरधुरीमा विद्युत सेवा उपलब्ध हुँदै आएको पाइन्छ। विद्युत सेवा राष्ट्रिय विद्युत प्रशारण लाइन मार्फत उपलब्ध हुँदै आएको हो। वैकल्पिक ऊर्जाहरुमा सौर्य ऊर्जा र मट्टितेल प्रयोग गर्नेको संख्या अत्यन्त न्युन रहेको छ भने वायोग्याँसको प्रयोगकर्ता पनि केही देखिएको छ।

- **सञ्चार :**

राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकाको करिव ८६.७३ प्रतिशत अर्थात ९०५५ घरधुरीले स्मार्ट मोवाइल, करिव ६१.१९ प्रतिशत अर्थात ६,३८९ घरपरिवारले सामान्य मोवाइल र ०.४५ प्रतिशत अर्थात ७४ घरधुरीले मात्र ल्याण्डलाइन टेलिफोन सेवा प्रयोग गरिरहेको अवस्था छ। संचारका कुनै पनि साधन प्रयोग नगर्ने घरधुरीको संख्या ९५ रहेको छ। त्यसैगरी इन्टरनेट सेवा पुगेको घरधुरी करीव ७५.२४ प्रतिशत रहेको देखिन्छ।

## २.७ वन वातावरण तथा विपद व्यवस्थापन

- **वन तथा जैविक विविधता :**

गाउँपालिकामा उपलब्ध तथ्याङ्क अनुसार कूल क्षेत्रफलको करीव १२.७६ वर्ग किमि भूमिमा वन क्षेत्र फैलिएको छ। वन क्षेत्रको संरक्षणका लागि धमिनाताल सामुदायिक वन, समयमाई सा.व., देउराली सा.व., नमुना सा.व., रुद्रपुर सा.व. र पिपिरचापा महिला सा.व. गरी ६ वटा सामुदायिक वन र १ वटा लुम्विनी साझेदारी वन उपभोक्ता समिति लगायतले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन।

- **जैविक विविधता :**

गाउँपालिका जैविक विविधतामा भरिपूर्ण रहेको पाइन्छ। पालिका क्षेत्रभित्र विभिन्न किसिमका जडीवुटीहरु, रुखविरुवा, चराचुङ्गी, घरपालुवा जनावर एवं वन्यजन्तुहरु पाइन्छ। रैथाने प्रजातिका विरुवामा साल, सिसौ आदि पाइन्छ भने जडीवुटीहरुमा बेसार, अदुवा, तेजपता, कालो बेसार, पाइन्छ भने वन्य जनावरहरुमा मुख्यगरी चितुवा, स्याल, बादर, खरायो, मृग पाइन्छ भने पशुपंक्षीहरुमा कौवा, कोइली, ढुकुर, कालिज, तित्रा, जुरेली, सारस, वकुला, भंगेरा, मलेवा आदि पाइन्छ।

- **विपद व्यवस्थापन**

गाउँपालिका क्षेत्र मूलतः वाढी, नदिकटान, डुवान, वन आगलागी जस्ता विपदजन्य घटनाबाट प्रभावित हुने गर्दछ। सार्वजनिक भवन तथा संरचनाहरु भूकम्प प्रतिरोधात्मक निर्माण हुन नसक्नुले अर्को विपदको सिर्जना गर्न सक्छ। आपतकालीन अवस्थामा आश्रय लिन पालिका क्षेत्रभित्र विभिन्न स्थानहरु व्यवस्था गरिएको छ। संगठनात्मक संरचना अन्तर्गत विपद पूर्वतयारी तथा प्रतिकार्य समितिहरु हरेक वडामा गठन गरिएको छ भने आपतकालीन उद्धार कार्यका

लागि संघ संस्थाहरु क्रियाशील रहेका छन । आपतकालीन उद्धारका लागि पालिकामा एम्बुलेन्स सेवा उपलब्ध गराइएको छ भने विपद व्यवस्थापन कोष स्थापना गरी सोही अनुसार सहयोग प्रदान गर्दै आएको छ ।

## २.८ संस्थागत विकास

गाउँ कार्यपालिकामा स्थायी दरवन्दी तर्फ ४७ जना कर्मचारीहरु कार्यरत छन भने अस्थायी तथा करार सेवा तर्फ ५९, स्वास्थ्य तर्फ ३० जना कर्मचारीहरु कार्यरत रहेको छ । प्रमुख प्रशासकीय अधिकृत लगायत शाखागत प्रमुखहरु अधिकृत स्तरका कर्मचारीहरु पनि कार्यरत भएको पाइन्छ । गाउँकार्यपालिका अन्तर्गत प्रशासन, लेखा, योजना तथा अनुगमन, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन, शिक्षा, युवा तथा खेलकुद, आलेप, आयुर्वेद औषधालय शाखाहरु क्रियाशील रहेका छन । जिन्सी उपशाखा, सामाजिक सुरक्षा तथा पञ्जीकरण उपशाखा, राजस्व उपशाखा, आन्तरिक लेखा परीक्षण इकाइ, प्रधानमन्त्री रोजगार सेवाकेन्द्र जस्ता शाखा इकाइहरु पनि क्रियाशिल छन ।

संगठनात्मक संरचना तर्फ गाउँपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसारका विधायन समिति, लेखा समित, सुशासन समिति, स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति, राजस्व परामर्श समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति, अनुगमन समिति, न्यायिक समिति र विषयगत समितिहरुमा पूर्वाधार विकास समिति, आर्थिक विकास समिति, सामाजिक विकास समिति, वन वातावरण तथा विपद व्यवस्थापन समिति र सार्वजनिक सेवा तथा क्षमता विकास समितिहरु गठन गरिएको छ। त्यसैगरी आयोजनाहरुको दिगोपनाका लागि मर्मत सम्भार विशेष कोष सञ्चालन समिति समेत गठन भएको छ । गाउँसभा अन्तर्गतका समितिहरुमा खासगरी लेखा समिति र सुशासन समिति समेत गठन भएको देखिन्छ ।

### ➧ वित्तिय स्रोत परिचालन :

गाउँपालिकाको वजेट किताव २०७९ अनुसार पालिकाको आर्थिक वर्ष २०७७/७८ मा रु.६९ करोड ६६ लाख १२ हजार यथार्थमा आय प्राप्त भएको देखिन्छ । सोमा आन्तरिक तर्फ रु.२ करोड ८० लाख १० हजार र वाह्य तर्फ रु.६६ करोड ८६ लाख ०२ हजार आय प्राप्त भएको देखिन्छ । आर्थिक वर्ष २०७८/७९ मा रु.६८ करोड ५७ लाख ८० हजार यथार्थ आय परिचालन भएको थियो । सो मा आन्तरिक तर्फ रु.९ करोड ४३ लाख १२ हजार र वाहय आय तर्फ रु. ५९ करोड १४ लाख ६८ हजार रहेको छ । आर्थिक वर्ष २०७९/८० का लागि अनुमान रु.६० करोड ७२ लाख ८४ हजार आय प्राप्त हुन सक्ने अनुमान भएको छ ।

**तालिकार ग्रापिचित्रः १२**
**श्रोत परिचालनको अवस्था तथा उपलव्धी (रु. हजारमा)**

| आर्थिक बर्ष | आन्तरिक | वाह्य | कूल बजेट |
|---|---|---|---|
| २०७७।०७८ | २,८०,१० | ६६,८६,०२ | ६९,६६,१२ |
| २०७८।०७९ | ९,४३,१२ | ५९,१४,६८ | ६८,५७,८० |
| २०७९।०८० | १,४३,२७ | ५९,२९,५७ | ६०,७२,८४ |

श्रोतः गाउपालिकाको लेखाशाखा २०८०

आ.व.२०७७।०७८ को तुलनामा आ.व.२०७८।०७९ को श्रोत परिचालन करीव १.५५ प्रतिशतले न्युन रहेको छ। त्यसैगरी चालु आर्थिक वर्ष २०७९/८० का लागि गरिएको अनुमान आव २०७८/०७९ मा भएको राजश्व परिचालन भन्दा करीव ११.४४ प्रतिशत न्यून आय अनुमान हुन सक्ने गरी अनुमान गरिएको छ ।

त्यसैगरी आन्तरिक तफ आर्थिक वर्ष २०७७/७८ को यथार्थ आय भन्दा आ.व.०७८।०७९ को आन्तरिक श्रोत परिचालन २३६.७ प्रतिशत वृद्धि देखिन्छ। आ.व. २०७९/८० का लागि गरिएको अनुमान आ.व.२०७८।०७९ को यथार्थ आय भन्दा ८४.८० प्रतिशतले न्यून आय रहेको छ ।

कञ्चन गाउँपालिकाको तीन आ.व.को आन्तरिक तथा वाह्य आय अनुमान र यथार्थ परिचालनको प्रवृति विश्लेषण गर्दा अत्यन्तै असन्तुलित र अत्यन्तै उतार चढाव देखिन्छ। साथै आन्तरिक तथा वाह्य आय अनुमान यथार्थपरक वा तथ्यपरक हुन नसकेको स्पष्ट देखिन्छ ।

# परिच्छेद - तीन :
# दीर्घकालीन सोच तथा अवधारणा

## ३.१ पृष्ठभूमि :

कञ्चन गाउँपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य एवं रणनीतिहरु निर्धारण गर्दा निर्वाचित जनप्रतिनिधिहरु, क्रियाशील राजनीतिक दलका प्रतिनिधिहरु, निजी क्षेत्र, पालिकाका सरोकारवाला निकाय तथा संघसंस्था, सामुदायिक संस्था, नागरिक समाज, गैसस, स्थानीय पत्राकार लगायतका प्रतिनिधिहरुको वृहत उपस्थिति एवं सहभागितामा व्यापक छलफल एवं अन्तरक्रियावाट समष्टिगत पक्षहरु झल्किने गरी निर्धारण गरिएको छ। यसरी निर्धारण गरिएका दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य एवं रणनीतिहरु निम्न अनुसार उल्लेख गरिएको छ।

## ३.२ वस्तुस्थिति विश्लेषण

### मुख्य समस्याहरु

- अन्तर तह तथा अन्तर पालिका सहकार्य, समन्वय औषत अवस्था,
- निजीक्षेत्र, वाह्य पक्षसंगको सम्वन्ध विस्तार, सहयोग आदान प्रदानमा कमी,
- कृषि, पशुपंक्षी विकास, उत्पादन र उत्पादकत्व वृद्धि, पर्यटन प्रर्वद्धनमा न्युन प्रगति,
- नियमित सिंचाइ सेवाको अभाव तथा वैकल्पिक सिंचाइ प्रविधिहरु प्रयोगमा न्युन प्रभावकारीता,
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योग व्यवसायको विकास, प्रवर्द्धन एवं वजारीकरणमा न्यून प्राथमिकता र उपलव्ध जडीवुटीहरुको व्यवसायीकरण एवं दिगो उपयोग हुन नसक्नु,
- शिक्षामा गुणस्तरीय सुधार तथा शैक्षिक उपलव्धिमा वृद्धि ल्याउन नसक्नु,
- गुणस्तरीय एवं आपतकालीन स्वास्थ्य सेवामा सहज पहुँच अभिवृद्धि ल्याउन कठिन,
- सार्वजनिक भौतिक संरचनाहरु अपाङ्गतामैत्री, वालमैत्री, महिलामैत्री एवं वातावरणमैत्रीको अभाव,
- भौतिक पूर्वाधारका सेवा सुविधाहरुको उपलव्धतामा पहुँच एवं सहजतामा कमि,
- सेवा प्रवाहमा प्रभावकारी, पारदर्शिता र जवाफदेहिता कायम नहुनु र सेवाग्राहीको सन्तुष्टिदर वढ्न नसक्नु,
- पारिस्पारिक लाभ तथा दीर्घकालीन प्रभाव पार्ने आयोजनाहरु सञ्चालनमा सीमाना जोडिएका, नजिकका पालिकाहरुसँग न्यून सहकार्य, साझेदारी तथा समन्वय,
- लगानीका प्रमुख क्षेत्रहरुको पहिचान, प्रचार प्रसार, आकर्षणमा उल्लेखनीय काम हुन नसक्नु आदी।

### मुख्य चुनौतिहरु

तिव्र गतिमा वढिरहेको जनसंख्या तथा वसाइसराइ कञ्चन गाउँपालिकाको लागि चुनौतिको रुपमा देखिएको छ। युवा जनशक्ति वैदेशिक रोजगारीका सिलसिलामा उतै पलायन, गाउँघरमा वस्नेहरुको संख्या न्यून हुनु, आर्थिक रुपमा सक्रिया जनसंख्या र युवा जनशक्ति गणनामा देखिने तर कार्यक्षेत्रमा अभाव देखिदै आएको छ। छरिएर रहेका वस्तीहरु, सवै वस्तीहरुमा आधारभूत भौतिक पूर्वाधारहरु उपलव्ध गराउनु पर्ने अवस्था, थप प्रमुख चुनौतिहरु हुन। यसका प्रमुख चुनौतिहरु यसप्रकार रहेका छन।

- अन्तर तह र अन्तरपालिका सहकार्य, समन्वय कायम गर्नु,
- लगानीका क्षेत्रहरु पहिचान गरी लगानी प्रर्वद्धन गर्नु,
- वाहय पक्ष तथा निजीक्षेत्रसँग सहकार्यको खाका तयार गरी कार्यान्वयन गर्नु,
- गरिवी न्यूनीकरण गर्नु,
- युवा वेरोजगार घटाउनु,
- कृषि जैविक विविधता तथा रैथाने प्रजातिहरुको संरक्षण गर्नु,
- खाद्यपदार्थ लगायतका उत्पादनहरुको आयातमा न्यूनीकरण गर्नु,
- निर्वाहमुखी कृषिलाई आधुनिकीकरण तथा व्यावसायीकरण गर्नु,
- युवा वर्गको वैदेशिक रोजगारीतर्फको मोह तथा त्यसतर्फको पलायनलाई कम गर्नु,

- विप्रेषणलाई आयमुलक क्षेत्रमा परिचालन गर्नु,
- वाह्य क्षेत्रमा हुँदै आएको वसाई सराईलाई न्यूनीकरण गर्नु,
- सामाजिक सञ्जालहरुवाट हुँदै आएको साइवर अपराध एवं युवा वर्गमा लागु औषध दुर्व्यसनको नियन्त्रण गर्नु,
- वातावरणीय, जैविक विविधता तथा पारिस्थितिकीय प्रणालीमा सन्तुलन ल्याउनु,
- प्राकृतिक प्रकोप एवं जलवायु परिवर्तनवाट हुँदै आएको खेतीपाती तथा धनजनको क्षति न्यूनीकरण गर्नु,
- अति संवेदनशील तथा जोखिम क्षेत्रवाट वस्ती स्थानान्तरण गर्नु,
- मानव र वन्यजन्तु वीचको द्वन्द्व न्यूनीकरण तथा हिंसात्मक वन्यजन्तु नियन्त्रण गर्नु ।

**मुख्य सम्भावना तथा अवसरहरु**

कृषिका लागि अत्यन्तै उपयुक्त समथर र उर्वर जमिन, विचभागवाट वग्ने कञ्चन नदि, खाद्यान्न, दलहन, तेलहन, मसला, फलफूल, तरकारी जस्ता कृषि उत्पान, गाइ भैसी, कुखुरा, वाखा जस्ता पशुपंक्षी व्यवसायलाई व्यावसायीकरण र विविधीकरण, लौसा ताल तथा दानापुर ताल जस्ता प्राकृतिक सौन्दर्यता एवं जैविक विविधता नै कञ्चन गाउँपालिकाको पहिचान हो । करीव १२.७६ वर्ग किमि भूमिमा फैलिएको वन क्षेत्रले ठूलो सम्भावना वोकेको छ । यिनैमा आधारित भई वग्दै आएका कञ्चन नदि लगायत अन्य साना खोला खोल्सीहरुले सतह सिंचाइ, वालीनाली एवं पर्यावरण सन्तुलनमा महत्वपूर्ण भूमिका खेल्दै आएको पाइन्छ ।

गैडहवा, वाणगंगा, सैनामैनामन साथै लुम्विनी सांस्कृतिक नगर, शुद्धोधन जस्ता वौद्ध धर्म, संस्कृतिसँग जोडिएका विभिन्न धार्मिक स्थल, विश्व सम्पदा सूचिमा सुचिकृत वुद्धजन्मस्थल लुम्विनी जस्ता क्षेत्रहरु कञ्चन गाउँपालिकाका लागि पनि अवसरको रुपमा लिन सकिन्छ । गाउँपालिकाको विभिन्न क्षेत्रमा अवस्थित मठमन्दिर, शिवालयहरु, देवालयमा हुँदै आएको पूजापाठ तथा मेलापर्वहरु पनि यो क्षेत्र एक धार्मिक एवं पवित्र भूमिको रुपमा परिभाषित हुन्छ । धार्मिक पर्यटकीय स्थल लुम्बिनी र भारतीय सीमा क्षेत्रलाई यस गाउपालिकासँग सडक संजालबाट जोडिएको छ ।

कञ्चन गाउँपालिकामा विविध जातजातिहरुको वसोवास रहेको पाइन्छ । पालिका क्षेत्रभित्र मुख्यगरी व्राह्मण, क्षेत्री, ठकुरी (पहाड), जनजाती (पहाड), दलित (पहाड), व्राह्मण, क्षेत्री, ठकुरी (पहाड) जनजाती (तराई) दलित (तराई) नेवार र अन्य समुदाय रहेको छ । आपसी मेलमिलाप, सदभाव, धार्मिक सहिष्णुता यस पालिकाको प्रमुख विशेषतामा पर्दछ । एकअर्काको चाडपर्व, संस्कृति, रीतिथिति, भेषभुषाहरुको आदर सत्कार र आपसी हातेमालोको अभ्यास यस पालिका क्षेत्रमा नमुना उदाहरण प्रसस्तै पाइन्छ ।

स्थानगत रुपमा प्रमुख शहर-वजारहरु वुटवल, भैरहवा, नारायणगढ, पोखरा, काठमाडौ लगायतका क्षेत्रहरुसँग कञ्चन गाउँपालिकाको सिधा सम्वन्ध स्थापित हुँदै आएको छ । खाद्यान्न, दलहन, तेलहन, मसला, तरकारी, फलफुल, दुध, मासु, अण्डा, माछा जस्ता उत्पादनमा आत्मनिर्भरता तर्फ अग्रसर यो गाउँपालिकामा तिव्र गतिमा वढिरहेको जनसंख्या, पर्यटकीय गन्तव्य लुम्विनी, लगायत दक्षिणतर्फ भारतीय सीमा सुनौली वजारसंग व्यापारिक सम्वन्ध स्थापित छ ।

यसका प्रमुख सम्भावना तथा अवसरहरु यसप्रकार रहेका छन ।

- उर्वर कृषि भूमि,
- कृषि एवं पशुपंक्षीपालनका लागि उपयुक्त क्षेत्र,
- नगदे वाली, तरकारी एवं फलफुलका अति उपयोगी भूमि र व्यावसायिक खेतीको अभ्यास,
- आर्थिक रुपमा सक्रिय जनसंख्या अधिक,
- कृषिमा आवद्ध जनसंख्या करीव ६४ प्रतिशत,
- सामाजिक, जातीय सदभाव, धार्मिक सहिष्णुता कायम,
- वुटवल एवं भैरहवा जस्ता ठूला शहरी क्षेत्र उपलव्ध,
- वुद्धजन्म भूमिसँग सामिप्य,
- सुनौली, वुटवल, पोखरा सम्मको सिद्धार्थ राजमार्ग कोरिडरको रुपमा विकसित,
- अदुवा, लसुन, वेसार खुर्सानीको निकासी,
- फलफुलको व्यावसायिक खेतीका लागि कृषकहरुलाई अनुदान, प्रोत्साहन,

- कृषि पूर्वाधारहरुमा कृषि हाटवजार, सङ्कलन केन्द्र र कुलो निर्माण भएको,
- स्थानीय कच्चा पदार्थ, सीपशैलीमा आधारित लघु, घरेलु तथा साना उद्योगहरु सञ्चालनमा,
- विद्यालयहरुमा आधारभूत भौतिक पूर्वाधारहरुको व्यवस्था, आइसिटि जडान, स्थानीय पाठ्याक्रम एवं प्रयोगशालाको व्यवस्था भएको,
- पालिकाको निर्णय तहमा महिला, दलित वर्गको उपस्थिति, अपाङ्गता लगायत लक्षित वर्गको सशक्तीकरणका लागि सीप विकास तालिम प्रदान भएको,
- अधिकांश वस्ती तथा घरपरिवारहरुको सडकमा पहुँच वृद्धि, कच्ची तथा ग्राभेल सडक निर्माण तथा स्तरोन्नति भएको,
- एम्वुलेन्स, आपतकालीन उद्धार सामाग्रीहरु, स्वयंसेवक एवं खुल्ला संरक्षित क्षेत्रहरुको व्यवस्था भएको,
- सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग भएको, नागरिक सहायता केन्द्र क्रियाशील रहेको,
- आन्तरिक आय वृद्धि भएको, वेरुजु फछ्र्यौट दर वढ्दो,
- पालिकाका सेवा प्रवाहहरु डिजिटल प्रविधिसँग जोडिदै ।

## ३.३ दीर्घकालीन सोच

नेपाल सरकारले १५ औ योजनाको आधारपत्र मार्फत वि.सं.२१०० को लागि लिएको दीर्घकालीन सोच "**समृद्ध नेपाल सुखी नेपाली"** र लुम्विनी प्रदेश सरकारले लिएको दीर्घकालीन सोच "**समृद्ध लुम्विनी : आत्मनिर्भर प्रदेश"** रहेको छ । संघीय सरकार र प्रदेश सरकारले लिएको दीर्घकालीन सोच तथा त्यसको मर्मलाई आत्मसात गर्दै **कञ्चन गाउँपीलका**ले आफ्नो भौगोलिक अवस्थिति, आर्थिक एवं सामाजिक अवस्था, साँस्कृतिक विविधता, प्राकृतिक श्रोत तथा सम्पदाहरु लगायत स्थानीयहरुको आशा अपेक्षालाई सम्वोधन हुने गरी दीर्घकालीन सोच निर्धारण भएको छ । यसरी पालिकाको दीर्घकालीन सोच निर्धारण गर्दा छिमेकी पालिकाहरुले निर्धारण गरेका दूरदृष्टिलाई समेत मनन गरिएको छ । आगामी २५ वर्ष भित्रको अवधिमा हासिल हुन सक्ने गरी निर्धारण भएको दीर्घकालीन सोच तयार गर्दा पूर्ण सहभागितामूलक विधिवाट सहभागिहरु सवैको आ-आफ्ना सपनाहरु सङ्कलन गर्दै समुहमा र समुहका सपनालाई पुनः पटक एक प्रतिनिधिमूलक समुहमा राखी अन्तत एक साझा सोच तयार पारिएको छ । यस अनुसार कञ्चन गाउँपालिकाले आगामी वि.सं.२१०० सम्मको लागि निम्न दीर्घकालीन सोच तयार गरेको छ ।

**"समुन्नत कञ्चनः सुखी कञ्चनवासी"**

## ३.४ निर्देशक सिद्धान्त

उपरोक्त दीर्घकालीन सोचलाई आगामी २५ वर्षभित्र पूरा गर्न गाउँपालिकाले देहाय वमोजिमको निर्देशक सिद्धान्त तथा मार्गदर्शन सिद्धान्तको रुपमा अंगिकार गरेको छ ।

क) सन्तुलित एवं योजनावद्ध विकास,
ख) दिगो विकास,
ग) समन्वय, सहकार्य र साझेदारी,
घ) पारदर्शि, जवाफदेही र सुशासन प्रवर्द्धन,
ङ) सामाजिक न्याय, समावेशीकरण एवं समतामूलक समाज,
च) स्थानीय स्रोत परिचालन, व्यावसायिक उत्पादन र आर्थिक विकास,
छ) वातावरणमैत्री, दिगो, सुरक्षित पूर्वाधार निर्माण,
ज) पर्यावरण संरक्षण र सम्वर्द्धन ।

## ३.५ समष्टिगत लक्ष्य

कञ्चन गाउँपालिकाको प्रथम आवधिक गाउँ बिकास योजनाका लागि देहाय वमोजिम समष्टिगत लक्ष्य निर्धारण गरिएको छ :

कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण व्यावसायीकरण, पर्यटकीय पूर्वाधार निर्माण एवं प्रवर्द्धन, औद्योगिक विकास, गुणस्तरीय एवं प्राविधिक तथा व्यवसायिक शिक्षाको उपलब्धता, सर्वसुलभ र सहज स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि, लक्षित वर्गलाई मूलप्रवाहीकरण गरी समन्यायिक सुनिश्चिता, खेलकुदमा व्यावसायिकता विकास, व्यवस्थित दिगो वातावरणमैत्री भौतिक पूर्वाधारको निर्माण, वातावरणीय स्वच्छता विपद जोखिम न्यूनीकरण, सुशासनको प्रत्याभूत गर्दै नागरिकहरुको जीनव स्तरमा सुधार भएको हुनेछ ।

## ३.६ विषय क्षेत्रगत वृहत उद्देश्य

कञ्चन गाउँपालिकाले समष्टिगत लक्ष्य प्राप्तिका लागि देहाय वमोजिम विषयक्षेत्रगत वृहत उद्देश्य निर्धारण गरिएको छ ।

**क) आर्थिक विकास :**

स्थानीय अर्थतन्त्रमा गतिशीलता ल्याई रोजगारी एवं आय आर्जनवाट आमनागरिकको आर्थिक स्थितिमा सुधार ल्याउनु

**ख) सामाजिक विकास** :

सामाजिक सेवा सुविधाहरुमा सवै वर्ग समुदायको पहुँच अभिवृद्धि गर्दै समन्यायिक समाजको निर्माण गर्नु

**ग) पूर्वाधार विकास** :

पूर्वाधारहरुको विकास र विस्तार गरी आधारभूत सेवा सुविधाको पहुँचमा अभिवृद्धि गर्दै आमनागरिकहरुको जन जीवनमा सहजता ल्याउनु

**घ) वन, वातावरण तथा विपद व्यवस्थापन** :

विपद जोखिम न्यूनीकरण तथा जैविक विविधता एवं प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन गर्दै दिगो उपयोग गर्नु

**ङ) सुशासन तथा संस्थागत विकास** :

संस्थागत क्षमता अभिवृद्धि गर्दै सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शि, र सुशासनको प्रत्याभूति गराउनु ।

## ३.७ प्रमुख प्राथमिकता

गाउँपालिकाले अंगिकार गरेको दीर्घकालीन सोच, आवधिक योजनाले निर्धारण गरेको लक्ष्य र वृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका विषयक्षेत्रलाई विशेष प्राथमिकता दिइने छ ।

**क) कृषि :**

भौगोलिक वनावट र हावापानीका आधारमा कञ्चन गाउँपालिका कृषिका लागि एक उपयुक्त भूमिका रुपमा लिन सकिन्छ । माटोको उर्वरता र सिंचित भूमिले यसै पक्षलाई पुष्टि गर्दछ । विद्यमान अवस्थामा स्थानीयहरुको पेशागत आवद्धतावाट उपरोक्त पक्षलाई सिद्ध गर्दछ र कूल जनसंख्याको करीव ६४.१२ प्रतिशत मानिसहरु कृषिलाई एक प्रमुख पेशाको रुपमा ग्रहण गर्ने गरेको पाइन्छ । तापनि पालिका क्षेत्रभित्र उत्पादित खाद्यान्न वालीले स्थानीय मागलाई सम्वोधन गर्न सकिरहेको छैन । पालिका क्षेत्रभित्र वार्षिक करीव १३,१४२ मे.टन खाद्यान्न उत्पादन र ११,७४० मे.टन खपत हुँदै आएको देखिन्छ भने करिव १४०२ मे.ट.खाद्यान्न विक्रि वा निकासी भएको तथ्यांक छ । उपलब्ध कृषियोग्य जमिनको करिव १३२१ हेक्टर जमिनमा सिंचाइ सुविधा उपलब्ध छ भने १०५२ हेक्टर जमिनमा मौसमी सिंचाइ हुने गरेको छ । कृषि प्रणालीलाई आधुनिकीकरण एवं व्यावसायीकरण गर्नु आफैमा चुनौतिपूर्ण देखिन्छ । पालिका क्षेत्रवाट अदुवा, वेसार, लसुन, वाह्य क्षेत्रमा निकासी हुँदै आएको छ भने दलहत, तेलहन, नगदे, तरकारी, अदुवाको व्यावसायिक उत्पादन प्रर्वद्धन कार्यक्रम सञ्चालन भएवाट कृषिको व्यावसायिक खेतीतर्फको आकर्षण वढ्दो पाइन्छ । पशुपालनतर्फ स्थानीय भैसीपालन, वाखा तथा खसीवोका, गाईपालन व्यवसायिक रुपमा हुँदै आएको छ । ठूलो परिमाणमा दुध उत्पादन भएता पनि वजार पहुँचको अभावका कारण कृषकले अपेक्षित लाभ हासिल गर्न सकिरहेका छैनन ।

उपर्युक्त पक्षहरुलाई मध्य नजर राख्दै कृषिमा व्यावसायीकरणको सम्भावना, रोजगारी श्रृजना र आयआर्जनको वलियो श्रोतको रुपमा विकास हुन सक्ने भएकोले गाउँपालिकाको समग्र आर्थिक बिकासको लागि पहिलो प्राथमिकता क्षेत्रको रुपमा परिभाषित गरिएको छ ।

### ख) पूर्वाधार :

कञ्चन गाउँपालिका क्षेत्रफलको हिसावले देशकै सानो स्थानीय तह भए तापनि सडक संजाल र आवद्धताको दृष्टिले अत्यन्त सवल देखिएको छ । पुर्व पश्चिम राजमार्गसँग जोडिएको फायरलाइन - लुम्बिनी सडक र पुर्व पश्चिम राजमार्गसँग जोडिएको गौतमवुद्ध सडक अरु स्थानीय तहसँगको अन्तर आवद्धता, व्यापार प्रर्वद्धनका प्रमुख संवाहक सडकहरु हुन् । यसका अतिरिक्त गाउपालिकाका प्रशासनिक केन्द्रहरु जस्तै वडा कार्यालय लगायत अन्य सार्वजकि सेवा प्रदायक संस्थाहरुसँग जोडिने, अन्य संस्थागत क्षेत्र, वस्ती तथा समुदाय जोड्ने सानो तथा मझौला लम्वाई भएको २०० वटा भन्दा वढी सडकहरु रहेको छन् । ती सडकहरुको दिगो विकासका लागि स्तरोन्नती, सार्वजनिक यातायात सेवा संचालन, उपयुक्त स्थानमा रात्रीकालिन विश्राम स्थल निर्माणका लागि लगानी हुनु आवश्यक छ । उपर्युक्त पक्षहरुलाई मध्य नजर राख्दै सडक, ढल, भवन संरचना, सिंचाई पूर्वाधार, खानेपानी, शिक्षा, स्वास्थ्य र विपदसंग सम्वन्धित पूर्वाधारहरुको विकास र यसबाट सिर्जना हुने रोजगारी र आयआर्जनको वलियो श्रोतको रुपमा विकास हुने सक्ने भएकोले गाउँपालिकाको समग्र आर्थिक बिकासका लागि दोश्रो प्राथमिकता क्षेत्रको रुपमा परिभाषित गरिएको छ ।

### ग) शिक्षा :

गाउँपालिकामा करीव १७.० प्रतिशत संख्यामा जनताहरु निरक्षर रहेको छ । उमेर समूह अनुसारका वालवालिकाहरुको खुद भर्नादर शत प्रतिशत पुऱ्याउन सकिरहेको अवस्था छैन । विद्यालयको सिकाइ उपलब्धि एवं विद्यालय छाड्नेमा शुन्यता आउन सकिरहेको छैन । गुणस्तरीय शिक्षाका लागि नजिकका अन्य शहर तथा राजधानी वसाइसराइ रोक्न सकिरहेको छैन । विकासको एक अनिवार्य शर्त दक्ष, सीपमुलक र व्यावसायिक जनशक्ति विकास हुने भएकाले पनि शिक्षाका विशेष प्राथमिकता प्राप्त क्षेत्रमा राखिएको छ ।

### घ) स्वास्थ्य :

अधिकांश स्थानीयहरुलाई स्वास्थ्य सेवामा सहज र सुलभ पहुँच पुग्न सकेको छैन । ३० मिनेटको पैदल दुरीमा स्वास्थ्य सेवा उपलव्ध भए तापनि स्वास्थ्य सेवाको गुणस्तरमा सुधार गर्न आवश्यक छ । विरामी हुँदा पहिले स्वास्थ्य संस्थाहरुमा जाने, प्रसुती सेवा र स्वास्थ्य संस्थामा प्रसुती गराउने अभ्यासमा सुधार क्रमिक रुपमा आउन थालेको पाइन्छ । तापनि महामारी, आपतकालीन सङ्क्रमण रोगहरुलाई समयमै नियन्त्रण गर्न सक्ने क्षमताको विकास गाउँपालिकामा अझै हुन सकिरहेको छैन । निर्धारित उमेर अनुसार तौलको कमि र कुपोषणवाट वालवालिकाहरु प्रभावित हुँदै आएको सन्दर्भमा गाउँपालिकाले स्वास्थ्य क्षेत्रमा नीतिगत सुधार सहित पूर्वाधार र जनशक्तिको क्षमता बिकासमा लगानी वृद्धि गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राखी स्वास्थ्य क्षेत्रलाई प्राथमिकता क्षेत्रको रुपमा परिभाषित गरिएको छ ।

### ङ) पर्यटन प्रर्वद्धनः

गाउँपालिका भित्रको मूलत कृषिजन्य पर्यटन, जलासय तथा जंगल सहितको पर्यापर्यटन, धार्मिकस्थलहरुसँग सम्वन्धित धार्मिक पर्यटन र स्थानीय भेषभुषा, भाषा, कला, सस्कृति, रहन सहन जस्ता मौलिक सम्पत्तिको संरक्षण, प्रर्वद्धनका लागि पर्यटन क्षेत्र अत्यन्त संभावना वोकेको क्षेत्र हो । यस क्षेत्रमा खासगरी निजी क्षेत्रको आकर्षण रहने र लगानी पनि गर्न सकिने भएकोले स्थानीय समुदायको सहभागितामा पर्यटन प्रवर्द्धनवाट स्थानीय समुदायको आर्थिक र सामाजिक समृद्धिमा ठूलो सहयोग पुग्न सक्ने देखिन्छ । यसरी जातीय विविधताको संरक्षण र सम्वर्द्धनवाट स्थानीय स्तरमा पर्यटन प्रवर्द्धन मार्फत रोजगारी श्रृजना, आयआर्जनवाट गरिवी निवारणमा ठूलो सहयोग पुग्ने देखिन्छ। धार्मिक एवं ऐतिहासिक पर्यटकीय हिसावले महत्वपूर्ण स्थानहरुको प्रवर्द्धनवाट पर्यटनमा आधारित उद्योग व्यवसाय सञ्चालनबाट रोजगारीको सिर्जना भई आर्थिक एवं सामाजिक समृद्धिमा र साँस्कृतिक पहिचानमा उल्लेखनीय सहयोग पुग्दै आएको र थप अरु पुग्ने सम्भावना रहेकोले यस पर्यटन क्षेत्रलाई पाँचौ प्राथमिकतामा राखिएको छ ।

### च) उद्योग तथा उद्यमः

आर्थिक सर्भेक्षण, २०१८ अनुसार पालिका क्षेत्रभित्र ७२९ वटा उद्योग, व्यापार व्यवसायहरु सञ्चालनमा रहेको देखिन्छ । यस अन्तर्गत कृषि वनसँग सम्वन्धित ४८, उत्पादनमूलकसँग सम्वन्धित ६५, होटेल रेष्टुरेष्टसँग सम्वन्धित १०२ वटा पर्दछन । यसैगरी वित्तीय, शैक्षिक, स्वास्थ्य आदि क्षेत्रसँग सम्वन्धित व्यवसायहरुको संख्या पनि अधिक नै देखिन्छ । खासगरी, स्थानीय कच्चा पदार्थमा आधारित, कृषि एवं जडीवुटीमा आधारित उद्योग व्यवसायहरुको सम्भावना यस क्षेत्रमा अधिक देखिन्छ । वुटवल, भैरहवा, तौलिहवा क्षेत्र क्रमिक रुपमा शहरीकरण हुँदै गएको सन्दर्भमा तिनैलाई मुख्य आधारमानी तिनीहरुको मागलाई सम्वोधन हुने गरी कृषि उपजहरुमा आधारित कृषिजन्य प्रशोधन उद्योग व्यवसायको

सम्भावना प्रवल देखिन्छ । यसवाट स्थानीय स्तरमा ठूलो संख्यामा स्व/रोजगार अवसर सिर्जना गर्न सकिने प्रवल संभावना छ । यसर्थ उद्योग क्षेत्रलाई छैठौ प्राथमिकतामा समावेस गरिएको छ ।

**छ) पर्यावरण संरक्षण :**

गाउँपालिकाको ठूलो क्षेत्र वनजङ्गलले ढाकेको छ । यसवाट जैविक विविधताको संरक्षणमा ठूलो सहयोग पुगेको छ । वन क्षेत्रको संरक्षणका लागि पालिका क्षेत्रभित्र सामुदायिक उपभोक्ता समितिहरु पनि क्रियाशील छन । तापनि वनमारा, जस्ता मिचाहा प्रजातिहरु अनियन्त्रित रुपमा फैलिएका छन । जसका कारण पारिस्थितिकीय प्रणालीमा अवरोध सिर्जना, आगलागी, पानीका मुहान, सीमसार तथा जलश्रोतहरु सुक्ने र जलवायु परिवर्तनवाट ठूलो क्षति स्थानीयहरुले व्यहोर्दै आएका छन भने पर्यावरणमा पर्दै गएको असरवाट मानव जातिको जीवनयापन, खेतीपाती, अन्नवाली र वन्यजन्तु वीचको द्वन्द्व वढ्दै गएको छ । उपरोक्त पक्षलाई मध्यनजर राख्दै पर्यावरणको दिगो संरक्षण, सम्वर्द्धन र सदुपयोगवाट स्थानीयहरुको आयआर्जन जस्ता क्षेत्रलाई पनि प्राथमिकता क्रममा समावेस गरिएको छ ।

## ३.८ समष्टिगत रणनीति

कञ्चन गाउँपालिकाले अंगिकार गरेको दीर्घकालीन सोच, आवधिक गाउँ बिकास योजनाले निर्धारण गरेको लक्ष्य र वृहत तथा क्षेत्रगत उद्देश्य हासिल गर्न देहाय अनुसारका रणनीति अवलम्बन गरिने छ ।

क) कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यावसायीकरण मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी एवं आय आर्जनका अवसरहरु सिर्जना गरी स्थानीय अर्थतन्त्रलाई गतिशील वनाउदै निरपेक्ष गरिवी न्यूनीकरण गर्ने ।

ख) शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत सामाजिक सेवा सुविधामा नागरिकको पहुँच अभिवृद्धि गरी सामाजिक समावेशीकरण, सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माण गर्ने ।

ग) यातायात, विद्युत, सिंचाइ लगायतका पूर्वाधार बिकास एवं निर्मित पूर्वाधारहरुको दिगो उपयोगका लागि नियमित मर्मत सम्भार एवं स्तरोन्नति गर्ने

घ) प्राकृतिक सम्पदाको दिगो उपयोग एवं वातावरणको संरक्षण सहित विपद सम्वेदनशीलता विकास गर्दै विपद जोखिम न्यूनीकरण गर्ने ।

ङ) सार्वजनिक सम्पत्तिहरुको दिगो संरक्षण र व्यवस्थापन गरी सार्वजनिक सेवा प्रवाहलाई पारदर्शि, जवाफदेही, नागरिकमैत्री र प्रभावकारी वनाउने ।

## ३.९ परिमाणत्मक लक्ष्य निर्धारण

संघीय तथा प्रदेश सरकारको परिमाणात्मक लक्ष्यको आधारमा दीर्घकालीन सोच तथा आवधिक योजनाको समष्टिगत लक्ष्य तथा उद्देश्यहरुको मापनका लागि प्रमुख सूचकहरु समावेश गरी परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ । परिमाणात्मक लक्ष्य निर्धारण गर्दा दिगो विकास लक्ष्यसँग समेत तादात्म्यता कायम राखिएको छ ।

**तालिका/ग्राफचित्र : १३**
**आवधिक योजनाको समष्टिगत परिमाणात्मक लक्ष्य**

| नतिजा सूचक | इकाई | आधार बर्ष ०७९/८० सम्म | | | योजनाको अन्त्यको अवस्था | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ ०७६/७७ | लुम्विनी प्रदेश ०७६/७७ | कञ्चन गापा ०७९/८० | संघ ०८०/८१ | लुम्विनी प्रदेश ०८०/८१ | कञ्चन गापा ०८४/८५ |
| **समष्टिगत सूचक तथा परिमाणात्मक लक्ष्य** | | | | | | | |
| मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५८७ | ०.५६३ | ०.५६३ | ०.६२४ | ०.६३ | ०.६३५ |
| लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८८६ | ०.९०१ | ०.९०१ | ०.९६३ | | ०.९६५ |
| वहुआयामिक गरिवी | प्रतिशत | २८.६ | २९.९ | १८ | ११.५ | १५ | १०.० |
| निरपेक्षित गरिवी | प्रतिशत | १८.७१ | १८.७ | १२ | ९.५ | १० | ५ |
| प्रतिव्यक्ति वार्षिक आय | अ. डलर | १०४७ | ८०३ | १२०० | ९५० | १६०० | १५०० |
| औषत आयु -जन्म हुँदाको) | वर्ष | ६९.७ | ६९.३ | ७१ | ७२ | ७२ | ७३ |

| तालिका/ग्राफचित्र : १३<br>आवधिक योजनाको समष्टिगत परिमाणात्मक लक्ष्य | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नतिजा सूचक | इकाई | आधार बर्ष ०७९/८० सम्म | | | योजनाको अन्त्यको अवस्था | | |
| | | संघ ०७६/७७ | लुम्विनी प्रदेश ०७६/७७ | कञ्चन गापा ०७९/८० | संघ ०८०/८१ | लुम्विनी प्रदेश ०८०/८१ | कञ्चन गापा ०८४/८५ |
| साक्षरता दर १५ वर्ष माथि | प्रतिशत | ६६ | ५८ | ८३ | ९५ | ८५ | ९० |
| वेरोजगारी दर | प्रतिशत | ११.४ | ११.२ | १० | ४.४ | ६ | ५ |
| **विषयक्षेत्रगत सूचक तथा परिमाणात्मक लक्ष्य** | | | | | | | |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन | केजी | ११७.५ | | ३१२.९ | २५० | | ३१५ |
| नियमित सिंचाइ भूमि | प्रतिशत | ३३ | ५१ | ५० | ५० | ७० | ६५ |
| कृषिमा आवद्ध जनसंख्या | प्रतिशत | ६०.४ | | ६० | | | ५० |
| रोजगारीमा गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | ३६.५ | | ४० | ५० | | ५० |
| आधारभूत तहको भर्नादर | प्रतिशत | ९२.३ | | ९२ | ९९ | ९७ | ९६ |
| ३० मिनेटको दुरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | ४९.३ | | ९० | ९० | | ९६ |
| आधारभूत खानेपानीवाट लाभान्वित जनसंख्या | प्रतिशत | ८९ | ८९.८३ | ९५ | ९९ | १०० | ९९ |
| ३० मिनेट सम्मको दुरीमा यातायातमा पहुँच भएका घरपरिवार | प्रतिशत | ८२ | | ९० | ९५ | | १०० |
| विद्युत सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ८८ | ८१.०३ | ९६ | १०० | १०० | ९९ |
| इन्टरनेट सेवामा पहुँच प्राप्तघरधुरी | प्रतिशत | ६५.९ | ४९.४ | ६० | ८० | ८५ | ९५ |
| वन क्षेत्रले ओगटेको भूमि | प्रतिशत | ४५.३१ | ४५ | २१.८० | - | - | २५ |
| सेवा प्रवाहवाट सन्तुष्टि अनुभूत गर्ने सेवाग्राही | प्रतिशत | - | - | ५५ | - | - | ८५ |
| श्रोत : मानव विकास प्रतिवेदन, २०२२, आर्थिक सर्भेक्षण २०७९/८०, लुम्विनी प्रदेश आवधिक योजना २०७६/७७, पन्ध्रौ योजना २०७६/७७ | | | | | | | |

## ३.१० गाउँ गौरव आयोजना

यस गाउँपालिकाको समग्र सामाजिक आर्थिक पुनरुत्थान, सन्तुलित विकास, पर्यावरणीय सन्तुलन, जलवायु परिवर्तन तथा विपद जोखिम न्यूनीकरणमा वहुप्रभाव पार्ने आयोजना तथा कार्यक्रमलाई गाउँपालिकाको गौरवको आयोजनाको रुपमा यस योजना अवधिमा अध्ययन तथा कार्यान्वयनका लागि प्रस्ताव गरिएको छ। गाउँपालिका गौरवका आयोजना तथा कार्यक्रमको विवरण सम्बन्धित विषयगत क्षेत्रमा समावेश गरिएको छ । यससम्बन्धी संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

| तालिका/ग्राफचित्र : १४<br>गाउँ गौरव आयोजना | | | | | | |
|---|---|---|---|---|---|---|
| **कसं** | **आयोजना** | **एकाइ** | **उद्देश्य** | **अनुमानित लागत** | **जिम्मेवारी** | **स्थानगत तथा कार्यक्रम सञ्चालन स्थान** |
| **सडक पूर्वाधार तर्फ** | | | | | | |
| १. | कञ्चन चक्रपथ आयोजना (लम्वाई २४ कि.मि.चौडाइ १० मि.) | १ | अन्तर आवद्धता प्रर्वद्धन | १२५ करोड | संघ, प्रदेश र पालिका | फारलाइन, जागृतिचोक, भैसाइ, मलवीरदेवी, हरैया, जिग्नीया, प्रतापुर, मंगलनालन्दा, वुद्धविहार, भैरवघाट |
| २. | वासगढी लुम्विनी सडक आयोजना (लम्वाई १५ कि.मि.चौडाइ १० मि.) | १ | अन्तर आवद्धता प्रर्वद्धन | ९० करोड | संघ, प्रदेश र पालिका | |
| ३. | फारलाइन लुम्विनी सडक आयोजना (लम्वाई २७ कि.मि.चौडाइ १५ मि) | १ | सहजता र सडक दुर्घटना न्यूनीकरण | २५० करोड | संघ, प्रदेश सरकार | |
| ४. | हरैया वांसगढी सडक आयोजना (लम्वाई १० कि.मि.चौडाइ १५ मि.) | १ | पहुचमा सहजता | ५० करोड | संघ, प्रदेश सरकार | |
| ५. | कोठी सिमाना गरगरे हात्तिबजार सडक आयोजना (लम्वाई १२ कि.मि.चौडाइ १५ मि.) | १ | पहुचमा सहजता | ६० करोड | संघ, प्रदेश सरकार | |
| **उत्पादन, व्यावसायिकरण तर्फ** | | | | | | |
| ६. | दानापुर ताल, लौसाताल एकिकृत पर्यटन विकास आयोजना | १ | पर्यटन प्रर्वद्धन र रोजगारी | २० करोड | संघ, प्रदेश सरकार | २० विगाह क्षेत्रफलमा |
| ७. | लिफ्ट सिचाई आयोजना | १ | उत्पादन र उत्पादकत्व अभिबृद्धि | ५०० करोड | संघ, प्रदेश सरकार | क्ञ्चन र कोठी नदि |
| ८. | खेलग्राम निर्माण आयोजना | १ | खेलकुद तथा शारिरीक सुगठन | १५ करोड | संघ, प्रदेश सरकार | धमिनताल वडा नं.३ |
| ९. | १५ शैयाको अस्पताल | १ | स्वास्थ्य सेवा प्रवर्द्धन | २० करोड | संघीय सरकार | थकालीचोक वडा नं.४ |
| १०. | पर्यटकीय पदमार्ग निर्माण आयोजना | १ | पर्यटन प्रवर्द्धन | ३० करोड | संघीय सरकार प्रदेश सरकार | कोठी र कञ्चन नदि किनारमा वोधिवृक्ष र वास लगायतका विरुवा रोपन |
| **जम्मा ११ अर्व ६० करोड** | | | | | | |

गाउँगौरवका आयोजना कार्यक्रमका लागि आवश्यक रु. ११ अर्व ६० करोडमध्ये गाउँपालिकाको नियमित बजेटको करिव १० प्रतिशत अर्थात रु.१ अर्व ४१ करोड ८१ लाख सहलगानी प्रस्ताव गरिएको छ। नपुग श्रोत संघ सरकार तथा प्रदेश सरकारको समपूरक तथा विषेश अनुदान, निजीक्षेत्र, सहकारी क्षेत्र तथा अन्य स्वदेशी तथा विदेशी सहयोग निकायहरुसंगको सहकार्यमा वहु वर्षिय आयोजना तथा कार्यक्रमको रुपमा कार्यान्वयनका लागि पहल गर्ने प्रस्ताव गरिएको छ।

## ३.११ लगानी तथा श्रोत अनुमान

गाउँपालिकाको आवधिक तथा मध्यमकालीन योजनाहरु सञ्चालनमा गाउँपालिकाको आन्तरिक तथा वाह्य श्रोत परिचालनको भूमिका महत्वपूर्ण हुने गर्दछ। वित्तको अभाव तथा वित्त अपुगको अवस्थामा वा प्रक्षेपण अनुसार आयश्रोतहरु निर्धारित समय भित्र उपलव्ध हुन नसकेको खण्डमा विनियोजित कार्यक्रमहरु सफलतापूर्वक कार्यान्वयन हुन सक्दैनन। परिणाम स्वरुप, कार्यक्रमहरु अधुरो हुने, कार्यान्वयन नहुने र सम्पन्न कार्यक्रमहरुको पनि गुणस्तर कायम हुन नसक्ने सम्भावना रहन्छ। यसर्थ, पर्याप्त वित्त व्यवस्थावाट मात्रै नागरिकहरुको आवश्यकतालाई प्रभावकारी ढङ्गवाट सम्वोधन गर्न सकिन्छ। यसका लागि आन्तरिक र वाह्य गरी दुई प्रकारका श्रोतहरुको व्यवस्था गरिएको छ। आन्तरिक श्रोतमा स्थानीय करहरु खासगरी सम्पत्तिकर, भूमिकर, व्यवसाय कर, घर वहाल आयकर, जडीवुटी तथा जीवजन्तु, कवाडी कर नै प्रमुख छन भने वाह्य श्रोतहरुमा संघ र प्रदेश सरकारका अनुदानहरु। अनुदानहरु सशर्त अनुदान, वित्तीय समानीकरण, समपूरक र विशेष अनुदान प्रमुख रहेका छन। त्यसैगरी राजस्व बाँडफाँड स्थानीय तहको अर्को प्रमुख श्रोत अन्तर्गत पर्दछ। खासगरी घरजग्गा रजिष्ट्रेशन दस्तुर, मूल्य अभिवृद्धिकर, अन्तःशुल्क, सवारी साधनकर, विज्ञापन कर र दहत्तर वहत्तरको विक्री वापत सङ्कलित राजस्वको एक निश्चित प्रतिशत संघ र प्रदेश सरकारले स्थानीय तहलाई दिनुपर्ने व्यवस्था गरिएको छ। रोयल्टी वापत सङ्कलित कूल राजस्व पनि तीनै तहको सरकारलाई बाँडफाँड गर्ने गरिन्छ।

कञ्चन गाउँपालिकाको आगामी ५ वर्षका लागि प्राप्त हुन सक्ने वित्तीय स्रोतहरुको अनुमान गर्नु पूर्व गाउँपालिकाको विगत तीन आ.व.को यथार्थ श्रोत परिचालनको अवस्था सम्वन्धमा विवेचना गर्नु सान्दर्भिक हुन्छ। गाउँपालिकाबाट प्राप्त विवरण अनुसार गाउँपालिकाले आर्थिक वर्ष २०७६/७७ देखि २०७८/७९ सम्मको यथार्थ आय निम्न बमोजिम रहेको छ :

**तालिका/ग्राफचित्र- १५**
**विगत तीन आ.व.को यथार्थ श्रोत परिचालन**

| क.सं. | आय शिर्षक | आ.व. | | |
|---|---|---|---|---|
| | | ०७६।०७७ | ०७७।०७८ | ०७८।०७९ |
| १ | **वित्तीय समानिकरण अनुदान** | | | |
| क. | नेपाल सरकार | ११९,५००,०००.०० | ११६,७००,०००.०० | १२६,७००,०००.०० |
| ख. | प्रदेश सरकार | ४,३५३,०००.०० | ५,२५४,०००.०० | ५,९८१,०००.०० |
| २ | **शसर्त अनुदान** | | | |
| क. | नेपाल सरकार | १८०,५२०,०००.०० | २४७,५६५,२२०.०० | २२१,६८१,०००.०० |
| ख. | प्रदेश सरकार | ८,०००,०००.०० | १४,८५०,०००.०० | ८,५४४,०००.०० |
| ३ | **विशेष अनुदान** | | | |
| क. | नेपाल सरकार | १५,०००,०००.०० | १९,०००,०००.०० | १०,१००,०००.०० |
| ख. | प्रदेश सरकार | १७,५००,०००.०० | ७,०००,०००.०० | ६,०००,०००.०० |
| ४ | **समपूरक अनुदान** | | | |
| क. | नेपाल सरकार | - | ७,२००,०००.०० | ६,२००,०००.०० |
| ख. | प्रदेश सरकार | १३,७४२,०००.०० | ११,२५०,०००.०० | १५,०००,०००.०० |
| ५ | **राजश्व वांडफांड** | | | |
| क. | नेपाल सरकार | ५१,०३६,१५५.०० | ६२,२०२,०३०.०० | ८१,७७५,४४३.०० |
| ख. | प्रदेश सरकार | ३,११४,५९२.०० | २८,०१०,२११.०० | ३,०६५,७५४.०० |
| ६. | **अन्य श्रोत** | | | |
| क. | सडक वोर्ड नेपाल | २८,८०३,४६४.०० | ११,०४८,२३८.०० | ४३,८३३,३२७.०० |
| ७. | आन्तरिक श्रोत | १०,२४०,४६५.०० | २८,०१०,२११.०० | ९,४३१,२८०.०० |
| ८. | गत बर्षको अ.ल्या. | ४,१७२,२७९.०० | १३८,५२२,०९२.०० | १४७,४६८,६८६.०० |
| | **जम्मा** | **४५५,९८१,९५५.००** | **६९६,६१२,००२.००** | **६८५,७८०,४९०.००** |

आवधिक योजना अवधि अर्थात आगामी ५ वर्षका लागि प्राप्त हुन सक्ने वित्तीय स्रोतहरुको अनुमान गर्दा चालु आ.व.२०७९।०८० अनुमानलाई आधार मानी वाह्य आयको हकमा प्रतिवर्ष १० प्रतिशत र आन्तरिक आयको हकमा प्रतिवर्ष ३० देखि ४० प्रतिशतको वृद्धि अनुमान गर्दा कञ्चन गाउँपालिकाको आगामी ५ वर्षको अवधिमा परिचालन हुने संभावित राजश्व अनुमान निम्न अनुसार देखिन्छ :

**तालिका/ग्राफचित्र- १६**
**आगामी ५ बर्षको अनुमान प्रक्षेपण**

| राजस्व शिर्षक | ०७९/०८० को अनुमान | अनुमान प्रक्षेपण (रकम रु लाखमा) | | | | | जम्मा ५ वर्षका लागि |
|---|---|---|---|---|---|---|---|
| | | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ | |
| **आन्तरिक आय** | **१५५.०२** | **२४१.४१** | **३१७.३८** | **४२९.९७** | **५८५.४६** | **८००.६९** | **२३७४.९३** |
| **गत बर्षको अ.ल्या.** | १०७८.०५ | ० | ० | ० | ० | ० | |
| वार्षिक वृद्धि दर (प्रतिशतमा) | | ५५.७३ | ३१.४४ | ३५.४७ | ३६.१६ | ३६.७६ | |
| **वाह्य श्रोत** | | | | | | | |
| **वीत्तीय समानिकरण अनुदान** | | | | | | | |
| नेपाल सरकार | १३३८.०० | १४०४.९० | १५४५.३९ | १६९९.९२ | १८६९.९२ | २०५६.९१ | |
| प्रदेश सरकार | ७४.०३ | ८१.४३ | ८९.५७ | ९८.५३ | १०८.३८ | ११९.२२ | |
| **शसर्त अनुदान** | | | | | | | |
| नेपाल सरकार | २१००.५० | २३१०.५५ | २५४१.६० | २७९५.७६ | ३०७५.३४ | ३३८२.८७ | |
| प्रदेश सरकार | ८०.०० | ८८.०० | ९६.८० | १०६.४८ | ११७.१२ | १२८.८४ | |
| **विशेष अनुदान** | | | | | | | |
| नेपाल सरकार | १५०.०० | १६५.०० | १८१.५० | १९९.६५ | २१९.६१ | २४१.५७ | |
| प्रदेश सरकार | ६०.०० | ६६.०० | ७२.६० | ७९.८६ | ८७.८४ | ९६.६३ | |
| **समपूरक अनुदान** | | | | | | | |
| नेपाल सरकार | ८०.०० | ८८.०० | ९६.८० | १०६.४८ | ११७.१२ | १२८.८४ | |
| प्रदेश सरकार | १५०.०० | १६५.०० | १८१.५० | १९९.६५ | २१९.६१ | २४१.५७ | |
| **राजश्व वांडफांड** | | | | | | | |
| नेपाल सरकार | ८८७.२२ | ९७५.९४ | १०७३.५३ | ११८०.८८ | १२९८.९७ | १४२८.८७ | |
| प्रदेश सरकार | ६०.७१ | ६६.७८ | ७३.४५ | ८०.८० | ८८.८८ | ९७.७७ | |
| **जम्मा** | **४९८०.४६** | **५४११.६०** | **५९५२.७६** | **६५४८.०४** | **७२०२.८४** | **७९२३.१३** | **३,३०,३८.३९** |
| **वार्षिक वृद्धिदर** | | **१०** | **१०** | **१०** | **१०** | **१०** | |
| **कूल : आन्तरिक र वाह्य श्रोत** | **६२७०.१५** | **५६५३.०१** | **६२७०.१५** | **६९७८.०१** | **७७८८.३०** | **८७२३.८३** | **३,५४,१३.३२** |
| **वार्षिक वृद्धि प्रतिशत** | | १०.०८ | ९.८४ | १०.१४ | १०.४० | १०.७२ | |
| **औषत वृद्धि दर प्रतिशत** | | **१०.२३** | | | | | |

यस आधारमा आवधिक योजना अवधिभित्र कञ्चन गाउँपालिकाले आन्तरिक आय तर्फ रु.२३ करोड ९४ लाख ९३ हजार र वाहय आय तर्फ रु.३ अर्व ३ करोड ३८ लाख ३९ हजार गरि जम्मा रु ३ अर्व ५४ करोड १३ लाख ३२ हजार वरावरको श्रोत परिचालन हुन सक्ने अनुमान गरिएको छ ।

# **परिच्छेद चार :** आर्थिक बिकास

## पृष्ठभूमि

आर्थिक बिकासका लागि प्रमुख सम्भाव्य क्षेत्रको रुपमा रहेका कृषि, पशुपंक्षी, उद्योग व्यवसाय, पर्यटन जस्ता क्षेत्रहरुको बिद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सोको प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति विकास, प्रमुख कार्यक्रमह पहिचान र अनुमानित लगानी समेत तर्जुमा भएको छ ।

## ४.१ कृषि तथा पशुपंक्षी

### क) पृष्ठभूमि

नेपालको संविधानले खाद्य सम्प्रभूता सम्वन्धी अधिकारलाई मौलिक हकका रुपमा प्रत्याभूति गरेको छ । देशलाई खाद्य सम्प्रभुत्व तुल्याउन र स्वाधीन अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रलाई विशेष जोड दिइएको छ। यसै क्रममा देशको कृषि विकास रणनीति (२०१५-२०३५) तर्जुमा समेत भएको छ । यसरी तर्जुमा भएको कृषि रणनीतिले खासगरी कृषि तथा पशुपंक्षीजन्य उत्पादनहरुको वजारीकरण, यान्त्रिकीकरण र विविधीकरण गरी प्रतिस्पर्धी वनाई खाद्य उत्पादनमा आत्मनिर्भर बनाउने कुरामा विशेष जोड दिइएको छ । त्यसैगरी दिगो विकास लक्ष्यलाई एक मार्गदर्शनको रुपमा ग्रहण गर्दै विशेषतः कृषि क्षेत्रलाई औद्योगिकीकरणका माध्यमवाट रोजगारी सिर्जना गरी आयआर्जन वृद्धि, गरिवी निवारण, भोकमरीको अन्त्य, खाद्य सुरक्षा तथा पोषणको सुनिश्चितता, दिगो रुपमा कृषिको प्रवर्द्धन गर्दै आयात व्यवस्थापन गर्ने पक्षमा केन्द्रीत भएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

**मुख्य समस्याहरु**

- निर्वाहमुखी र परम्परागत कृषि,
- कृषि उपजहरुको वजार व्यवस्था तथा प्रवर्द्धनमा कमि,
- कृषि उपजहरुको भण्डारण, रष्टिक स्टोर, शीतभण्डार, स्टोरेज, प्रशोधन केन्द्र, जस्ता कृषि पूर्वाधारको व्यवस्था नहुनु,
- कृषि औजार, वीउविजन, मल, किटनाशक औषधी समयमै उपलव्ध नहुनु र प्राङ्गारिक कृषि प्रवर्द्धन नभएको,
- रैथानेवालीहरुको अनुसन्धानमा कमि र कृषि उपजहरुको प्रशोधन घरेलु विधिमा सुधार नहुनु,
- कृषि अनुदान, कृषि वीमा, सहुलियत दरका ऋणमा असहजता,
- कृषि समर्थन मूल्य, खाद्यान्न बैंक, सामुदायिक कृषि प्रसार सेवा केन्द्रको व्यवस्था नहुनु,
- नियमित सिंचाइका लागि सिंचाइ पूर्वाधारहरुको (कुलो, लिफ्ट) अपर्याप्तता र कृषि भूमिको अधिकतम उपयोगमा कमी,
- माटो परीक्षण, सोही अनुसारको वाली लगाउने अभ्यासको कमि,
- दुध प्रशोधन तथा विविधीकरणको व्यवस्थाको अभाव,
- पशुपंक्षी पालनका पूर्वाधारहरु : संकलन केन्द्र, दुध चिस्यान केन्द्र, पशुपंक्षीवधशाला, पशुहाटवजारको अभाव,
- सीमित पशुपंक्षी उपचार केन्द्र तथा प्राविधिक सेवा कमि,
- भकारो एवं गोठ सुधार र पशुमुत्रको उपयोग हुन नसक्नु,
- उन्नत जातका घाँस तथा आहाराको कमि ,
- पशुपंक्षीको वजार विस्तार तथा प्रवर्द्धन गर्नु,
- छाडा चौपायाको व्यवस्थापन तथा पशु चिकित्सा सेवाको अप्रयाप्तता,
- दुध तथा मासुको समर्थनमूल्य निर्धारण हुन नसक्नु,
- व्यवस्थित पशुपंक्षी पालन सम्वन्धी ज्ञान सीपको अभाव ।

**मुख्य चुनौतिहरु**

- परम्परागत, जीविकोपार्जन तथा निर्वाहमूखी कृषि प्रणालीलाई आधुनिक एवं व्यावसायिक प्रणालीमा रुपान्तरण गर्नु,
- युवाहरुलाई कृषि पेशा प्रति आकर्षण वढाउनु,
- कृषि सामुहिक, चक्लावन्दी तथा करारखेती कार्यान्वयन गर्नु,
- वन्यजन्तुवाट हुँदै आएको वालीनाली क्षति कम गर्नु,
- कृषि उपजहरु जलवायु अनुकुलन वनाउनु, जलवायु परिवर्तन वाट भएको क्षति न्यून गर्नु,
- कृषि उपजहरुको प्राकृतिक हानी नोक्सानीको मूल्यांकन गरी राहतको व्यवस्था गर्नु,
- जीविकोपार्जन, परम्परागत, निर्वाहमुखी पशुपालनलाई व्यावसायिकरण एवं आधुनिकीकरण गर्नु,
- पशुपंक्षीजन्य रोग नियन्त्रण गर्नु,
- उन्नत जातका पशुपंक्षी विकास तथा विस्तार गर्नु,
- पशुपंक्षीहरुको व्यावसायिक पालनमा सहुलियत दरमा कर्जा सुविधा प्रदान गर्नु,
- युवाहरुलाई पशुपंक्षीपालन प्रति आकर्षण वढाउनु ।

**मुख्य सम्भावना तथा अवसरहरु**

- भौगोलिक अवस्थिति, हावापानी एवं अनुकुल मौसमका कारण कृषिखेतीका लागि उपयुक्त,
- व्यावसायिक खेती र कृषिका उन्नत प्रविधि, उपकरणहरुको प्रयोगमा कृषकहरुको आकर्षण वढ्दो,
- कृषि सहकारी, व्यवसायिक फर्म, समुहरु दर्ता भई अगुवा कृषकहरु क्रियाशील,
- खाद्यान्न, दलहन, तेलहन, मसलावाली, नगदेवाली, माछापालन, फलफुलहरु जस्ता उपजहरुको व्यावसायिक खेतीमा प्रोत्साहन र सहयोग उपलव्ध हुँदै आएको,
- कृषिको अर्गानिक खेतीमा सहयोग र प्रोत्साहन उपलव्ध,
- कृषि उपकरण तथा यान्त्रिकीकरणको प्रयोग वढ्दो,
- व्यावसायिक वेमौसमी तरकारी खेतीको अभ्यास,
- कृषक प्रोत्साहन कार्यक्रम सञ्चालनमा,
- कृषकहरुको क्षमता अभिवृद्धि तालिमहरु सञ्चालन,
- कृषि हाटवजार तथा सङ्कलन केन्द्र स्थापना भएको,
- कृषि प्राविधिक सेवाहरु उपलव्ध हुँदै आएको,
- पर्याप्त चरन क्षेत्र,
- पशु आहारका लागि डाले तथा भुई घाँस उत्पादन गर्न सकिने,
- घरघरमा पशुपंक्षीहरु गाई, भैसी, वाखा, वङ्गुर, कुखुराहरु पालन हुँदै आएको र आय आर्जनका स्रोतमा स्थापित
- मासु र कुखुराको अण्डा वार्षिक उत्पादन वढ्दो र निकासी हुँदै,
- स्थानीय वजार क्षेत्रमा पशु आहार तथा दाना आदिको उपलव्धतामा सहज,
- नश्ल सुधार, कृत्रिम प्रजनन, प्राथमिक उपचार केन्द्रहरु क्रियाशील,
- पशु, वाखा, भैसीपालन, कुखुरापालन जस्ता व्यवसायिक फर्महरु क्रियाशील रहेको,
- पशुजन्य औषधी, उपचार, तथा खोपको व्यवस्था भएको,
- पशु प्राविधिक तथा भेटेरीनरी सेवा उपलव्ध गराएको,
- पशुपालन कृषकहरुलाई तालिम, परामर्श तथा प्राविधिक ज्ञानसीप प्रदान हुँदै आएको ।

## ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति, एवं कार्यक्रम तथा आयोजना

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेका छन् :

**सोच** : दिगो कृषिको आधार : व्यावसायिकता, प्रतिस्पर्धी र आत्मनिर्भरता ।

**लक्ष्य** : कृषिको व्यावसायीकरण र आधुनिकीकरण गरी स्थानीय उत्पादन, रोजगारी र आयमा वृद्धि गर्दै दिगो आर्थिक उत्थानशीलता भएको हुने

**उद्देश्य :**

- कृषिलाई आधुनिकीकरण, यान्त्रिकीकरण, व्यावसायीकरण गर्नु,
- कृषि तथा कृषिजन्य उद्योग व्यवसायहरुको प्रवर्द्धन एवं वजारीकरण गर्नु,
- कृषि उपजको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै खाद्यमा आत्मनिर्भर हुनु,
- दुध, अण्डा, मासु उत्पादनमा वृद्धि गरी आत्मनिर्भर हुनु,
- आय आर्जन, रोजगारी सिर्जना, पोषणमा सुधार र वातावरण संरक्षण ।

**रणनीतिहरु**

१. कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने
२. कृषक, कृषि व्यवसायी, प्राविधिक लगायत कृषि सेवामा आवद्ध पक्ष तथा संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने
३. कृषि उपजहरुको व्यवसायीकरण तथा वजार विस्तार एवं कृषिजन्य उद्योग व्यवसायहरुको प्रवर्द्धन गर्ने
४. कृषि पूर्वाधारहरु निर्माण गर्न निजी क्षेत्र तथा सहकारी संस्थासंग सहकार्य गर्ने
५. समावेशी कृषि विकासमा महिला, दलित, अति विपन्न वर्गको आवद्धतामा वृद्धि ल्याउने
६. कृषि नीति तर्जुमा तथा योजना निर्माण, कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्ने
७. कृषिमा लगानी वृद्धि गर्न निजी क्षेत्र तथा सहकारी संस्थाहरुसंग समन्वय गर्ने
८. कृषि विकाससंग सम्वन्धित अनुसन्धान केन्द्र, शैक्षिक संस्था एवं सरोकारवालाहरुसंग समन्वय गर्ने
९. उत्पादित वालीको पोष्ट हार्भेष्ट र उचित बजारको व्यवस्थापन गर्ने ।
१०. पशु विकास सम्वन्धी कार्यक्रमको निर्देशिका नर्म्स निर्माण गरी कार्यान्वयन गर्ने,

**मुख्य कार्यक्रम तथा आयोजना**

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा निम्न अनुसार सङ्केतीकरण गरिएको छ :

**तालिका/ग्राफचित्र- १७**
**कृषि विकास : मुख्य कार्यक्रम तथा आयोजना विवरण**

| क.स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | ०८० /८१ | ०८१ /८२ | ०८२ /८३ | ०८३ /८४ | ०८४ /८५ | | | | |
| १. | कृषि तथा पशु विकास कार्यक्रम संचालनका लागि ऐन नियम निर्माण | १० | ३ | २ | २ | २ | १ | १ | २ | २ | १ |
| २. | उत्पादनमा आधारित अनुदान कार्यक्रम | १५० | २० | ३० | ३० | ३० | ४० | १ | २ | २ | १ |
| ३. | तेलहन वाली विकास कार्यक्रम वडा ३,४ र ५मा | ६० | ८ | १० | १२ | १४ | १६ | १ | २ | २ | ३ |
| ४. | एक वडा एक वाली वस्तु प्रर्वद्धन कार्यक्रम | ९० | १५ | १५ | २० | २० | ३० | २ | २ | २ | २ |
| ५. | वालि विकास कार्यक्रम (खाद्य,गहु,मकै) | २७० | ४० | ४५ | ५५ | ६५ | ६५ | २ | २ | २ | ३ |

| | तालिका/ग्राफचित्र- १७ कृषि विकास : मुख्य कार्यक्रम तथा आयोजना विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क. स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता कम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
| | | कूल लागत | ०८० /८१ | ०८१ /८२ | ०८२ /८३ | ०८३ /८४ | ०८४ /८५ | | | | |
| ६. | रासायनिक मल उपलव्धतामा सहजिकरण नियमन | १५ | २ | ३ | ३ | ३ | ४ | १ | २ | २ | १ |
| ७. | वाली संरक्षण कार्यक्रम | १७० | ३५ | ४० | ४५ | ३० | २० | १ | २ | २ | १ |
| ८. | कृषि आधुनिकिकरण कार्यक्रम | ३६० | ६० | ६५ | ७० | ७५ | ९० | १ | २ | २ | १ |
| ९. | वालीवस्तुको विविधिकरण ( पोष्ट हार्भेष्ट कार्यक्रम) | ६० | १० | १० | १२ | १५ | १३ | २ | २ | २ | ३ |
| १०. | वाली विमा कार्यक्रम | १० | २ | 2 | २ | २ | २ | १ | २ | २ | १ |
| ११. | कृषि प्रविधि प्रचार (पर्चा, पम्प्लेट, फोन लगायत सामग्री) | १२० | २० | २२ | २२ | २४ | ३२ | २ | २ | ३ | ३ |
| १२. | पकेट, प्याकेज कार्यक्रम (मौरी, च्याउ) | ३०० | ६० | ६० | ६० | ६० | ६० | १ | २ | २ | १ |
| १३. | रासायनिक मलको विकल्पमा प्रागारिक मल प्रर्वद्धन कार्यक्रम | ७५ | १२ | १२ | १४ | १५ | २२ | १ | २ | १ | ३ |
| १४. | वालीवस्तुको उत्पादन उपरान्त बजार व्यवस्थापन (संकलन केन्द्र, शित भण्डार, न्युनतम समर्थन मूल्य) कार्यक्रम | ३५० | ६५ | ६५ | ७० | ७० | ८० | २ | २ | २ | १ |
| १५. | माटोको दिगो गुणस्तर सुधार (माटो जांच, माटो सुधार समग्री वितरण) कार्यक्रम | १०० | १८ | १८ | २० | २० | २४ | १ | २ | १ | २ |
| १६. | सहकारी, निजी फर्मसँग सहकार्यमा (सहकारी, करार खेती) कार्यक्रम | १५० | २५ | २५ | ३० | ३० | ४० | १ | २ | १ | २ |
| १७. | समग्र कार्यक्रमको प्रभावकारी अनुगमन, निरिक्षण तथा नियमन | १५ | ४ | ४ | ३ | २ | २ | १ | २ | १ | २ |
| १८. | कृषि तथा पशुपंक्षीको तथ्यांक संकलन तथा अद्यावधिक कार्यक्रम | १५ | २ | ३ | ३ | ३ | ४ | १ | २ | १ | २ |
| १९. | कृषि वन कार्यक्रम | २० | ३ | ४ | ४ | ४ | ५ | २ | २ | १ | २ |
| २०. | मागमा आधारित कृषि विकास कार्यक्रम | १५ | २ | ३ | ३ | ३ | ४ | १ | २ | २ | ३ |
| २१. | कृषि विकास शाखा कार्यक्रम संचालन तथा सहजिकरणका लागि सवारी खरिद | ८ | ४ | | ४ | | | २ | २ | ३ | ३ |
| | **जम्मा** | २३६३ | | | | | | | | | |

| | तालिका/ग्राफचित्र- १७<br>कृषि विकास : मुख्य कार्यक्रम तथा आयोजना विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क. स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
| | | कूल लागत | ०८० /८१ | ०८१ /८२ | ०८२ /८३ | ०८३ /८४ | ०८४ /८५ | | | | |
| | **पशुपंक्षी विकास** | | | | | | | | | | |
| | **दुध उत्पादन वृद्धि तर्फ** | | | | | | | | | | |
| २२. | घांसमा आधारित पशुपालन कार्यक्रम | ५० | १० | १० | १० | १० | १० | १ | २ | २ | ३ |
| २३. | घांस नर्सरी स्थापना | ३० | १० | ५ | ५ | ५ | ५ | २ | २ | ३ | ३ |
| २४. | दुधको विविधिकरण तालिम कार्यक्रम | २५ | ५ | ५ | ५ | ५ | ५ | २ | २ | ३ | ३ |
| २५. | गोवर ग्यास तथा सिंचाइ कार्यक्रम | ५० | १० | १० | १० | १० | १० | २ | २ | ३ | २ |
| २६. | नश्ल सुधारका लागि रागो वितरण | ३० | १० | ५ | ५ | ५ | ५ | २ | २ | ३ | ३ |
| २७. | घुम्ति ऋण कोष परिचालन | २५ | ५ | ५ | ५ | ५ | ५ | १ | २ | २ | ३ |
| | **मासु उत्पादन वृद्धि तर्फ** | | | | | | | | | | |
| २८. | मत्यपालक कृषकहरुलाई पोखरी खन्न अनुदान | १५ | ३ | ३ | ३ | ३ | ३ | १ | २ | २ | २ |
| २९. | वाखापालक किसानलाई खोर सुधार, वोका वितरण | ५० | १० | १० | १० | १० | १० | १ | २ | २ | २ |
| ३०. | वंगुरपालक किसान प्रर्वद्धन कार्यक्रम | १५ | ३ | ३ | ३ | ३ | ३ | ३ | २ | २ | २ |
| ३१. | मासुमा विविधिकरण कार्यक्रम | २५ | ५ | ५ | ५ | ५ | ५ | १ | २ | २ | २ |
| | **अण्डा उत्पादन वृद्धि तर्फ** | | | | | | | | | | |
| ३२. | कुखुराको चल्ला वितरण र खोर सुधार मागमा आधारित कार्यक्रम | ४० | ८ | ८ | ८ | ८ | ८ | १ | २ | २ | २ |
| ३३. | नश्ल सुधार क्रित्रिम गर्भाधान | २५ | ५ | ५ | ५ | ५ | ५ | ३ | २ | २ | २ |
| ३४. | पशुपंक्षी भ्याक्सिनेशन कार्यक्रम | ५० | १० | १० | १० | १० | १० | १ | २ | २ | २ |
| ३५. | वाह्य परजिवि नियन्त्रणको लागि डिपिड ट्याक | १५ | ३ | ३ | ३ | ३ | ३ | ३ | २ | २ | २ |
| ३६. | औषधी खरिद तथा निशुल्क उपचार | ५० | १० | १० | १० | १० | १० | १ | २ | २ | २ |
| ३७. | ल्याव सेवा संचालन | २० | ४ | ४ | ४ | ४ | ४ | १ | २ | २ | २ |
| ३८. | मासुपसल सुधार कार्यक्रम | २५ | ५ | ५ | ५ | ५ | ५ | ३ | २ | २ | २ |
| ३९. | कृषक भ्रमण कार्यक्रम | ३० | ६ | ६ | ६ | ६ | ६ | ३ | २ | २ | २ |
| ४०. | व्यावसायिक कृषकलाई व्यवसाय उन्मुख तालिम | ३० | ६ | ६ | ६ | ६ | ६ | ३ | २ | २ | २ |
| ४१. | दलित जनजाती, एकल महिला विशेष वाखापालन सहयोग कार्यक्रम | २५ | ५ | ५ | ५ | ५ | ५ | ३ | २ | २ | २ |
| ४२. | जुनोटिक रोग सचेतना कार्यक्रम | २५ | ५ | ५ | ५ | ५ | ५ | ३ | २ | २ | २ |
| | **कूल लागत** | **६५०** | | | | | | | | | |

## घ) अपेक्षित उपलब्धि, जोखिम तथा नतिजा खाका

**➧ अपेक्षित उपलब्धि तथा जोखिम पक्ष :**

आवधिक योजनाको कार्यान्वयनवाट पालिका क्षेत्रभित्र कृषिमा आधुनिकीकरण, व्यावसायीकरण भएको हुनेछ र वार्षिक खाद्यान्न उत्पादन वृद्धि हुनेछ । फलफुल, नगदेवाली एवं वेमौसमी तरकारीको व्यावसायिक खेती हुनेछ । कृषिका पूर्वाधारहरु खासगरी सङ्कलन केन्द्र, गोदामघर, शीतभण्डारण, चिस्यान केन्द्र, कृषि हाटवजारहरुको निर्माणवाट कृषि उपजहरुको संरक्षण हुने र व्यावसायिक वातावरण सिर्जना भई कृषकहरुमा एक उत्साहजनक वातावरण सिर्जना भएको हुनेछ । साथसाथै संघीय सरकार र प्रदेश सरकारको नीति, नियम एवं प्रचलित कानुनहरुले कृषिको व्यावसायीकरण र स्थानीय तहलाई निकासा हुने अनुदानहरु अपेक्षित रुपमा प्राप्त हुन नसक्ने पक्षहरु र सोवाट प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन हुन नसक्ने पक्षहरु यसका जोखिम पक्षहरु हुन ।

**नतिजा खाका**

**तालिका/ग्राफचित्र : १८**
**कृषि विकास : नतिजा खाका**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| प्रभाव | खाद्यान्न उत्पादन वार्षिक वृद्धिदर | प्रतिशत | | ४ | ४ | ५ | ५ | ५ |
| **असर** | आफ्नो उत्पादन तथा आयले वर्षभरी खान पुग्ने परिवार | प्रतिशत | ९० | ९२ | ९४ | ९६ | ९८ | १०० |
| **प्रतिफलहरु** | वार्षिक खाद्यान्न उत्पादन | मे.टन | १३१४२ | १३५०० | १३७५० | १४००० | १४५०० | १४७५० |
| | प्रतिव्यक्ति वार्षिक खाद्यान्न उत्पादन | केजी | ३१२ | ३१५ | ३२० | ३२५ | ३३० | ३५० |
| | कृषि पेशामा सम्लग्न जनसंख्या | प्रतिशत | ६० | ५८ | ५६ | ५४ | ५२ | ५० |
| | व्यावसायिक कृषि नर्सरी | संख्या | ५ | ५ | ७ | ९ | १० | १२ |
| | तरकारी वार्षिक उत्पादन | मे.टन | ७८६७ | ८००० | ८५०० | ९००० | ९५०० | १०००० |
| | फलफुल वार्षिक उत्पादन | मे.टन | ३२६८ | ३३५० | ३४५० | ३५०० | ३७५० | ४००० |
| | मसलाजन्य उत्पादन (अदुवा, लसुन वेसार) | मे.टन | १२२८ | १३५० | १३९५ | १४२५ | १४७५ | १५०० |
| | स्थानीय व्यावसायिक कृषि फार्म | संख्या | ४५ | ५५ | ६० | ६३ | ६५ | ६८ |
| | व्यावसायिक पशुपंक्षी पालनमा संलग्न घरधुरी | संख्या | २७१ | २८० | २९० | ३०० | ३१० | ३५० |
| | पशुपंक्षी विमाबाट लाभान्वित कृषक | संख्या | ५७६ | १००० | १२०० | १२५० | १३०० | १४०० |
| | सञ्चालनमा रहेको कृषि पकेट तथा जोन | संख्या | ४ | ४ | ५ | ५ | ६ | ६ |
| | दुग्ध संकलन तथा चिस्यान केन्द्र | संख्या | ११ | १२ | १३ | १४ | १५ | १६ |
| | सहकारी संस्था | संख्या | २५ | २० | २० | २० | २० | २० |

## ४.२ सिंचाइ

### क) पृष्ठभूमि :

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स-साना सतह तथा भूमिगत सिंचाइ प्रणालीको सञ्चालन, मर्मत सम्भार, रेखदेख, स्तरोन्नति एवं अनगमन तथा नियमन गर्न सक्ने अधिकार स्थानीय तहलाई दिएको छ । कृषियोग्य भूमिमा नियमित वाह्रै महिना सिंचाइ सुविधा उपलव्ध गराई कृषिको उत्पादन तथा उत्पादकत्व वढाउन सिंचाइको दिगो

व्यवस्थापन गर्नुपर्ने, परम्परागत सिंचाइ प्रणालीको मर्मत सम्भार एवं नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणालीको माध्यमवाट सिंचित क्षेत्र विस्तार गर्नुपर्ने आवश्यकता महसुस भई सिंचाइ पूर्वाधारहरु निर्माण गरी सिंचाइ प्रणालीलाई सुदृढीकरण गर्नु पर्ने भएको छ ।

**ख) वस्तुस्थिति विश्लेषण**

**मुख्य समस्या तथा चुनौतिहरु**

- कृषियोग्य सवै भूमिमा बाह्रै महिना सिंचाइको व्यवस्था गर्नु,
- खेतीयोग्य भूमिमा सिंचाइ विस्तार गरी कृषि उपजहरुको व्यावसायिक उत्पादन वढाउनु,
- वैकल्पिक सिंचाइ विधि प्रयोग पम्पसेट, पाइपको व्यवस्थापन,
- कुलो नहर मर्मत संभार हुन नसक्नु,
- उपलव्ध पानीका स्रोतहरुको पूर्ण रुपमा सदुपयोग गर्न नसक्नु ।

**सम्भावना तथा अवसरहरु**

- जलाधार : कञ्चन, कोठी नदी, दानापुर लौसा तालको पानीको उपयोग,
- वैकल्पिक सिंचाइ प्रविधिहरु प्रयोगमा ल्याउन सकिने,
- सिंचाइ आयोजनाहरु सञ्चालनमा आएको,
- सिंचाइ कुलोहरु - नहरबाट पानी उपलव्धता,
- खेतयोग्य भूमिका करीव २० प्रतिशत भूमिमा नियमित सिंचाइ हुँदै आएको ।

**ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम तथा आयोजना**

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेका छन् :

**लक्ष्य** : दिगो सिंचाइ, कृषि उत्पादन र उत्पादकत्वमा अभिवृद्धि ।

**लक्ष्य :** सिंचाई सेवाको विस्तारवाट उत्पादकत्वमा अभिवृद्धि ।

**उद्देश्य**

- जलाधार क्षेत्र, सीमसार, ताल तलैया, नदी खोला खोल्सी, तथा मुहानहरुको दिगो संरक्षण एवं उपयोग गर्दै नियमित रुपमा सिंचाइ सेवा उपलव्ध गराउनु,
- सिंचाइका आधुनिक तथा वैकल्पिक प्रविधिहरुको अवलम्वनवाट सिंचाइ सेवा सुनिश्चित गर्नु ।

**रणनीति**

१. सिंचाइ आयोजनाहरुको मर्मत सम्भार र स्तरोन्नति गर्ने,
२. सिंचाइ सेवा सुविधा बिकास र विस्तार गर्ने,
३. वैकल्पिक सिंचाइ प्रविधिको स्थापना गर्ने,
४. सिंचाइ सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

**मुख्य कार्यक्रम तथा आयोजना**

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा निम्न अनुसार सङ्केतीकरण गरिएको छ :

| | तालिका/ग्राफचित्र- १९<br>सिंचाइ : मुख्य कार्यक्रम तथा आयोजना | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क. स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
| | | कूल लागत | ०८०/ ८१ | ०८१ /८२ | ०८२/ ८३ | ०८३ /८४ | ०८४ /८५ | | | | |
| १. | पहिलो खोलाको वांध हुदै दानापुर ताल, वेलभरिया, गजेडी, मसिना सम्म सिचाइको लागि पक्की कुलो निर्माण | १५०० | ३०० | ३०० | ३०० | ३०० | ३०० | १ | २ | २ | १ |
| २. | लिफ्ट सिंचाई कञ्चन खोला मार्फत | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | १ | २ | २ | १ |
| ३. | लिफ्ट सिंचाई कोठी खोला मार्फत | २००० | ४०० | ४०० | ४०० | ४०० | ४०० | १ | २ | २ | १ |
| जम्मा रु. ५५०० | | | | | | | | | | | |

## घ) अपेक्षित उपलब्धि, जोखिम तथा नतिजा खाका

### ➧ अपेक्षित उपलब्धि तथा जोखिम पक्ष :

आवधिक योजनाको कार्यान्वयनवाट कृषियोग्य करीव ८० प्रतिशत भूमिको नियमित सिंचाइ हुनेछ र सिंचित भूमि विस्तार भएको हुनेछ। आकाशे पानीको निर्भरतामा रहेको अहिलेको कृषि प्रणालीमा सुधार भई आधुनिक विधिवाट लिफ्ट सिंचाइ प्रणालीहरु निर्माण भएको हुनेछ। संघीय र प्रदेश सरकारको अनुदानमा अत्यधिक निर्भर रहेको सन्दर्भमा स्थानीय तहलाई दिइने अनुदानहरुमा कटौती भई निर्धारित कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन हुन नसक्ने जोखिम त्यत्तिकै रहेको छ।

### ➧ नतिजा खाका

| तालिका/ग्राफचित्र : २०<br>सिंचाइ : नतिजा खाका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष ०७९/८० सम्म | लक्ष्य परिमाण | | | | |
| | | | | २०८०/ ८१ | २०८१/ ८२ | २०८२/ ८३ | २०८३/ ८४ | २०८४/ ८५ |
| **प्रभाव** | खाद्यान्न उत्पादन वार्षिक वृद्धिदर | प्रतिशत | | ४ | ४ | ५ | ५ | ५ |
| **असर** | वर्षभरी नियमित सिंचाइ भएको खेती योग्य भूमि | प्रतिशत | ६० | ६५ | ७२ | ७४ | ७८ | ८० |
| **प्रतिफल हरु** | आकाशे पानीमा निर्भर सिंचाइ भूमि | प्रतिशत | ४० | ३५ | २८ | २६ | २२ | २० |
| | सिंचाइका लागि निर्मित कुलोको लम्वाइ | किमि | १०२ | ११५ | १३० | १४५ | १५५ | १७५ |

## ४.३ पर्यटन बिकास

### क) पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन एवं नवीन पर्यटकीय सेवा तथा कार्यहरु सम्वन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन गर्ने अधिकार स्थानीय तहलाई दिएको छ। पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रुपमा ग्रहण गर्दै वैदेशिक मुद्रा आर्जन गर्ने एक प्रमुख श्रोतको रुपमा लिएको छ। रोजगारीका अवसरहरु सिर्जना हुने, स्थानीय उपजहरुको विक्री वितरण भई आयआर्जनमा सहयोग पुग्ने, स्थानीय सम्पदा एवं सँस्कृतिहरुको संरक्षण, प्रवर्द्धन हुने जस्ता विविध पक्षमा महत्वपूर्ण

सहयोग पुगी अन्तत, स्थानीय अर्थतन्त्र समेत चलायमान हुने हुँदा सम्भावना वोकेको यस क्षेत्रको प्रवर्द्धन गर्नु उपयुक्त हुने हुन्छ ।

**ख) वस्तुस्थिति विश्लेषण**

**समस्या तथा चुनौति**

- पर्यटन प्रवर्द्धनका लागि प्रचार-प्रसार गर्नु,
- पर्यटकीय पूर्वाधार तथा संरचनाहरुको निर्माण गर्नु,
- स्थानीय भाषा, संस्कृति, चाँडपर्वहरु क्रमिक रुपमा लोपोन्मुख र त्यसको संरक्षण गर्नु,
- लगानी गर्न निजी क्षेत्रलाई आकर्षित गर्नु,
- नजिकको धार्मिक, संस्कृति, ऐतिहासिक र पुरातात्विक सम्पदाहरुसँग सहकार्यवाट लाभ आर्जन गर्नु,
- दीर्घकालीन पर्यटन विकास गुरुयोजना तर्जुमा नभएको,
- सम्भाव्य पर्यटकीय क्षेत्र र सेवाहरुको पहिचान नहुनु,
- धार्मिक एवं ऐतिहासिक क्षेत्रहरुको प्रचार प्रसार एवं प्रवर्द्धन नहुनु ।

**सम्भावना तथा अवसरहरु**

- धार्मिक सम्पदाहरु : सुपा देउराली मन्दिर, ऐतिहासिक वर पिपल रुख, बौद्ध गुम्बा, त्रिनेत्र धाम, मलावरदेवी मन्दिर
- प्राकृतिक सम्पदा : कञ्चन खोला, कोठी खोला, दानापुर ताल, लौसा ताल आदि,
- सांस्कृतिक सम्पदा : थारु संस्कृति, नाचगान, रीतिथिति, भेषभुषाहरु, मगर सङ्ग्रहालय, नाचगानहरु (भजन, मारुनी, देउसी, भैलो)
- पर्यटकीय क्षेत्रहरुको संरक्षण र प्रवर्द्धन हुँदै आएको
- पर्यटन विकासका पूर्वाधारहरु क्रमशः निर्माण हुदै
- पर्यटनलाई आयआर्जनसँग जोड्न प्रयास
- पर्यटन उद्योगसँग सम्वन्धित जनशक्तिको क्षमता विकास तथा तालिम प्रदान भएको

**ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम तथा आयोजना**

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ ।

**सोच :** स्थानीय समृद्धिको आधार, पर्यटनको दिगो विकास ।

**लक्ष्य :** धार्मिक, साँस्कृतिक र ऐतिहासिक पर्यटकीय गन्तव्य कञ्चन ।

**उद्देश्य**

- पर्यटकीय गन्तव्यहरु एवं सांस्कृतिक सम्पदाहरुको संरक्षण, प्रवर्द्धन एवं पूर्वाधारहरुको स्तरोन्नति गर्नु,
- पर्यटन व्यवसायलाई विविधीकरण गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्नु ।

**रणनीतिहरु**

१. गुणस्तरीय पर्यटन पूर्वाधार सुविधाको बिकास र विस्तार गर्ने,
२. ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं सांस्कृतिक महत्वका सम्पदाहरुको पहिचान, संरक्षण, सम्वर्द्धन एवं प्रवर्द्धन गर्ने,
३. पर्यटन बिकास सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

**मुख्य कार्यक्रम तथा आयोजना**

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा निम्न अनुसार सङ्केतीकरण गरिएको छ :

| | तालिका/ग्राफचित्र- २१<br>पर्यटन विकास : कार्यकम तथा आयोजना | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क. स | आयोजना तथा कार्यकम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
| | | कूल लागत | ०८०/ ८१ | ०८१ /८२ | ०८२/ ८३ | ०८३ /८४ | ०८४ /८५ | | | | |
| १. | थारु संग्राहलय, कन्चन ५ | १०० | २० | २० | २० | २० | २० | १ | ८ | १ | १ |
| २. | मगर संग्राहलय, कन्चन १ | १०० | २० | २० | २० | २० | २० | २ | ८ | २ | १ |
| ३. | मठ, मन्दिर, गुम्बा, चर्च संरक्षण तथा व्यवस्थापन | २०० | ४० | ४० | ४० | ४० | ४० | २ | ८ | २ | १ |
| ४. | एक वडा एक सामुदायिक पार्क कार्यक्रम | ५०० | १०० | १०० | १०० | १०० | १०० | २ | ८ | ३ | १ |
| ५. | होम स्टे प्रर्वद्धन कार्यक्रम | २०० | ४० | ४० | ४० | ४० | ४० | २ | ८ | ३ | २ |
| ६. | तालतलैया संरक्षण विकास र परिचालन | ३०० | ६० | ६० | ६० | ६० | ६० | २ | ८ | २ | १ |
| ७. | होटेल व्यवसाय संचालन तालिम | १० | २ | २ | २ | २ | २ | २ | ८ | २ | ३ |
| ८. | ग्रामिण पर्यटकीय गाउ कार्यक्रम | २०० | ४० | ४० | ४० | ४० | ४० | १ | ८ | २ | २ |
| ९. | हरित पदमार्ग आयोजना | ५० | १० | १० | १० | १० | १० | २ | ८ | २ | ३ |
| | **जम्मा** | १६६० | | | | | | | | | |

## घ) अपेक्षित उपलव्धि, जोखिम तथा नतिजा खाका

### अपेक्षित उपलव्धि तथा जोखिम पक्ष

आवधिक योजनाको कार्यान्वयनवाट पालिका क्षेत्रभित्र खासगरी धार्मिक पर्यटकहरुको आवगमनमा वृद्धि भएको हुनेछ । पर्यटकीय पूर्वाधारहरुको मर्मत सम्भार, स्तरोन्नति लगायत सम्पदाहरुको जीर्णोद्वार, नयाँ संरचना, पर्यटकहरुका लागि खानेवस्ने, यातायात, सुरक्षा लगायतका सेवा सुविधाहरुमा वृद्धि भएको हुनेछ । पर्यटन प्रवर्द्धनका लागि प्रचार प्रसारमा कमि, निर्धारित कार्यकम तथा आयोजनाहरु कार्यान्वयन हुन नसक्नु, निर्धारित वजेटको व्यवस्था हुन नसक्नु र संघ एवं प्रदेशवाट अपेक्षित अनुदान प्राप्त हुन नसक्नु यसका जोखिम पक्षहरु हुन ।

### नतिजा खाका

| तालिका/ग्राफचित्र : २२<br>पर्यटन विकास : नतिजा खाका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/ ८० सम्म | लक्ष्य परिमाण | | | | |
| | | | | २०८०/८ १ | २०८१/८ २ | २०८२/८ ३ | २०८३/८ ४ | २०८४/ ८५ |
| **प्रभाव** | स्थानीयको आयमा भएको वृद्धि | प्रतिशत | | ५ | ५.५ | ६ | ६.५ | ७ |
| **असर** | पर्यटन व्यवसायवाट कूल रोजगारीता प्रदान | संख्या (सयमा) | १५० | २०० | २२५ | २५० | २७५ | ३०० |
| **प्रतिफल हरु** | सुविधा सम्पन्न पर्यटकीय गन्तव्य स्थल यातायात, सुरक्षा, होटेल आदि | संख्या | ५ | ८ | १० | १२ | १५ | १७ |
| | उपलब्ध पर्यटकीय सेवा तथा सुविधाका प्रकारहरु | संख्या | ३ | ३ | ४ | ४ | ५ | ५ |

| तालिका/ग्राफचित्र : २२<br>पर्यटन विकास : नतिजा खाका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/ ८० सम्म | लक्ष्य परिमाण | | | | |
| | | | | २०८०/८ १ | २०८१/८ २ | २०८२/८ ३ | २०८३/८ ४ | २०८४/ ८५ |
| | (पर्यटकीय क्षेत्र, सूचना केन्द्र, गाइड, सुरक्षा, मुद्रा सटही, होमस्टे, होटेल रेष्टुरेण्ट, यातायात, सपिङ, एजेण्ट, आदि) | | | | | | | |
| | व्यवस्थित होमस्टे र ग्रामीण पर्यटकीय गाउँ | संख्या | १ | १ | १ | २ | २ | २ |
| | तालिम प्राप्त टुर गाइड | संख्या | ० | ५ | ५ | ५ | १० | १० |
| | तालिम प्राप्त कुक, वेटर | संख्या | ० | १५ | १५ | १५ | २५ | २५ |
| | सालभरी भ्रमण गर्ने आन्तरिक पर्यटक | संख्या हजारमा | ५ | ६ | ७ | ८ | ९ | १० |
| | भ्रमण गर्ने पर्यटकहरुको औषत वसाई | दिन | ० | ० | १ | १ | १ | १ |
| | पर्यटकको औषतमा दैनिक खर्च प्रति व्यक्ति | रु.हजार | १ | १ | २ | २ | २ | २ |
| | सीपमूलक व्यावसायिक तालिम आर्जन गर्ने व्यक्ति | संख्या | २४० | २६० | २८० | ३०० | ३२० | ३४० |
| | सुविधासम्पन्न पर्यटकीय सम्पदाहरु | संख्या | ७ | १२ | १७ | २३ | २८ | ३३ |

## ४.४ उद्योग, व्यापार तथा व्यवसाय

### क) पृष्ठभूमि

उद्योग, व्यापार, व्यवसाय आर्थिक विकासका प्रमुख मेरुदण्डहरु हुन । यसको विकास, विस्तार एवं प्रवर्द्धनवाट रोजगारीका अवसरहरु सिर्जना हुने, आयश्रोत अभिवृद्धि हुने, स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थ, श्रम, सीप एवं प्रविधिहरुको सदुपयोग हुने र अन्तत, आर्थिक तथा सामाजिक रुपान्तरणमा ठूलो सहयोग पुग्ने गर्दछ । नेपालको संविधानले अर्थ, उद्योग र वाणिज्य सम्वन्धी नीतिमा तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी उद्योगको विकास र विस्तार र उपलब्ध साधन र श्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हासिल गर्ने पक्षलाई समावेश गरेको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

### मुख्य समस्याहरु

- निजी क्षेत्रसँग सहकार्य हुन नसक्नु,
- स्थानीय हाटवजार र वाह्य वजारसँग सम्वन्ध स्थापित हुन नसकेको र वजार प्रवर्द्धन हुन नसकेको,
- उद्योगहरुमा आधारभूत पूर्वाधारहरु उपलव्ध हुन नसक्नु,
- स्थानीय लघु, घरेलु तथा साना उद्योगहरुको विकास विस्तार तथा प्रवर्द्धनका लागि प्याकेज कार्यक्रम नहुनु ।

### मुख्य चुनौतिहरु

- वैदेशिक रोजगारीवाट फर्की आएका युवाहरुलाई व्यवसायतर्फ आकर्षण गर्नु,
- स्थानीय कच्चा पदार्थ, साधन श्रोतमा आधारित लघु, घरेलु तथा साना उद्योगहरुको वजार विकास तथा प्रवर्द्धन गर्नु,
- व्यावसायिक सीपयुक्त जनशक्तिको विकास गर्नु र वजारको माग अनुसार जनशक्ति तयार पार्नु,
- औद्योगिक क्षेत्र विस्तारका लागि निजी क्षेत्रलाई आकर्षित गर्दै लगानी भित्र्याउनु ।

**मुख्य सम्भावना तथा अवसरहरु**

- कृषि तथा पशुपालन (दुध, मासु अण्डा), माछापालन, फलफुल एवं वेमौसमी तरकारी, खाद्यान्न आदिमा आधारित उद्योगहरुको व्यावसायिक सम्भावना,
- वनपैदावर तथा जडीवुटीमा आधारित उद्योग व्यवसायहरुको सम्भाव्यता अधिक,
- आन्तरिक पर्यटनमा आधारित हस्तकलाका उद्योग, संग्राहलय आदिको सम्भाव्यता,
- नजिकका वुटवल, भैरहवा, सुनौली लगायतका ठूला शहर वजारहरु तथा जनघनत्व अधिक रहेका क्षेत्रहरु उपलव्ध,
- उद्यमशीलता विकासका लागि तालिम लिएका ३०० जना र व्यावसायिक सीप तालिम प्राप्त १५० उद्यमीहरु भएको,
- स्थानीय कच्चा पदार्थमा आधारित सुचारु ७२५ घरेलु तथा साना उद्योग व्यवसाय संचालनमा रहेको ।

**ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यक्रम तथा आयोजना**

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ :

**सोच** : घरेलु तथा साना उद्योगको विकास र विस्तार : स्थानीय अर्थतन्त्रको दिगो आधार ।

**लक्ष्य** : उद्योग व्यवसायहरुको प्रवर्द्धनवाट स्थानीय अर्थतन्त्रमा सुधार ल्याउने ।

**उद्देश्य**

- स्थानीय साधन, श्रोत तथा कच्चा पदार्थमा आधारित उद्योगहरुको संरक्षण, प्रवर्द्धन एवं विकासलाई प्रोत्साहित गर्नु,
- घरेलु तथा साना उद्योग व्यवसायमा स्थानीय समुदायको आवद्धता वढाउदै आय वृद्धि र रोजगारी सिर्जना गर्नु ।

**रणनीतिहरु**

१. स्थानीय कच्चा पदार्थ, साधन श्रोत र सीपको सदुपयोगमा वृद्धि गर्ने,
२. स्थानीय उत्पादनहरुको वजार प्रवर्द्धन गर्ने,
३. उद्योग व्यवसायमा युवा, महिला, दलित तथा अति विपन्न वर्गको आवद्धता वढाउने,
४. उद्योग, व्यवसाय तथा सेवा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

**मुख्य कार्यक्रम तथा आयोजना**

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा निम्न अनुसार सङ्केतीकरण गरिएको छ :

**तालिका/ग्राफचित्र- २३**
**उद्योग व्यापार व्यवसाय : कार्यक्रम तथा आयोजना**

| क्र.स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | | |
| १. | स्थानीय सीपमा आधारित उद्योगको प्रवर्द्धन | ५० | १० | १० | १० | १० | १० | १ | ९ | २ | ३ |
| २. | दुना टपरी उद्योग | २५ | ५ | ५ | ५ | ५ | ५ | १ | ९ | १ | २ |
| ३. | व्यावसायिक सीप तथा क्षमता विकास तालिम | ५० | १० | १० | ० | ० | ० | २ | ९ | २ | २ |
| ४. | जडिबुटी संकलन प्रशोधन | ५० | २० | २० | १० | ० | ० | १ | ९ | २ | २ |
| ५. | सीप तथा उद्यमशिलता विकास तालिम | १०० | २० | २० | २० | २० | २० | २ | ९ | १ | २ |
| ६. | दुधजन्य उद्योग प्रवर्द्धन | ७५ | १५ | १५ | १५ | १५ | १५ | १ | ९ | २ | २ |
| ७. | कृषि वनमा आधारित उद्योगको विकास विस्तार | १०० | २० | २० | २० | २० | २० | १ | ९ | १ | २ |

| क. स | तालिका/ग्राफचित्र- २३<br>उद्योग व्यापार व्यवसाय : कार्यक्रम तथा आयोजना | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
| | | कूल लागत | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | | |
| ८. | औद्योगिक ग्राम स्थापना | २०० | ५० | ५० | ५० | ५० | ० | १ | ९ | २ | ३ |
| ९. | उद्यमशीलता प्रोत्साहन तथा अनुदान | १२५ | २५ | २५ | २५ | २५ | २५ | १ | ९ | १ | ३ |
| १०. | गरिबी निवारणका लागि लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन | १०० | २० | २० | २० | २० | २० | १ | १ | १ | ३ |
| | **जम्मा** | **८७५** | | | | | | | | | |

## घ) अपेक्षित उपलब्धि, जोखिम तथा नतिजा खाका

### अपेक्षित उपलब्धि तथा जोखिम पक्ष

आवधिक योजनाको कार्यान्वयनवाट स्थानीय सीप, साधन, श्रोत एवं प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योगहरुको विकास, विस्तार एवं प्रवर्द्धन भएको हुनेछ। कृषि तथा कृषि वनमा आधारित उद्योग व्यवसायहरुको विकास भएको हुनेछ। यस अवधिमा पालिका क्षेत्रभित्र औद्योगिक ग्राम सञ्चालन भएको हुनेछ। यसका लागि निजी क्षेत्र, युवा वर्ग एवं वैदेशिक रोजगारीवाट फर्केका युवाहरुको आकर्षणमा निर्भर हुने हुन्छ, जुन निक्कै चुनौतिपूर्ण छ। निजी क्षेत्रको लगानी वृद्धिका लागि व्यावसायिक वातावरण सिर्जना हुनुपर्ने हुन्छ जुन पक्ष देशको राजनीति, आर्थिक एवं सामाजिक परिवेशवाट प्रभावित हुने गर्दछ।

### नतिजा खाका

| तालिका/ग्राफचित्र : २४<br>उद्योग, व्यापार तथा व्यवसाय : नतिजा खाका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष ०७९/ ८० सम्म | लक्ष्य परिमाण | | | | |
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| **प्रभाव** | रोजगारीमा गैरकृषि क्षेत्रको योगदान | प्रतिशत | ४० | ४२ | ४४ | ४६ | ४८ | ५० |
| **असर** | पालिकाको वार्षिक आयात निर्यातको अनुपात (आयात : निर्यात) | अनुपात | ५:१ | ५:१.५ | ५:२ | ५:२.५ | ५:३ | ५:३.५ |
| **प्रतिफल हरु** | चालु लघु, घरेलु तथा साना उद्योग | संख्या | ७२ | ७५ | ८० | ९० | ९५ | १०० |
| | स्थानीय हस्तकलामा आधारित उद्योग व्यवसाय | संख्या | १० | २५ | ४० | ५० | ५५ | ६० |
| | वनपैदावारमा आधारित उद्योग व्यवसाय | संख्या | ५ | १० | १५ | २० | २३ | २५ |
| | सीपमूलक व्यावसायिक तालिम आर्जन गर्ने व्यक्ति | संख्या | ३०० | ४०० | ४९० | ५८० | ६७० | ८०० |
| | सुविधासम्पन्न पर्यटकीय सम्पदाहरु | संख्या | ७ | १२ | १७ | २३ | २८ | ३३ |
| | औद्योगिक ग्राम | संख्या | ० | ० | १ | १ | १ | १ |

## ४.५ वैंक, वित्तीय संस्था तथा सहकारी बिकास

### क) पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले सहकारी संस्था सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन, दर्ता, अनुमति, खारेजी, विघटन गर्ने समेत अधिकार स्थानीय तहलाई दिएको छ । सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास, तिनीहरुको क्षमता अभिवृद्धि जस्ता कार्यहरु पनि स्थानीय तहकै अधिकार क्षेत्रभित्र रहेको छ । देशको आर्थिक विकास तथा व्यापार व्यवसाय प्रवर्द्धन, एवं पूँजी परिचालनमा वैकिङ क्षेत्रले उल्लेखनीय भूमिका खेल्दै आएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

**मुख्य समस्याहरु**

- वित्तीय नीति, नियम तथा मापदण्डहरु निर्माण तथा कार्यान्वयन नहुनु,
- महिला सहकारी संस्थाहरुको विस्तार गर्न नसक्नु,
- सहकारी सदस्यहरुमा क्षमता अभिवृद्धिको कमि तथा व्यावसायिकताको विकास गर्न नसक्नु ।

**मुख्य चुनौतिहरु**

- विपन्न वर्गलाइ वैंकिङ सेवा पहुँच वृद्धि गर्नु,
- कृषि, पर्यटन, लघु, घरेलु तथा साना उद्योगहरुमा कर्जा प्रवाहमा अभिवृद्धि ल्याउनु,
- परियोजना तथा सामुहिक जमानीमा ऋण सुविधा उपलव्ध गर्नु,
- व्याँजदरलाई नियन्त्रण गर्नु,
- धितो मूल्याङ्कन तथा ग्रामीण धितोको जटिलता हटाउनु ।

**मुख्य सम्भावना तथा अवसरहरु**

- कर्जा तथा ऋण सेवा सुविधा उपलव्ध,
- वाणिज्य वैंक, लघु वित्त एवं सहकारी संस्थाहरु क्रियाशील,
- वचत, लगानी, रेमिट सेवा सुविधाहरु उपलव्ध,
- निक्षेप सङ्कलन वैंकहरुवाट रु.८३ करोड ७३ लाख,
- सहकारीहरुको सञ्चालनवाट वचत सङ्कलन रु.२५ करोड ६८ लाख,
- आम नागरिकहरुको वचत सङ्कलन, कर्जा प्रवाह एवं रेमिट सेवाहरु सञ्चालनमा,
- वित्तीय एवं सहकारी संस्थाहरु पालिका क्षेत्र भित्र क्रियाशील रहेको,
- सहकारी संस्थाहरुको क्षमता विकासमा सहयोग ।

### ख) सोच, लक्ष्य, रणनीति तथा कार्यक्रम आयोजना

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ :

**सोच :** वित्तीय पहुँचमा सहजता : उद्यमशीलता र रोजगारीता

**लक्ष्य :** वित्तीय स्रोतहरुको प्रभावकारी परिचालनवाट उद्योग व्यवसायको प्रवर्द्धन

**उद्देश्य**

- सहकारी संस्थाहरुलाई सवल, प्रतिस्पर्धी र व्यावसायिक वनाउदै वित्तीय सेवाको पहुँच वृद्धि गर्नु,
- प्रतिस्पर्धात्मक एवं तुलनात्मक लाभ भएका व्यावसायिक क्षेत्रहरुमा वित्त परिचालनका लागि प्रोत्साहित गर्नु ।

**रणनीतिहरु**

१. सहकारीता बिकास गर्ने
२. सङ्कलित पूँजीलाई छिटो प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन गर्ने
३. विप्रेषण (रेमिटेन्स) लाई उद्यम र व्यवसायमा परिचालन गर्ने

४. वित्तीय परिचालन तथा सहकारी बिकास सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

**मुख्य कार्यक्रम तथा आयोजना**

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा निम्न अनुसार सङ्केतीकरण गरिएको छ :

| | तालिका/ग्राफचित्र- २५<br>वैंक, वित्तीय संस्था सहकारी : कार्यक्रम तथा आयोजना | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
| | | कूल लागत | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | | |
| १. | ऋण प्रवाह तथा असुली कार्यविधि निर्माण, अनुगमन, नियमन | १० | ५ | १ | १ | १ | १ | २ | १ | २ | ३ |
| २. | कृषि सहकारी मलखाद तथा विउविजन तालिम | १० | ५ | १ | १ | १ | १ | २ | १ | २ | ३ |
| ३. | दुध तथा मासुजन्य सहकारीको संस्था क्षमता विकास कार्यक्रम | ३५ | १० | १० | ५ | ५ | ५ | २ | १ | २ | ३ |
| ४. | अन्तर सहकारी सहकार्य | १५ | ३ | ३ | ३ | ३ | ३ | २ | १ | २ | ३ |
| ५. | सहकारी मार्फत व्यवसाय प्रवर्द्धन | २० | ५ | ५ | ५ | ३ | २ | २ | १ | २ | ३ |
| ६. | वित्तीय सेवा साक्षरता कार्यक्रम | ५ | १ | १ | १ | १ | १ | २ | १ | २ | ३ |
| ७. | महिला कृषि सहकारी प्रवर्द्धन विकास | ५ | १ | १ | १ | १ | १ | २ | १ | १ | ३ |
| ८. | सहकारी संस्था नियमन तथा अनुगमन | ५ | १ | १ | १ | १ | १ | २ | १ | २ | ३ |
| | **जम्मा** | **१०५** | | | | | | | | | |

## घ) अपेक्षित उपलब्धि, जोखिम तथा नतिजा खाका

### ➧ अपेक्षित उपलब्धि तथा जोखिम पक्ष

आवधिक योजना कार्यान्वयनवाट खासगरी सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि हुनेछ। सहकारीमा आवद्ध सदस्यहरुको व्यावसायिक सीप र क्षमतामा अभिवृद्धि भई स्वरोजगारीता सिर्जना भएको हुनेछ । वित्तीय संस्थाहरुवाट गरिने कर्जा प्रवाहमा सहजता नभएको, धितो मूल्याङ्कन र घितो राखिने वस्तु पनि विविध प्रावधानका कारण उपयुक्त नहुने हुँदा अपेक्षित प्रतिफल प्राप्तिमा पर्याप्त आशंकाहरु देखिएका छन ।

### ➧ नतिजा खाका

| तालिका/ग्राफचित्र : २६<br>वैंक, वित्तीय संस्था तथा सहकारी बिकास : नतिजा खाका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० सम्म | लक्ष्य परिमाण | | | | |
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| **प्रभाव** | वित्तीय संस्थाको कर्जावाट व्यवसायीहरुको आय वृद्धिमा सकरात्मक परिणाम | प्रतिशत | ५ | ५ | ७ | १० | १२ | १५ |

| तालिका/ग्राफचित्र : २६<br>वैंक, वित्तीय संस्था तथा सहकारी बिकास : नतिजा खाका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० सम्म | लक्ष्य परिमाण | | | | |
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| असर | वैंक तथा वित्तीय संस्थाहरुवाट भएको कूल कर्जा प्रवाह (कूल निक्षेप संकलन रकमको) | प्रतिशत | ५५ | ५८ | ६० | ६३ | ६५ | ६८ |
| प्रतिफल हरु | सुचारु वैंक तथा वित्तीय संस्था | संख्या | १३ | १३ | १४ | १५ | १६ | २० |
| | वचत तथा ऋण समेतको कूल सहकारी संस्था | संख्या | २५ | २५ | २० | २० | २० | २० |
| | महिलाहरुद्वारा सञ्चालित सहकारी संख्या | संख्या | ० | ० | ० | ० | ० | ० |
| | सहकारी संस्थामा आवद्ध सदस्यहरु | संख्या | | | | | | |
| | सहकारी संस्थावाट भएको कूल कर्जा लगानी (कूल निक्षेपको) | प्रतिशत | | | | | | |

## ४.६ श्रम, रोजगार तथा सुरक्षित आप्रवासन

### क) पृष्ठभूमि

नेपालको संविधानले श्रम तथा रोजगारीको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । वि.सं. २०८० देखि वैदेशिक रोजगारीका लागि वाध्यात्मक रुपमा विदेशिनु पर्ने स्थिति सवै नेपालीका लागि अन्त्य हुने घोषणा समेत देशवाट भएको छ । साथसाथै देशको वढ्दो वेरोजगारीलाई सम्वोधन गर्ने उद्देश्यले वैदेशिक रोजगारीलाई पनि मर्यादित एवं सुरक्षित वनाउने उद्देश्यले सहयोगी राष्ट्रको सहयोगमा सामी कार्यक्रमलाई कार्यान्वयनमा ल्याएको छ र गन्तव्य राष्ट्रमा जानु अघि सोका वारेमा विस्तृत जानकारी लिन, सम्वन्धित कामवारे सीपमूलक तालिम लिन सक्ने व्यवस्था समेत भएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

**मुख्य समस्याहरु**

- वैदेशिक रोजगारीवाट फर्केका युवाहरुलाई उद्योग व्यवसाय तथा कृषि खेती प्रति आकर्षण गर्न नसक्नु,
- वैदेशिक रोजगारी सम्वन्धी सूचना केन्द्र सञ्चालन नहुनु ।

**मुख्य चुनौतिहरु**

- युवाहरुलाई रोजगार प्रदान गर्नु,
- सुरक्षित वैदेशिक रोजगारी क्षेत्रहरुको पहिचान र वैदेशिक रोजगारी सम्वन्धी कानुनी सहायता उपलव्ध गराउनु,
- विप्रेषणलाई आयमूलक क्षेत्रमा परिचालन गर्नु ।

**मुख्य सम्भावना तथा अवसरहरु**

- ४८७८ युवाहरु वैदेशिक रोजगारीमा र ७९४ जना स्वदेश फर्केको,
- युवा समूह उपस्थिति अधिक,
- विप्रेषण ठूलो रकममा भित्रिएको र आवद्ध घरधुरीको आर्थिक सामाजिक अवस्थामा सुधार,
- वैदेशिक रोजगारीवाट फर्केका युवाहरुमा सीप र पूँजी उपलव्ध,
- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा,
- वैदेशिक रोजगारी सम्वन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन,

- सीपमा आधारित तालिम कार्यक्रमहरु सञ्चालन,
- वैदेशिक रोजगारीवाट फर्केका युवाहरुको उपस्थिति ।

**ग) सोच, लक्ष्य, रणनीति तथा कार्यक्रम आयोजना**

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ :

**सोच :** सीपयुक्त दक्ष जनशक्तिको विकास : गरिवी न्यूनीकरणको आधार

**लक्ष्य :** सीपयुक्त, व्यावसायिक जनशक्तिको विकासवाट रोजगारीताको सिर्जना

**उद्देश्य**

- श्रमशक्तिको क्षमता, दक्षता तथा व्यवसायिक सीप अभिवृद्धि गर्नु
- स्व/रोजगारीताका अवसरहरु सिर्जना गर्नु
- वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित एवं व्यवस्थित वनाउनु

**रणनीतिहरु**

१. सीप बिकास तथा क्षमता अभिवृद्धि गर्ने
२. गन्तव्य स्थानवारे अभिमुखीकरण गर्ने
३. न्यायमा सहज पहुँच वृद्धि गर्ने
४. विप्रेषणलाई सुरक्षित क्षेत्रमा लगानी गर्ने

**मुख्य कार्यक्रम तथा आयोजना**

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ अनुसार निम्न अनुसार सङ्केतीकरण गरिएको छ ।

| | **तालिका/ग्राफचित्र- २७ श्रम, रोजगारी तथा सुरक्षित आप्रवासन : कार्यक्रम आयोजना विवरण** | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **क. स** | **आयोजना तथा कार्यक्रम** | **अनुमानित कूल लागत रकम (रु. लाखमा)** | | | | | | **प्राथमिता कम** | **दिगो विकास लक्ष्य** | **लैङ्गिक संकेत** | **जल वायु संकेत** |
| | | **कूल लागत** | **०८०/८१** | **०८१/८२** | **०८२/८३** | **०८३/८४** | **०८४/८५** | | | | |
| १. | स्वरोजगारमूलक तालिम कार्यक्रम | १० | २ | २ | २ | २ | २ | २ | ८ | २ | ३ |
| २. | विदेशबाट फर्किएका युवा लक्षित विशेष कार्यक्रम | १० | २ | २ | २ | २ | २ | १ | ८ | १ | ३ |
| ३. | स्वरोजगार कार्यक्रम ( लगानी आधारित र लगानी बैक) | ५०० | १०० | १०० | १०० | १०० | १०० | १ | ८ | १ | ३ |
| ४. | योगदानमा आधारित संरक्षण तथा जोखिम व्यवस्थापन कार्यक्रम | ५० | १० | १० | १० | १० | १० | २ | ८ | २ | ३ |
| ५. | वैदेशिक रोजगारीका गन्तव्य स्थानवारे अभिमुखीकरण | ५० | १० | १० | १० | १० | १० | २ | ८ | २ | ३ |
| ६. | वेरोजगार बैक संचालन | १० | २ | २ | २ | २ | २ | २ | ८ | १ | ३ |
| | **जम्मा** | ६३० | | | | | | | | | |

## घ) अपेक्षित उपलव्धि, जोखिम तथा नतिजा खाका

### अपेक्षित उपलव्धि तथा जोखिम पक्ष

आवधिक योजनाको कार्यान्वयनवाट खासगरी वैदेशिक रोजगारीवाट फर्केका युवाहरु व्यावसायिक खेतीमा आवद्ध हुनेछन् र विप्रेषण पनि उत्पादनमूलक क्षेत्रमा सदुपयोग हुनेछ । त्यसैगरी व्यावसायिक सीप तालिमवाट युवा वर्ग लाभान्वित भई स्वरोजगार भए तापनि प्राप्त विप्रेषणहरु फजुल लगायत अन्य क्षेत्रमा खर्चित हुँदै आएको सन्दर्भमा अझैपनि उत्पादनमूलक क्षेत्रमा लगानी हुने कुरा आफैमा शंकास्पद छ । युवा वर्गको वैदेशिक रोजगारी तर्फको विशेष आकर्षणका कारण सीपमूलक व्यावसायिक तालिम प्रदानवाट मात्रै स्वदेशमा रोजगारीका अवसरहरु सिर्जना हुने पक्ष चुनौतिपूर्ण देखिन्छ ।

### नतिजा खाका

**तालिका/ग्राफचित्र : २८**
**श्रम, रोजगार तथा सुरक्षित आप्रवासन : नतिजा खाका**

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष ०७९/८०सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| **प्रभाव** | रोजगार युवाहरुको आयमा भएको वृद्धि | प्रतिशत | | ५ | ५.५ | ६ | ६.५ | ७ |
| **असर** | उत्पादनमूलक क्षेत्रमा विप्रेषण आय लगानी | प्रतिशत | ५ | ७ | १० | १३ | १५ | २० |
| **प्रतिफल हरु** | रोजगार सूचना प्रणालीवाट लाभान्वित | संख्या हजारमा | १.५ | २.० | ३.० | ४.० | ५.० | ६.० |
| | कृषि, उद्योग एवं पूर्वाधार जस्ता क्षेत्रमा रोजगारी सिर्जना | संख्या | | ४२५ | ५५० | ५७५ | ६०० | ६२५ |
| | वैदेशिक रोजगारीमा जाने | संख्या | ४८७८ | ५००० | ५५०० | ६००० | ५५०० | ५००० |
| | सीपमूलक तालिम लिई वैदेशिक रोजगारीमा जाने | संख्या | - | १५० | २५० | ३०० | ३५० | ४०० |
| | वैदेशिक रोजगारीताबाट फर्की स्वदेशमा उद्योग, व्यवसाय गर्ने | संख्या | ३० | ३५ | ४० | ४५ | ५० | ६० |
| | विप्रेषण वित्तीय साक्षरता कार्यक्रमवाट लाभान्वित जनसंख्या (वैदेशिक रोगजारीमा जानेको) | प्रतिशत | ५ | १५ | २५ | ३५ | ४५ | ५५ |
| | विप्रेषणवाट वार्षिक रुपमा प्राप्त रकम | रु.करोड | १४४ | १५० | १७५ | २०० | २०० | १७५ |

आवधिक योजनाको अवधि अन्त सम्ममा आर्थिक विकास क्षेत्रमा कूल रु १ अर्व १७ करोड ८३ लाख खर्च हुने अनुमान गरिएको छ । यो अनुमान आवधिक योजना अवधिमा परिचालन हुने कूल श्रोतको २९.२८ प्रतिशत रहेको छ ।

# परिच्छेद - पाँच : सामाजिक बिकास

## पृष्ठभूमि

सामाजिक विकास मानवीय विकाससँग जोडिएको विधा मानिन्छ । सामाजिक विकास वा विकासका लागि मानवीय पक्षलाई तयार गर्ने प्रमुख उपक्षेत्रमा शिक्षा, आधारभूत स्वास्थ्य तथा पोषण, खानेपानी तथा सरसफाइ, लक्षित वर्ग तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद र कला, भाषा, साहित्य तथा संस्कृति जस्ता क्षेत्रको विद्यमान अवस्था, समस्या तथा चुनौतिहरु र संभावनाहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि लक्ष्य, उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सोको प्राप्तीका लागि अवलम्वन गरिने रणनीति विकास, रणनीति अन्तर्गतका प्रमुख कार्यक्रमहरु र अनुमानित लागत समेतको योजना तर्जुमा गरिएको छ ।

## ५.१ शिक्षा

### क) पृष्ठभूमि

नेपालको संविधानले हरेक नागरिकलाई आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क पाउने मौलिक अधिकार प्रत्याभूति गरेको छ र माध्यमिक तह सम्मको शिक्षालाई निःशुल्क गर्ने नीति पनि नेपाल सरकारले अंगिकार गरेको छ । शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक वनाउदै दक्ष जनशक्ति उत्पादन गर्ने राष्ट्रिय नीति छ । गुणस्तरीय शिक्षामा सवैको पहुँच स्थापित गर्ने दिशामा नेपालले लिएको दिगो विकास लक्ष्यलाई समेत आत्मसात गर्दै कञ्चन गाउँपालिकाले आगामी वर्षहरुका लागि योजना तर्जुमा गरेको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

#### मुख्य समस्याहरु

- गाउँपालिकाको शिक्षा विकास योजना कार्यान्वयन पक्ष कमजोर,
- विद्यालयहरुमा आधारभूत भौतिक सुविधा तथा पहुचमा कमी,
- विद्यालयहरुको नियमित अनुगमन र सुपरीवेक्षणको कमी,
- विद्यालयमा अतिरिक्त क्रियाकलाप लगायत आधारभूत भौतिक पूर्वाधारहरुको कमि र वालवालिका तथा अपाङ्गतामैत्री पूर्वाधारहरु, शैक्षिक सामाग्री, पुस्तकालय र प्रयोगशालाको कमी,
- विद्यालय, विद्यार्थी र अभिभावकहरु वीच सम्वादको अभाव,
- आपतकालीन अवस्थामा वैकल्पिक माध्यमवाट सिकाइलाई निरन्तरता दिन नसक्नु,
- सिकाइ उपलव्धि दर न्यून हुनु ।

#### मुख्य चुनौतिहरु

- गाउँपालिकाको वृहत शिक्षा विकास योजनाको प्रभावकारी कार्यान्वयन,
- उमेर समूहका वालवालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याउनु र टिकाइ राख्नु,
- शिक्षालाई गुणस्तरीय, व्यावहारिक, प्रविधिमैत्री वनाउनु र माग अनुसारका सीपयुक्त जनशक्ति विकास गर्नु,
- माध्यमिक तह (११-१२) लाई निःशुल्क शिक्षा प्रदान गर्नु ।

#### मुख्य सम्भावना तथा अवसरहरु

- गाउँपालिकाको वृहत शिक्षा विकास योजना तर्जुमा भइसकेको र कार्यान्वयनको चरणमा रहेको,
- साक्षरता दर वढ्दो क्रममा,
- उमेर समूहका प्रायः सवै वालवालिकाहरुको विद्यालयमा पहुँच,
- शिक्षामा लगानी गर्न निजी क्षेत्र आकर्षित,
- वालवालिकालाई गुणस्तरीय, व्यावहारिक शिक्षा दिनुपर्नेमा अभिभावकहरु सचेत एवं आवश्यक रकम खर्चिन तयार,
- विद्यालयहरुमा आइसिटि, सिसिक्यारा, डिजिटल उपकरण, विज्ञान प्रयोगशाला, पुस्तकालयको व्यवस्था हुँदै,
- विद्यालयहरुमा दिवाखाजा, सेनिटरी प्याड र नर्ससेवाको व्यवस्था,
- तालिम प्राप्त, विषयगत शिक्षकको व्यवस्था, दरवन्दी मिलान,

- स्थानीय पाठ्यक्रम निर्माण भई कार्यान्वयनमा,
- विद्यालयसँग गाउँपालिका, गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना कार्यकमहरु सञ्चालनमा रहेको,
- आधारभूत तहमा खुद विद्यार्थी भर्नादर करिव ९५ प्रतिशत भन्दा वढी ।

### ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यकम आयोजना

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यकम तथा आयोजनाहरु यसप्रकार रहेको छ :

**सोच :** संस्कारयुक्त, व्यावहारिक एवं समावेसी गुणस्तरीय शिक्षा

**लक्ष्य** : १ संस्कारयुक्त, व्यावहारिक एवं समावेसी गुणस्तरीय शिक्षा मार्फत योग्य, प्रतिस्पर्धी र सिर्जनशील जनशक्तिको विकास गर्ने,

२. दिगो विकास लक्ष्यलाई आत्मसात गरी सभ्य, सक्षम, प्रतिस्पर्धी तथा नवप्रवतनशील जनशक्ति विकास गर्ने,

३. सभ्य, सुसंस्कृत एवं शीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्ने,

४. जीवन उपयोगी व्यवहार कुशल शीपयुक्त जनशक्ति मार्फत सम्वद्ध पालिका निर्माण गर्ने,

५. कन्चन गाउँपालिकाको सामाजिक, आर्थिक एवं सांस्कृतिक रुपान्तरण सहित दिगो समुन्नती हासिल गर्ने ।

### उद्देश्य

- शिक्षामा अतिगरिव, विपन्न तथा सीमान्तकृत वर्ग लगायत सबैको सहज पहुँच अभिवृद्धि र समावेशीता सुनिश्चित गर्नु
- विद्यालयहरुमा आधारभूत भौतिक एवं शैक्षिक सुविधाको सुनिश्चिततावाट गुणस्तरीय, प्रयोगात्मक, व्यावहारिक, व्यावसायिक एवं प्राविधिक शिक्षा प्रदान गर्नु

### रणनीतिहरु

१. साक्षरता वृद्धि तथा उमेर समूहका वालवालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याउने
२. शिक्षालाई सर्वसुलभ बनाउने,
४. शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने,
५. शैक्षिक पूर्वाधारको व्यवस्थापन गर्ने,
६. प्राविधिक जनशक्ति विकास गर्ने,
७. आधारभूत शिक्षा सम्बन्धी नीति तथा योजनाको प्रभावकारी कार्यान्वयन गर्ने ।

### मुख्य कार्यकम तथा आयोजना

पालिकाको मुख्य कार्यकम तथा आयोजनाहरु यसप्रकार रहेको छन् । पालिकाको कार्यकम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा निम्न अनुसार सङ्केतीकरण गरिएको छ :

**तालिका/ग्राफचित्र २९**
**शिक्षा : कार्यकम तथा आयोजना**

| क. स | आयोजना तथा कार्यकम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता कम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | ०८० /८१ | ०८१ /८२ | ०८२/ ८३ | ०८३ /८४ | ०८४ /८५ | | | | |
| १. | विद्यालय पूर्वाधार निर्माण | २५० | ५० | ५० | ५० | ५० | ५० | १ | ४ | ३ | ३ |
| २. | वालमैत्री भवन निर्माण | २५० | ५० | ५० | ५० | ५० | ५० | १ | ४ | ३ | ३ |
| ३. | आइ.टि.सी.ल्याव निर्माण | २०० | ४० | ४० | ४० | ४० | ४० | २ | ४ | ३ | ३ |
| ४. | शौचालय निर्माण | १५० | ३० | ३० | ३० | ३० | ३० | २ | ४ | ३ | ३ |
| ५. | खानेपानी सुविधा विस्तार | १०० | २० | २० | २० | २० | २० | १ | ४ | ३ | ३ |
| ६. | विद्यालय क्षेत्र विद्युतीकरण कार्यक्रम | ५० | १० | १० | १० | १० | १० | २ | ४ | ३ | ३ |

| | तालिका/ग्राफचित्र २९<br>शिक्षा : कार्यक्रम तथा आयोजना | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत<br>रकम (रु. लाखमा) | | | | | | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
| | | कूल लागत | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | | |
| ७. | खेल मैदान विकास | १०० | २० | २० | २० | २० | २० | २ | ४ | ३ | ३ |
| ८. | विद्यायल फर्निचर | १०० | २० | २० | २० | २० | २० | २ | ४ | ३ | ३ |
| ९. | विज्ञान प्रयोगशाला | ८० | १३ | १३ | १३ | १३ | १३ | २ | ४ | ३ | ३ |
| १०. | शैक्षिक सामग्री निर्माण | २५ | ५ | ५ | ५ | ५ | ५ | २ | ४ | १ | ३ |
| ११. | बिषयगत शिक्षक तालिम | २५ | ५ | ५ | ५ | ५ | ५ | २ | ४ | १ | ३ |
| १२. | विद्यालय सुधार योजना | १० | २ | २ | २ | २ | २ | २ | ४ | २ | ३ |
| १३. | दिवा खाजा व्यवस्थापन | १५ | ३ | ३ | ३ | ३ | ३ | १ | ४ | १ | ३ |
| १४. | स्यानिटरी प्याड भेन्डिङ मेसिन व्यवस्थापन | ३ | ३ | ० | ० | ० | ० | ० | १ | १ | ३ |
| १५. | विद्यार्थी भर्ना अभियान | ९ | १.९ | १.९ | १.९ | १.९ | १.९ | १.९ | ४ | २ | ३ |
| १६. | शिक्षक व्यवस्थापन | ५०० | १०० | १०० | १०० | १०० | १०० | १०० | ४ | २ | ३ |
| १७. | मर्ज गर्दा विशेष अनुदान | २५ | २५ | ० | ० | ० | ० | ० | १ | १ | ३ |
| १८. | स्थानिय पाठ्यक्रम शिक्षण | ८० | २० | १५ | १५ | १५ | १५ | १५ | ४ | २ | ३ |
| १९. | वौद्ध शिक्षा प्रर्वद्धन | ५० | १० | १० | १० | १० | १० | २ | ४ | १ | ३ |
| | **जम्मा** | २०२२ | | | | | | | | | |

## घ) अपेक्षित उपलव्धि, जोखम पक्ष तथा नतिजा खाका

### ➧ अपेक्षित उपलव्धि तथा जोखिम पक्ष

आवधिक योजनाको कार्यान्वयनवाट गुणस्तरीय शिक्षा प्रदानमा सुधार आएको हुनेछ । तालिम प्राप्त शिक्षकहरुको व्यवस्था, उत्कृष्ट विद्यालय, शिक्षक एवं विद्यार्थीहरुलाई गरिने सम्मान र पुरस्कृत हुनेछन । साथै साक्षरता दर एवं विद्यालय भर्नादरमा पनि उल्लेखनीय सुधार आउने छ। तापनि आधारभूत शैक्षिक सामग्रीहरु एवं विद्यालय पूर्वाधारहरुको अभाव, सामुदायिक विद्यालयतर्फको विकर्षण यसका प्रमुख जोखिम पक्षहरु हुन ।

### ➧ नतिजा खाका

| तालिका/ग्राफचित्र : ३०<br>शिक्षा : नतिजा खाका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० सम्म | लक्ष्य परिमाण | | | | |
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| **प्रभाव** | साक्षरता दर | प्रतिशत | ८३ | ८५ | ८७ | ९० | ९२ | ९५ |
| **असर** | आधारभूत तहमा खूद भर्नादर (औषतमा) | प्रतिशत | ७४ | ७५ | ७६ | ७७ | ७८ | ७९ |
| **प्रति फल हरु** | १५ मिनेटको दुरीमा आधारभूत तहको विद्यालयमा पहुँच हुने घरधुरी | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० | ९८ |
| | विषयगत तालिम प्राप्त शिक्षक | प्रतिशत | ६० | ७० | ८० | ९० | १०० | १०० |
| | शिक्षक विद्यार्थी अनुपात | संख्या | १:४४ | १:१५ | १:१६ | १:१८ | १:२० | १:२२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सिटिइभिटिको सम्वर्द्धनमा सञ्चालित प्राविधिक विद्यालय | संख्या | १ | १ | १ | २ | २ | २ |
| | सामुदायिक विद्यालयमा प्राविधिक धार अध्यापन गराउने विद्यालय | संख्या | ० | १ | १ | २ | २ | ३ |
| | आइसिटि एवं सिसि क्यामरा उपलब्ध विद्यालय | संख्या | १९ | १९ | १९ | १९ | १९ | १९ |
| | आधारभूत तहमा स्थानीय मातृभाषामा पठनपाठन गर्ने विद्यालय | संख्या | ० | १ | १ | १ | २ | २ |
| | पालिका स्तरीय विज्ञान मेला, प्रर्दशनी एवं श्रृजनात्मक प्रतियोगिता | संख्या | ० | १ | १ | १ | १ | १ |
| | युवा वैज्ञानिकहरुसँग साक्षात्कार कार्यक्रम सञ्चालन गर्ने विद्यालय | संख्या | ० | १ | १ | १ | १ | १ |

## ५.२ आधारभूत स्वास्थ्य तथा पोषण

### क) पृष्ठभूमि

स्वास्थ्य सेवा र उपयुक्त पोषण मानव जीवनको आधारभूत तत्व हो । स्वास्थ्य मानिसले नै समृद्ध मुलुकको निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्दछ । गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो । देश विकासमा स्वस्थ र उत्पादनशील नागरिकको महत्वलाई दृष्टिगत गरी नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यवाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । लोककल्याणकारी राज्यको अवधारणा अनुरुप स्वास्थ्य क्षेत्रलाई नाफमूलकवाट क्रमशः सेवामूलक क्षेत्रमा रुपान्तरण गर्दै लैजानुपर्ने पक्षलाई सवै क्षेत्रवाट जोड दिन थालिएको छ । देशले अन्तर्राष्ट्रिय रुपमा अभिव्यक्त भएको प्रतिवद्धता, दिगो विकास लक्ष्य हासिल गर्ने सन्दर्भमा वनेको राष्ट्रिय कार्यसूची, नागरिकलाई स्वस्थ्य वनाउन आधुनिक चिकित्सा, आयुर्वेदिक, प्राकृतिक, होमियोपेथिक चिकित्सा, स्वास्थ्य सुशासन जस्ता पक्षहरुलाई समेत आवधिक योजना तर्जुमामा सम्वोधन गरिएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

**मुख्य समस्याहरु**

- स्वास्थ्य संस्थाहरुको स्तरोन्नति, जनशक्ति, प्रयोगशाला, मेशिनउपकरण, पूर्वाधार (शुध्द खानेपानी, इण्टरनेट) कमि र अप्रयाप्त स्वास्थ्य संस्था,
- दक्ष, अनुभवी एवं विशेषज्ञ जनशक्तिको अभाव,
- सरकारले सूचीकृत गरेको निःशुल्क औषधीहरुको नियमित आपूर्तिमा समस्या,
- एम्वुलेन्स सेवा सवै वडाहरुमा सर्वसुलभ हुन नसकेको,
- आयुर्वेद, वैकल्पिक चिकित्सालय, योगा सञ्चालनमा उदाशिनता,
- पौष्टिक आहार सम्वन्धी (जङ्क फुडको नकरात्मक असर) सचेतना कार्यक्रम प्रभावकारी हुन नसक्नु,
- स्वास्थ्य संस्था अनुसार दरवन्दीको कमी, भएको दरवन्दीमा पनि पदपूर्ति हुन नसकेको ।

**मुख्य चुनौतिहरु**

- आपतकालीन स्वास्थ्य सेवा प्रदान गर्नु,
- जटिल प्रकृतिका स्वास्थ्य उपचार उपलव्ध गराउनु,
- भौतिक एवं प्राविधिक रुपमा महामारीहरुको सामना गर्ने संयन्त्र, उपकरण, पूर्वाधार र जनशक्तिको व्यवस्था गर्नु,
- दम, निमोनिया, प्राणघातक जस्ता रोगहरुको नियन्त्रण तथा निवारण गर्नु ।

**मुख्य सम्भावना तथा अवसरहरु**

- निजी क्षेत्रवाट औषधी पसल, सामान्य स्तरको स्वास्थ्य जाँच क्लिनिकहरु सञ्चालनमा,
- शिशु, नवजात शिशु मृत्यु, वालमृत्युदर र मातृमृत्यु दर न्यून,
- आयुर्वेद औषधोपचारका लागि वहुमूल्यका जडीवुटीहरुको सहज उपलव्धता,
- ५ वटा स्वास्थ्य संस्थाहरु (स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाइ) क्रियाशील,
- वर्षभरिमा १०८ वटा खोप केन्द्र, ९६ वटा गाउँघर क्लिनिक सञ्चालनमा,
- सामुदायिक विद्यालय स्वास्थ्य तथा नर्स सेवा प्रदान,
- प्रसुती सेवा, स्वास्थ्य संस्थामा प्रसुती गराउने अभ्यास वृद्धि,
- पोषण सम्वन्धी वहिरङ्ग उपचार केन्द्र सञ्चालनमा,
- एम्वुलेन्स सेवा सञ्चालनमा,
- ज्येष्ठ नागरिक र सुत्केरी स्वास्थ्य जाँच परीक्षण सञ्चालनमा ।

**ख) सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम आयोजना**

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ :

**सोच** : समृद्ध र स्वस्थ जीवन : गुणस्तरीय स्वास्थ्य र पोषण ।

**लक्ष्य :** स्वास्थ्य सेवामा सहज पहुँच अभिवृद्धि हुँदै सेवामा गुणस्तरीयता कायम ।

**उद्देश्य**

- आधारभूत एवं गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच वृद्धिवाट नागरिकको स्वास्थ्य अवस्थामा सुधार ल्याउनु,
- प्राकृतिक एवं वैकल्पिक चिकित्सा पद्धतिको प्रवर्द्धन एवं स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि गर्नु ।

**रणनीतिहरु**

१. आधारभूत स्वास्थ्य सेवाको पहुँच विस्तारका साथै गुणात्मक सुधार गर्ने,
२. गुणस्तरीय उपचार सेवा लगायत अस्पतालको दक्षता वढाई प्रादेशिक विशिष्टिकृत स्वास्थ्य सेवा उपलव्ध गराउने,
३. स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि तथा रोग न्यूनीकरण गर्ने,
४. स्वास्थ्य सेवा विस्तार गर्ने,
५. स्वास्थ्य सेवामा गुणस्तर वृद्धि गर्ने,
६. स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्ने,
७. आपतकालीन तथा आकस्मिक स्वास्थ्य सेवा सञ्चालन गर्ने,
८. स्वास्थ्य सेवा सम्बन्धी नीति तर्जुमा तथा योजनाको कार्यान्वयन गर्ने ।

**मुख्य कार्यक्रम तथा आयोजना**

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा निम्न अनुसार सङ्केतीकरण गरिएको छ :

| | तालिका/ग्राफचित्र : ३१<br>आधारभूत स्वास्थ्य : कार्यक्रम तथा आयोजना | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
| | | कूल लागत | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | | |
| १. | एम्वुलेन्स खरिद | ३० | २६ | १ | १ | १ | १ | १ | ४ | ३ | ३ |

| | तालिका/ग्राफचित्र : ३१<br>आधारभूत स्वास्थ्य : कार्यक्रम तथा आयोजना | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता कम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
| | | कूल लागत | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | | |
| २. | २४ घन्टे प्रशुति केन्द्र संचालन | ५० | १० | १० | १० | १० | १० | १ | ४ | २ | ३ |
| ३. | ३ वटा स्वास्थ्य केन्द्रमा प्रयोगशाला संचालन | ३० | ६ | ६ | ६ | ६ | ६ | १ | ४ | २ | ३ |
| ४. | आधारभूत स्वा.के.मा दरवन्दी थप गरी स्वा.चौ मा स्तरोन्नती | २७० | ५४ | ५४ | ५४ | ५४ | ५४ | २ | ३ | १ | ३ |
| ५. | गाउँघर क्लिनिक र खोप क्लिनिक भवन निर्माण | १५ | ३ | ३ | ३ | ३ | ३ | १ | ४ | २ | २ |
| ६. | ३ वटा स्वास्थ्य केन्द्रमा कम्पाउण्ड वाल निर्माण | १०० | २० | २० | २० | २० | २० | १ | ४ | २ | २ |
| ७. | ९८ किसिमका औषधी आपूर्ति व्यवस्थापन | ५० | १० | १० | १० | १० | १० | १ | ४ | २ | २ |
| ८. | सून्य होम डेलिभरी | २५ | ५ | ५ | ५ | ५ | ५ | १ | ४ | २ | २ |
| ९. | स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई तालिम | २ | २ | ० | ० | ० | ० | ० | ४ | २ | २ |
| १०. | आधारभूत स्वा.के.लौसा र भैसाहीको तला थप | ७० | ३५ | ३५ | ० | ० | ० | ० | ४ | २ | २ |
| ११. | योग प्रर्वद्धन कार्यक्रम | २५ | ५ | ५ | ५ | ५ | ५ | ५ | ४ | २ | २ |
| १२. | प्राकृतिक उपचार विधि, योगा प्रवर्द्धन | | ५ | ५ | ५ | ५ | ५ | २ | ३ | २ | २ |
| १३. | योग भवन निर्माण | ५० | १० | १० | १० | १० | १० | १ | ४ | २ | २ |
| १४. | वडा तहमा आयुर्वेद गाउँघर क्लिनिक | २५ | ५ | ५ | ५ | ५ | ५ | २ | ३ | २ | २ |
| १५. | आयुर्वेद औषधी खरिद | ५० | १० | १० | १० | १० | १० | १ | ३ | २ | ३ |
| १६. | महिलाहरुका लागि आरोग्य भान्साघर कार्यक्रम | २५ | ५ | ५ | ५ | ५ | ५ | २ | ३ | २ | ३ |
| | **जम्मा** | ८१७ | | | | | | | | | |

### घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष तथा नतिजा खाका

#### ➧ अपेक्षित उपलब्धित तथा जोखिम पक्ष

आवधिक योजनाको कार्यान्वयनवाट स्वास्थ्य संस्था एवं कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि भएको हुनेछ। संस्थागत प्रसुति गर्नेहरुको संख्यामा पनि वृद्धि भएको हुनेछ। स्वास्थ्य सेवामा सर्वसाधारणहरुको पहुँचमा सहजता आई उपचारको अभावमा मृत्युवरण हुनेहरुको संख्यामा पनि न्यूनता आएको हुनेछ । दक्ष एवं अनुभवी जनशक्तिहरु स्वास्थ्य चौकी लगायतका संस्थाहरुमा नहुने, नवस्ने र आपतकालीन सेवा पनि उपलब्ध हुन नसक्ने अभ्यासहरु यसका जोखिम पक्षहरु हुन ।

#### ➧ नतिजा खाका

तालिका/ग्राफचित्र : ३२
आधारभूत स्वास्थ्य : नतिजा खाका

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| **प्रभाव** | औषत आयु (जन्म हुँदाको) | वर्ष | ७१ | ७१ | ७१.५ | ७१.७५ | ७२ | ७२ |
| **असर** | ३० मिनेटको दुरीमा नजिकको स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | प्रतिशत | ८० | ८५ | ९० | ९५ | ९८ | १०० |
| **प्रतिफलहरु** | गाउँघर क्लिनिक | संख्या | ४४ | ४५ | ४६ | ४७ | ४८ | ५० |
| | पालिका क्षेत्रभित्र क्रियाशील स्वास्थ्य चौकी | संख्या | ५ | ५ | ५ | ५ | ५ | ६ |
| | स्वास्थ्य शिविरवाट लाभान्वित जनसंख्या | संख्या | ९७९ | १००० | १०५० | ११०० | ११५० | १३०० |
| | सबै प्रकारका खोप लिएका बालबालिका | प्रतिशत | ८० | ८५ | ९० | ९५ | १०० | १०० |
| | स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला (गर्भ जाँचको आधारमा) | प्रतिशत | ११ | १५ | २० | २५ | ३० | ४० |
| | प्रसुति सेवा उपलब्ध भएका स्वास्थ्य संस्थाहरु | संख्या | ४ | ५ | ६ | ७ | ८ | ९ |
| | भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | नागरिक आरोग्य केन्द्र सञ्चालन | संख्या | १ | १ | २ | २ | ३ | ३ |
| | योग, ध्यान तथा वैकल्पिक प्राकृतिक चिकित्सा (आयुर्वेदिक, होमियोप्याथिक, युनानी, अक्कुपञ्चर, आम्ची) उपचार पद्धति सञ्चालन गर्ने संस्था | सख्या | १ | १ | २ | २ | ३ | ३ |

## ५.३ खानेपानी तथा सरसफाइ

### क) पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवालाई नेपालको संविधानले मौलिक हकको रुपमा स्विकार गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पनि खानेपानी तथा सरसफाइलाई स्थानीय सरकारको अधिकार क्षेत्रका रुपमा उल्लेख

गरिएको छ। त्यसैगरी दिगो विकास लक्ष्यमा पनि खानेपानी तथा सरसफाइलाई एक महत्वपूर्ण लक्ष्यको रुपमा मानिएको छ।

**ख) वस्तुस्थिति विश्लेषण**

**मुख्य समस्याहरु**

- सवै घरधुरीमा सुरक्षित र उपचार सहितको खानेपानी उपलव्ध हुन नसक्नु,
- ट्युववेल र हातेपम्पबाट खानेपानी उपभोग गरिरहेका घरधुरीमा पानीजन्य रोगको जोखिम,
- भौतिक संरचनाहरु निर्माणमा समन्वयको अभाव, पाइपलाइन फुट्नु तथा पानी मुहान पुरिनु,
- खानेपानी उपभोक्ता समितिहरुको व्यवस्थापन चुस्त दुरुस्त हुन नसकेको,
- नसड्ने नगल्ने, प्लाष्टिकजन्य सिसा जन्य फोहोरको श्रोत वर्गीकरण नहुनु,
- फोहोरको सुरक्षित र व्यवस्थित अन्तिम विसर्जन व्यवस्थापनको अभाव।

**मुख्य चुनौतिहरु**

- खानेपानी मुहानहरुको दिगो उपयोग तथा संरक्षण गर्नु,
- ट्युववेल र हातेपम्पबाट खानेपानी उपभोग गरिरहेका घरधुरीमा पानीजन्य रोगको जोखिम,
- सवै नागरिक एवं सार्वजनिक संस्थाहरुलाई सुरक्षित र शुध्द खानेपानीमा पहुँच अभिवृद्धि र चुना रहित वनाउनु,
- फोहोरमैलाको सुरक्षित र दिगो विसर्जन गर्नु।

**मुख्य सम्भावना तथा अवसरहरु**

- कञ्चन र कोठी नदिको जलश्रोत उपलव्धता,
- खानेपानी उपभोक्ता समितिहरु क्रियाशील,
- घरधुरीमा पाइपलाइनवाट वितरित खानेपानी आपूर्ति,
- खानेपानी आयोजना, पानी मुहान संरक्षण कार्यक्रम सञ्चालनमा,
- सरसफाइ अभियान सञ्चालन हुँदै आएको, घरघरवाट फोहोर सङ्कलन गर्ने अभ्यास हुँदै (सीमित क्षेत्रमा),
- प्रायः सवै घरमा शौचालयको व्यवस्था भएको,
- पूर्ण सरसफाइयुक्त गाउपालिका घोषणा।

**ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम आयोजना**

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ :

**सोच :** स्वच्छ, सुरक्षित र सफा खानेपानी र सरसफाई।

**लक्ष्य :** नियमित खानेपानीको उपलव्धता र सरसफाइमा पूर्णता।

**उद्देश्य**

- सुरक्षित खानेपानीमा नागरिक सवैको सहज पहुँच अभिवृद्धि गर्दै नियमित रुपमा उपलव्ध गर्नु,
- एकिकृत प्रणाली मार्फत स्वच्छ, सफा र गुणस्तरीय खानेपानीको पहुच विस्तार गर्नु,
- स्थानीयहरुको सहभागितामा फोहोरमैला तथा सरसफाईको व्यवस्थापनवाट स्वच्छ र सफा वातावरण कायम राख्नु

**रणनीतिहरु**

१. स्वच्छ र सुरक्षित खानेपानीमा सवैको पहुँच वृद्धि गर्ने,
२. व्यवस्थित सरसफाइ र फोहोरमैलाको सुरक्षित विसर्जन,
३. विभिन्न खानेपानी उपभोक्ता समितिहरुलाई एकिकृत गरी गाउँपालिका स्तरीय खानेपानी उपभोक्ता समितिको व्यवस्था गरी खानेपानी सेवालाई प्रभावकारी बनाउने,
४. खानेपानी तथा सरसफाई सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने।

### मुख्य कार्यक्रम तथा आयोजना

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा निम्न अनुसार सङ्केतीकरण गरिएको छ :

**तालिका/ग्राफचित्र : ३३**
**खानेपानी तथा सरसफाइ : कार्यक्रम तथा आयोजना**

| क. स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता कम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | | |
| १. | खानेपानी टंकी निर्माण | ४०० | ५० | ५० | १०० | १०० | १०० | १ | ६ | २ | १ |
| २. | खानेपानी मुहान संरक्षण | ६० | २० | २० | २० | - | - | २ | ७ | २ | १ |
| ३. | खानेपानी शुद्धीकरण तथा प्रशोधन, | ५० | २५ | २५ | - | - | - | २ | ६ | २ | २ |
| ४. | खानेपानी पाइप मर्मत सम्भार | १०० | २० | २० | २० | २० | २० | २ | ६ | २ | २ |
| ५. | सार्वजनिक धारा निर्माण | ७५ | १५ | १५ | १५ | १५ | १५ | २ | ६ | २ | १ |
| ६. | सार्वजनिक शौचालय निर्माण | ९२ | १२ | १६ | २४ | ३२ | - | २ | ६ | २ | १ |
| ७. | विपन्न वर्गलाई अनुदान | २५ | ५ | ५ | ५ | ५ | ५ | २ | ६ | २ | १ |
| | **जम्मा** | ८०२ | | | | | | | | | |

### घ) अपेक्षित उपलव्धि, जोखिम पक्ष तथा नतिजा खाका

#### ➧ अपेक्षित उपलव्धि तथा जोखिम पक्ष

आवधिक योजनाको कार्यान्वयनवाट अधिकांश घरधुरीमा पाइपलाइन मार्फत घरघरमा खानेपानी पुगेको हुनेछ र हरेकको घरघरमा निजी शौचालय निर्माण भएको हुनेछ । त्यसैगरी सुरक्षित, प्रशोधित एवं शुद्धीकरण गरिएको खानेपानी उपभोग गर्नेहरुको संख्या अधिक वृद्धि भएको हुनेछ । तापनी जलवायु परिवर्तन, जङ्गल फडानी, जथाभावी सडक पूर्वाधारहरुको निर्माणका कारण खानेपानीको मुहान सुक्दै जानु यसका मुख्य जोखिम पक्षहरु हुन ।

#### ➧ नतिजा खाका

**तालिका/ग्राफचित्र : ३४**
**खानेपानी तथा सरसफाइ : नतिजा खाका**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| **प्रभाव** | औषत आयु (जन्म हुँदाको) | वर्ष | ७० | ७० | ७० | ७१ | ७१ | ७२ |
| **असर** | सुरक्षित खानेपानीमा पहुँच भएको जनसंख्या | प्रतिशत | ८९.८६ | ९० | ९३ | ९५ | ९७ | १०० |
| **प्रतिफलहरु** | पाइपलाइनको निजी धारा उपलब्ध भएका घरधुरी | प्रतिशत | ३५.६६ | ५० | ५५ | ६० | ६५ | ७५ |
| | सार्वजनिक धारावाट खानेपानी उपभोग गर्ने घरधुरी | प्रतिशत | १०.०३ | ११ | ८ | ५ | ३ | १ |

**तालिका/ग्राफचित्र : ३४**
**खानेपानी तथा सरसफाइ : नतिजा खाका**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| | सरसफाइ सेवा उपलब्ध घरधुरी (निजीक्षेत्र तथा पालिकावाट सञ्चालन) | प्रतिशत | ० | २० | २५ | २५ | २५ | २५ |
| | शौचालय नभएका तथा खुल्ला क्षेत्रमा शौच गर्ने घरघुरी | प्रतिशत | १.८१ | १.० | ०.५ | ०.३ | ०.२ | ०.० |
| | प्यान तथा खाल्डे शौचालय भएको घरधुरी | प्रतिशत | २१.८३ | २० | १७ | १५ | १० | ५ |
| | सार्वजनिक शौचालय | संख्या | १ | १ | २ | ३ | ४ | ५ |
| | फोहोरको वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | १५ | २० | २५ | ३० | ४० | ५० |

## ५.४ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण

### क) पृष्ठभूमि

समानता एवं सामाजिक समावेशीकरण विकासोन्मुख राष्ट्रहरुका लागि एक प्रमुख सवालको रुपमा स्विकार गरिएको छ भने संघीय गणतन्त्र नेपालको सन्दर्भमा झन यसको महत्व वढेको छ । नेपालको सन्दर्भमा संविधानको प्रस्तावनामै लैगिक विभेद, हिंसाको अन्त्यको घोषणा गरिएको र दिगो विकास लक्ष्यको लक्ष्य नं.५ ले यो सवाललाई विश्वव्यापी सवालको रुपमा स्विकार गरिएबाट विशेष महत्व दिएको उजगार गर्दछ । प्रस्तावनामा समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तमा समतामूलक समाज निर्माण गर्ने भनी उल्लेख भएको छ । नेपाली समाजमा अझै पनि कुरीति, जातिय, लैङ्गिक, भाषिक, धार्मिक दृष्टिवाट विभेदपूर्ण व्यवहार हुँदै आएको पाइन्छ र सीमान्तकृत, अल्पसंख्यक, जनजाति, वालवालिका, अपाङ्गता भएकाहरुको पहुँच राज्यशक्तिका विभिन्न क्षेत्रमा न्यून हुँदै आएको सन्दर्भमा यस्ता पक्षहरुलाई सशक्तीकरण, मूलप्रवाहीकरण एवं समावेशीकरण गर्नुपर्ने आवश्यकता अपरिहार्य भएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

**मुख्य समस्याहरु**

- गाउँपालिकाको नीति ऐन कार्यविधिहरु लैगिक मैत्री र बजेट निर्देशित हुन नसक्नु,
- सार्वजनिक भवन एवं पूर्वाधारहरु बालमैत्री, अपाङ्गतामैत्री एवं महिलामैत्री हुन नसक्नु,
- लक्षित वर्ग केन्द्रित पूर्वाधार तथा सेवाकेन्द्रहरु निर्माणमा न्युन प्राथमिकता,
- विपन्न वर्ग, दलितहरुको आर्थिक सामाजिक स्तरोन्नतिका लागि स्व/रोजगारीमूलक कार्यक्रमहरु कार्यान्वयन नहुनु,
- महिलाहरुमा उद्यमशिलता बिकासका लागि क्षमता अभिवृद्धि, अनुदान, सहुलियत दरमा ऋण व्यवस्था नहुनु,
- अपाङ्गत भएकाहरुको लागि शारिरीक एवं मानसिक विकास सम्वन्धी कार्यक्रम तथा पठनपाठनका लागि अलग्गै व्यवस्था नहुनु ।

**मुख्य चुनौतिहरु**

- लैगिक समानता र समावेशीकरणसँग सम्वन्धित प्रचलित नीति, कानून, कार्यविधिको प्रभावकारी कार्यान्वयन,
- वालविवाह एवं वहुविवाह नियन्त्रण,
- लैङ्गिक हिंसा, भेदभाव, छुवाछुत जस्ता सामाजिक कुरीतिहरुको नियन्त्रण,
- अपाङ्गता भएकाहरुलाई स्वरोजगार वनाउनु,
- महिलाहरुमा गुणात्मक क्षमता विकास गर्दै निर्णय तहमा उनीहरुको अर्थपूर्ण सहभागिता वृद्धि गर्नु ।

**मुख्य सम्भावना तथा अवसरहरु**

- महिला सशक्तीकरण हुँदै, निर्णायक तह गाउँसभामा महिलाको वाक्लो उपस्थिति,
- गाउँसभामा आदिवासी जनजातिहरुको प्रतिनिधित्व रहेको,
- महिला समूह, आमा समूह, महिला सहकारी जस्ता संस्थाहरु क्रियाशील रहेको,
- वाल क्लव, अपाङ्गताको क्लव, वृद्धक्लवहरु गठन भएको,
- सामाजिक सुरक्षा कार्यक्रमवाट लाभान्वित जनसंख्या अधिक,
- उद्यमशीलता तथा व्यवसायिक सीप विकास तालिमहरु सञ्चालन र लाभान्वितहरुको संख्या अधिक,
- रोजगारीता, पेशा एवं व्यवसायहरुमा महिला उपस्थिति,
- अपाङ्गत क्लव, अपाङ्गतहरुको सशक्तीकरणका लागि क्षमता विकास कार्यक्रमहरु सञ्चालन,
- लक्षित वर्गको उत्थानका लागि वर्षिनै वजेट विनियोजन भएको,
- ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण, सम्मान कार्यक्रम सञ्चालन हुँदै आएको,
- अपाङ्गत भएका, ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन ।

**ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम आयोजना**

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ :

**सोच :** विभेदरहित, समतामुलक सभ्य समाजको निर्माण ।

**लक्ष्य :** सवै लक्षित वर्गलाई सशक्तीकरण, मूलप्रवाहीकरण, समावेशीकरण गर्दै सम्मानपूर्ण जीवनयापनको सुनिश्चितता

**उद्देश्य**

- महिला, वालवालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका, सीमान्तकृत एवं अति विपन्न वर्ग, समुदायको क्षमता विकास, सशक्तीकरण र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सुनिश्चितता गर्नु,
- वर्गीय तथा जातीय विभेदको अन्त्य गर्दै निर्णय तथा नेतृत्व तहमा पहुँच अभिवृद्धिवाट सामाजिक न्याय सहितको समतामूलक समाज निर्माणमा सहयोग गर्नु ।

**रणनीतिहरु**

१. प्रचलित नीति, कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिने,
२. महिला सशक्तीकरण र समावेशीकरणमा जोड दिने,
३. बालबालिकाको संरक्षण र सार्वजनिक तहलाई बालमैत्री बनाउने,
४. ज्येष्ठ नागरिकहरुको सम्मान र संरक्षणका लागि आधारभूत व्यवस्थाप गर्ने,
५. अपाङ्गता भएका नागरिकहरुको संरक्षण र सशक्तीकरण गर्ने,
६. दलित समुदायको सशक्तीकरण गर्ने,
७. जनजाति समुदाय सशक्तीकरण गर्ने,
८. लक्षित वर्ग तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

**मुख्य कार्यक्रम तथा आयोजना**

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा निम्न अनुसार सङ्केतीकरण गरिएको छ :

| | तालिका/ग्राफचित्र : ३५<br>लक्षित वर्ग तथा सामाजिक समावेशीकरण : कार्यक्रम तथा आयोजना | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क. स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
| | | कूल लागत | ०८० /८१ | ०८१ /८२ | ०८२/ ८३ | ०८३ /८४ | ०८४ /८५ | | | | |
| १. | नेतृत्व विकास तालिम | २५ | ७.५ | ५ | ४ | ४ | ४ | २ | ५ | १ | ३ |
| २. | दलित लक्षित सीपमूलक तालिम कार्यक्रम | ३५ | ७ | ७ | ७ | ६ | ८ | २ | ५ | १ | ३ |
| ३. | लक्षित वर्गको लागि विना धितो ऋण कार्यक्रम | १०० | २० | २० | २० | २० | २० | २ | ५ | १ | ३ |
| ४. | युवा स्वरोजगार कार्यक्रम | १७५ | ३५ | ३५ | ३५ | ३५ | ३५ | २ | ५ | १ | ३ |
| ५. | ज्येष्ठ नागरिक बिश्रामस्थल निर्माण | १०० | २५ | २५ | २५ | २५ | २५ | २ | ५ | २ | ३ |
| ६. | वाल विवाह न्युनीकरण कार्यक्रम | १० | २ | २ | २ | २ | २ | १ | ५ | १ | ३ |
| ७. | लक्षित वर्गको सामाजिक, आर्थिक, राजनीति क्षेत्रका विविध विषयमा क्षमता बिकास कार्यक्रम | २५ | ५ | ५ | ५ | ५ | ५ | २ | ५ | २ | ३ |
| ८. | सामाजिक भेदभाव, कुरीति जस्ता विविध पक्षमा जनचेतना | ५० | १० | १० | १० | १० | १० | २ | ५ | २ | ३ |
| ९. | लक्षित वर्ग कानुनी परामर्श तथा सहायता केन्द्र स्थापना | ७५ | १५ | १५ | १५ | १५ | १५ | २ | ५ | १ | ३ |
| १०. | सीप बिकास तथा उद्यमशीलता तालिम, वजार व्यवस्थापन र अनुदान व्यवस्था | १०० | २० | २० | २० | २० | २० | १ | ५ | २ | ३ |
| ११. | हिंसा पिडित महिला सहयोग कार्यक्रम | ५० | १० | १० | १० | १० | १० | २ | ५ | १ | ३ |
| १२. | महिला सहकारी सञ्चालनका लागि तालिम र वीउ पुँजि कोषको व्यवस्था | ७५ | २५ | २५ | २५ | २५ | २५ | १ | १ | १ | २ |
| १३. | लक्षित वर्गको स्वास्थ्य सुधार, पोषण, स्वास्थ्य वीमा एवं सामाजिक सुरक्षा कार्यक्रम | १५० | ३० | ३० | ३० | ३० | ३० | २ | ५ | २ | ३ |
| | **जम्मा** | ९७० | | | | | | | | | |

### घ) अपेक्षित उपलव्धि, जोखिम पक्ष तथा नतिजा खाका

- **अपेक्षित उपलव्धि तथा जोखिम पक्ष**

आवधिक योजनाको कार्यान्वयनवाट लक्षित वर्गमा सशक्तीकरण अभिवृद्धि भएको हुनेछ र मूलप्रवाहीकरण भई सवै क्षेत्रहरुमा समावेशीकरण भएको हुनेछ । यसका लागि व्यावसायिक सीप विकास र क्षमता अभिवृद्धि भएको हुनेछ । अहिलेको सामाजिक संरचना, सोचमा हुन नसक्ने परिवर्तन यसका प्रमुख चुनौतिहरु हुन भने यसक्षेत्रमा हुँदै आएको विनियोजन, निकासा एवं खर्च अभ्यासहरु यसको जोखिम पक्षहरु हुन ।

- **नतिजा खाका**

**तालिका/ग्राफचित्र : ३६**
**लक्षित बर्ग तथा सामाजिक समावेशीकरण : नतिजा खाका**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| **प्रभाव** | लक्षित वर्गको आय आर्जनमा आत्मनिर्भरता | प्रतिशत | | १५ | १८ | २० | २२ | २५ |
| **असर** | पालिका सभामा लक्षित वर्गको प्रतिनिधित्व | प्रतिशत | ४२.८५ | ४२.८५ | ४३ | ४३.५ | ४३.७५ | ४४ |
| **प्रति फल हरु** | लक्षित वर्गका लागि वजेट विनियोजन | प्रतिशत | ०.४६ | ५ | ७ | १० | १३ | १५ |
| | व्यावसायिक सीपमूलक तालिम प्राप्त महिला | संख्या | ५०० | ६०० | ६५० | ७०० | ७२५ | ७५० |
| | व्यावसायिक सीप तथा क्षमता विकास भएका अपाङ्गता | संख्या | ० | १० | १५ | २० | ३० | ५० |

## ५.५ कला भाषा, साहित्य र संस्कृति

### क) पृष्ठभूमि

कला, भाषा, सँस्कृति समुदायको पहिचान हो । यसैका आधारमा समाजको रुपरेखा चित्रण गर्ने गरिन्छ । नेपालको संविधानले पनि सवै समुदायको कला, भाषा, साहित्य एवं सँस्कृतिलाई उच्च महत्व दिएको छ । नेपालमा वोलिने सवै मातृभाषाहरुलाई राष्ट्र भाषा हुने भनी व्यवस्था गरिएको छ, र संविधानमा एक मौलिक हकको रुपमा व्यवस्था गरिएको छ । नेपालमा वसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, कला, साँस्कृतिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन गर्ने हक प्रदान गरेको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

**मुख्य समस्याहरु**

- कला, भाषा, संस्कृतिको जर्गेना, संरक्षण, प्रवर्द्धन नहुनु,
- भाषा, कला, संस्कृति सम्वन्धी अभिलेख दुरुस्त नहुनु,
- स्थानीय संस्कृतिमा आधारित पर्यटन प्रवर्द्धन तथा आयमूलक कार्यक्रम सञ्चालन नहुनु,
- स्थानीय भाषा कला प्रतिको घट्दो आकर्षण ।

**मुख्य चुनौतिहरु**

- वैदेशिक एवं आयातित संस्कृति, भेषभुषा प्रति युवाहरुको वढ्दो आकर्षणलाई निरुत्साहित गर्नु,
- स्थानीय भाषा, संस्कृति, लोपोन्मुख हुन लागेका चाडपर्वहरु र पुस्ता हस्तान्तरण गर्नु ।

**मुख्य सम्भावना तथा अवसरहरु**

- जातीय विविधता, जातजातिहरुको सौहार्दपूर्ण वसोवास,
- विविध धर्मालम्वीहरुको मिश्रित स्थल,

- धर्म अनुसारको परम्परा, चाडपर्व, संस्कृतिमा अभ्यस्त,
- स्थानीय कला, भाषा, साहित्य, संस्कृतिमा आधारित कार्यक्रम सञ्चालन,
- मठ मन्दिरहरुको मर्मत सम्भार तथा स्तरोन्नति हुँदै आएको,
- थारु तथा मगर संस्कृतिमा आधारित सङ्ग्रहालय स्थापना ।

**ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम आयोजना**

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेका छन् :

**सोच :** कला, भाषा, साहित्य संस्कृतिको संरक्षण र सम्वर्द्धन : जातजातिको पहिचान ।

**लक्ष्य :** स्थानीय कला, भाषा, साहित्य र सँस्कृतिको संरक्षण र प्रवर्द्धन भएको हुने ।

**उद्देश्य**

परम्परागत, मौलिक एवं लोपोन्मुख कला, भाषा, साहित्य, संस्कृति तथा सम्पदाहरुको संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धनवाट स्थानीयहरुको पहिचान स्थापित गर्नु ।

**रणनीतिहरु**

१. मौलिक कला भाषा, संस्कृति र सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने,
२. कला, भाषा, साहित्य र सम्पादन सम्बन्धी नीति र योजना कार्यान्वयन गर्ने ।

**मुख्य कार्यक्रम तथा आयोजना**

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा निम्न अनुसार सङ्केतीकरण गरिएको छ :

**तालिका/ग्राफचित्र : ३७**
**कला भाषा सँस्कृति : कार्यक्रम तथा आयोजना**

| क.स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिता कम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | ०८० /८१ | ०८१ /८२ | ०८२/ ८३ | ०८३ /८४ | ०८४ /८५ | | | | |
| १. | पञ्चेवाजा प्रवर्द्धन | ५ | ३ | १ | १ | ० | ० | २ | ४ | ३ | ३ |
| २. | थारु तथा मागर सङ्ग्रहालय निर्माण | ५० | २० | २० | ४ | ३ | ३ | २ | ४ | २ | ३ |
| ३. | स्थानीय लोपोन्मुख भाषा संरक्षण तथा प्रवर्द्धन | २५ | ५ | ५ | ५ | ५ | ५ | २ | ४ | ३ | ३ |
| ४. | मौलिक जात्रा, पर्व महोत्सव | ५ | १ | १ | १ | १ | १ | २ | ४ | ३ | ३ |
| ५. | भाषा, साहित्य गोष्ठी | ५ | १ | १ | १ | १ | १ | २ | ४ | २ | ३ |
| ६. | पालिका स्तरीय कला साहित्य प्रतिष्ठान गठन तथा सञ्चालन | १० | २ | २ | २ | २ | २ | २ | ४ | २ | ३ |
| ७. | ऐतिहासिक सम्पदा संरक्षण तथा प्रवर्द्धन | १० | २ | २ | २ | २ | २ | २ | ४ | ३ | ३ |
| | **जम्मा** | ११० | | | | | | | | | |

### घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष तथा नतिजा खाका

- **अपेक्षित उपलब्धि तथा जोखिम पक्ष**

आवधिक योजनाको कार्यान्वयनवाट सवै प्रकारका जातजाति, धर्म संस्कृतिको साझा साँस्कृतिक सङ्ग्रहालय निर्माण भएको हुनेछ र हरेक वर्ष साँस्कृतिक मेला तथा प्रदर्शनी आयोजना भई सँस्कृति प्रवर्द्धन भएको हुनेछ । सवै धर्म सँस्कृतिका वीच सदभाव, सहिष्णुता कायम राखी साझा सङ्ग्रहालय निर्माण गर्नु र विदेशी सँस्कृति प्रतिको मोह युवाहरुमा वढ्दो क्रममा रहेको सन्दर्भमा स्थानीय भाषा, सँस्कृति हस्तान्तरण आफैमा चुनौतिपूर्ण छ ।

- **नतिजा खाका**

**तालिका/ग्राफचित्र : ३८**
**कला भाषा साहित्य र संस्कृति : नतिजा खाका**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० सम्म | लक्ष्य परिमाण २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
|---|---|---|---|---|---|---|---|---|
| **प्रभाव** | स्थानीय भाषा, कला, संस्कृतिको संरक्षण र विकास | संख्या | ६ | ६ | ६ | ६ | ६ | ६ |
| **असर** | संरक्षित लोपोन्मुख भाषाको उत्थान | संख्या | ६ | ६ | ६ | ६ | ६ | ६ |
| **प्रतिफल हरु** | कला, संस्कृति, भाषा, साहित्यमा जिल्ला, प्रदेश र राष्ट्रको प्रतिनिधित्व संख्या | संख्या | १४ | १५ | १६ | १७ | १८ | २० |
| | संरक्षण गर्नुपर्ने स्थानीय संस्कृति तथा चाँडपर्व | संख्या | १० | १० | १० | १० | १० | १० |
| | वोलीचालीका स्थानीय भाषाहरु | संख्या | ४ | ४ | ४ | ४ | ४ | ४ |
| | स्थानीय भाषामा प्रकाशित भएको साहित्य प्रकाशन | संख्या | १ | १ | २ | २ | २ | २ |
| | स्थानीय कला, भाषा, संस्कृति झल्किने सङ्ग्रहालय | संख्या | १ | १ | १ | २ | २ | ३ |

## ५.६ युवा तथा खेलकुद

### क) पृष्ठभूमि

युवाशक्ति राष्ट्र विकासको एक सम्वाहक हुन । यिनीहरुको विकास, सही परिचालन, सही मार्ग निर्देश तथा सदुपयोगवाट राष्ट्रले अपेक्षित लाभ हासिल गर्न सक्छ । राजनीतिक, सामाजिक, साँस्कृतिक एवं आर्थिक लगायत सवै क्षेत्रमा युवा वर्गको सक्रिय सहभागितामा अभिवृद्धि ल्याउन सकेको अवस्थामा राष्ट्रले सर्वाङ्गिण विकास गर्न सकेको उदाहरणहरु छन । यिनी पक्षलाई मध्यनजर राख्दै नेपालको संविधानमा युवाहरुको सहभागिता अभिवृद्धि गर्न, सशक्तीकरण गर्न र युवा उद्यमशीलताका लागि शिक्षा, स्वास्थ्य, रोजगारी, खेलकुद लगायतका क्षेत्रहरुमा विशेष अवसरहरु प्रदान गर्ने व्यवस्था गरिएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

**मुख्य समस्याहरु**

- वेरोजगार युवाहरुलाई कार्यक्रमगत अनुदान तथा सस्तो दरमा ऋण सुविधा उपलव्ध गराई रोजगारीमूलक कार्यक्रम सञ्चालन हुन नसक्नु,
- वैदेशिक रोजगारीवाट फर्केका युवाहरु स्वरोजगारीमा आवद्ध हुन नसक्नु,

- सुविधायुक्त खेलमैदान (कभर्ड हल) नहुनु,
- खेलाडीहरुको उचित सम्मान र सहयोग उपलब्ध हुन नसक्नु ।

**मुख्य चुनौतिहरु**

- युवाहरुको आर्थिक, सामाजिक एवं राजनीतिक क्षेत्रमा अर्थपूर्ण उपस्थितिमा अभिवृद्धि ल्याउनु,
- युवाहरुको विदेश तथा शहरीतर्फको पलायनलाई रोक्नु,
- रैथाने स्थानीय खेलहरु डन्डिवियो, कबड्डी, गट्टा खेलहरु प्रवर्द्धन गर्नु ।

**मुख्य सम्भावना तथा अवसरहरु**

- शिक्षित, ऊर्जावान युवाहरुको अधिक उपस्थिति,
- खेलकुद तर्फ युवाहरुको आकर्षण वढ्दो,
- युवा क्लवहरु क्रियाशील,
- स्व-रोजगारीमूलक व्यावसायिक सीप तालिम, क्षमता विकास कार्यक्रमहरु सञ्चालन,
- खेलकुद मैदानको विकास,
- पालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन,
- प्रधानमन्त्री तथा युवा स्वरोजगार कार्यक्रमवाट ठूलो संख्यामा लाभान्वित ।

**ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम आयोजना**

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेका छन् :

**सोच :** सवल, सक्षम र व्यवसायिक युवा जनशक्ति ।

**लक्ष्य :** व्यावसायिक युवाहरुको विकासवाट व्यावसायिक खेलकुदको विकास भएको हुने ।

**उद्देश्य**

युवाहरुमा क्षमता विकास, उद्यमशीलता एवं व्यावसायिकता विकासवाट रोजगारीका अवसरहरु सिर्जना भई सवै प्रकारका खेलकुदहरुको भौतिक पूर्वाधार तथा संरचनाको निर्माण गरी प्रतिस्पर्धी, प्रतिभाशाली युवा खेलाडीहरुको विकास गर्नु ।

**रणनीतिहरु**

१ युवाहरुको क्षमता अभिवृद्धि तथा उद्यमशीलता बिकास गर्ने,
२. बिकास निर्माणमा युवाहरुको सहभागिता अभिवृद्धि गर्ने,
३. खेलकुद बिकासका लागि पूर्वाधार निर्माण र संस्थागत बिकास गर्ने,

**मुख्य कार्यक्रम तथा आयोजना**

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा निम्न अनुसार सङ्केतीकरण गरिएको छ :

**तालिका/ग्राफचित्र : ३९**
**युवा तथा खेलकुद : कार्यक्रम तथा आयोजना**

| क.स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता कम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | | |
| १. | युवा स्वरोजगार कार्यक्रम | ७५ | २५ | २५ | २५ | २५ | २५ | १ | ४ | १ | २ |
| २. | व्यावसायिक सीप तथा क्षमता विकास | ५० | १० | १० | १० | १० | १० | १ | ४ | १ | २ |
| ३. | युवा नेतृत्व विकास | २५ | ५ | ५ | ५ | ५ | ५ | २ | ४ | १ | २ |
| ४. | पालिका स्तरीय खेलकुद प्रतियोगिता | १२५ | | | | | | | | | |

| क. स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता कम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | तालिका/ग्राफचित्र : ३९ युवा तथा खेलकुद : कार्यक्रम तथा आयोजना | | | | | | | | | | |
| | | कूल लागत | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | | |
| ५. | फुटवल | २५ | ५ | ५ | ५ | ५ | ५ | २ | ४ | २ | ३ |
| ६. | भलिवल | २५ | ५ | ५ | ५ | ५ | ५ | २ | ४ | २ | ३ |
| ७. | एथलेटिक्स (प्रतिभा सप्ताह) | ५० | १० | १० | १० | १० | १० | २ | ४ | २ | ३ |
| ८. | कराते र तेक्वाण्डो | २५ | ५ | ५ | ५ | ५ | ५ | २ | ४ | २ | ३ |
| | **जम्मा** | ४०० | | | | | | | | | |

## घ) अपेक्षित उपलव्धि, जोखिम पक्ष तथा नतिजा खाका

### अपेक्षित उपलव्धि तथा जोखिम पक्ष

आवधिक योजनाको कार्यान्वयनवाट युवाहरुको आवद्धता राजनीतिक, आर्थिक, सामाजिक एवं खेल क्षेत्रमा समेत भएको हुनेछ । यसका लागि युवा वर्गलाई व्यावसायिक सीप विकास तालिम, प्राविधिक शिक्षा, रोजगार कार्यक्रमहरु सञ्चालन भएका हुनेछन । वैदेशिक रोजगारी, वैदेशिक शिक्षण संस्थाहरुमा अध्ययन र विदेशमा पलायन हुने अभ्यास यसका प्रमुख जोखिम पक्षहरु हुन ।

### नतिजा खाका

तालिका/ग्राफचित्र : ४० युवा तथा खेलकुद : नतिजा खाका

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| **प्रभाव** | आफ्नो कार्य क्षेत्रमा आत्मनिर्भर युवा वर्ग | प्रतिशत | १५ | १५ | १८ | २० | २२ | २५ |
| **असर** | उद्योग, व्यापार व्यवसाय तथा खेल क्षेत्रमा युवाहरुको आवद्धता | प्रतिशत | ३० | ३२ | ३५ | ३८ | ४० | ४३ |
| **प्रतिफल हरु** | व्यावसायिक सीप विकास तालिम तथा प्राविधिक शिक्षा हासिल गरेको युवा | संख्या | १०५ | १२५ | १५० | १७५ | २०० | २२५ |
| | प्रधानमन्त्री रोजगार कार्य कमवाट लाभान्वित युवा | संख्या | ६५ | ७० | ७५ | ८० | ९० | १०० |
| | युवा क्लवहरुको संख्या | संख्या | | | | | | |
| | व्यावसायिक युवा खेलाडी | संख्या | ० | ० | ५ | १० | १२ | १५ |
| | पालिका स्तरीय खेलकुद प्रतियोगिता | संख्या | ४ | ४ | ४ | ४ | ४ | ४ |

आवधिक योजनाको अवधि अन्त सम्ममा सामाजिक विकास क्षेत्रमा कूल रु ५१ करोड २१ लाख खर्च हुने अनुमान गरिएको छ । यो अनुमान आवधिक योजना अवधिमा परिचालन हुने कूल लगानीको १२.७२ प्रतिशत रहेको छ ।

# परिच्छेद - छ : पूर्वाधार बिकास

## पृष्ठभूमि

भौतिक पूर्वाधारको विकास जमिनको तयारी वा विकासको रुपमा लिन सकिन्छ र यसलाई विकासको महत्वपूर्ण विकासको आयामको रुपमा लिइन्छ। स्थानीय भौतिक पूर्वाधार विकासको उपक्षेत्रहरुमा सडक, यातायात, पुलपुलेसा, आवास, भबन तथा वस्ती बिकास, विद्युत तथा वैकल्पिक ऊर्जा र सूचना, सञ्चार र प्रविधि जस्ता क्षेत्रको विद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सोको प्राप्तीका लागि अवलम्वन गरिने रणनीति विकास सहित प्रमुख कार्यक्रमहरु तर्जुमा गरी अनुमानित लागत समेत निर्धारण गरिएको छ ।

### ६.१ सडक तथा यातायात

### क) पृष्ठभूमि

देशको आर्थिक तथा सामाजिक विकासमा भौतिक पूर्वाधार खासगरी सडक यातायातको उल्लेखनीय योगदान रहदै आएको छ । सडक यातायात आफै विकासको साध्य भने होइन तर एक महत्वपूर्ण साधन हो । यसको निर्माणको चरणसँगै वहुपक्षीय विकासलाई दिशावोध गर्न सक्ने र गतिशील वनाउने शक्ति हुन्छ। यसर्थ राज्यले सडक यातायातको विकासलाई विशेष महत्व दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सडक, ग्रामीण सडक तथा कृषि सडकहरु निर्माण, मर्मत सम्भार, स्तरोन्नति गर्ने, यातायातको सुरक्षाको व्यवस्था मिलाउनुका साथै आवश्यक मापदण्ड, नीति, कानुन एवं योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, अनुगमन तथा नियमन गर्ने अधिकार समेत स्थानीय तहलाई दिइएको पाइन्छ ।

### ख) वस्तुस्थिति विश्लेषण

**मुख्य समस्याहरु**

- साना तथा मझौला लम्वाईका धेरै टुक्रा सडक खण्डहरु,
- मुख्य सडकको मापदण्ड अनुसार स्तरोन्नति गर्न नसक्नु,
- हालसम्म यातायात सडक गुरुयोजना स्वीकृत भइ लागु नहुनु,
- सडक निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन तथा परीक्षण लगायत विस्तृत परियोजना प्रतिवेदन जस्ता पक्षहरुमा ध्यान नदिई सडक निर्माण गर्नु,
- सडक निर्माण गर्दा सरोकारवालाहरुसँग समन्वयको अभाव,
- साघुँरा, अप्ठ्यारा, सतह नमिलेका सडकहरु ।

**मुख्य चुनौतिहरु**

- गुणस्तरीय, दिगो र सर्वसुलभ सडक यातायात सेवावाट आम नागरिक लाभान्वित बनाउनु,
- सडक गुणस्तर कायम, सुरक्षित यात्रा र दुर्घटनारहित वनाउनु,
- स्थानीय सडकमा प्रत्यक्ष लाभान्वितहरुको अपनत्व श्रृर्जना गर्नु,
- पालिका क्षेत्रभित्रका सडक सञ्जालमा सार्वजनिक सवारी साधन नियमित रुपमा सञ्चालनमा ल्याउनु,
- समतल भू-भाग भएकोले सडक डुवान, कटान र सार्वजनिक यातायातमा अवरोध आदी ।

**मुख्य सम्भावना तथा अवसरहरु**

- गाउपालिकाको सडक तथा यातायात गुरुयोजना निर्माणको चरणमा रहेको,
- गाउपालिका तथा अन्य स्थानीय तहवीच सडक आवद्धता स्थापित भएको,
- मूख्य दुइ सडकबाट गाउपालिका र अन्य सहायक सडकहरुबाट सवै क्षेत्रमा सडक पहुच रहेको,
- प्रायः सवै वस्तीहरु सडक सञ्जालवाट जोडिएको,
- अन्तरपालिका सडक सञ्जाल विस्तार भएको,
- कल्भर्ट तथा मोटर पुल पुल निर्माण भएको,

- पालिका कार्यालय र वडा कार्यालयहरु वीच सडक सञ्जाल स्थापित भएको,
- सडकहरुको नियमित मर्मत सम्भार भएको,
- गाउँपालिका केन्द्रसँग नजिकका अन्य शहर तथा राजधानीसँग प्रत्यक्ष सम्पर्क स्थापित भएको ।

### ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम आयोजना

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ :

**सोच :** गुणस्तरीय, सुरक्षित, वातावरणमैत्री सडक पूर्वाधार : अन्तरआवद्धताको विकास ।

**लक्ष्य** : सडक सञ्जालको विकासवाट सुलभ र भरपर्दो यातायात सेवा विस्तार भएको हुने ।

### उद्देश्य

- सुरक्षित र वातावरणमैत्री सडक यातायात पूर्वाधारको विकास, विस्तार एवं स्तरोन्नतिवाट आवागमनलाई सहज र व्यवस्थित गर्नु,
- सडक सञ्जालको विकासवाट अन्तर आवद्धता वढाउनु ।

### रणनीतिहरु

१. सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गर्ने,
२. यातायात पहुँचमा सुधार एवं सडक सञ्जाल बिकास गर्ने,
३. सार्वजनिक यातायातलाई व्यवस्थित गर्ने,
४. स्थानीय यातायात सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने ।

### मुख्य कार्यक्रम तथा आयोजना

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा निम्न अनुसार सङ्केतीकरण गरिएको छ :

**तालिका/ग्राफचित्र : ४१**
**सडक यातायात : कार्यक्रम तथा आयोजना**

| क. स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता कम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | | |
| १. | कञ्चन रिङ्गरोडमा विद्युतीय सवारी वस संचालन | ७५० | ३०० | २०० | १०० | ५० | ५० | १ | ९ | ३ | ३ |
| २. | सडक स्तरोन्नति (सवै) | २०० | ४० | ४० | ४० | ४० | ४० | १ | ९ | ३ | ३ |
| ३. | झोलुंङ्गेपुल, वडा नं.४ सेमरानी | ० | ० | ० | ० | ० | ० | १ | ९ | ३ | २ |
| ४. | सडक स्तरोन्नति | १००० | २०० | २०० | २०० | २०० | २०० | १ | ९ | ३ | २ |
| ५. | सडक पूर्वाधार निर्माण | ३० | ६ | ६ | ६ | ६ | ६ | २ | ९ | ३ | ३ |
| ६. | सडक ग्राभेल कार्यक्रम | १८ | ३.६ | ३.६ | ३.६ | ३.६ | ३.६ | २ | ९ | ३ | ३ |
| ७. | सडक कालोपत्रे २० कि.मि. | ३००० | ६०० | ६०० | ६०० | ६०० | ६०० | २ | ९ | ३ | ३ |
| ८. | सार्वजनिक यातायात व्यवस्थापन तथा | | ५०० | ५०० | ५०० | ५०० | ५०० | २ | ९ | ३ | ३ |

| | तालिका/ग्राफचित्र : ४१<br>सडक यातायात : कार्यक्रम तथा आयोजना | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता कम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
| | | कूल लागत | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | | |
| | भाडादर निर्धारण नियमन | | | | | | | | | | |
| | जम्मा ४४,९८ | | | | | | | | | | |

## घ) अपेक्षित उपलव्धि, जोखिम पक्ष तथा नतिजा खाका

### ➧ अपेक्षित उपलव्धि तथा जोखिम पक्ष

आवधिक योजनाको कार्यान्वयनवाट सडक यातायात सेवामा स्थानीयहरुको सहज पहुँच अभिवृद्धि भएको हुनेछ। सुरक्षित एवं भरपर्दो यातायात सेवा सञ्चालन भएको र पक्की सडकहरु निर्माण हुनेछ। थोरै वजेट, धेरै निर्माण र वजेट अभावका कारण धुले सडकवाट वातावरण प्रदुषण, मानवीय स्वास्थ्यमा नकरात्मक प्रभाव यसका मुख्य जोखिम पक्षहरु हुन ।

### ➧ नतिजा खाका

| तालिका/ग्राफचित्र : ४२<br>सडक, यातायात तथा पुलपुलेसा : नतिजा खाका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० सम्म | लक्ष्य परिमाण | | | | |
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| प्रभाव | दिगो, सुरक्षित र नियमित सडक यातायात सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ९० | ९३ | ९५ | ९६ | ९७ | ९८ |
| असर | ३० मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको घरधुरी | प्रतिशत | ९० | ९३ | ९५ | ९६ | ९७ | ९८ |
| प्रति फल हरु | कालोपत्रे सडकको लम्वाइ | किमि | १०५ | १२५ | १५० | १७५ | २०० | २२५ |
| | ग्राभेल सडकको लम्वाइ | किमि | १०६ | ८० | ५० | ४० | ३० | २५ |
| | धुले सडक लम्वाइ | किमि | ६४ | ५० | ४० | ३० | २० | ० |
| | झोलुङ्गे पुलको संख्या | संख्या | ० | १ | ० | ० | ० | ० |
| | सडक सञ्जालवाट नजोडिएका वस्तीहरु | संख्या | ० | ० | ० | ० | ० | ० |
| | नियमित मर्मत संभार भएको सडकको लम्वाइ | प्रतिशत | ५० | ६० | ७० | ८० | ९० | १०० |

## ६.२ आवास, वस्ती बिकास तथा सार्वजनिक निर्माण

### क) पृष्ठभूमि

दिगो विकास लक्ष्यले समावेशी र दिगो शहरीकरण गर्ने गरी आवासको व्यवस्था गर्ने, गरिवीलाई न्यून गर्ने, हरियाली र खुल्ला ठाउँहरु उपलव्ध गराउने लक्ष्य निर्धारण गरेको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा सुरक्षित वस्ती विकासका लागि नीति, योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, अनुगमन, नियमन तथा मूल्याङ्कन गर्ने अधिकार पनि स्थानीय तहलाई दिइएको छ। वस्ती विकासका लागि पहिचान गर्ने र अध्ययन गर्न सक्ने अधिकार पनि स्थानीय तहमा निहित छ । सार्वजनिक निर्माण अन्तर्गत स्थानीय सरकारलाई सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह लगायतका सार्वजनिक संरचना निर्माण, मर्मत सम्भार गर्ने, सञ्चालन एवं व्यवस्थापन गर्ने जिम्मेवारी पनि स्थानीय तहलाई दिइएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

#### मुख्य समस्याहरु

- भू-उपयोग नीति, ऐन निर्माण र कार्यान्वयनमा नआउनु,
- गाउँपालिका क्षेत्रका करिव ५० प्रतिशत जमिन अव्यवस्थित वसोवासीको हैसियतमा रहनु,
- भवन तथा निर्माण मापदण्ड तर्जुमा र कार्यान्वयन,
- घरनक्सा स्विकृति, भूकम्पीय प्रतिरोधी संरचना निर्माण,
- सार्वजनिक संरचना तथा भवनहरु सुविधायुक्त, अपाङ्गता, वालवालिका तथा महिलामैत्री नहुनु,
- वजार क्षेत्रहरुमा हाटवजार, विश्रामस्थल, सार्वजनिक शौचालय, ढल तथा नालीहरुको व्यवस्था नहुनु,
- वडा कार्यालय जस्ता सार्वजनिक निर्माण, भवनहरुको मर्मत सम्भार नियमित नहुनु ।

#### मुख्य चुनौतिहरु

- भू-उपयोग योजना तथा जग्गाको वर्गिकरण कार्यान्वयन गर्नु,
- अव्यवस्थित वसोवासीहरुको लागि जग्गाधनी पूर्जाको वितरण गर्नु,
- वाढी तथा कटान डुवानजन्य जोखिम क्षेत्रका वस्तीहरुको सुरक्षित संरक्षण गर्नु,
- सार्वजनिक निर्माणमा सवैको सहज पहुँच अभिवृद्धि गर्नु,
- सार्वजनिक निर्माणको दिगो उपयोग र अपनत्व सिर्जना गर्नु ।

#### मुख्य सम्भावना तथा अवसरहरु

- जोखिमपूर्ण निर्माण सामग्रीबाट क्रमश जस्तापाता जस्ता हलुका तथा सुरक्षित निर्माण सामग्रीको प्रयोगमा वृद्धि,
- जग्गाको कित्ता नापीको अभियान संचालनमा रहेको र अव्यवस्थित वसोवासको समस्या समाधान हुने संभावना,
- भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार सार्वजनिक भवन तथा संरचना निर्माणको थालनी,
- विद्यालय, स्वास्थ्य संस्था, अस्पताल भवनहरु भूकम्पीय जोखिम प्रतिरोधी निर्माण हुनु,
- मनोरन्जन पार्क र वाल उद्यानहरु विस्तार हुँदै,
- सामुदायिक भवनहरु सवै वडाहरुमा निर्माण भएको,
- एकीकृत वस्ती विकास गर्न सकिने,
- प्रायः सवै वस्तीहरुमा आधारभूत भौतिक पूर्वाधारहरु सेवाहरु उपलव्ध भएको ।

### ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम आयोजना

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेका छन् :

**सोच :** सवैको पहुँच : सुरक्षित र व्यवस्थित आवास ।

**लक्ष्य :** व्यवस्थित आवास तथा वस्ती विकास भएको हुने ।

#### उद्देश्य

- सवै नागरिकलाई सुरक्षित तथा व्यवस्थित वसोवासको सुनिश्चित गर्नु,
- वजार उन्मुख क्षेत्रहरुमा शहरी पूर्वाधारहरुको विकास एवं वातावरणमैत्री, भूकम्प तथा प्रकोप प्रतिरोधात्मक भवन तथा पूर्वाधारहरु निर्माण गरी सहजता ल्याउनु ।

#### रणनीतिहरु

१. आवास, वस्ती बिकास तथा सार्वजनिक निर्माण सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने,
२. सुरक्षित र व्यवस्थित आवास तथा वस्ती बिकास गर्ने,
३. सुरक्षित तथा वहुउद्देश्यीय सार्वजनिक संरचना निर्माण गर्ने,
४. भुकम्पीय जोखिम प्रतिरोधी निर्माणकर्मीहरुको उत्पादन, क्षमता विकास अभियान संचलान गर्ने ।

## मुख्य कार्यक्रम तथा आयोजना

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा निम्न अनुसार सङ्केतीकरण गरिएको छ :

| | तालिका/ग्राफचित्र ४३<br>आवास तथा वस्ती विकास : कार्यक्रम तथा आयोजना | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क. स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत<br>रकम (रु. लाखमा) | | | | | | प्राथमिकता कम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
| | | कूल लागत | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | | |
| १. | ४ नं.वडा कार्यालय भवन निर्माण | १५० | ० | 0 | ८० | ७० | ० | २ | ११ | ३ | ३ |
| २. | सार्वजनिक शौचालय निर्माण (वडा १ देखि ५ सम्म) | १२५ | २५ | २५ | २५ | २५ | २५ | २ | ११ | २ | ३ |
| ३. | व्यवस्थित वस पार्क निर्माण (प्रतापुर हरैया) | ३०० | ५० | १०० | १०० | ५० | - | १ | ११ | ३ | ३ |
| ४. | भौतिक संरचना मर्मत संभार (वडा १ देखि ५ सम्म) | १०० | २० | २० | २० | २० | २० | १ | ११ | २ | ३ |
| ५. | हरैया, गरगरे वस्ती विकास परियोजना | | | | | | | २ | ११ | ३ | ३ |
| ६. | निर्माण व्यवसायी तथा डकर्मी तालीम | ४० | ८ | ८ | ८ | ८ | ८ | २ | ११ | ३ | ३ |
| ७. | भुकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालीम | १० | ५ | ५ | | | | २ | ७ | २ | ३ |
| ८. | कभड हल निर्माण वडा ३ मा | १५० | ५० | १०० | | | | २ | ११ | २ | ३ |
| ९. | प्रत्यके वडामा भएका १ मन्दिर छनौट गरी स्तरोन्नती | २५ | ५ | ५ | ५ | ५ | ५ | १ | ११ | २ | ३ |
| | **जम्मा** | ९०० | | | | | | | | | |

## घ) अपेक्षित उपलव्धि, जोखिम पक्ष तथा नतिजा खाका

### ➧ अपेक्षित उपलव्धि तथा जोखिम पक्ष

आवधिक योजनाको कार्यान्वयनवाट पालिका क्षेत्रभित्र वसपार्क, वडा कार्यालय, सार्वजनिक शौचालय, खेलकुद भवन, शहरी सेवा सुविधामा थप हुनेछ । भवनहरु निर्माणका लागि ठूलो वजेट रकमको आवश्यकता पर्ने हुँदा संघ र प्रदेशवाट निकासा नहुँदा सम्म सवै प्रकारका सार्वजनिक भवनहरु निर्माणमा समस्या आउन सक्छ । जसले गर्दा आयोजनाहरु अपूर्ण हुने जोखिम रहन्छ ।

- **नतिजा खाका**

| तालिका/ग्राफचित्र : ४४ आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण : नतिजा खाका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **नतिजाको तह** | **नतिजा सूचक** | **इकाई** | **आधार बर्ष २०७९/८० सम्म** | **लक्ष्य परिमाण** | | | | |
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| **प्रभाव** | दिगो, विपद उत्थानशील, वातावरणमैत्री विकसित आवास तथा बस्ती | प्रतिशत | १५ | २५ | ३० | ३५ | ४० | ४५ |
| **असर** | सुरक्षित तथा एकिकृत आवास तथा वस्ती विकास भएको | प्रतिशत | ४५ | ५० | ५५ | ६५ | ७० | ७५ |
| **प्रतिफल हरु** | आधारभूत भौतिक पूर्वाधारहरु पुगेका वस्ती | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | व्यवस्थित वसपार्क | संख्या | ० | १ | १ | १ | १ | १ |
| | सुरक्षित तथा प्रवर्द्धन गरिएका आवास, वस्ती | संख्या | ० | ० | १ | १ | १ | २ |
| | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन संरचनाहरु | प्रतिशत | २५ | ३० | ३५ | ४० | ४५ | ५० |
| | महिलामैत्री, वालमैत्री, अपाङगतामैत्री सार्वजनिक संरचना | प्रतिशत | २५ | ३० | ३५ | ४० | ४५ | ५० |

## ६.३ विद्युत तथा वैकल्पिक ऊर्जा

### क) पृष्ठभूमि

स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहलाई साना जलविद्युत आयोजनाहरु सञ्चालन गरी स्थानीय स्तरमा वितरण गर्न सक्ने अधिकार छ। एक मेगावाट सम्मको जलविद्युत आयोजनाका लागि नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन एवं नियमन गर्ने अधिकार स्थानीय तहमा निहित छ। त्यसैगरी वैकल्पिक ऊर्जा सम्वन्धी प्रविधिको विकास, हस्तान्तरण, क्षमता विकास र ऊर्जा प्रवर्द्धन गर्ने र यिनीहरुका लागि नीति तर्जुमा, कानुन वनाउने, मापदण्ड निर्धारण गर्ने, नियमन, अनुगमन गर्ने अधिकार पनि स्थानीय तहमा भएको विवरण स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख गरिएको छ।

### ख) वस्तुस्थिति विश्लेषण

**मुख्य समस्याहरु**

- न्यून संख्यामा विद्युत ट्रान्समिटर र क्षमताका कारण विद्युत सेवा अवरुद्ध हुँदै आएको,
- काठका पोललाई विस्तापित गरी स्टिल/सिमेण्टका पोलहरु नराखिनु,
- सडक वत्तीहरु नभएका कारण रातमा असुरक्षा वढ्दो,
- विद्युत आपूर्तिमा अनियमितता र अवरोध र

**मुख्य चुनौतिहरु**

- खाना पकाउने दाउराको प्रयोगमा कमि ल्याउनु,
- स्थानीय स्तरमा विद्युत खपतमा वृद्धि ल्याउनु,
- विद्युत महसुल अवैज्ञानिक र महगो दरमा रहनु।

**मुख्य सम्भावना तथा अवसरहरु**

- केन्द्रीय विद्युत लाइन प्रशारण सेवा उपलव्ध,

- विद्युत महसुलमा वहुदर प्रणाली कार्यान्वयन,
- अधिकांश घरहरुमा विद्युत सेवा उपलब्ध भएको,
- सडक वत्तीको जडान भएको (सीमित क्षेत्रमा),
- विद्युतीय चुलो (इण्डक्सन) प्रयोगमा वृद्धि ।

**ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम आयोजना**

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेका छन् :

**सोच :** भरपर्दो र पहुँचयोग्य विद्युत सेवा ।

**लक्ष्य :** सर्व सुलभ र गुणस्तरीय स्वच्छ उर्जाको अधिकतम उपयोग भई विद्युत खपतमा अभिवृद्धि भएको हुने ।

**उद्देश्य**

- विद्युत आपूर्तिलाई दिगो र भरपर्दो बनाउदै विद्युत खपतमा वृद्धि ल्याउनु,
- खाना पकाउने उर्जा तथा ग्रामीण विद्युतीकरणमा वैकल्पिक उर्जाको प्रयोग बढाउनु ।

**रणनीतिहरु**

१. वैकल्पिक ऊर्जा बिकास सम्बन्धी स्थानीय नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने,
२. ऊर्जालाई भरपर्दो र सुलभ बनाउने,
३. वैकल्पिक ऊर्जाको बिकास गर्ने,
४. विद्युत खपतमा अभिवृद्धि ल्याउने ।

**मुख्य कार्यक्रम तथा आयोजना**

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा निम्न अनुसार सङ्केतीकरण गरिएको छ :

**तालिका/ग्राफचित्र ४५**
**विद्युत तथा वैकल्पिक ऊर्जा : कार्यक्रम तथा आयोजना**

| क.स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | ०८० /८१ | ०८१ /८२ | ०८२/ ८३ | ०८३ /८४ | ०८४ /८५ | | | | |
| १. | काठको पोल विस्थापन कार्यक्रम (वडा १ देखि ५ सम्म) | ४२ | २.२५ | ६.२५ | १०.२५ | १२.५ | ११ | २ | ७ | ३ | १ |
| २. | विद्युत विस्तार कार्यक्रम (वडा १ देखि ५ सम्म) | १०० | २० | २० | २० | २० | २० | २ | ७ | ३ | १ |
| ३. | कम्तिमा २० वटा १०० केभिए क्षमताको ट्रान्सफर्मर जडान | १०० | २० | २० | २० | २० | २० | २ | ७ | ३ | १ |
| ४. | सडकमा स्मार्ट वत्ती व्यवस्था (वडा १ देखि ५ सम्म) | २५० | ४० | ६० | ५० | ६० | ४० | २ | ७ | ३ | १ |
| ५. | इन्डक्सन चुल्हो प्रवर्द्धन | २५ | ५ | ५ | ५ | ५ | ५ | २ | ७ | २ | २ |
| | **जम्मा** | **५१७** | | | | | | | | | |

### घ) अपेक्षित उपलव्धि, जोखिम पक्ष तथा नतिजा खाका

- **अपेक्षित उपलव्धि तथा जोखिम पक्ष**

आवधिक योजनाको कार्यान्वयनवाट सवै घरधुरीमा केन्द्रीय विद्युत प्रशारण लाइन मार्फत विद्युत पुगेको हुनेछ। विद्युतमा सहज पहुँच र नियमित उपलव्धताका लागि विद्युत खपतमा वृद्धि ल्याउन सक्नु चुनौतिपूर्ण देखिन्छ।

- **नतिजा खाका**

**तालिका/ग्राफचित्र : ४६**
**विद्युत तथा वैकल्पिक ऊर्जा : नतिजा खाका**

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| **प्रभाव** | वस्ती तथा घरपरिवारमा वैकल्पिक उर्जा समेतको सेवा उपलब्ध | प्रतिशत | | ५ | ७ | १० | १२ | १५ |
| **असर** | विद्युत सेवावाट लाभान्वित जनसंख्या | प्रतिशत | ९८ | ९९ | १०० | १०० | १०० | १०० |
| **प्रतिफल हरु** | केन्द्रीय विद्युत लाइन प्रसारणवाट लाभान्वित घरधुरी | प्रतिशत | ९८ | ९९ | १०० | १०० | १०० | १०० |
| | विद्युत सेवावाट लाभान्वित हुन नसकेका घरधुरी | संख्या | ०.२९ | ० | ० | ० | ० | ० |
| | सोलार प्रणालीमा आवद्ध घरघुरी | संख्या | ०.२९ | ० | ० | ० | ० | ० |
| | सुधारिएको उर्जा ( वायोग्यास, एलपि) प्रयोग गर्ने घरघुरी | प्रतिशत | १५.६९ | १६ | १८ | २० | २५ | ३० |

## ६.५ सूचना तथा सञ्चार प्रविधि

### क) पृष्ठभूमि

संघीय तथा प्रदेश कानुनको अधिनमा रही स्थानीय क्षेत्रभित्र इण्टरनेट सेवा, टेलिसेन्टर, केवुल तथा तारविहिन टेलिभिजन प्रशारणको अनुमति, नवीकरण र नियमन सम्वन्धी व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनमा गरिएको छ। सूचना तथा सञ्चार प्रविधिमा भएको द्रुततर विकासले विश्वलाई नै एकै स्थानमा ल्याएको छ र विकासको ढाँचामा नै परिवर्तन ल्याएको छ। सार्वजनिक सेवा प्रवाहहरु परम्परागत विधि र प्रक्रियावाट कमिक रुपमा डिजिटाइज् हुँदै आएका छन।

### ख) वस्तुस्थिति विश्लेषण

**समस्याहरु**

- विद्यालय, सार्वजनिक सेवा प्रदायक कार्यालयहरुमा आइसिटिको सहज पहुँच अपर्याप्त,
- सार्वजनिक स्थलहरुमा सिसिटिभि जडान अपर्याप्त,
- पालिकाको सम्भावित सेवाहरु अनलाइन हुन नसक्नु।

**चुनौतिहरु**

- फोन नेटवर्कको (टावर) गुणस्तर वृद्धि गर्नु,
- साइवर सेक्युरिटी नियन्त्रण गर्नु।

**सम्भावना तथा अवसरहरु**

- मोवाइल फोनको वढ्दो प्रयोग,
- इण्टरनेट, केवल टिभी प्रसारणमा निजी क्षेत्रको आकर्षण,

- स्थानीय स्तरवाट रेडियो एफएम, अनलाइन न्यूजहरु अपलोड,
- विद्यालयहरुमा आइसिटि जडान भएको,
- वडा लगायत गाउँपालिका कार्यालय एवं सार्वजनिक कार्यालयहरुमा इण्टरनेट सेवा उपलव्ध,
- विद्युतीय माध्यमवाट सेवा प्रवाह अभ्यासको थालनी ।

### ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम आयोजना

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेका छन् :

**सोच** : विकासको मूल आधार : सूचना र सञ्चार ।

**लक्ष्य :** सूचना तथा सञ्चार प्रविधिहरुमा स्थानीयहरुको सहज पहुँच अभिवृद्धि र गुणस्तरमा सुधार भएको हुने ।

**उद्देश्य**

सार्वजनिक स्थल, विद्यालय भवन र कार्यालयहरुमा सूचना तथा सञ्चारका आधुनिक प्रविधिहरुको विस्तारवाट सूचना तथा सञ्चारमा आमनागरिकहरुको सहज पहुँच अभिवृद्धि गर्नु ।

**रणनीतिहरु**

१. सूचना प्रविधि तथा सञ्चार क्षेत्र सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने,
२. सूचना तथा सञ्चार प्रविधि सेबालाई सरल र सुलभ बनाउने,
३. प्रभावकारी व्यवस्थापनका लागि आइसिटि प्रयोग गर्ने,
४. सूचनामा पहुँचमा अभिवृद्धि गर्ने ।

**मुख्य कार्यक्रम तथा आयोजना**

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा अनुसार निम्न अनुसार सङ्केतीकरण गरिएको छ :

**तालिका/ग्राफचित्र : ४७**
**सूचना तथा सञ्चार : कार्यक्रम तथा आयोजना**

| क.स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकत क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | | |
| १. | सूचना प्रविधिको एकिकृत केन्द्रिय संजाल निर्माण | ३०० | १०० | ५० | ५० | ५० | ५० | २ | १६ | ३ | ३ |
| २. | वडा कार्यालय एवं सार्वजनिक विद्यालय, सार्वजनिक स्थलमा सिसि क्यामरा जडान | १५० | ५० | २५ | २५ | २५ | २५ | २ | १६ | ३ | ३ |
| ३. | इन्टरनेट सुविधा | १०० | २० | २० | २० | २० | २० | २ | १६ | ३ | ३ |
| ४. | पालिका सेवाहरुलाई अनलाइन गर्ने | ७५ | १५ | १५ | १५ | १५ | १५ | २ | १६ | २ | ३ |
| ५. | मोवाइल एप्स सञ्चालन | ३० | १० | १० | १० | | | २ | १६ | ३ | ३ |
| ६. | राजस्व एवं नक्सापास अनलाइन गर्न सफ्टवेयर जडान | ३० | १० | १० | १० | | | २ | १६ | ३ | ३ |

| | तालिका/ग्राफचित्र : ४७<br>सूचना तथा सञ्चार : कार्यक्रम तथा आयोजना | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकत क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
| | | कूल लागत | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | | |
| ७. | सूचना प्रविधि सम्वन्धी सामग्री तथा तालिम | ३०० | १०० | ५० | ५० | ५० | ५० | २ | १६ | ३ | ३ |
| ८. | डिजिटल सूचना केन्द्रको विकास | १०० | २० | २० | २० | २० | २० | २ | १६ | ३ | ३ |
| | **जम्मा** | १०८५ | | | | | | | | | |

## घ) अपेक्षित उपलव्धि, जोखिम पक्ष तथा नतिजा खाका

### अपेक्षित उपलव्धि तथा जोखिम पक्ष

आवधिक योजनाको कार्यान्वयनवाट इण्टरनेट सेवा अधिकांश घरधुरीमा उपलव्ध हुन सक्नेछ। सार्वजनिक स्थल, विद्यालय एवं कार्यालयहरुमा निःशुल्क इण्टरनेट सेवा उपलव्ध भएको हुनेछ र सिसि क्यामरा जडान समेत भएको हुनेछ। यसका लागि निजी क्षेत्रसँगको सहकार्य जरुरी हुने गर्दछ, जुन त्यति सहज छैन।

### नतिजा खाका

| तालिका/ग्राफचित्र : ४८<br>सूचना तथा सञ्चार : नतिजा खाका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० सम्म | लक्ष्य परिमाण | | | | |
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८४ |
| **प्रभाव** | सूचनामा नागरिकहरुको पहुँच अभिवृद्धि | प्रतिशत | १५ | १८ | २० | २२ | २५ | २७ |
| **असर** | इण्टरनेट सेवामा पहुँच प्राप्त घरधुरी | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९५ | १०० |
| **प्रतिफलहरु** | सञ्चारका कुनै एक साधन उपलब्ध घरधुरी | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| | मोबाइल फोन प्रयोगकर्ता | प्रतिशत | ८५.०८ | ८७ | ९० | ९३ | ९५ | ९८ |
| | स्थानीय केवल नेटवर्क प्रदायक संस्था | संख्या | १ | १ | २ | २ | ३ | ३ |
| | निःशुल्क इन्टरनेट सेवा वाइफाई उपलव्ध भएका क्षेत्र | संख्या | – | १० | १० | १५ | १८ | २० |
| | विद्यालय लगायत सार्वजनिक भवन तथा कार्यालयहरुमा इन्टरनेट सेवा सुचारु | संख्या | १५ | १८ | २२ | २५ | २८ | ३० |
| | सार्वजनिक स्थल तथा कार्यालयहरुमा जडित सि.सि.क्यामेरा | संख्या | ० | १० | १० | १५ | १८ | २० |

आवधिक योजनाको अवधि अन्त सम्ममा पूर्वाधार विकास क्षेत्रमा कूल रु ७५ करोड खर्च हुने अनुमान गरिएको छ। यो अनुमान आवधिक योजना अवधिमा परिचालन हुने कूल लगानीको १८.६३ प्रतिशत रहेको छ।

# परिच्छेद - सात :
# बन, वातावरण तथा बिपद् व्यवस्थापन

## पृष्ठभूमि

वन, वातावरण तथा विपद् व्यवस्थापन स्थानीय विकासको विषय क्षेत्रमा अन्तरसम्वन्धित विधाको रुपमा लिइन्छ । यस विषय अन्तर्गत बन तथा जैविक विविधता, भू तथा जलाधार संरक्षण, वातावरण तथा स्वच्छता, विपद तथा जलवायु परिवर्तन अनुकूलनता जस्ता उपक्षेत्रहरु रहेको छ । यी उपक्षेत्रहरुको विद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सोको प्राप्तीका लागि अवलम्वन गरिने रणनीति विकास, प्रमुख कार्यक्रम तथा अनुमानित लागत सहित नतिजा खाका तर्जुमा गरिएको छ ।

## ७.१ बन तथा जैविक विविधता

### क) पृष्ठभूमि

वातावरण संरक्षण गर्ने, जैविक विविधता सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड वनाउने, योजना तर्जुमा गरी त्यसको कार्यान्वयन गर्ने, अनुगमन तथा नियमन गर्ने अधिकार स्थानीय तहलाई दिइएको छ । नेपाल सरकारले वन, जल तथा जैविक विविधतालाई सन्तुलन राख्नका लागि वातावरण संरक्षण ऐन र त्यसको कार्यान्वयनका लागि नियमावली निर्माण गरी स्थानीय तहलाई वातावरण संरक्षण सम्वन्धी योजना तर्जुमा गर्न सक्ने व्यवस्था समेत गरिएको छ । यसको संरक्षण, सम्वर्द्धन एवं प्रवर्द्धनवाट वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार, पर्यापर्यटन, जलविद्युत, स्वच्छ पर्यावरण, जडीवुटीमा आधारित उद्योग व्यवसायहरुको विकास र विस्तार भई समृद्धिका आधारशीलाहरु तयार हुने हुन्छ ।

### ख) वस्तुस्थिति विश्लेषण

**मुख्य समस्याहरु**

- पर्यावरणीय असन्तुलन,
- जलाधार क्षेत्रको संरक्षणमा कम चासो,
- वन डढेलो, डुवान, कटान, वाढी, भुकम्पीय जोखिम, आगलागी नियन्त्रणमा न्युन लगानी,
- वन जङ्गलको दिगो सदुपयोग गर्दै जीविकोपार्जनका लागि आयमूलक कार्यमा उपयोग गर्न नसक्नु,
- पूर्वाधार विकास र वन जङ्गल वीच सन्तुलन कायम हुन नसक्नु ।

**मुख्य चुनौतिहरु**

- वन तथा जैविक विविधताको संरक्षण गर्नु,
- पर्यावरणीय सन्तुलन कायम गर्नु,
- मानव र वन्यजन्तु वीचको द्वन्द्व न्यूनीकरण गर्नु,
- वन अतिक्रमण हुनवाट नियन्त्रण गर्नु ।

**मुख्य सम्भावना तथा अवसरहरु**

- सामुदायिक वन तथा साझेदारी उपभोक्ता समितिहरु क्रियाशील,
- गैरकाष्ठ वन पैदावरमा आधारित उद्योग, व्यवसाय सञ्चालन,
- वातावरणीय प्रभाव मूल्याङ्कन तथा परीक्षण गर्ने जस्ता कार्यहरु अभ्यासको क्रमिक विकास,
- कूल भूमिको करीव १८.८८ प्रतिशत क्षेत्र वनले ढाकेको,
- वन्यजन्तु, चराचुरुङ्गी, वनसम्पदा, जैविक विविधता सम्मिश्रण ।

### ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम आयोजना

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेका छन :

**सोच** : हरियाली वन तथा सन्तुलित वातावरण निर्माण ।

**लक्ष्य** : जनसहभागितालाई प्राथमिकता दिदै वन तथा जैविक विविधताको दिगो संरक्षण र सम्वर्द्धन भइ उपयोगको वातावरण निर्माण हुने ।

**उद्देश्य**

- काठ दाउरा घांसको आवश्यकता पूरा गर्न वनपैदावारको आपूर्ति सुनिश्चित गर्ने,
- वन क्षेत्रको विस्तार, जडीवुटी तथा वहुमूल्य प्रजातिको व्यवसायिक विस्तार एवं उद्यमशीलताको विकास गर्नु,
- वन्य जीवजन्तुहरुको संरक्षण एवं जैविक विविधताको दिगो संरक्षण गर्दै पारिस्थितिकीय प्रणाली कायम राख्नु ।

**रणनीतिहरु**

१ बन तथा जैविक विविधता सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने,
२. जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने,
३. बन पैदावरको दिगो उपयोग गर्ने ।

**मुख्य कार्यक्रम तथा आयोजना**

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा निम्न अनुसार सङ्केतीकरण गरिएको छ :

**तालिका/ग्राफचित्र : ४९**
**वन तथा जैविक विविधता : कार्यक्रम तथा आयोजना**

| क.स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता कम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | | |
| १. | सडक निर्माण गर्दा दुवै तर्फ वृक्षारोपण गर्ने नीति र EMP बनाई कार्यान्वयन गर्ने | ५ | १ | १ | १ | १ | १ | २ | १५ | २ | २ |
| २. | सामुदायिक, निजी तथा साझेदारीको व्यवस्थापन | १० | २ | २ | २ | २ | २ | २ | १५ | २ | २ |
| ३. | जनताको वन, जनताकै धन कार्यक्रम | ५ | १ | १ | १ | १ | १ | १ | १५ | २ | १ |
| ४. | कवुलियती वन विकास कार्यक्रम | ५ | १ | १ | १ | १ | १ | २ | १५ | २ | १ |
| ५. | हरित पार्क निर्माण | २५ | ५ | ५ | ५ | ५ | ५ | २ | १५ | २ | २ |
| ६. | कृषि वनको व्यावसायिक खेती प्रवर्द्धन | २५ | ५ | ५ | ५ | ५ | ५ | १ | १५ | २ | २ |
| ७. | समृद्धिका लागि वन परियोजना | १८५ | ३७ | ३७ | ३७ | ३७ | ३७ | | | | |
| | **जम्मा** | २६० | | | | | | | | | |

### घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष तथा नतिजा खाका

#### ➧ अपेक्षित उपलब्धि तथा जोखिम पक्ष

आवधिक योजनाको कार्यान्वयनवाट वन क्षेत्रमा हरियाली वढ्ने, जैविक विविधता संरक्षण भएको हुनेछ। वन्यजन्तुहरुको आहारा एवं वासस्थानको व्यवस्था भई वन्यजन्तुसँग हुँदै आएको द्वन्द्वमा न्यूनीकरण जस्ता क्षेत्रमा जोखिम तथा चुनौती देखिन्छ ।

**नतिजा खाका**

तालिका/ग्राफचित्र : ५०
वन तथा जैविक विविधता : नतिजा खाका

| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० सम्म | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| प्रभाव | संरक्षित तथा व्यवस्थित वन क्षेत्र | प्रतिशत | १८.८८ | १९ | १९ | १९ | १९ | १९ |
| असर | संरक्षण गरिएका लोपोन्मुख वनस्पति | संख्या | ० | १ | २ | ३ | ४ | ५ |
| प्रतिफल हरु | जैविक संरक्षणका लागि मिचाहा प्रजाति नियन्त्रण, वृक्षारोपण, अग्नी रेखा, झाडी सफाइ जस्ता कार्यहरु | संख्या | २ | ३ | ३ | ४ | ४ | ५ |
| | सामुदायिक वनले ओगटेको क्षेत्र | हेक्टर | १०३७ | १०३७ | १०३७ | १०३७ | १०३७ | १०३७ |
| | वन तथा जडीवुटीमा आधारित उद्योग | संख्या | – | २ | ५ | ५ | १० | १२ |
| | गैरकाष्ठ वन पैदावारको व्यावसायिक खेती | हेक्टर | – | ५ | ७ | १० | १२ | १५ |
| | वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा निर्माणजन्य तथा नदीजन्य पदार्थको उत्खनन | संख्या | १,२०,००० | १,२५,००० | १,२५,००० | १,३०,००० | १,३५,००० | १,३५,००० |

## ७.२ वातावरण स्वच्छता तथा फोहर व्यवस्थापन

### क) पृष्ठभूमि

संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ अन्तर्गत गाउँपालिकालाई स्थानीय स्तरमा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन, वातावरणीय जोखिम न्यूनीकरण गर्ने, न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास गर्ने, स्थानीय स्तरमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन गर्ने जस्ता अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई दिएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

**मुख्य समस्याहरु**

- सडक, चोक, वजार एवं सार्वजनिक क्षेत्रहरुमा सार्वजनिक शौचालय नहुनु,
- हरितपार्क, उद्यानहरुको प्रवर्द्धन हुन नसक्नु,
- फोहोरमैलाको सुरक्षित विसर्जन हुन नसक्नु ।

**मुख्य चुनौतिहरु**

- प्रदुषण नियन्त्रण गरी पर्यावरणीय स्वच्छता कायम गर्नु,
- जैविक तथा अजैविक फोहरको श्रोत वर्गिकरण गर्नु,
- फोहोर प्रशोधनको व्यवस्था गर्नु,

- फोहोर र वातावरण वीच सन्तुलन कायम राख्नु,
- खाना पकाउन दाउराको प्रयोगमा कम ल्याउनु ।

**मुख्य सम्भावना तथा अवसरहरु**

- वजार, चोक, गल्लीहरुमा फोहोर सङ्कलनका प्रयासहरु भएको,
- एकघर एकचर्पीको व्यवस्था, खुल्ला दिसामुक्त क्षेत्र घोषणा,
- वजार क्षेत्रमा ढल निकासको शुरुवात (सीमित क्षेत्रमा),
- एल.पी.ग्याँसको प्रयोगमा वृद्धि,
- धुवाँरहित सुधारिएको चुल्होको प्रयोगको अभ्यास,
- स्वच्छ हावापानी, धुँवा, धूलो, ध्वनि प्रदुषणमुक्त,
- खुल्ला एवं ग्रामीण हरियाली क्षेत्र,
- घर आँगन, वजार क्षेत्र नियमित सफाई गर्ने अभ्यास ।

**ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम आयोजना**

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेका छन् :

**सोच :** स्वच्छ एवं सन्तुलित पर्यावरण ।

**लक्ष्य :** फोहरमैला व्यवस्थापन र हरियाली प्रर्वद्धन गरी वातावरणीय प्रदुषण न्यूनीकरण र पर्यावरणीय सन्तुलन कायम भएको हुने ।

**उद्देश्य**

- वातावरण प्रदुषणका उपायहरु अवलम्वनवाट स्वच्छ वातावरण कायम राख्नु,
- घर, आँगन, वजार क्षेत्रका फोहोरमैलालाई व्यवस्थित तवरले सङ्कलन, प्रशोधन, न्यूनीकरण एवं सुरक्षित विसर्जन गर्नु ।

**रणनीतिहरु**

१. वातावरण तथा जलवायु अनुकुलन सम्बन्धी स्थानीय नीति, योजना कार्यान्वयन गर्ने,
२. वातावरण संरक्षण तथा स्वच्छता व्यवस्थापन,
३. फोहरमैलाबाट उर्जा उत्पादन गर्न प्रोत्साहन,
४. नदिजन्य स्वच्छता कायम राख्न प्रदुषित ढल, फोहर नदिमा मिसाउने काममा नियन्त्रण ।

**मुख्य कार्यक्रम तथा आयोजना**

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा निम्न अनुसार सङ्केतीकरण गरिएको छ :

**तालिका/ग्राफचित्र : ५१**
**वातावरण तथा स्वच्छता : कार्यक्रम तथा आयोजना**

| क्र.स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल लगानी | ०८० /८१ | ०८१ /८२ | ०८२ /८३ | ०८३ /८४ | ०८४ /८५ | | | | |
| १. | हाम्रो कन्चन, सफा कन्चन अभियान | ५ | १ | १ | १ | १ | १ | १ | १३ | २ | १ |

| | तालिका/ग्राफचित्र : ५१<br>वातावरण तथा स्वच्छता : कार्यक्रम तथा आयोजना | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क. स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत<br>रकम (रु. लाखमा) | | | | | | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
| | | कूल लगानी | ०८० /८१ | ०८१ /८२ | ०८२ /८३ | ०८३ /८४ | ०८४ /८५ | | | | |
| २. | नविकरणीय उर्जा (वायो ग्याँस, सुधारिएको चुलो, सौर्य उर्जा) प्रर्वद्धन | १०० | २० | २० | २० | २० | २० | १ | १३ | २ | १ |
| ३. | पूर्ण सरसफाईयुक्त गाउँपालिका अभियानका लागि सार्वजनिक शौचालय | ५० | १० | १० | १० | १० | १० | १ | १३ | २ | १ |
| ४. | घरपालुवा पशु व्यवस्थापन | ५० | १० | १० | १० | १० | १० | ३ | १३ | २ | १ |
| ५. | जैविक अजैविक फोहोर श्रोत वर्गीकरणका लागि डष्टविन कार्यक्रम | ५० | १० | १० | १० | १० | १० | १ | १३ | २ | १ |
| ६. | ल्याण्डफिल साइट संभाव्यता अध्ययन तथा कार्यविधि तर्जुमा कार्यक्रम | १०० | २० | २० | २० | २० | २० | १ | १३ | २ | १ |
| ७. | फोहोर न्यूनीकरण सचेतना कार्यक्रम | २५ | ५ | ५ | ५ | ५ | ५ | २ | १२ | २ | २ |
| ८. | फोहोर संकलन तथा प्रशोधन | ७५ | १५ | १५ | १५ | १५ | १५ | १ | १२ | २ | १ |
| | **जम्मा** | ४५५ | | | | | | | | | |

## घ) अपेक्षित उपलव्धि, जोखिम पक्ष तथा नजिता खाका

### ➧ अपेक्षित उपलव्धि तथा जोखिम पक्ष

आवधिक योजनाको कार्यान्वयनवाट श्रोतमै फाहोरलाई जैविक र अजैविकमा वर्गीकरण गरी सङ्कलन हुनेछ र एक निश्चित क्षेत्रमा फोहोर विसर्जन हुनेछ। त्यसैगरी खाना पकाउनका लागि दाउरा वाल्ने अभ्यासमा करीव ५० प्रतिशतले न्यूनीकरण भई विद्युतीय चुल्हो प्रयोगमा आएको हुनेछ। भरपर्दो र उपयुक्त प्रविधि नहुँदा नहुँदै ग्याँस तथा दाउरा वाल्ने अभ्यासमा न्यूनीकरण ल्याउने पक्ष आफैमा जोखिमपूर्ण देखिन्छ।

### ➧ नतिजा खाका

| तालिका/ग्राफचित्र : ५२<br>वातावरण तथा स्वच्छता : नतिजा खाका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | |
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| **प्रभाव** | वातावरण स्वच्छ, सफा र हरियाली क्षेत्रमा थप वृद्धि | प्रतिशत | - | ५ | ७ | ९ | १० | १२ |
| **असर** | वृक्षारोपण भएको थप क्षेत्र | प्रतिशत | ३ | ५ | ६ | ७ | ८ | ८ |
| **प्रतिफल हरु** | प्रयोगमा आएको फोहोर व्यवस्थापन प्रणाली | संख्या | ० | १ | १ | २ | ३ | ३ |
| | फोहोरलाई सुरक्षित विसर्जन गर्नेको घरपरिवार | संख्या | ५०० | ५५० | ६०० | ६५० | ७०० | ७५० |

| तालिका/ग्राफचित्र : ५२<br>वातावरण तथा स्वच्छता : नतिजा खाका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | |
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| | निष्काशित फोहोरको औषत वार्षिक परिमाण | मे.टन | १८२ | २०० | २२५ | २५० | २६० | २७५ |
| | व्यवस्थित ढल निकास भएको वस्तीहरु | संख्या | १० | १२ | १४ | १५ | १५ | १५ |
| | परम्परागत उर्जा (दाउरा) प्रयोग गर्ने घरधुरी | प्रतिशत | ८० | ७० | ६५ | ६० | ५५ | ५० |
| | घरभित्रको धुवाँमुक्त घरधुरी ( सुधारिएको चुल्हो) | प्रतिशत | २० | २२ | २५ | २८ | ३० | ३५ |
| | सञ्चालनमा रहेको पार्कको संख्या | संख्या | ४ | ४ | ५ | ५ | ६ | ६ |

## ७.३ भू तथा जलाधार व्यवस्थापन

### क) पृष्ठिभूमि

यस उपक्षेत्र अन्तर्गत भू तथा जलाधार क्षेत्र, पानी मुहानहरुको संरक्षण गर्ने, त्यसका लागि स्थानीय नीति, कानुन, मापदण्ड वनाउने र जलाधार संरक्षण सम्वन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, अनुगमन एवं नियमन गर्ने अधिकार स्थानीय सरकारलाई दिइएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार क्षेत्रभित्र रही स्थानीय तहले भू संरक्षण एवं जलाधार व्यवस्थापन गर्न सक्ने व्यवस्था गरेको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

**मुख्य समस्याहरु**

- नदि प्रणालीको संरक्षण तथा उपयोग व्यवस्थित हुन नसक्नु,
- वर्षातको समयमा खानेपानी श्रोतको संरक्षण गर्न कठिनाई,
- नदीखोलाहरुमा आवश्यकताको आधारमा तटवन्ध निर्माण हुन नसक्नु,
- भूक्षय नियन्त्रण तथा संरक्षणका लागि पर्याप्त कार्यक्रमको सञ्चालन नहुनु ।

**मुख्य चुनौतिहरु**

- नदि प्रणालीको संरक्षणमा सरोकारवालाहरुको न्युन सहभागिता,
- सम्वेदनशील क्षेत्रहरुको व्यवस्थापन तथा वस्तीहरुको संरक्षण गर्नु,
- जलाधार तथा पानीमुहानले धार परिवर्तन गर्दा दिगो संरक्षण गर्न कठिनाई,
- डढेलो, वाढी, डुवान, कटान तथा भूक्षयको नियन्त्रण तथा क्षति कम गर्नु ।

**मुख्य सम्भावना तथा अवसरहरु**

- अव्यवस्थित वसोवासी सम्वन्धी समस्या समाधानको चरणमा पुग्नु,
- खाली पर्ती ऐलानी जमिनमा वृक्षारोपणको शुरुवात,
- सडक नाला, ड्रेनवाल, रिटेनिङ्ग वाल, गाविन वाल आदि निर्माणवाट कटान नियन्त्रणको प्रयास भएको,
- कञ्चन तथा कोठी नदि, दानापुर तथा लौसा ताल सिमसार क्षेत्र,
- पानी मुहान, ताल तलैया, पोखरी तथा सीमासार क्षेत्रहरु भएको ।

### ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम आयोजना

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेका छन् :

**सोच** : भू तथा जलाधार क्षेत्रको दिगो संरक्षण र सम्वर्द्धन ।

**लक्ष्य :** भूसंरक्षण एवं जलश्रोतको दिगो उपयोगवाट जीवन स्तरमा सुधार ल्याउन सहयोग पुगेको हुने ।

**उद्देश्य**

- वाढी, डुवान, कटान जोखिम तथा संवेदनशील क्षेत्रहरुमा वायो इन्जिनियरिङ एवं वृक्षारोपण गर्दै नदी, खोला, ताल तलैया सीमसार क्षेत्र पानी मुहानहरुको संरक्षणवाट भू-क्षय नियन्त्रण एवं जल श्रोतहरुको व्यवस्थापन एवं दिगो उपयोग गर्नु ।

**रणनीतिहरु**

१. भू-संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी स्थानीय नीति, योजना कार्यान्वयन गर्ने,
२. भू-क्षय, नदि कटान, डुवान नियन्त्रण गर्ने,
३. जलाधार क्षेत्रको संरक्षण एवं उपयोग गर्ने ।

**मुख्य कार्यक्रम तथा आयोजना**

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा निम्न अनुसार सङ्केतीकरण गरिएको छ :

**तालिका/ग्राफचित्र : ५३**
**भू तथा जलाधार व्यवस्थापन : कार्यक्रम तथा आयोजना**

| क. स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | | |
| १. | तालतलैयाको वैज्ञानिक व्यवस्थापन कार्यक्रम | २० | ४ | ४ | ४ | ४ | ४ | १ | १५ | ३ | १ |
| २. | तालतलैया क्षेत्रमा भएको मिचाहा प्रजाती नियन्त्रण कार्यक्रम | ५ | १ | १ | १ | १ | १ | १ | १५ | ३ | १ |
| ३. | जलाधार क्षेत्रमा सरसफाई अभियान | ५ | १ | १ | १ | १ | १ | २ | १५ | ३ | १ |
| ४. | भूक्षयको नक्साकन सहित दिगो व्यवसथापन कार्यक्रम | ५ | १ | १ | १ | १ | १ | २ | १५ | ३ | १ |
| ५. | जलाधार एवं सिमसार क्षेत्र संरक्षण | ५० | १० | १० | १० | १० | १० | २ | १५ | ३ | १ |
| ६. | पानीको शुद्धीकरण कार्यक्रम | ५ | १ | १ | १ | १ | १ | | | | |
| ७. | खोला नदी किनारा वृक्षारोपण | ७५ | १५ | १५ | १५ | १५ | १५ | २ | १५ | ३ | १ |
| | **जम्मा** | **१६५** | | | | | | | | | |

### घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष तथा नतिजा खाका

- **अपेक्षित उपलब्धि तथा जोखिम पक्ष**

आवधिक योजना कार्यान्वयनवाट भू-क्षय, नदि कटान तथा डुवानमा केही नियन्त्रण भएको हुनेछ । त्यसैगरी सिमसार क्षेत्र, तालपोखरी संरक्षित भएको हुने र खोलाहरुमा तटवन्ध निर्माण भई नियन्त्रण भएको हुनेछ । वातावरणीय पक्षहरुको मूल्याङ्कन एवं परीक्षण नगरी सडक पूर्वाधारहरु निर्माण हुनु यसका प्रमुख जोखिम पक्षहरु हुन ।

- **नतिजा खाका**

| तालिका/ग्राफचित्र : ५४<br>भू तथा जलाधार व्यवस्थापन : नतिजा खाका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **नतिजाको तह** | **नतिजा सूचक** | **इकाई** | **आधार बर्ष ०७९/८०** | **लक्ष्य परिमाण** | | | | |
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| **प्रभाव** | भू-क्षय र बाढी पहिरोवाट संरक्षित संवेदनशील क्षेत्र | संख्या | ५ | ४ | ३ | २ | १ | ० |
| **असर** | पानी सुक्न वा पुरिनवाट जोगिएका ताल पोखरी, एवं कुवाहरु | संख्या | ८ | ८ | ९ | १० | ११ | १२ |
| **प्रतिफल हरु** | संरक्षित पानी मुहान क्षेत्र | संख्या | ६ | ७ | ८ | ९ | १० | ११ |
| | वायोइञ्जिनियरिङ प्रविधि प्रयोग संरचनाको लम्बाइ | किमि | – | २ | ४ | ६ | ८ | १० |
| | जलउत्पन्न प्रकोपवाट प्रभावित घरधुरी | संख्या | १५० | १३५ | १२० | १०५ | ८० | ५० |
| | संरक्षित र व्यवस्थित तालतलैया, सिमसार | संख्या | ४ | ४ | – | – | – | – |
| | जलाधार संरक्षण | संख्या | ० | ५ | – | – | – | – |

## ७.४ विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन

### क) पृष्ठभूमि

विषम भू-वनौट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता, जलवायु परिवर्तन जस्ता विविध कारणवाट देशमा प्राकृतिक प्रकोपहरुवाट ठूलो परिमाणमा क्षति हुँदै आएको छ । वाढी, पहिरो, भू-स्खलन, डुवान, हिमपहिरो, खडेरी, अतिवृष्टि, अनावृष्टि जस्ता पक्षहरु विपद् तथा जलवायु परिवर्तनका सङ्केतहरु हुन । भू-कम्पीय जोखिमको आधारमा नेपाल एक सम्वेदनशील क्षेत्रमा पर्दछ । स्थानीय सरकारले विपद् व्यवस्थापनका लागि नीति, कानुन, मापदण्डहरु निर्माण गर्न सक्ने अधिकार रहेको छ । यस सम्वन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, अनुगमन एवं नियमन गर्ने जिम्मेवारी पनि स्थानीय तहमा निहित छ । जोखिम वस्तीहरु पहिचान गर्ने, नक्साङ्कन गर्ने, वस्ती स्थानान्तरण गर्ने, नदी पहिरो नियन्त्रण गर्ने, त्यसको व्यवस्थापन गर्ने, नदी तटवन्ध निर्माण गर्ने कार्यहरु पनि स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ । खासगरी विपद पूर्व तयारी, न्यूनीकरण गर्ने सम्वन्धी, विपद् पश्चातको पुनर्निर्माण तथा पुनर्स्थापना, आपतकालीन उद्धार, राहत एवं सुरक्षित वासस्थानको व्यवस्था स्थानीय स्तरमा गर्नुपर्ने व्यवस्था पनि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गरिएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

**मुख्य समस्याहरु**

- गाउँपालिका क्षेत्रमा आउन सक्ने विपद जोखिमको पूर्व आकलन, पूर्व तयारी, आपतकालीन उद्धारका लागि तालिम प्राप्त स्वयंसेवक, राहत सामाग्रीहरुको प्रयाप्त व्यवस्था नहुनु,
- विपद पीडितहरुका लागि राहत, खुल्ला क्षेत्र एवं सुरक्षित वासका लागि सुरक्षित र संरक्षित क्षेत्रको पूर्व पहिचान र तयारीको कमी,
- संवेदनशील क्षेत्रको नक्सांकन र संरक्षण सम्वन्धी कार्यकमको अभाव ।

**मुख्य चुनौतिहरु**

- पूर्व तयारी तथा उद्धार राहतमा लगानी वढाउनु,

- भौतिक एवं मानवीय क्षति न्यूनीकरण तथा पीडितहरुलाई तत्काल उद्धार गर्नु,
- कृषि उपजहरुलाई जलवायु परिवर्तन अनुकुलन वनाउनु ।

**मुख्य सम्भावना तथा अवसरहरु**

- विपद् जोखिम पूर्व तयारी, उद्धार, राहतका लागि सामान्य तयारीको अवस्था,
- विपद् व्यवस्थापन कोष तथा समुदायमा आधारित विपद व्यवस्थापन समिति क्रियाशील,
- पालिकामा एम्वुलेन्सको व्यवस्था,
- सार्वजनिक भवन तथा निजी घरहरु भूकम्प प्रतिरोधी हुँदै,
- जलवायु परिवर्तन अनुकूलन सम्वन्धी जनचेतना अभिवृद्धि कार्यक्रमहरु हुँदै आएको,
- विपद् व्यवस्थापनका लागि जिल्ला स्तरीय रेडक्रस, सुरक्षा निकाय तथा चौकीहरु कर्यरत,
- विपद् व्यवस्थापनका लागि स्थानीय संघ संस्थाहरु क्रियाशील ।

**ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम आयोजना**

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेका छन् :

**सोच :** सुरक्षित, विपद् उत्थानशील र जलवायु अनुकुलित गाउँपालिका ।

**लक्ष्य :** विपद तथा महामारीवाट हुने घनजनको क्षति न्यूनीकरण भएको हुने ।

**उद्देश्य**

जलवायु परिवर्तन अनुकूलनका उपायहरु अवलम्वन गर्दै प्रतिरोधात्मक भौतिक संरचनाहरु निर्माण र आपतकालीन उद्धार व्यवस्थावाट मानवीय तथा भौतिक सम्पत्तिहरुको क्षति न्यूनीकरण गर्नु ।

**रणनीतिहरु**

१. विपद व्यवस्थापन सम्बन्धी नीति, योजना कार्यान्वयन गर्ने,
२. विपद व्यवस्थापन पूर्वतयारी सुदृढीकरण गर्ने,
३. विपद जोखिमपूर्ण अवस्थामा रहेका व्यक्ति, परिवार वस्ती पहिचान,
४. जोखिमवाट क्षति न्यूनीकरण गर्ने,
५. जलवायु परिवर्तन अनुकुलन गर्ने ।

**मुख्य कार्यक्रम तथा आयोजना**

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा निम्न अनुसार सङ्केतीकरण गरिएको छ :

**तालिका/ग्राफचित्र : ५५**
**विपद व्यवस्थापन : कार्यक्रम तथा आयोजना**

| क. स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | ०८० /८१ | ०८१ /८२ | ०८२ /८३ | ०८३ /८४ | ०८४ /८५ | | | | |
| १. | जलवायु अनुकुलनका लागि पोखरी, ताल,सिमसार क्षेत्रको संरक्षण | १० | २ | २ | २ | २ | २ | २ | १३ | २ | २ |
| २. | विपद् प्रतिकार्यका लागि सरोकारवालाहरुसँग सहकार्य | ५ | १ | १ | १ | १ | १ | ३ | १३ | २ | २ |

| | तालिका/ग्राफचित्र : ५५<br>विपद व्यवस्थापन : कार्यक्रम तथा आयोजना | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क. स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
| | | कूल लागत | ०८० /८१ | ०८१ /८२ | ०८२ /८३ | ०८३ /८४ | ०८४ /८५ | | | | |
| ३. | विपद् पूर्वतयारी, खोज उद्धार, राहत सामाग्री व्यवस्थापन कार्यक्रम | ५ | १ | १ | १ | १ | १ | १ | १३ | २ | २ |
| ४. | कार्वन उत्सर्जन न्युनिकरण कार्यक्रम | ५ | १ | १ | १ | १ | १ | १ | १३ | २ | २ |
| ५. | रक्त संचार केन्द्रको निर्माण | ३० | १० | ५ | ५ | ५ | ५ | | | | |
| ६. | विपद् उद्धार स्वयंसेविका टोली गठन, प्रशिक्षण | ५ | १ | १ | १ | १ | १ | | | | |
| ७. | विपद उद्धार सामग्री, औजार उपकरणको व्यवस्था | १० | ६ | १ | १ | १ | १ | | | | |
| ८. | विपद पुर्नस्थापना केन्द्र सेफ हाउस निर्माण | १५ | १० | २ | १ | १ | १ | | | | |
| ९. | खुल्ला क्षेत्र संरक्षण | ५ | १ | १ | १ | १ | १ | | | | |
| १०. | विपद व्यवस्थापन जनचेतना कार्यक्रम | ५ | १ | १ | १ | १ | १ | | | | |
| ११. | वडाहरुमा पानी पोखरी तथा हेलीप्याड निर्माण | १० | ६ | १ | १ | १ | १ | | | | |
| १२. | विपद जोखिम क्षेत्र नक्साङ्कन | ५ | १ | १ | १ | १ | १ | | | | |
| १३. | विपद् पूर्व सूचना उपकरण जडान | ५ | १ | १ | १ | १ | १ | | | | |
| | **जम्मा** | ९५ | | | | | | | | | |

## घ) अपेक्षित उपलब्धि, जोखिम पक्ष तथा नतिजा खाका

### ➧ अपेक्षित उपलब्धि तथा जोखिम पक्ष

आवधिक योजना कार्यान्वयनवाट विपद् प्रतिरोधात्मक भौतिक संरचनाहरु उल्लेखनीय मात्रामा निर्माण भएको हुनेछ र हुन सक्ने क्षति न्यूनीकरण भएको हुनेछ । यसका लागि जनचेतना कार्यक्रम, आपतकालीन उद्धार कार्यक्रम, उद्धारटोली तयार, खुल्ला क्षेत्रहरुको व्यवस्था र राहत एवं आपतकालीन उपचारको व्यवस्था समेत भएको हुनेछ ।

### नतिजा खाका

| तालिका/ग्राफचित्र : ५६<br>विपद व्यवस्थापन : नतिजा खाका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नतिजाको तह | नतिजा सूचक | इकाइ | आधार बर्ष ०७९/८० | लक्ष्य परिमाण | | | | |
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| **प्रभाव** | विपद घटनावाट हुँदै आएको मानवीय एवं सवै प्रकारको क्षतिमा भएको न्यूनीकरण | प्रतिशत | | ५ | ८ | १० | १२ | १५ |
| **असर** | विपद प्रतिरोधात्मक भौतिक संरचनाहरु | प्रतिशत | २५ | ५० | ६० | ७० | ७५ | ८० |

| तालिका/ग्राफचित्र : ५६<br>विपद व्यवस्थापन : नतिजा खाका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नतिजाको तह | नतिजा सूचक | इकाइ | आधार बर्ष ०७९/८० | लक्ष्य परिमाण | | | | |
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| प्रतिफलहरु | विपदको समयमा आश्रय लिन सकिने सुरक्षित खुल्ला स्थान | संख्या | खुल्ला स्थान छ तर निश्चित छैन | १ | २ | ३ | ४ | ५ |
| | आपतकालीन उद्धार गर्न तालिम प्राप्त स्वयंसेवक | संख्या | – | २५ | ३० | ४० | ५० | ५० |
| | विपद पूर्वतयारी तथा प्रतिकार्य समिति गठन भएका वडाहरु | संख्या | – | १ | ३ | ५ | ५ | ५ |
| | विपद व्यवस्थापन सम्वन्धी जनचेतना मूलक कार्यक्रम | संख्या | – | ५ | ५ | १० | १० | १० |
| | आपतकालीन उद्धारका लागि एम्वुलेन्स व्यवस्था | संख्या | १ | २ | २ | २ | ३ | ३ |
| | जलवायु परिवर्तन न्यूनीकरण सम्वन्धी सचेतना लगायतका कार्यक्रम सञ्चालन | संख्या | – | २ | ४ | ६ | ८ | १० |

आवधिक योजनाको अवधि अन्त सम्ममा वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा कूल रु ९ करोड ७५ लाख खर्च हुने अनुमान गरिएको छ। यो अनुमान आवधिक योजना अवधिमा परिचालन हुने कूल श्रोतको २.४२ प्रतिशत रहेको छ।

# परिच्छेद - आठ :
# सुशासन तथा संस्थागत विकास

## पृष्ठभूमि

सुशासन तथा संस्थागत विकास पनि विकासको लागि अन्य विषय क्षेत्रसंग अन्तरसम्वन्धित विधा हो । यस अन्तर्गत सुशासन, ऐन, नियम, कानुन तथा जवाफदेहिता, वित्तीय श्रोत परिचालन, मानव संशाधन तथा संस्थागत विकास र योजना व्यवस्थापन जस्ता क्षेत्रहरु पर्दछन । यी उपक्षेत्रहरुमा विद्यमान अवस्था, समस्या तथा चुनौतिहरुको विश्लेषण गरी आगामी ५ वर्षका लागि उद्देश्य निर्धारण, लक्ष्य परिमाण र सो प्राप्तीका लागि अवलम्वन गरिने रणनीति विकास गरी प्रमुख कार्यक्रमहरु र अनुमानित लागत सहितको योजना तर्जुमा गरिएको छ ।

## ८.१ सुशासन ऐन, कानुन र जवाफदेहिता

### क) पृष्ठभूमि

स्थानीय सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शि, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक वनाउने जिम्मेवारी स्थानीय तहको क्षेत्रभित्र रहेको छ । सेवा प्रवाहलाई सरल ढङ्गवाट सम्पादन गर्ने, सहज पहुँच अभिवृद्धि ल्याउने जिम्मेवारी पनि स्थानीय तहकै हुने गर्दछ । यसका लागि ऐन, कानुन, मापदण्डहरु निर्माण गर्ने, कार्यान्वयन एवं अनुगमन तथा नियमन गर्ने अधिकार पनि स्थानीय तहमा निहित छ ।

### ख) वस्तुस्थिति विश्लेषण

**मुख्य समस्याहरु**

- एकल अधिकारक्षेत्रसँग सम्वन्धित ऐन, कानून निर्माणको चरणमा सरोकारवाला, स्थानीय संघ संस्था तथा नागरिक समाजहरुसँग छलफल तथा अन्तरक्रियाको कमि,
- गाउँपालिकाबाट तर्जुमा भएका ऐन कानूनका वारेमा जनमानसमा प्रचार प्रसारको कमी,
- गाउँपालिकाको सेवा प्रवाहमा सूचना प्रविधिको उपयोगमा प्रयाप्त ध्यान दिन नसकिनु,
- पालिकाबाट प्रवाह गरिने सेवाको पहुच र सन्तुष्टि मापन उत्साहप्रद नदेखिनु,
- कार्यसम्पादन करार सम्झौताको प्रभावकारी कार्यान्वयनमा कठिनाइ,
- नागरिक समाज तथा समुदायमा आधारित संस्थाहरुको क्षमता विकास कार्यक्रमहरुमा न्युन लगानी ।

**मुख्य चुनौतिहरु**

- सवै सार्वजनिक निकाय तथा संघ संस्थाहरुको सेवा प्रवाहमा पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिता विकास गर्नु,
- सुशासनयुक्त समाज तथा संस्कार विकास गर्नु ।

**मुख्य सम्भावना तथा अवसरहरु**

- स्थानीय संघ, संस्था, नागरिक समाज, गैसस, टोल विकास संस्था, सामुदायिक संस्थाहरु क्रियाशील,
- स्थानीय सरोकारवालाहरु, विपक्षीय लगायत राजनीतिक दलहरु रचनात्मक, सहयोगी,
- ऐन नियम तथा कार्यविधिहरु ३६ वटा वनाई कार्यान्वयनमा,
- सार्वजनिक उत्तरदायित्वका औजारहरु प्रयोगमा,
- वेवसाइटमा वार्षिक योजना पुस्तिका, पालिकाको वार्षिक आयव्यय सार्वजनिक हुने गरेको,
- सुनासो सुनुवाइ तथा फछ्र्यौट हुँदै आएको,
- नागरिक सहायता कक्ष सञ्चालनबाट ठूलो संख्यामा लाभान्वित ।

## ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम आयोजना

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेका छन् :

**सोच :** सुशासन, पारदर्शिता, जवाफदेही तथा उत्तरदायी गाउँपालिका ।

**लक्ष्य :** सुशासन प्रवर्द्धन तथा प्रत्याभूति भएको हुने ।

### उद्देश्य

स्थानीय ऐन, नियम तथा मापदण्डहरुको निर्माण तथा कार्यान्वयनमा स्थानीय सवै सरोकारवालाहरुको सहभागिता र सामाजिक जवाफदेहिताका औजारहरुको अभ्यासवाट सार्वजनिक सेवा प्रवाहमा सुशासन अभिवृद्धि गर्नु ।

### रणनीतिहरु

१. सुशासन तथा जवाफदेहिता प्रवर्द्धन सम्बन्धी नीति, योजना र कार्यान्वयन गर्ने,
२. सुशासन तथा जवाफदेहिता प्रवर्द्धन गर्ने,
३. सवै सरोकारवालाहरुको अर्थपूर्ण सहभागिता प्रर्वद्धन गर्ने ।

### मुख्य कार्यक्रम तथा आयोजना

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा निम्न अनुसार सङ्केतीकरण गरिएको छ :

| | तालिका/ग्राफचित्र : ५७<br>सुशासन, ऐन कानुन तथा जवाफदेहिता : कार्यक्रम तथा आयोजना | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
| | | कूल लागत | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | | |
| १. | ऐन, नियम, कार्यविधि, मापदण्ड तर्जुमा, प्रवलीकरण र प्रकाशन | २५ | ५ | ५ | ५ | ५ | ५ | १ | १६ | २ | ३ |
| २. | स्थानीय सरकार शासकीय सुधार तथा व्यवस्थापन परिक्षण कार्यक्रम | २५ | ५ | ५ | ५ | ५ | ५ | १ | १६ | २ | ३ |
| ३. | विवाद, मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप कार्यक्रम | ४० | १० | १० | १० | १० | ० | २ | १६ | २ | ३ |
| ४. | सुशासन तथा जवाफदेहिता प्रवर्द्धन कार्यक्रम | २० | ४ | ४ | ४ | ४ | ४ | ४ | १६ | २ | ३ |
| ५. | कर्मचारी प्रोत्साहन कार्यक्रम | ८० | १६ | १६ | १६ | १६ | १६ | २ | १६ | २ | ३ |
| ६. | जनप्रतिनिधि तथा कर्मचारी क्षमता अभिबृद्धि कार्यक्रम | ५० | १० | १० | १० | १० | १० | २ | १६ | २ | ३ |
| ७. | टोल विकास संस्था गठन, परिचालन, युवा | २० | ५ | ५ | ५ | ५ | 0 | २ | १६ | २ | ३ |

| | तालिका/ग्राफचित्र : ५७<br>सुशासन, ऐन कानुन तथा जवाफदेहिता : कार्यक्रम तथा आयोजना | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
| | | कूल लागत | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | | |
| | क्लव गठन परिचालन कार्यक्रम | | | | | | | | | | |
| ८. | स्वतः प्रकाशन तथा वेवसाइट अद्यावधिक | १० | २ | २ | २ | २ | २ | २ | १६ | ३ | ३ |
| | **जम्मा** | २७० | | | | | | | | | |

## घ) अपेक्षित उपलव्धि, जोखिम पक्ष तथा नतिजा खाका

### ➧ अपेक्षित उपलव्धि तथा जोखिम पक्ष

आवधिक योजनाको कार्यान्वयनवाट सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयनवाट सुशासनको प्रवर्द्धन भएको हुनेछ । सरोकारवालाहरुको अर्थपूर्ण सहभागितामा पालिकाका ऐन, कानुनहरु निर्माण भई कार्यान्वयन भएको हुनेछ । जवाफदेहीताका औजारहरुको कार्यान्वयन र त्यसवाट प्राप्त सुझावहरुका आधारमा सुधार हुन यसका जोखिम पक्षहरु हुन ।

### ➧ नतिजा खाका

| तालिका/ग्राफचित्र : ५८<br>सुशासन ऐन, नियम, र जवाफदेहिता : नतिजा खाका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | |
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| **प्रभाव** | पालिकाको सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | ५५ | ६५ | ७० | ७५ | ८० | ८५ |
| **असर** | सरोकारवाला एवं सहभागितात्मक ढङ्गवाट निर्माण तथा कार्यान्वयन भएका ऐन, नियमहरु | ६५ | ७६ | ७६ | ८० | ८३ | ८५ | ९० |
| **प्रतिफल हरु** | स्थानीय कानुन, नीति तथा योजना तर्जुमा प्रकिया नागरिक पृष्ठपोषण तथा सुझाव दिने माध्यमहरु | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |
| | क्रियाशील नीतिगत समिति तथा संयन्त्र (विधायन, सुशासन, लेखा, राजस्व, योजना तथा वजेट तर्जुमा अनुगमन आदि) | संख्या | ७ | १० | | | | |
| | अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारका प्रकार र | संख्या | | | | | | |
| | हल्प डेष्कवाट लाभान्वित सेवाग्राही | प्रतिशत | | २५ | ३५ | ५० | ७० | ८० |

| तालिका/ग्राफचित्र : ५८<br>सुशासन ऐन, नियम, र जवाफदेहिता : नतिजा खाका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | |
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| | पालिकामा पेश भएका सेवाप्रवाह सम्बन्धी गुनासो सुनुवाईको फछ्र्यौट | प्रतिशत | ६० | ७० | ८० | ८५ | ९० | १०० |
| | कूलदर्ता मध्ये न्यायिक समितिवाट फछ्र्यौट भएका मुद्दाहरु | प्रतिशत | ७५ | ७५ | ७५ | ८० | ८० | ८० |
| | पालिकाको मोवाइल एप्स प्रयोगकर्ताहरु | प्रतिशत | – | १५ | २५ | ३५ | ५० | ६० |

## ८.२ वित्तीय श्रोत परिचालन

### क) पृष्ठभूमि

स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र कानुन वनाई कर तथा गैरकर राजश्व सङ्कलन गर्न सक्ने व्यवस्था नेपालको संविधान एवं स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था गरिएको छ । वाह्य श्रोत माथिको परनिर्भरतालाई न्यूनीकरण गर्दै आन्तरिक आय श्रोतमा अभिवृद्धि ल्याउनु पर्ने र सोका लागि पूँजी निर्माण तथा राजस्व वृद्धि हुन सक्ने क्षेत्रमा राजस्व परिचालन गर्नुपर्ने जिम्मेवारी पनि स्थानीय तहमा निहित छ ।

### ख) वस्तुस्थिति विश्लेषण

**मुख्य समस्याहरु**

- स्थानीय राजश्वको आधार, मूल्याकन, लेखाजोखा, विजक, संकलन जस्ता राजश्व चक्रको अभाव,
- कमजोर संस्थागत संरचना र जनशक्ति, प्रविधिको उपयोग,
- पूँजीवृद्धि, छिटो प्रतिफल आउने क्षेत्रमा वजेट विनियोजनको कमी र निजी क्षेत्रसँग सहकार्य हुन नसक्नु,
- पूँजीगत तर्फको विनियोजित रकम कम खर्च हुनु,
- करदाताको तथ्याङ्कीय डाटा तथा करशिक्षा कार्यक्रमको अभाव ।

**मुख्य चुनौतिहरु**

- आन्तरिक आय परिचालनका लागि स्पष्ट नीतिगत र कानूनी उपकरणहरको अभाव,
- वाह्य श्रोत माथिको अधिक परनिर्भरता घटाउनु,
- जनस्तरमा कर तिर्नुपर्छ भन्ने भावनाको विकास गर्नु,
- आन्तरिक कर राजस्व अभिवृद्धि गर्नु ।

**मुख्य सम्भावना तथा अवसरहरु**

- विकास साझेदार संस्था एवं निजी क्षेत्रसँग सहकार्य हुन सक्ने,
- आन्तरिक आय श्रोत अभिवृद्धिको सम्भावना,
- वेरुजु फछ्र्यौटमा उल्लेख्य प्रगति,
- लक्षित वर्ग तथा लैङ्गिक उत्तरदायी वजेटको अभ्यास,
- लागत सहभागितामा कार्यक्रम सञ्चालन ।
- राजस्व सङ्कलन, लेखा अभिलेखीकरण कम्प्युटराइज भएको ।

### ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम आयोजना

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेका छन :

**सोच :** सुदृढ र व्यवस्थित स्रोत परिचालन, प्रविधिमैत्री राजस्व प्रशासन ।

**लक्ष्य :** वाह्य श्रोत माथिको परनिर्भरता न्यूनीकरण भएको हुने ।

**उद्देश्य**

- दिगो, भरपर्दो तथा पूँजी निर्माण एवं आयआर्जनका क्षेत्रहरुमा परिचालनवाट आन्तरिक श्रोत अभिवृद्धि गर्नु,
- वित्तीय सुशासन कायम राख्दै श्रोत परिचालनमा मितव्ययिता र कुशलता कायम राख्नु ।

**रणनीतिहरु**

१. वित्तीय श्रोत परिचालन सम्बन्धी स्थानीय नीति निर्माण गर्ने,
२. वित्तीय श्रोत परिचालन गर्ने,
३. वित्तीय सुशासन प्रवर्द्धन गर्ने ।

**मुख्य कार्यक्रम तथा आयोजना**

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा निम्न अनुसार सङ्केतीकरण गरिएको छ ।

**तालिका/ग्राफचित्र : ५९**
**वित्तीय श्रोत परिचालन : कार्यक्रम तथा आयोजना**

| क.स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता कम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | ०८० /८१ | ०८१ /८२ | ०८२/ ८३ | ०८३ /८४ | ०८४ /८५ | | | | |
| १. | करदाता शिक्षा कार्यक्रम | १० | २ | २ | २ | २ | २ | २ | १७ | २ | ३ |
| २. | राजश्व शाखा स्थापना र सुदृढिकरण कार्यक्रम | ७ | ५ | २ | | | | २ | १७ | २ | ३ |
| ३. | उत्कृष्ठ करदाता सम्मान कार्यक्रम | ५ | १ | १ | १ | १ | १ | १ | १७ | २ | ३ |
| ४. | राजस्व प्रणाली सवलिकरण कार्यक्रम | २० | १० | ४ | २ | २ | २ | | | | |
| ५. | अन्तर स्थानीय तह संघ, प्रदेश निजीक्षेत्र विकास साझेदारी कार्यक्रम | ३० | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ | ६ |
| | **जम्मा** | ७२ | | | | | | | | | |

## घ) अपेक्षित उपलव्धि, जोखिम पक्ष तथा नतिजा खाका

### अपेक्षित उपलव्धि तथा जोखिम पक्ष

आवधिक योजनाको कार्यान्वयनवाट पालिकाको आन्तरिक सुधार भएको हुनेछ। यसका लागि राजस्व सुधार कार्ययोजना कार्यान्वयनमा आएको हुनेछ । करदाताहरुको डाटावेस तयार भई करको दायरामा विस्तार भएको हुनेछ र वाह्य श्रोतमाथिको परनिर्भरता कमिक रुपमा न्यूनीकरण भएको हुनेछ। कर तिनु पर्छ भन्ने मनोभावनको विकास नहुनु, करको दायरामा करदाताहरु आउन नचाहनु यसका प्रमुख जोखिम पक्षहरु हुन ।

➧ **नतिजा खाका**

**तालिका/ग्राफचित्र : ६०**
**वित्तीय श्रोत परिचालन : नतिजा खाका**

| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| **प्रभाव** | पालिकाको वार्षिक आन्तरिक आय वृद्धि दर | प्रतिशत | (६५.३७) | ५५.७३ | ३१.४७ | ३५.४७ | ३६.१६ | ३६.७६ |
| **असर** | कूल वजेटमा आन्तरिक आयको हिस्सा | प्रतिशत | ३.०१ | ४.२४ | ४.९८ | ६.१२ | ७.४८ | ९.१३ |
| **प्रतिफल हरु** | पालिकाको कूल वार्षिक वजेट | रु.करोड | ५१.५३ | ५६.९० | ६३.७० | ७०.१५ | ७८.२५ | ८७.६० |
| | प्रतिव्यक्ति बजेट खर्च | रु.हजार | ११ | १० | ९ | ८ | ७ | १३ |
| | कूल वजेटको वास्तविक खर्च | प्रतिशत | ८१.४ | ८३ | ८५ | ८७ | ८८ | ९० |
| | कूल वजेटको पूँजीगत खर्च | प्रतिशत | ५५ | ५६ | ५७ | ५८ | ५९ | ६० |
| | कूल वजेटमा वाह्य श्रोतको हिस्सा | प्रतिशत | ९६.९९ | ९५.७६ | ९५.०२ | ९३.८८ | ९२.५२ | ९०.८७ |
| | आयोजना कार्यान्वयनमा उपभोक्ता समूहको योगदान हिस्सा | प्रतिशत | ५ | १० | १५ | २० | २५ | ३० |
| | निजी क्षेत्रसँगको सहकार्यमा भएको लगानी | रु.लाख | ० | १० | २० | २५ | ३० | ५० |
| | सहकारी संस्था तथा सामुदायिक संस्था सँगको सहकार्यमा भएको लगानी | रु.लाख | ० | १० | २० | २५ | ३० | ५० |

## ८.३ मानव संशाधन तथा संस्थागत बिकास

### क) पृष्ठभूमि

नेपालको संविधान २०७२ ले गरेको व्यवस्था अनुसार स्थानीय तहको नेतृत्व जनप्रतिनिधिहरुले गर्ने गर्दछन । प्रत्यक्ष निर्वाचन पद्धति अनुसार स्थानीय नागरिकहरुको मतवाट निर्वाचित प्रतिनिधिहरु आफ्नो क्षेत्राधिकार भित्रको समग्र विकासको जिम्मेवारहरु हुन । गाउँकार्यपालिका, गाउँसभा, न्यायिक समिति, लेखा समिति, विधायन समिति, सुशासन समिति, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति, एवं वजेट तथा कार्यक्रम तर्जुमा समिति लगायतका समितिहरु यसका संगठनात्मक संरचनाहरु हुन । त्यसैगरी स्थानीय तहको नीति, कार्यक्रम एवं सेवा प्रवाह कार्यान्वयनका लागि कर्मचारी प्रशासनको व्यवस्था गरिएको छ । कार्यवोझ, कार्यजिम्मेवारी तोक्ने, कार्यसम्पादन तथा मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने गरिएको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

**मुख्य समस्याहरु**

- अनुभवी, दक्ष कर्मचारी, दरवन्दी अनुसार र प्राविधिकको संख्या न्यून,
- वृत्ति विकास, प्रोत्साहन एवं पुरस्कारको व्यवस्था हुन नसक्नु,
- जनप्रतिनिधि, कर्मचारी एवं गैसस, विषयगत कार्यालय र सरोकारवालाहरुको क्षमता वृद्धि हुन नसक्नु ।

**मुख्य चुनौतिहरु**

- सार्वजनिक सेवालाई गुणस्तरीय, छिटोछरितो, न्यून लागत र समयमा सेवा प्रवाह प्रदान गर्नु,
- सेवाग्राहीहरुको सन्तुष्टि अभिवृद्धि तथा सेवा प्रवाहलाई पारदर्शि एवं उत्तरदायि वनाउनु ।

**मुख्य सम्भावना तथा अवसरहरु**

- निर्वाचित जनप्रतिनिधिहरुको सक्रियता वढदो,
- स्थानीय संघ, संस्था, नागरिक समाज, गैसस, टोल विकास संस्था, सामुदायिक संस्थाहरुको रचनात्मक सहयोग,
- विषयगत समिति तथा उप-समितिहरु गठन र क्रियाशील,
- पालिका केन्द्र एवं वडाहरुमा इण्टरनेट लगायत विद्युतीय उपकरणहरुको व्यवस्था भएको,
- जनप्रतिनिधि एवं कर्मचारीहरु क्षमता अभिवृद्धि तालिमवाट लाभान्वित ।

**ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम आयोजना**

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेका छन् :

**सोच** : प्रभावकारी संगठनात्मक संरचना, दक्ष जनशक्ति र सूचना प्रविधिमा आधारित सेवा प्रवाह ।

**लक्ष्य :** सार्वजनिक सेवा प्रवाह प्रभावकारी एवं गुणस्तरीय भएको हुने ।

**उद्देश्य**

प्रभावकारी संगठन संरचना निर्माण, संस्थागत क्षमता विकास र मानव संशाधनको कार्यदक्षता अभिवृद्धिवाट सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय एवं प्रभावकारी वनाउनु ।

**रणनीतिहरु**

१. मानव संसाधन बिकास सम्बन्धी स्थानीय नीति निर्माण गर्ने,
२. संस्थागत संरचना चुस्त दुरुस्त बनाउने,
३. मानव संशाधन बिकास गर्ने,
४. दण्ड र पुरस्कारको व्यवस्था गर्ने ।

**मुख्य कार्यक्रम तथा आयोजना**

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा निम्न अनुसार सङ्केतीकरण गरिएको छ :

**तालिका/ग्राफचित्र : ६१**
**मानव संशाधन तथा संस्थागत विकास : कार्यक्रम तथा आयोजना**

| क्र. स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | ०८० /८१ | ०८१ /८२ | ०८२ /८३ | ०८३ /८४ | २०८४ /८५ | | | | |
| १. | संगठन तथा व्यवस्थापन सर्वेक्षण, विकास तथा सुदृढिकरण कार्यक्रम | ५ | १ | १ | १ | १ | १ | १ | १६ | १ | ३ |
| २. | लक्षित वर्ग संस्थागत संरचना तथा क्षमता बिकास कार्यक्रम | १० | २ | २ | २ | २ | २ | २ | १६ | १ | ३ |
| ३. | आन्तरिक नियन्त्रण प्रणाली स्थापना र सुदृढीकरण कार्यक्रम | १० | ५ | २ | १ | १ | १ | २ | १६ | १ | ३ |
| ४. | न्यायिक समिति र मेलमिलाप केन्द्र संचालन तथा न्यायिक | २० | ५ | ५ | ५ | ३ | २ | २ | १६ | १ | ३ |

| | तालिका/ग्राफचित्र : ६१<br>मानव संशाधन तथा संस्थागत विकास : कार्यक्रम तथा आयोजना | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
| | | कूल लागत | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | २०८४/८५ | | | | |
| | कार्य सम्पादन भौतिक सुधार कार्यक्रम | | | | | | | | | | |
| ५. | विषयगत शाखा र वडा कार्यालयको प्रतिक्षालय, उपकरण, प्रविधि र भोतिक सुधार कार्यक्रम | ५० | १० | १० | १० | १० | १० | २ | १६ | १ | ३ |
| ६. | कर्मचारीहरुको क्षमता तथा वृत्ति विकास | १० | २ | २ | २ | २ | २ | २ | १६ | १ | ३ |
| ७. | उत्कृष्ट कर्मचारी सम्मान तथा पुरस्कार | २५ | ५ | ५ | ५ | ५ | ५ | २ | १६ | १ | ३ |
| ८. | जनप्रतिनिधिहरुको क्षमता विकास कार्यक्रम | १५ | ३ | ३ | ३ | ३ | ३ | १ | १६ | २ | २ |
| ९. | पालिकामा सवारी साधन तथा भौतिक उपकरणको व्यवस्था | ४० | १० | १० | १० | ५ | ५ | २ | १६ | ३ | ३ |
| १०. | अन्तरपालिका अन्तरक्रिया कार्यक्रम | ५ | १ | १ | १ | १ | १ | २ | १७ | २ | २ |
| ११. | गैसस, सामुदायिक संस्था लगायत संस्थाहरुको क्षमता अभिवृद्धि कार्यक्रम | ५ | १ | १ | १ | १ | १ | २ | १६ | २ | २ |
| | **जम्मा** | १९५ | | | | | | | | | |

## घ) अपेक्षित उपलव्धि, जोखिम पक्ष तथा नतिजा खाका

### ➧ अपेक्षित उपलव्धि तथा जोखिम पक्ष

पालिकाको सेवा प्रवाहवाट सन्तुष्ट हुने सेवाग्राहीहरुको संख्या उल्लेखनीय हुनेछ। यसका लागि पालिकामा सेवा प्रवाहलाई अनलाइन भएको हुनेछ। पालिका कार्यालयमा पुगी लाइन वस्नुपर्ने अभ्यास अन्त्य भएको हुनेछ र सेवालाई डिजिटाइज् बनाइएको हुनेछ । यसका लागि पालिकामा सफ्टवेयर जडान गरिएको हुनेछ र कर्मचारीहरु तालिम प्राप्त भएका हुनेछन । त्यसैगरी तालिमहरु मार्फत पालिकाका जनप्रतिनिधिहरु र कर्मचारी सवैको क्षमता विकास अभिवृद्धि भएको हुनेछ। सेवाहरुलाई कानुन सम्मत वनाउनु र वन्नु सोही अनुसार कार्यान्वयन गर्नु यसका जोखिम पक्षहरु हुन ।

### ➧ नतिजा खाका

| तालिका/ग्राफचित्र : ६२<br>मानव संशाधन तथा संस्थागत विकास : नतिजा खाका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | |
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| **प्रभाव** | पालिकाको सेवा प्रवाहवाट सन्तुष्ट अनुभूति गर्ने सेवाग्राही | प्रतिशत | ४५ | ५५ | ६५ | ७५ | ८५ | ९५ |

| तालिका/ग्राफचित्र : ६२<br>मानव संशाधन तथा संस्थागत विकास : नतिजा खाका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नतिजाको तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | |
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| **असर** | संस्थागत क्षमता स्वमूल्याङ्कनमा प्राप्ताङ्क | प्रतिशत | ५६ | ६५ | ७० | ८० | ८५ | ९० |
| **प्रतिफल हरु** | कार्यसम्पादन करार गरिएका कूल कर्मचारी | प्रतिशत | ० | ५ | ७ | १० | १० | १० |
| | कार्य विवरण दिई कार्यसम्पादन गर्ने कर्मचारी | प्रतिशत | ० | ५ | ७ | १० | १० | १० |
| | प्रति एक सेवाग्राहीलाई सेवा प्रवाह गर्न लाग्ने औषत समयावधि | घण्टा | २;०० | १;३० | १;०० | ०;३० | ०;१५ | ०;१५ |
| | क्षमता विकासकार्यक्रम वाट लाभान्वित जन प्रतिनिधि र कर्मचारी | प्रतिशत | ५ | ७ | १० | १२ | १४ | १५ |
| | उत्कृष्ट कार्यसम्पादन गरेवापत पुरष्कृत कर्मचारी | संख्या | ० | २ | २ | ३ | ३ | ३ |

## ८.४ योजना व्यवस्थापन

### क) पृष्ठभूमि

स्थानीय स्तरको विकासका लागि आफ्नो अधिकार क्षेत्रभित्र स्थानीय सरकारले आवधिक, वार्षिक, र रणनीतिगत विषय क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना वनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेको छ ।

### ख) वस्तुस्थिति विश्लेषण

**मुख्य समस्याहरु :**

- खरिद गुरुयोजना तथा बार्षिक खरिद योजना नहुनु,
- कृषि, पर्यटन, यातायात, वातावरण जस्ता अग्रणी क्षेत्रहरुको दीर्घकालीन गुरुयोजना तर्जुमा हुन नसक्नु,
- आयोजनाहरुको दिगोपना तथा मर्मत सम्भारका लागि लाभान्वितवाट उपभोग शुल्क सङ्कलन हुन नसक्नु,
- नतिजामा आधारित अनुगमन मूल्याङ्कन अभ्यास नहुनु ।

**मुख्य चुनौतिहरु**

- खरिद गुरुयोजना र वार्षिक खरिद योजना तर्जुमा र प्रभावकारी कार्यान्वयन गर्नु,
- आयोजनाहरुमा गुणस्तरीयता कायम राख्दै निर्धारित समयमै सम्पन्न गर्नु,
- आयोजनाहरुको दिगोपना, मर्मत सम्भार र स्थानीयहरुको अपनत्व सिर्जना गर्नु ।

**मुख्य सम्भावना तथा अवसरहरु**

- योजना तर्जुमामा स्थानीय सरोकारबाला, निकाय, गैसस, सामुदायिक संस्था र नागरिक समाजहरुको सहभागिता,
- आयोजनाहरु कार्यान्वयनमा उपभोक्ता समितिको सहभागिता हुने गरेको,
- वार्षिक नीति तथा कार्यक्रमहरु कार्यान्वयन हुँदै आएको,
- सहभागितामूलक ढङ्गवाट आयोजनाहरुको अनुगमन,

- आयोजनाहरुको वार्षिक समीक्षा हुने गरेको,
- आवधिक योजना, गौरव आयोजना, मध्यमकालीन खर्च संरचना तर्जुमा हुने क्रममा रहेको ।

**ग) सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यक्रम आयोजना**

गाउँपालिकाले अंगिकार गरेको सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं प्रमुख कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेका छन् :

**सोच** : नतिजामुखी योजना र उत्तरदायी विकास प्रशासन ।

**लक्ष्य** : सरोकारवाला तथा जनसहभागितामा योजना तर्जुमा भई कार्यान्वयन भएको हुने ।

**ग) उद्देश्य**

- स्थानीय जनसहभागिता एवं सरोकारवालाहरुको सहभागितामा योजनाहरुको तर्जुमा गर्नु,
- प्रभावकारी कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनवाट योजना व्यवस्थापन गर्नु ।

**ग) रणनीतिहरु**

१. योजना व्यवस्थापन सम्बन्धी स्थानीय नीति निर्माण,
२. खरिद गुरुयोजना र वार्षिक खरिद योजना तर्जुमा गरी कार्यान्वयन,
३. योजना तर्जुमा सहभागिता,
३. योजना कार्यान्वयनमा प्रभावकारीता ।

**मुख्य कार्यक्रम तथा आयोजना**

पालिकाको मुख्य कार्यक्रम तथा आयोजनाहरु यसप्रकार रहेको छ । पालिकाको कार्यक्रम तथा आयोजनालाई स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ का आधारमा निम्न अनुसार सङ्केतीकरण गरिएको छ :

**तालिका/ग्राफचित्र : ६३**
**योजना व्यवस्थापन : कार्यक्रम तथा आयोजना**

| क.स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल लागत | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | | | | |
| १. | उपभोक्ता समिति क्षमता विकास कार्यक्रम | १० | २ | २ | २ | २ | २ | २ | १ | २ | २ |
| २. | मध्यकालिन खर्च संरचना तर्जुमा | २० | ४ | ४ | ४ | ४ | ४ | २ | १ | २ | २ |
| ३. | विषयगत गुरुयोजना तर्जुमा तथा अद्यावधिक कार्यक्रम | ४० | २० | ५ | ५ | ५ | ५ | २ | १ | २ | २ |
| ४. | तेश्रो पक्षबाट प्रभाव मूल्यांकन कार्यक्रम | १० | २ | २ | २ | २ | २ | २ | १ | २ | २ |
| ५. | डिजिटल पार्श्वचित्र निर्माण | २० | १५ | ० | ० | ० | ५ | २ | १ | २ | २ |
| ६. | लैङ्गिक उत्तरदायी वजेट परीक्षण | ५ | ५ | - | - | - | - | २ | १ | २ | २ |
| ७. | तेश्रो पक्षवाट ठूला आयोजना मूल्याङ्कन | १० | ० | ० | ० | ० | १० | २ | १ | २ | २ |
| ८. | डिपिआर तयारी | २५ | ५ | ५ | ५ | ५ | ५ | २ | १ | २ | २ |

| | तालिका/ग्राफचित्र : ६३<br>योजना व्यवस्थापन : कार्यक्रम तथा आयोजना | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क.स | आयोजना तथा कार्यक्रम | अनुमानित कूल लागत रकम (रु. लाखमा) | | | | | | प्राथमिकता क्रम | दिगो विकास लक्ष्य | लैङ्गिक संकेत | जल वायु संकेत |
| | | कूल लागत | ०८० /८१ | ०८१ /८२ | ०८२ /८३ | ०८३ /८४ | ०८४ /८५ | | | | |
| ९. | आयोजना वैंक तयारी | १० | १० | - | - | - | - | २ | १ | २ | २ |
| | **जम्मा** | **१५०** | | | | | | | | | |

## घ) अपेक्षित उपलव्धि, जोखिम पक्ष तथा नतिजा खाका

### ➧ अपेक्षित उपलव्धि, जोखिम पक्ष

आवधिक योजनाको कार्यान्वियनवाट पालिकाका अधिकांश योजनाहरु निर्धारित समयमा सम्पन्न भएको हुनेछ । विषयक्षेत्रगत खासगरी यातायात गुरुयोजना, कृषि, पर्यटन, वातावरण जस्ता क्षेत्रका गुरुयोजनाहरु तर्जुमा भएको हुनेछ र वार्षिक कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि मध्यमकालीन खर्च संरचना समेत तर्जुमा भएको हुनेछ । यसरी तर्जुमा भएका योजनाहरुको प्रभावकारी कार्यान्वयन हुने, त्यसका लागि आवश्यक संयन्त्र निर्माण हुनेमा पर्याप्त आशंकाहरु छन ।

### ➧ नतिजा खाका

| तालिका/ग्राफचित्र : ६३<br>योजना व्यवस्थापन : नतिजा खाका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नतिजा को तह | नतिजा सूचक | इकाई | आधार बर्ष २०७९/८० | लक्ष्य परिमाण | | | | |
| | | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| **प्रभाव** | स्थानीयहरुले अपनत्व ग्रहण गरेका आयोजनाहरु | प्रतिशत | १ | १ | ५ | ७ | १० | १५ |
| **असर** | निर्धारित समयमा सम्पन्न आयोजनाहरु | प्रतिशत | ६५ | ६५ | ७५ | ९० | ९५ | ९८ |
| **प्रतिफल हरु** | तर्जुमा भएका विषय क्षेत्रगत गुरुयोजना (कृषि, पर्यटन, यातायात वातावरण गुरु योजना...) | संख्या | १ | १ | २ | ३ | ३ | ३ |
| | श्रोतनक्शा सहित खण्डीकृत पार्श्वचित्र अद्यावधिक भएको विषयगत क्षेत्र | संख्या | १ | १ | ३ | ३ | ४ | ५ |
| | कार्यान्वयन भएका स्थानीय गौरब आयोजनाहरु | संख्या | ३ | ५ | ५ | ७ | १० | १० |
| | आयोजना/कार्यक्रमको अनुगमन प्रतिवेदन संख्या (पटके, मासिक, चौमासिक, वार्षिक) | संख्या | १ | १ | २ | ३ | ४ | ४ |

आवधिक योजनाको अवधि अन्त सम्ममा सुशासन तथा संस्थागत विकास क्षेत्रमा कूल रु ६ करोड ८७ लाख खर्च हुने अनुमान गरिएको छ । यो अनुमान आवधिक योजना अवधिमा परिचालन हुने कूल लगानीको १.७१ प्रतिशत रहेको छ ।

# परिच्छेद - नौ : वित्तीय व्यवस्था

## ९.१ पृष्ठभूमि

वित्त व्यवस्थाको भूमिका पालिकाको मध्यमकालीन एवं आवधिक योजनाहरु सञ्चालनमा महत्वपूर्ण हुने गर्दछ। वित्तको अभाव तथा वित्त अपुग भएमा वा निर्धारण गरिए अनुसारका आयश्रोतहरु निर्धारित समय भित्र उपलब्ध हुन नसकेमा विनियोजित कार्यक्रमहरु सफलतापूर्वक कार्यान्वयन हुन सक्दैनन । परिणाम स्वरुप, कार्यक्रमहरु अधुरो हुने, कार्यान्वयन नहुने र सम्पन्न कार्यक्रमहरुको पनि गुणस्तर कायम हुन नसक्ने सम्भावनाहरु रहन्छ । यसर्थ, पर्याप्त वित्त व्यवस्थावाट मात्रै नागरिकहरुको आवश्यकतालाई प्रभावकारी ढङ्गवाट सम्वोधन गर्न सकिने छ । यसका लागि आन्तरिक र वाह्य गरी दुई प्रकारका श्रोतहरुको व्यवस्था गरिएको छ । आन्तरिक श्रोतमा स्थानीय करहरु खासगरी सम्पत्ति कर, भूमि कर, व्यवसाय कर, घर वहाल आयकर, जडीवुटी तथा जीवजन्तु, कवाडी कर नै प्रमुख छन भने वाह्य श्रोतहरुमा संघ र प्रदेश सरकारका अनुदानहरु । जसमा सशत, वित्तीय समानीकरण, समपूरक र विशेष अनुदान प्रमुख रहेका छन । त्यसैगरी राजस्व वाँडफाँड स्थानीय तहको अर्को प्रमुख श्रोत अन्तर्गत पर्दछ । खासगरी घरजग्गा रजिष्ट्रेशन दस्तुर, मूल्य अभिवृद्धिकर, अन्तःशुल्क, सवारी साधनकर, विज्ञापन कर र दहत्तर वहत्तरको विकी वापत सङ्कलित राजस्वको एक निश्चित प्रतिशत संघ र प्रदेश सरकारले स्थानीय तहलाई दिनुपर्ने व्यवस्था गरिएको छ । रोयल्टी वापत सङ्कलित कूल राजस्व पनि तीनै तहको सरकारलाई वाँडफाँड गर्ने गरिन्छ ।

कञ्चन गाउँपालिकाको आगामी ५ वर्षका लागि प्राप्त हुन सक्ने वित्तीय स्रोतहरुको अनुमान देहाय वमोजिम प्राप्त हुन सक्ने आंकलन गरिएको छ । यसरी अनुमान गर्दा पालिकाले आर्थिक वर्ष २०७७/७८ मा प्राप्त गरेको यथार्थ आय, आव २०७८/७९ का लागि भएको संशोधन अनुमान र आव २०७९/८० का लागि गरिएको अनुमानका आधारमा आगामी ५ वर्ष सम्मका लागि राजस्व अनुमान गरिएको छ ।

शुल्क जसको अधिकतम उपयोगवाट आवधिक लक्ष्य वा प्रभाव तहको नतिजा, उद्देश्य वा असर तहको नतिजा र वार्षिक रुपमा प्राप्त गर्ने प्रतिफल तहको नतिजाहरु हासिल गर्न सहयोग पुग्ने गर्दछ ।

## ९.२ वर्तमान अवस्था

कञ्चन गाउँपालिकाको आन्तरिक आयमा तुलनात्मक रुपमा गैरकर राजस्वकै भूमिका उल्लेख्य छ । कर राजस्व अन्तर्गत सम्पत्ति कर, व्यवसाय कर र घर वहाल करको योगदान वढी छ । कूल आन्तरिक आयमा कर राजस्वको योगदान न्यून र गैरकर राजस्वको योगदान आन्तरिक आयमा तुलनात्मक रुपमा वढी देखिन्छ । गैरकर राजस्व अन्तर्गत खासगरी सिफारिस तथा प्रमाणित शुल्कको भूमिका अग्रणी छ । पालिकाको कूल श्रोतमा आन्तरिक आयको हिस्सा ज्यादै न्यून छ । जसले वाह्य आयमा पालिकाको परनिर्भरता अधिक देखिन्छ । मनोरन्जन कर, हाटवजार, विज्ञापन कर, कवाडी तथा जीवजन्तु कर, प्राकृतिक श्रोत शुल्क, पर्यटन शुल्क, पाकिङ शुल्क आदिवाट पालिकाले राजस्व सङ्कलन गर्न सक्ने सम्भावना भएता पनि खासै पहल हुन सकेको देखिदैन । प्राकृतिक श्रोत अन्तर्गत गिटी, ढुङगा, वालुवा तथा स्लेटको सम्भावना न्यून छ ।

गाउँपालिकाको वजेट किताव २०७९ अनुसार पालिकाको आर्थिक वर्ष २०७७/७८ मा रु.६९ करोड ६६ लाख १२ हजार यथार्थमा आय प्राप्त भएको देखिन्छ । सोमा आन्तरिक तर्फ रु.२ करोड ८० लाख १० हजार र वाह्य तर्फ रु.६६ करोड ८६ लाख ०२ हजार आय प्राप्त भएको देखिन्छ । आर्थिक वर्ष २०७८/७९ मा रु.६८ करोड ५७ लाख ८० हजार यथार्थ आय परिचालन भएको थियो । सो मा आन्तरिक तर्फ रु.९४ लाख ३१ हजार र वाहय आय तर्फ रु. ५९ करोड १४ लाख ६८ हजार रहेको छ । आर्थिक वर्ष २०७९/८० का लागि वाहय तर्फ रु. ४९ करोड ८० लाख ४६ लाख र आन्तरिक आय तर्फ रु. १ करोड ५५ लाख २ हजार गरी नगद मौज्दात वाहेक रु.५१ करोड ३५ लाख ४८ हजार श्रोत परिचालन हुन सक्ने अनुमान भएको छ ।

आ.व.२०७७।०७८ को तुलनामा आ.व.२०७८।०७९ को श्रोत परिचालन करीव १.५५ प्रतिशतले न्यून रहेको छ। त्यसैगरी चालु आर्थिक वर्ष २०७९/८० का लागि गरिएको अनुमान आव २०७८/०७९ मा भएको राजश्व परिचालन भन्दा करीव ११.४४ प्रतिशत न्यून आय अनुमान हुन सक्ने गरी अनुमान गरिएको छ ।

त्यसैगरी आन्तरिक तर्फ आर्थिक वर्ष २०७७/७८ को यथार्थ आय भन्दा आ.व.०७८।०७९ को आन्तरिक श्रोत परिचालन १७३.५३ प्रतिशत वृद्धि देखिन्छ । आ.व. २०७९/८० का लागि गरिएको अनुमान आ.व.२०७८।०७९ को यथार्थ आय भन्दा ६४.३७ प्रतिशतले न्यून आय रहेको छ ।

## ९.३ अवसर तथा चुनौतीहरू

गाउँपालिकाको विद्यमान आर्थिक तथा सामाजिक स्थितिका सूचकहरु कमजोर रहेकाले आगामी वर्षहरूका वित्तीय व्यवस्थापन गर्न त्यति सहज छैन । बढ्दो जनअपेक्षाको तुलनामा गाउँपालिकाको न्यून श्रोतबाट सार्वजनिक खर्च र सेवाको बीचमा तादात्म्यता कायम गर्न निकै कठिन हुने देखिन्छ। आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याई जनताको आधारभूत सेवा र सुविधालाई प्रभावकारी रूपले सहज पहुँच पुर्‍याउन आवश्यक पर्ने पूँजीगत लगानी लगायतको कार्यक्रम खर्च र सामाजिक सुरक्षा तथा चालु खर्च गरी कूल व्ययको व्यवस्थापन गर्नुपर्ने हुन्छ। यसैगरी उपलब्ध श्रोत साधनको ठूलो अंश उपभोग (चालु) खर्चमा गर्नुपर्ने बाध्यताले विकास कार्यका लागि थोरै मात्र खर्च गर्न सकिने अवस्था विद्यमान छ ।

संघीयताको कार्यान्वयनको कममा स्थानीय सरकार सञ्चालन ऐन र अन्तर–सरकारी वित्त व्यवस्थापन ऐनले पालिकालाई आन्तरिक राजस्व र संघ तथा प्रदेशबाट प्राप्त हुने गरी थप श्रोत तथा साधनहरू जुटाउन सक्ने कानुनी अवसरहरू प्राप्त छ। त्यसैगरी स्थानीय स्तरमा निजी, सहकारी, गैरसरकारी क्षेत्र र नागरिक समाजको सहकार्यमा वित्तीय श्रोतहरू जुटाउन सक्ने थप अवसरहरू पनि विद्यमान छन ।

## ९.४ उद्देश्य

आवश्यकता र प्राथमिकताका आधारमा समग्र आर्थिक एवं सामाजिक विकासका लागि गाउँपालिकाको आन्तरिक एवं वाह्य वित्तीय श्रोतहरुलाई समुचित एवं न्याय सङ्गत ढङ्गवाट वितरण गर्दै परिचालन गर्नु ।

## ९.५ रणनीति

- आन्तरिक एवं वाह्य श्रोतहरुको पहिचान, प्राप्त हुन सक्ने परिमाणको आंकलन गर्दै श्रोतको सुनिश्चिता गर्ने,
- वित्तीय श्रोतलाई प्राथमिकताका आधारमा विषयक्षेत्रगत रुपमा न्यायसंगत ढङ्गले वाँडफाँड तथा वितरण गर्ने,
- वित्तीय श्रोतहरुको परिचालनको व्यवस्था मिलाउने ।

## ९.६ बजेट व्यवस्था

### (क) आन्तरिक आय प्रक्षेपण

**तालिका/ग्राफचित्र- ६४**
**आन्तरिक आय प्रक्षेपण**

| राजस्व शिर्षक | ०७९/८० को अनुमान | अनुमान प्रक्षेपण (रकम रु हजारमा) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | |
| मालपोत वा भुमिकर | ६,२०० | ८,०६० | १०,४७८ | १४,६६९ | २०,५३६ | २८,७५१ | |
| घरवहालकर | ८०० | १,१२० | १,५६८ | २,१९५ | ३,०७३ | ४,३०२ | |
| वहाल विटौरीकर | १५ | २१ | २९ | ४१ | ५७ | ८० | |
| सवारी साधनकर (साना सवारी) | | ५० | ७० | ९८ | १३७ | १९२ | |
| अन्य मनोरन्जनकर | | १०० | १४० | १९६ | २७४ | ३८४ | |
| व्यवसायीले भुक्तानी गर्ने | | ५०० | ७०० | ९८० | १३७२ | १९२० | |
| अन्य कर | | १,००० | १,४०० | १,९६० | २,७४४ | ३,८४१ | |
| अन्य सेवाशुल्क विक्रि | | ५०० | ७०० | ९८० | १३७२ | १९२० | |
| न्यायिक दस्तुर | | १५ | २१ | २९ | ४१ | ५७ | |
| परीक्षा शुल्क | | १५ | २१ | २९ | ४१ | ५७ | |
| अन्य प्रशासनिक सेवा शुल्क | | ७०० | ९८० | १,३७२ | १,९२० | २,६८९ | |
| नक्सापास दस्तुर | | ३०० | ४२० | ५८८ | ८२३ | ११५२ | |
| सिफारिस दस्तुर | ४,२८७ | ४,९३० | ५,६६९ | ६,५१९ | ७,४९७ | ८,६२२ | |

| तालिका/ग्राफचित्र- ६४<br>आन्तरिक आय प्रक्षेपण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| राजस्व शिर्षक | ०७९/८० को अनुमान | अनुमान प्रक्षेपण (रकम रु हजारमा) | | | | | जम्मा |
| | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | |
| व्यक्तिगत घटना दर्ता विलम्व शुल्क | | ५० | ५० | ५० | ५० | ५० | |
| नाता प्रमाणित दस्तुर | ५०० | ७०० | ९८० | १,३७२ | १,९२० | २,६८९ | |
| अन्य दस्तुर | २,५०० | ३,५०० | ४,९०० | ६,८६० | ९,६०४ | १,३४,४५ | |
| व्यवसाय रजिष्टेशन दस्तुर | १,२०० | १,६८० | २,३५२ | ३,२९२ | ४,६०९ | ६,४५३ | |
| अन्य क्षेत्रको आय | | २०० | २८० | ३९२ | ५४८ | ७६८ | |
| प्रशासनिक दण्ड जरिवाता जफत | | १०० | १४० | १९६ | २७४ | ३८४ | |
| प्रदुषण नियन्त्रण शुल्क | | १०० | १४० | १९६ | २७४ | ३८४ | |
| अन्य राजश्व | | ५०० | ७०० | ९८० | १३७२ | १९२० | |
| **जम्मा आन्तरिक आय** | **१,५५,०२** | **२,४१,४१** | **३,१७,३८** | **४,२९,९७** | **५,८५,४६** | **८,००,६९** | **२३,७४,९३** |
| **वृद्धि दर (प्रतिशत)** | | **५५.७३** | **३१.४७** | **३५.४७** | **३६.१६** | **३६.७६** | |

## ख) वाह्य श्रोत प्रक्षेपण

| तालिका/ग्राफचित्र- ६५<br>वाह्य श्रोत प्रक्षेपण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आय शिर्षक | अनुमान प्रक्षेपण (रकम रु. हजारमा) | | | | | |
| | | ०७९/०८० | ०८०/०८१ | ०८१/०८२ | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ |
| **ज्ञ** | **वित्तीय समानीकरण** | | | | | | |
| क. | नेपाल सरकार | १३३,८०० | १४०,४९० | १५४,५३९ | १६९,९९२ | १८६,९९२ | २०५,६९१ |
| ख. | प्रदेश सरकार | ७,४०३ | ८,१४३ | ८,९५७ | ९,८५३ | १०,८३८ | ११,९२२ |
| **ॾ** | **शसर्त अनुदान** | | | | | | |
| क | नेपाल सरकार | २१०,०५० | २३१,०५५ | २५४,१६० | २७९,५७६ | ३०७,५३४ | ३३८,२८७ |
| . ख. | प्रदेश सरकार | ८,००० | ८,८०० | ९,६८० | १०,६४८ | ११,७१२ | १२,८८४ |
| **घ** | **विशेष अनुदान** | | | | | | |
| क. | नेपाल सरकार | १५,००० | १६,५०० | १८,१५० | १९,९६५ | २१,९६१ | २४,१५७ |
| ख. | प्रदेश सरकार | ६,००० | ६,६०० | ७,२६० | ७,९८६ | ८,७८४ | ९,६६३ |
| **ढ** | **राजश्व बाँडफाँड** | | | | | | |
| क. | नेपाल सरकार | ८८,७२२ | ९७,५९४ | १०७,३५३ | ११८,०८८ | १२९,८९७ | १४२,८८७ |
| ख. | प्रदेश सरकार | ६,०७१ | ६,६७८ | ७,३४५ | ८,०८० | ८,८८८ | ९,७७७ |
| **छ** | **समपूरक अनुदान** | | | | | | |
| क. | नेपाल सरकार | ८,००० | ८,८०० | ९,६८० | १०,६४८ | ११,७१२ | १२,८८४ |
| ख. | प्रदेश सरकार | १५,००० | १६,५०० | १८,१५० | १९,९६५ | २१,९६१ | २४,१५७ |
| | समृद्धिका लागि वन परियोजना | | ३७०० | ३७०० | ३७०० | ३७०० | ३७०० |
| | **जम्मा वाहय आय** | **४९८,०४६** | **५४४,८६०** | **५९८,९७६** | **६५८,५०४** | **७२३,९८४** | **७९६,०१३** |
| **जम्मा वाहृय श्रोत: ३,३२२,३३७** | | | | | | | |

## ग) कूल श्रोत प्रक्षेपण

| तालिका/ग्राफचित्र- ६६<br>कूल श्रोत प्रक्षेपण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वजेट श्रोतहरु | आधार वर्ष ०७९/८० | अनुमान प्रक्षेपण (रकम रु हजारमा) | | | | | |
| | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | जम्मा |
| **आन्तरिक आय** | १५५०२ | २४१४१ | ३१७३८ | ४२९९७ | ५८५४६ | ८००६९ | २३७४९३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **वाह्य आय** | ४९८,०४६ | ५४४,८६० | ५९८,९७६ | ६५८,५०४ | ७२३,९८४ | ७९६,०१३ | ३,३२,२३,३७ |
| **कूल आय अनुमान** | ५१,३५४८ | ५६,९०,०१ | ६३,७०,७१ | ७०,१५,०१ | ७८,२५,३० | ८७,६०,८२ | ३,५५,९८,३० |
| **वार्षिक वृद्धि प्रतिशत** | | १०=७९ | १०=६८ | १०=११ | ११=५५ | ११=९५ | |
| **आन्तरिक आयको हिस्सा** | ३=०१ | ४=२४ | ४=९८ | ६=१२ | ७=४८ | ९=१३ | ***प्रतिशत*** |
| **औषत वृद्धि दर प्रतिशत** | | ११.०१ | | | | | |

## घ) विषयक्षेत्रगत वजेट वाँडफाँड

**तालिका/ग्राफचित्र- ६७**
**विषय क्षेत्रगत वजेट प्रक्षेपण**

| विषय क्षेत्र | प्रतिशत | रु.लाखमा) | विषय क्षेत्र | प्रतिशत | रु.हजार) |
|---|---|---|---|---|---|
| **गाउँ गौरवका आयोजना तथा कार्यक्रम** | **३५.२३** | **१,४१,८१** | **पूर्वाधार बिकास** | **१८.६३** | **७५,००** |
| **आर्थिक बिकास** | **२९.२८** | **१,१७,८३** | सडक, यातायात | १२.४२ | ४९,९८ |
| कृषि तथा पशुपंक्षी बिकास | ७.४९ | ३०,१३ | आवास तथा वस्ती | २.२४ | ९,०० |
| सिंचाई | १३.६७ | ५५,०० | विद्युत तथा वैकल्पिक ऊर्जा | १.२८ | ५,१७ |
| पर्यटन बिकास | ४.१२ | १६,६० | सूचना तथा सञ्चार | २.७० | १०,८५ |
| उद्योग व्यापार तथा व्यवसाय | २.१७ | ८.७५ | **बन, वातावरण तथा विपद** | **२.२४** | **७,२५** |
| वैंक, वित्तीय संस्था सहकारी | ०.२६ | १,०५ | बन तथा जैविक विविधता | ०.६५ | ७५ |
| श्रम तथा रोजगार | १.५७ | ६,३० | वातावरण तथा स्वच्छता | १.१३ | ४,५५ |
| **सामाजिक बिकास** | **१२.७२** | **५१,२१** | भू तथा जलाधार संरक्षण | ०.४१ | १,६५ |
| शिक्षा | ५.०२ | २०,२२ | विपद व्यवस्थापन | ०.२४ | ३० |
| आधारभूत स्वास्थ्य | २.०३ | ८,१७ | **सुशासन, संस्थागत बिकास** | **१.७१** | **६,८७** |
| खानेपानी तथा सरसफाइ | १.९९ | ८,०२ | ऐन, नियम र जवाफदेहिता | ०.६७ | २,७० |
| लक्षित वर्ग, सामाजिक समावेशीकरण | २.४१ | ९,७० | संस्थागत, मानब संशाधन | ०.१८ | ७२ |
| युवा तथा खेलकुद | ०.९९ | ४.०० | वित्तीय श्रोत परिचालन | ०.४८ | १,९५ |
| कला भाषा, संस्कृति सम्पदा | ०.२७ | १,१० | योजना व्यवस्थापन | ०.३७ | १,५० |
| **कूल वजेट** | | | | | ४,०२.४७ |

कञ्चन गाउपालिकाको वित्तीय अवस्थालाई विश्लेषण गर्दा वाह्य आय तर्फ ११.०१ र आन्तरिक आय तर्फ ३९.११ प्रतिशतको औषत वार्षिक वृद्धिदरको आधारमा आगामी ५ बर्षको अवधिमा आन्तरिह आय तर्फ **रु.२३ करोड ७४ लाख ९३** हजार र वाह्य आय तर्फ **रु.३ अर्व ३२ करोड २३ लाख ३७ हजार** गरी कूल **रु. ३ अर्व ५५ करोड ९८ लाख ३० हजार** श्रोत परिचालन हुने अनुमान प्रक्षेपण गरिएको छ ।

यसै गरी विनियोजना तर्फ कूल आयको करिव **४५ प्रतिशत** अर्थात **रु.१ अर्व ६० करोड १९ लाख २३ हजार** चालु तर्फ वांकी **रु.१ अर्व ९५ करोड ७९ लाख ६ हजार** मात्र पूजिगत खर्च गर्न सकिने संभावन देखिन्छ । यस आधारमा आवधिक योजनाको लक्ष्य, उद्देश्य प्राप्तीको लागि गाउँगौरवको आयोजना समेतका लागि **कूल रु.१४ अर्व १८ करोड १६ लाख** आवश्यक पर्दछ । यस आधारमा गाउँपालिकाको नियमित श्रोतबाट कूल आवश्यकताको करिव **८६.२६ प्रतिशत रु.१२ अर्व २३ करोड ३९ लाख** श्रोत न्युन देखिन्छ । यसर्थ हाल लाई गाउँगौरव आयोजना कार्यक्रमका लागि गाउँपालिकाको नियमित बजेटबाट **१० प्रतिशत** अर्थात **रु.१ अर्व ४१ करोड ८१ लाख** सहलगानी सहित अन्य विषय क्षेत्रगत कार्यक्रमका सहित **कूल रु.४ अर्व २ करोड ४७ लाख** विनियोजन प्रस्ताव गरिएको छ। यो विनियोजन पनि गाउँपालिकाको नियमित श्रोतको **४८.६४ प्रतिशत** मात्र भएकोले न्युन **रु.२ अर्व ६ करोड ६७ लाख ९४ हजार** श्रोत परिचालनका लागि संघ तथा प्रदेश सरकार, निजी क्षेत्र तथा सहकारी क्षेत्र लगायत अन्य स्वदेशी तथा विदेशी दातृ निकायहरुको समेत श्रोत परिचालन गर्नु पर्ने आवश्यकता देखिन्छ ।

# परिच्छेद - दश : कार्यान्वयन योजना

## १०.१ पृष्ठभूमि

योजना तर्जुमा र योजना कार्यान्वयन एक अर्कासँग अन्तर सम्बन्धित विषय मानिन्छ । संघीय शासन प्रणालीलाई व्यवहारत कार्यान्वयनको अत्यन्तै महत्वपूर्ण पक्ष भनेको योजनाको प्रभावकारी कार्यान्वयन हो । आयोजना तथा कार्यक्रमको कार्यान्वयनलाई प्रतिफल, असर र प्रभाव तहसँग आवद्ध गरी क्रियाकलाप तथा कार्यक्रमहरुलाई वृहत र क्षेत्रगत उद्देश्यसँग र क्षेत्रगत र बिषयगत उद्देश्य समष्टिगत लक्ष्यसँग आवद्ध गर्ने अर्को महत्वपूर्ण पक्ष मानिन्छ । स्थानीय शासनको प्रभावकारी सञ्चालन, परिणाममुखी विकास तथा प्रभावकारी सेवा प्रवाहको लागि योजना तथा कार्यक्रमहरुको प्रभावकारी र नतिजामुखी कार्यान्वयनको अवश्यकता पर्दछ। आवधिक योजनाको सन्दर्भमा पनि पालिकाको निर्वाचित नेतृत्व, क्रियाशील राजनीतिक दल, अन्य सरोकारबालाहरु समेतको सक्रिय सहभागितामा बिभिन्न चरण पार गरी तय भएको दीर्घकालीन सोच, आवधिक लक्ष्य, वृहत उद्देश्य र क्षेत्र बिषयगत उद्देश्य, ती उद्देश्य प्राप्तिका लागि अवलम्बन गरिने रणनीति र कार्यनीति अन्तर्गत क्षेत्रगत विषयगत प्रमुख कार्यक्रमहरु र क्षेत्रगत र विषयगत लक्ष्य परिमाणलाई गाउँपालिकाको वार्षिक योजना तर्जुमा र प्राथमिकताको आधारमा स्रोत बिनियोजनको समग्र चक्र नै योजना कार्यान्वयनको खाका मानिन्छ ।

## १०.२ वर्तमान अवस्था

योजना कार्यान्वयन र अनुगमन मूल्याङ्कन पद्धतिको सन्दर्भमा पालिका वार्षिक योजना तर्जुमा पद्धतिमा नै सीमित रहेको अवस्थाका कारण क्रियाकलाप वा कार्यक्रम र सो को प्रतिफल तह भन्दा माथिको तह अर्थात उद्देश्य (असर) तह र लक्ष्य (प्रभाव) तह अर्थात दीर्घकालीन र मध्यमकालीन लक्ष्य वा प्रभाव तह सम्म सोच्न सकेको अवस्था छैन । यसैगरी स्रोत अनुमान तथा बिनियोजनको सन्दर्भमा पनि हालसम्म आय सीमामा आधारित योजना तर्जुमा पद्धति रहेको र जसले गर्दा पालिकाले निर्धारण गरेको लक्ष्य, उद्देश्य र लक्ष्य परिमाण प्राप्तिका लागि के कति स्रोतको आवश्यकता पर्दछ र हालको स्रोत परिचालनको आधारमा के कति स्रोत पुग वा अपुगको अवस्था थाहा पाउने अवस्था देखिदैन ।

हाल पालिका आफुसंग उपलब्ध सीमित जनशक्ति, कमजोर संस्थागत संरचना, सीमित स्रोत साधन उपयोग गरी केही गैरसरकारी संघसंस्थाको सीमित आर्थिक तथा प्राविधिक सहयोग र कार्यक्रमहरु परिचालन गरी वार्षिक कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको अवस्था छ । तर प्रस्तावित आवधिक गाउँ बिकास योजनाले आत्मसात गरेको दीर्घकालिन सोच, आवधिक लक्ष्य, बिषयक्षेत्रगत उद्देश्यहरु, लक्ष्य सूचक हासिल गर्न हालको कार्यशैली र पद्धतिमा व्यापक परिमार्जन गरी अन्तर सरकारी (संघ, प्रदेश तथा अन्तर स्थानीय तह) वीच समन्वय र सहकार्यको वृहत अवधारणा अनुसार आसपासका अन्य स्थानीय तहवीच क्षेत्रीय रणनीतिक साझेदारी विकास गरी तुलनात्मक लाभका क्षेत्रको पहिचान, साझा हित र उद्देश्यमा सहलगानी, सहकार्य, उत्पादन, रोजगारी श्रृजना, व्यावसायीकरण, औद्योगिकीकरण, पर्यटन लगायतका आर्थिक तथा सामाजिक पूर्वाधारहरुमा निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी संघसंस्था, विकास साझेदारहरु एवं दातृ निकायहरु लगायत सेवा प्रदायकहरु समेतको एकिकृत प्रयास वा सहभागिता अभिबृद्धिका लागि पनि कार्ययोजना तर्जुमा हुनु आवश्यकता छ ।

## १०.३ कार्यान्वयन कार्ययोजना

गाउँ सभाबाट आवधिक बिकास योजना स्वीकृत भएपछि यसका आधारमा पालिकाले सबै विषय क्षेत्र शाखा र वडा कार्यालयहरूलाई मार्गदर्शन सहित वार्षिक योजना तर्जुमाका लागि बजेट पूर्वानुमान पठाइने गरिन्छ र उक्त पूर्वानुमान र मार्गदर्शनका आधारमा सहभागितात्मक प्रक्रिया अवलम्बन गरी वार्षिक योजना तर्जुमा गर्ने गरिन्छ ।

## १०.४ मार्गदर्शन तयारी

योजना वा कार्यक्रम सञ्चालन हुनुपूर्व स्वीकृत योजनाको विभिन्न विषय क्षेत्रगत कार्यक्रम कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन तयार गर्ने गरिन्छ । उक्त मार्गदर्शनका साथसाथ खर्च गर्ने अख्तियारी पठाउनुपर्ने भए सोसमेत संलग्न गरी पठाउनु पर्दछ ।

## १०.५ कार्यान्वयन विधिको छनौट

योजना कार्यान्वयन गर्नुपूर्व आवश्यकता अनुसार सार्वजनिक खरिद ऐनको परिधि भित्र रही ठेक्कापट्टा, उपभोक्ता समिति, करार वा अमानत, गैरसरकारी संस्थासँगको साझेदारी मध्ये कुन प्रकिया अवलम्बन गरिने हो सो समेत खुलाई पालिकामा पठाउनु पर्ने हुन्छ र गाउँसभाबाट स्वीकृत भएपछि सोही बमोजिम कार्यान्वयन गर्नु पर्ने हुन्छ । पालिकाले कार्यान्वयन कार्ययोजना निर्माण गर्दा उपलब्धि सूचक समेत उल्लेख गर्ने गरिन्छ र सम्बन्धित कार्यान्वयन एकाइबाट चौमासिक रूपमा सोही सूचक बमोजिम प्रगति प्रतिवेदन लिने प्रणाली अपनाइने गरिन्छ ।

पालिकाले सबै विषयगत क्षेत्र समेटी समष्टिगत कार्यान्वयन कार्य योजना समेत बनाउनु पर्ने हुन्छ । कार्यान्वयन गर्ने सबै निकायबाट अनुसूची बमोजिमको कार्यान्वयन योजना प्राप्त भएपछि पालिकाले एकीकृत गरी विषय क्षेत्रगत प्रमुख कार्यक्रम र लगानी देखिने गरी समष्टिगत विवरण तयार गर्नुपर्दछ । यसैबमोजिम योजना कार्यान्वयन सम्बद्ध निकाय र व्यक्तिलाई कार्य जिम्मेवारी र कियाकलाप प्रति जिम्मेवार बनाउनु पर्दछ ।

## १०.६ अख्तियारी

वार्षिक कार्यक्रम र बजेट सभाबाट पारित भएपछि पालिका अध्यक्षले स्वीकृत कार्यक्रम कार्यान्वयनका लगि प्रमुख प्रशासकीय अधिकृतलाई सात दिन भित्र अख्तियारी दिनु पर्दछ । प्रमुख प्रशासकीय अधिकृतले विषयगत शाखा र वडा कार्यालयहरूलाई अनुसूची ३ र ३ (क) फाराम भर्न लगाई चौमासिक विभाजन सहितको कार्यक्रम माग गर्नुपर्ने छ । उक्त विवरणमा स्वीकृत वार्षिक कार्यक्रम अनुसार आवश्यक परिमार्जन सहित स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयनका लागि मार्गदर्शन सहित पालिका अध्यक्षबाट अख्तियारी प्राप्त भएको १५ दिनभित्र सम्बन्धित विषय क्षेत्रगत शाखा र वडा कार्यालयहरूलाई अख्तियारी प्रदान गर्नुपर्नेछ । यसरी अख्तियारी जारी गर्नु भन्दा पहिले सवै शाखा, उपशाखा र वडा कार्यालय वा जिम्मेवार निकायवाट तोकिएको निर्दिष्ट ढाँचामा चौमासिक विभाजन सहतिको कार्यान्वयन योजना माग गरी स्वीकृत गरिनु पर्ने छ र उक्त कार्यान्वयन योजनामा जिम्मेवारी किटान समेत गरिनु पर्ने छ । यसका साथै कार्यान्वयनको तरिका समेत निर्धारण गरिसक्नु पर्ने छ ।

## १०.७ वार्षिक कार्यान्वयन कार्ययोजना

आवधिक योजनाले आत्मसात गरेको दीर्घकालीन सोच, आवधिक लक्ष्य, विषयक्षेत्रगत उद्देश्य, रणनीति तथा प्राथमिकताको आधारमा वार्षिक नीति, कार्यक्रम र बजेट सहित वार्षिक कार्यान्वयन कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिने छ । वार्षिक कार्यान्वयन कार्ययोजनाको ढाँचा अनुसुची २ मा समावेश गरिएको छ ।

## १०.८ अनुगमनको प्रतिवेदन र समीक्षा

उक्त फाराममा उल्लेखित कियाकलापहरूको आधारमा अनुगमन योजना बनाई पालिका उपाध्यक्षको संयोजकत्वमा गठन भएको समितिबाट अनुगमन योजना स्वीकृत गराई नियमित अनुगमनको व्यवस्था गर्नुपर्दछ । यसरी अनुगमन गर्दा अनुगमन सूचकको आधारमा गरी अनुगमन प्रतिवेदन पेस गर्नुपर्ने हुन्छ । उपाध्यक्षको संयोजकत्वमा भएका अनुगमनको प्रतिवेदन कार्यपालिकाको नियमित बैठकमा छलफल गर्नुपर्दछ । त्यसैगरी योजनाको अनुगमन तथा कार्यालयको समष्टिगत भौतिक र वित्तीय प्रगति एवं समस्याहरूको बारेमा चौमासिक र वार्षिक समीक्षा तथा स्थानीय तह बिकास समस्या समाधान समितिको बैठकमा पेस गरी प्राप्त निर्देशन बमोजिम कार्यान्वयन गर्नु पर्नेछ ।

# परिच्छेद - एघार : अनुगमन तथा मूल्याङ्कन

## ११.१ पृष्ठभूमि

स्थानीय तहको विकासको मेरुदण्डको रूपमा रहेका विकास नीति, योजना तथा कार्यक्रमहरूको सफल कार्यान्यनका लागि अनुगमन तथा मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ। स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वयनमा सशक्त स्वःअनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गरी आफूले निर्धारण गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्ने दिशातर्फ योजनाको प्रगति उन्मुख भएको छ वा छैन भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ। कार्यान्यन चरणको समयमा नै आयोजनाहरूमा भएको लगानी तथा साधनको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यतालिका अनुसार क्रियाकलापहरू सुचारु भएका छन् वा छैनन् साथै व्यवस्थापकीय कमजोरीहरू के के छन् भन्ने जानकारी प्राप्त गर्नुपर्ने हुन्छ। त्यसैले, पालिकाले आवधिक योजनाको आधारमा वार्षिक बिकास योजना तर्जुमा गर्नुपर्ने हुन्छ। वार्षिक योजना कार्यान्वयनका लागि कार्यान्वयन तालिका समेत तयार गर्नुपर्ने र सो कार्यान्वयन तालिकामा बजेट सहितका अनुगमनका कार्यहरूसमेत निर्दिष्ट गरी तद्अनुसार अनुगमन गर्ने कार्यप्रणाली स्थापित गरिनु पर्दछ।

## ११.२ वर्तमान अवस्था

पालिकाले वार्षिक योजनाका कार्यान्वयन तालिका बनाएर कार्यान्वयनका चरणमा अनुगमनलाई प्राथमिकता सहित प्रभावकारी बनाएको देखिदैन। अनुगमनलाई सामान्य प्राविधिक निरीक्षणको विषयको रूपमा ग्रहण गर्ने गरेको पाइन्छ। विकास साझेदारहरूको सहयोगमा सञ्चालित कार्यक्रमहरूको हकमा सघन अनुगमन प्रणाली पनि पाइन्छ। निर्वाचित जनप्रतिनिधिहरूको बहाली पछि प्रतिनिधि सहितको संयुक्त अनुगमनको अभ्यास पनि भएको पाइन्छ। यसैगरी चौमासिक तथा वार्षिक समीक्षामा प्रगतिको स्थितिको समीक्षा पनि हुने गरेको छ। निरीक्षण, सुपरिवेक्षण र अनुगमनमा खासै भिन्नता छ भन्ने महसुस हुन सकेको देखिँदैन। अनुगमन गर्दा पूर्वनिर्धारित सूचकहरूको आधारमा हुने अभ्यास पनि भएको देखिदैन। अनुगमनलाई योजना चक्रको हिस्साको रूपमा बजेट विनियोजन समेत हुने गरेको छैन। अनुगमनको परम्परागत प्रणाली समस्या समाधानको दृष्टिले त्यति प्रभावकारी हुन सकेको देखिँदैन।

## ११.३ अवसर र चुनौती

योजनावद्ध विकासको प्रयासमा अनुगमनलाई योजना चक्रको अभिन्न हिस्सा र प्रगति सिंहावलोकन गर्ने प्रमुख आधार मान्ने गरिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ ले गाउँपालिकाका अध्यक्षको र वडाअध्यक्षको काम कर्तव्य र अधिकारमा योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेस गर्नुपर्ने कानुनी व्यवस्था गरेको छ। त्यस्तै पालिका उपाध्यक्षको अध्यक्षतामा अनुगमन समितिको समेत प्रबन्ध भएको देखिन्छ। जिल्ला समन्वय समितिले पनि अनुगमन र वार्षिक समीक्षा गर्नुपर्ने संस्थागत र कानुनी व्यवस्था भएको छ। त्यस्तै ऐनको दफा ८४ ले प्रमुख प्रशासकीय अधिकृतले प्रमुखको निर्देशनमा अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने कानुनी व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनले पालिकालाई आफ्नो कार्यक्षेत्रभित्र पर्ने बिकास योजनाको अनुगमन सम्बन्धी कानुनी संस्थागत तथा कार्यविधिगत जिम्मेवारी समेत किटानी व्यवस्था हुनुलाई प्रभावकारी अनुगमन प्रणाली स्थापना गर्ने अवसरको रूपमा लिनुपर्ने हुन्छ।

योजना सम्बद्ध प्राविधिक जनशक्तिको अभावले नियमित अनुगमन प्रभावित भइरहेको छ। अनुगमन सम्बन्धी संयन्त्रहरू क्रियाशील हुन सकिरहेका छैनन। अनुगमनका लागि भिन्दै बजेट विनियोजन समेत पर्याप्त हुन सकेको देखिदैन। त्यसैगरी स्थानीय सरकारका रूपमा विभिन्न विषयगत कार्य जिम्मेवारीहरू प्राप्त भए तापनि ती कार्य जिम्मेवारी अनुसारका अनुगमनका सूचकहरू निर्धारण हुन नसक्नु, तत्तत् विषयगत शाखाबाट आ-आफ्नो कार्यक्रम अनुसारका क्रियाकलापगत, परिमाणत्मक, नतिजागत, असर वा प्रतिफलगत तह सम्मका सूचकहरू प्राप्त गरी अनुगमन प्रणालीलाई सुव्यवस्थित गर्नु चुनौतीपूर्ण छ। अनुगमनको महत्वबोध गराउन नसकिदा अनुगमनले उचित प्राथमिकता प्राप्त गर्न सकेको देखिँदैन। कार्यक्रम अनुसारका चरणगत अनुगमन गरी पूर्वनिर्धारित समय, गुणस्तर, लागतमा कार्य भए नभएको यकिन गर्न कार्यान्वय चरणदेखि नै प्रभावकारी अनुगमन प्रणाली स्थापित गरी नतिजामुखी अनुगमन प्रणालीको स्थापना हुन झनै जरुरी देखिन्छ।

## ११.४ उद्देश्य
आवधिक योजना र यस बमोजिम तर्जुमा हुने वार्षिक योजनाहरूको नतिजामुखी अनुगमन तथा मूल्याङ्कन पद्धति स्थापित गरी संस्थागत गर्नु ।

## ११.५ रणनीति
अनुगमन प्रणालीलाई संस्थागत सुदृढ र नतिजामुखी बनाउने ।

## ११.६ कार्यनीतिहरु
१ स्थानीय सरकार सञ्चालन ऐन बमोजिमको अनुगमन संयन्त्रलाई संस्थागत गरी क्रियाशील गराइनेछ,
२ आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य, उद्देश्य हासिल भए नभएको उपलब्धि र नतिजा सूचकहरूको बिकास गरी मध्यावधि मूल्याङ्कन गरिनेछ,
३ आवधिक योजनाका आधारमा वार्षिक योजना तर्जुमा गरी आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्यहरू प्राप्त उन्मुख भए नभएको अनुगमन गरिनेछ,
४ विषयगत कार्यक्रमहरूको कार्यक्रमागत सूचकहरूको निर्माण गरी तद्अनुसार अनुगमन गरिनेछ,
५ अनुगमनको कार्यतालिका बनाई अनुगमन गर्ने प्रणालीको बिकास गरी, तद्अनुसार क्षमता बिकासका साथै बजेटको व्यवस्था गरिनेछ,
६ अनुगमन पश्चात अनुगमनकर्ताबाट लिखित रूपमा अनुगमन प्रतिवेदन लिने, यसलाई नियमित बैठकमा छलफल गरी देखिएका बाधा अड्चन फुकाइनेछ,
७ प्राप्त अनुगमन प्रतिवेदन अनुगमन समितिमा र चौमासिक र बार्षिक प्रतिवेदनको चौमासिक र बार्षिक समीक्षा नियमित रुपमा पालिकामा सबै सरोकारवालाहरुको संलगनतामा गरिनेछ र तत्काल समस्याको समाधान गरी योजना समयमा नै सम्पन्न गर्न तदारुकता लिइनेछ,
८ चौमासिक समीक्षा तथा स्थानीय तहको समस्या समाधान समितिको बैठकमा अनुगमन समितिबाट समष्टिगत अनुगमन प्राप्त गरी छलफल गरी समस्याको समाधान गर्ने प्रणालीको स्थापना गरिनेछ,
९ योजनाको आर्थिक तथा भौतिक प्रगतिको प्रतिवेदन सम्बन्धित तह, निकायमा तोकिएको समयमा पठाइनेछ । यसका लागि संघ र प्रदेशसंग समन्वय गरी कम्प्युटरमा आधारित एकिकृत सूचना प्रणालीका फर्मेटहरु विकास गरी आवद्ध गरिनेछ,
१० आवधिक बिकास योजनाको मध्यावधि मूल्याङ्कन तेश्रो वर्षमा र अन्तिम मूल्याङ्कन आवधिक योजनाको समाप्ति पछि गरिनेछ,
११ अनुगमन र मूल्याङ्कन प्रतिवेदन पालिकाको वेबसाइटमा राखिनुका साथै सार्वजनिक समेत गरिनेछ ।

## ११.७ कार्यक्रम
१. संस्थागत संयन्त्रका स्थापना र क्षमता बिकास,
२. अनुगमन प्रणाली र तहगत सूचकहरूको निर्माण र कार्यान्वयन,
३. अनुगमन कार्यान्वयन कार्यक्रम,
४. समीक्षा तथा स्थानीय समस्या समाधान समितिको बैठक ।

## ११.८ अनुगमन तथा मूल्याङ्कनका लागि जिम्मेवार निकाय
आवधिक योजनाको प्रभाव, असर, प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ । प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्ने जिम्मेवारी गाउँकार्यपालिकाको हुनेछ र यस कार्यमा सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गरिनेछ । आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि देहाय अनुसार रहेका छन् :
१. कार्यपालिका तथा विषयगत समिति,
२. सुपरीवेक्षण तथा अनुगमन समिति,
३. जिल्ला समन्वय समिति,
४. विषयगत शाखा उपशाखा, परियोजना, संघ संस्था,

५. नागरिक समाज संस्था तथा तेश्रो पक्ष ।

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनका साधन तथा विधि देहायअनुसार रहनेछ :

१. स्थलगत अनुगमन,
२. कार्ययोजना (लक्ष्य) र प्रगति बीच तुलना,
३. नागरिक अनुगमन,
४. सहभागितामूलक मध्यावधि समीक्षा,
५. सहभागितामूलक अन्तिम समीक्षा (तेश्रो पक्षबाट मूल्याङ्कन) ।

आवधिक योजनाको अनुमान तथा मूल्याङ्कन प्रक्रिया देहाय वमोजिम हुनेछ :

**तालिका/ग्राफचित्र : ६८**
**आवधिक योजनाको अनुमगन तथा मूल्याङ्कन प्रकिया**

| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने ? |
|---|---|---|---|
| कार्यकम वा प्रकिया अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी र गैसस, परियोजना | पटके, मासिक, चौमासिक र बार्षिक | स्थलगत अनुगमन गर्ने,<br>चौमासिक कार्ययोजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने, |
| प्रतिफल अनुगमन | कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति | चौमासिक, अर्धवार्षिक, वार्षिक र मध्यावधि | स्थलगत अनुगमन गर्ने,<br>वार्षिक कार्य योजनाको लक्ष्य र प्रगति, विवरणको तुलना गर्ने,<br>नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने, |
| असर तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | वार्षिक, मध्यावधि र अन्तिम बर्ष | सहभागितामूलक छलफल गर्ने,<br>नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने,<br>नमूना सर्वेक्षण गर्ने, |
| प्रभाव तह अनुगमन | सुपरिवेक्षण तथा अनुगमन समिति र तेश्रो पक्ष | मध्यावधि र अन्तिम बर्ष | नतिजामूलक अनुगमन खाका अनुसार नतिजा मापन गर्ने,<br>सहभागितामूलक छलफल गर्ने,<br>अध्ययन तथा सर्वेक्षण गर्ने, |

# अनुसूचीहरु

## अनुसूची- १
## पालिकाको आवधिक गाउँविकास योजना (२०८०/८१ - २०८४/८५)
## वार्षिक कार्यान्वयन कार्ययोजना

| योजनाको विषयगत क्षेत्र | आवधिक योजना | | | वार्षिक बजेट तथा कार्यक्रम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नीति तथा कार्यक्रम | लक्ष्य/सूचक | | आयोजना/ कार्यक्रम (स्थान समेत) | लक्ष्य | | विनियोजन | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | प्राथमिकता क्रम | लगानी तथा कार्यान्वयन गर्ने निकाय |
| | | इकाई | परिमाण | | इकाई | परिमाण | | | | | |
| **आर्थिक विकास** | | | | | | | | | | | |
| कृषि | | | | | | | | | | | |
| पशु | | | | | | | | | | | |
| सुरक्षित आप्रवासन तथा वैदेशिक रोजगार | | | | | | | | | | | |
| पर्यटन | | | | | | | | | | | |
| उद्योग, व्यापार र व्यवसाय | | | | | | | | | | | |
| सहकारी तथा वित्तीय क्षेत्र | | | | | | | | | | | |
| **सामाजिक विकास** | | | | | | | | | | | |
| शिक्षा | | | | | | | | | | | |
| आधारभूत स्वास्थ्य | | | | | | | | | | | |
| खानेपानी र सरसफाइ | | | | | | | | | | | |
| लक्षित क्षेत्र र लैससास | | | | | | | | | | | |
| युवा तथा खेलकुद | | | | | | | | | | | |
| भाषा, संस्कृति सम्पदा | | | | | | | | | | | |
| **पूर्वाधार विकास** | | | | | | | | | | | |
| सडक यातायात | | | | | | | | | | | |
| सिँचाइ पूर्वाधार | | | | | | | | | | | |
| आवास, बस्ती सार्वजनिक निर्माण | | | | | | | | | | | |
| विद्युत् वैकल्पिक उर्जा | | | | | | | | | | | |
| सञ्चार सूचना प्रविधि | | | | | | | | | | | |
| **वातावरण तथा विपद् व्यवस्थापन** | | | | | | | | | | | |
| वन तथा जैविक विविधता | | | | | | | | | | | |
| भूमि तथा जलाधार व्यवस्थापन | | | | | | | | | | | |
| वातावरण स्वच्छता | | | | | | | | | | | |
| विपद् व्यवस्थापन | | | | | | | | | | | |
| **संस्थागत र सुशासन** | | | | | | | | | | | |
| सुशासन, ऐन नियम र जवाफदेहिता | | | | | | | | | | | |
| संस्थागत संरचना तथा मानव संसाधन विकास | | | | | | | | | | | |

| योजनाको विषयगत क्षेत्र | आवधिक योजना | | | वार्षिक बजेट तथा कार्यक्रम | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नीति तथा कार्यक्रम | लक्ष्य/सूचक | | आयोजना/ कार्यक्रम (स्थान समेत) | लक्ष्य | | विनियोजन | कार्यान्वयन विधि | लाभान्वित जनसंख्या | प्राथमिकता क्रम | लगानी तथा कार्यान्वयन गर्ने निकाय |
| | | इकाई | परिमाण | | इकाई | परिमाण | | | | | |
| वित्तीय स्रोत परिचालन | | | | | | | | | | | |
| योजना व्यवस्थापन | | | | | | | | | | | |
| जम्मा कार्यक्रम खर्च | | | | | | | | | | | |
| **जम्मा चालु खर्च** | | | | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | | | | |

द्रष्टव्यः विषय क्षेत्र र उपक्षेत्रहरूले आ-आफ्नो कार्यक्रमहरू प्रस्तुत गर्दा चालु र पुँजीगत खर्च खुलाई पालिकामा पेश गर्नुपर्नेछ ।

## अनुसूची- २
## विषय क्षेत्रगत योजना कार्यान्वयन विवरण फाराम

विषयगत शाखा/शाखा उपशाखा निकाय/संस्था र गैसस तथा निजी क्षेत्रले यस फाराम भरी गाउँपालिकामा पेस गर्नुपर्नेछ। यसै विवरणका आधारमा गाउँपालिकाले अनुसूची-२ तयार गर्नेछ। अख्तियारीका साथ सम्बन्धित विषयगत शाखा/शाखा उपशाखा/निकाय/संस्था र वडा कार्यालयलाई प्रमुख प्रशासकीय अधिकृतले यसै फारामलाई प्रमाणित गरी पठाउनु पर्नेछ।

| विषयगत शाखा/शाखा उपशाखा/निकाय/संस्थाको नाम/वडा नं : | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र सं | प्रमुख कार्यक्रम | मुख्य कियाकलाप | इकाई | वार्षिक लक्ष्य | वार्षिक बजेट | प्रमुख जिम्मेवार पदाधिकारी | सहयोगी निकाय शाखा | सम्पन्न गर्ने समयावधि | आवधिक योजना कार्यक्रम संकेत नं | कैफियत |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |
| ७ | | | | | | | | | | |
| ८ | | | | | | | | | | |
| ९ | | | | | | | | | | |
| १० | | | | | | | | | | |
| ११ | | | | | | | | | | |
| १२ | | | | | | | | | | |
| १३ | | | | | | | | | | |
| १४ | | | | | | | | | | |
| १५ | | | | | | | | | | |
| १६ | | | | | | | | | | |
| १७ | | | | | | | | | | |
| १८ | | | | | | | | | | |
| १९ | | | | | | | | | | |
| २० | | | | | | | | | | |
| २१ | | | | | | | | | | |
| २२ | | | | | | | | | | |
| **जम्मा कार्यक्रम खर्च** | | | | | | | | | | |
| **जम्मा चालु खर्च** | | | | | | | | | | |
| **कुल जम्मा** | | | | | | | | | | |


दीर्घकालिन सोच सहित विषय क्षेत्रगत रणनितिक योजना सहितको
आवधिक गाउँपालिका विकास योजना
तर्जुमा सम्बन्धि छलफल कार्यक्रम
मिति: २०८० वैशाख १३ गते
सेवा प्रदायक संस्था:
अलना ईन्टरनेशनल सर्विसेज प्रा.लि.
नयाँ बानेश्वर, काठमाण्डौ, नेपाल
आयोजक:
कञ्चन गाउँपालिका
कञ्चन-२, बेउरी, रुपन्देही




आवधिक गाउँपालिका विकास योजना
तर्जुमा सम्बन्धि छलफल कार्यक्रम
मिति: २०८० वैशाख १३ गते
कञ्चन गाउँपालिका


GDS
आवधिक गाउँ विकास योजना तर्जुमा
अभिमुखीकरण कार्यक्रम
Kanchan Rural Municipality


कञ्चन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कञ्चन-२, रुपन्देही

